# डिभिजन वन कार्यालय भक्तपुरको आवधिक योजना सहितको रणनीतिक योजना

## (२०८२/०८३ देखि २०८६/०८७)



डिभिजन वन कार्यालय, भक्तपुर

सानोठिमी,

२०८२

Scanned with CamScanner

# डिभिजन वन कार्यालय, भक्तपुरको आवधिक योजना सहितको रणनीतिक योजना

## (२०८२/०८३ देखि २०८६/०८७)

**योजना तयार गर्नेको नामः** श्री डिभिजन वन कार्यालय, भक्तपुर

**योजना तयार गर्नेको ठेगानाः** सानोठिमी, भक्तपुर

**फोन नं.:** ०१-६६३०८११

**ईमेलः** dfobkt@gmail.com

**योजना तयारी गर्नेः** श्री डिभिजन वन कार्यालय, भक्तपुर, सानोठिमी, भक्तपुरसँग भएको सम्झौताले श्री रिसोर्स एण्ड रिसर्च सर्भिस सेन्टर प्रा लि, नयाँ बानेश्वोर, काठमाण्डौं ।

**योजना कार्यान्वयन हुने कार्यक्षेत्रः** भक्तपुर जिल्ला अन्तर्गत पर्ने ४ वटा स्थानिय तह ।

<u>प्रतिवेदन तयार गर्नेको तर्फबाटः</u>

नामः राजकुमार रिमाल

पदः प्रोपाइटर

दस्तखतः

मितिः

श्री रिसोर्स एण्ड रिसर्च सर्भिस सेन्टर प्रा लि,

नयाँ वानेश्वोर काठमाण्डौं

<u>चेक गरी डि.व.का. मा सिफारिस गर्नेः</u>

प्रज्ञा पौडेल
वन अधिकृत

नामः श्री प्रज्ञा पौडेल

पदः वन अधिकृत, आठौं

दस्तखतः

मितिः

डिभिजन वन कार्यालय भक्तपुर

<u>डिभिजन वन कार्यालयको तर्फबाट स्वीकृतिका लागि सिफारिस गर्नेः</u>

विश्व कोईराला
डिभिजनल वन अधिकृत

नामः विश्व कोईराला

पदः डिभिजनल वन अधिकृत (नवौं तह प्रा.)

दस्तखतः

मितिः

डिभिजन वन कार्यालय भक्तपुर

<u>व.नि. तर्फबाट स्वीकृतिको लागि सिफारिस गर्नेः</u>

नामः विद्यानाथ झा

पदः वन निर्देशक

दस्तखतः

विद्यानाथ झा
प्रदेश वन निर्देशक

मितिः

वन निर्देशनालय, हेटौंडा, मकवानपुर

<u>स्वीकृत गर्नेः</u>

नामः डा. केदार बराल

पदः प्रदेश सचिव

दस्तखतः

मितिः

वन तथा वातावरण मन्त्रालय, हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सचिव

Scanned with CamScanner

## कार्यकारी सारांश

### परिचय

नेपालको संविधान २०७२ मा उल्लेखित प्राकृतिक श्रोत साधन सम्बन्धी राज्यका निर्देशक सिद्धान्तहरू, नेपालको राष्ट्रिय वन नीति २०७५, वन ऐन, २०७६ बागमती प्रदेश वन ऐन, २०७६ को भावना अनुरुप वनको दिगो व्यवस्थापनद्वारा वनक्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादनमा अभिवृद्धि गरी वनजन्य पैदावारको सतत् आपूर्ति गर्न, दिगो विकासको लक्ष्यमा योगदान पुऱ्याउन, वातावरणीय सन्तुलन कायम गरी प्रदेश मातहत रहेका समुदायमा आधारित वन तथा सरकारद्वारा व्यवस्थित वनको संरक्षण, विकास, दिगो व्यवस्थापन तथा सदुपयोग गरी वन क्षेत्रगत सुशासन कायम गर्दै वनक्षेत्रबाट जिल्लाको आर्थिक समृद्धिमा योगदान गर्नका लागि वन ऐन, २०७६ को दफा ११(३), बागमती प्रदेश, वन ऐन, २०७६ दफा १७ (१) र वन नियमावली, २०७९ को १४ (३) नियम बमोजिम सोहि नियमको अनुसूची ५ को ढांचामा रही डिभिजन वन कार्यालय, भक्तपुरबाट आफ्नो कार्यक्षेत्रभित्र आ.व. २०८२/८३ देखि २०८६/८७ सम्म सालवसाली कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि यो आवधिक योजना सहितको रणनीतिक योजना तयार गरिएको छ ।साथै बागमती प्रदेश वातावरण संरक्षण ऐन, २०७६ मा भएको व्यवस्था अनुरुप यस योजनाको प्रारम्भिक वातावरणीय परीक्षण समेत प्रतिवेदन तयार गरिएको छ।

भक्तपुर, बागमती प्रदेशको १३ वटा जिल्लाहरूमध्ये एक ऐतिहासिक, सांस्कृतिक र पुरातात्विक महत्वको जिल्ला हो। राजनैतिक र प्रशासनिक विभाजन अनुसार २ निर्वाचन क्षेत्र रहेको यस जिल्लामा भक्तपुर, मध्यपुर थिमी, चाँगुनारायण र सूर्यविनायक गरि चार वटा नगरपालिकाहरू रहेका छन् । भक्तपुर, क्षेत्रफलको हिसाबले नेपालको सबैभन्दा सानो जिल्ला हो।जसको क्षेत्रफल १२३.१० वर्ग किलोमिटर र जनसंख्या ४३२,१३२ (२०७८ को जनगणना) रहेको छ।

जिल्लाको कुल क्षेत्रफलको १७.४ % राष्ट्रिय वन क्षेत्र रहेको छ (डि.व.का भक्तपुर, २०८२) भने वन जङ्गल तथा अन्य काष्ठ ले ओगटेको क्षेत्र २५.९४% रहेको छ (FRTC, २०२२)।यस जिल्लामा हरियाली प्रवर्द्धनमा डिभिजन वन कार्यालय, भक्तपुरले महत्वपूर्ण भूमिका खेल्दै आएको छ। यसले वन संरक्षण तथा संवर्द्धन र सदुपयोग मार्फत नेपाल सरकारको समृद्धि र सुखी नेपालीको लक्ष्य पुरा गर्न सहयोग पुऱ्याएको छ।

हालसम्म यस जिल्लामा ५७ वटा सामुदायिक वन उपभोक्ता समूह गठन भई १८००.८४ हेक्टर वन क्षेत्र सामुदायिक वनका रूपमा उपभोक्ताहरुलाई हस्तान्तरण गरिएको छ। यसैगरी, ५७.४१ हेक्टर वन सरकारद्वारा व्यवस्थित वनको रुपमा रहेको छ।

जिल्ला भरिमा प्राकृतिक रुपले रहेका तथा पुनरुत्पादन गर्न सकिने काष्ठ तथा गैरकाष्ठ वन पैदावारको संरक्षण, दिगो व्यवस्थापन र उचित उपयोग गरी माग र आपूर्ति बीच सन्तुलनको अवस्था कायम गर्न, वन क्षेत्रको दिगो विकास सुनिश्चित गर्न, ग्रामीण जनताहरुको जीवनस्तर उकास्ने कार्यमा टेवा पुर्याउँदै राष्ट्रिय अर्थतन्त्रमा समेत योगदान पुऱ्याउन, जैविक विविधता संरक्षण र वातावरणीय



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

सन्तुलन कायम हुने गरी वनको व्यवस्थापन सुनिश्चित गर्न तथा प्रचलित वन ऐन नियमहरु एवं वन नीति अनुरुप यी कार्यहरुलाई समयसापेक्ष रुपमा सरल तरिकाले सञ्चालन गर्न कानूनद्वारा निर्दिष्ट गरे अनुरुप निश्चित अवधिका लागि वन व्यवस्थापन कार्ययोजना वनाएर त्यसै अनुरुप काम गर्नु जरुरी हुन्छ।

यस आवधिक योजना सहितको रणनीतिक योजनामा विगतका अनुभव, वर्तमान परिवेश तथा कार्य पद्धति र कार्य क्षमतालाई आधार मानिएको छ। यस अघि तयार भएका जिल्लाका योजनाहरुमा समेटिनु पर्ने भनी औंल्याईएका पक्षहरु, जिल्लामा कार्यरत प्राविधिक कर्मचारीहरुको अनुभव, जिल्लास्थित अन्य सरोकारवाला व्यक्ति संघसंस्थाहरुको सुझाव समेतलाई आधार मानी तयार गरिएको छ । यो ५ वर्षे योजनामा जिल्लाको वस्तुस्थिती, भू-उपयोगिता, भू-आवरण, वन श्रोतको सर्वेक्षण तथा विश्लेषण, वन विकासका पुर्वाधारहरु, जिल्लाको आगामी ५ वर्षको कार्ययोजना एवं यसको सवल कार्यान्वियनको लागि आवश्यक अनुगमनका पक्षहरुलाई समेत समेटी तयार गरिएको छ।

**आवधिक योजना सहितको रणनीतिक योजनाको उद्देश्य**

जिल्लाको आवधिक योजना सहितको रणनीतिक योजनाको मुख्य उद्देश्य वन, वनस्पति, वन्यजन्तु, जलाधार, र जैविक विविधताको उचित संरक्षण, दिगो व्यवस्थापन र सदुपयोगमार्फत स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा वन क्षेत्रको योगदान अभिवृद्धि गर्नुका साथै वातावरणीय सन्तुलन कायम राख्दै जीविकोपार्जनमा सुधार ल्याउनु रहेको छ। योजनाका विशिष्ट उद्देश्यहरू निम्न अनुसार रहेका छन्:

- वन क्षेत्रको दिगो व्यवस्थापन गरी काठ तथा गैरकाष्ठ वन पैदावारको उत्पादन र उत्पादकत्व वृद्धि गरि आपूर्ति रोजगारी सिर्जना र स्थानीय तथा राष्ट्रिय आयमा योगदान गर्ने।
- जनसहभागिता आधारित वन (सामुदायिक, कबुलियती र धार्मिक बनहरू) को प्रभावकारी व्यवस्थापनका लागि स्थानीय समुदायको सक्रिय सहभागिता अभिवृद्धि गर्दै वन पैदावारको उत्पादन र स्थानीय जीविकोपार्जनमा सुधार ल्याउने।
- सार्वजनिक र निजी जग्गामा वृक्षारोपण कार्यक्रमलाई प्रोत्साहन गरी वन क्षेत्रको विस्तार गर्ने र वनमा आधारित उद्यमशीलताको विकासमा सहयोग गर्दै आयआर्जन तथा रोजगारीका अवसरहरू सिर्जना गर्ने।
- नगर उद्यान, पार्क एवं निजी वन, कृषि वन कार्यक्रममा जोड दिने।
- वन क्षेत्रभित्र रहेका ऐतिहासिक, धार्मिक, पुरातात्विक र पर्यटकीय महत्वका स्थलहरूको संरक्षण र विकास गरी पर्यापर्यटन प्रवर्द्धनमा टेवा पुर्याउने।
- उच्च मूल्यका जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको पहिचान, दिगो संकलन, प्रशोधन र बजारीकरणलाई प्रवर्द्धन गरी स्थानीय समुदायको आय आर्जनमा वृद्धि गर्ने।

विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)



Scanned with CamScanner

- वन डढेलो नियन्त्रण, चोरी निकासी रोक्न, वन अतिक्रमण नियन्त्रण गर्न र वन्यजन्तुको अवैध चोरी शिकारलाई नियन्त्रण गर्ने।
- कृत्रिम तथा प्राकृतिक पुनरुत्पादनका विधिहरू अपनाउने र वन संवर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यक्रमलाई अगाडि बढाउने।
- जलाधार, सिमसार र अन्य संवेदनशील पारिस्थितिकीय क्षेत्रहरूको संरक्षण तथा व्यवस्थापन गरी भू-क्षय नियन्त्रण र पानीका स्रोतहरूको संरक्षण गर्ने।
- मानव र वन्यजन्तु बीचको द्वन्द्वलाई न्यूनीकरण गर्न आवश्यक उपायहरू अवलम्बन गर्ने।
- वन संरक्षण, व्यवस्थापन र यसका लाभबारे जनचेतना अभिवृद्धि गर्न तथा समुदायको सक्रिय सहभागिता बढाउन प्रचार प्रसार कार्यक्रमहरू सञ्चालन गर्ने।
- वन व्यवस्थापनमा संलग्न सरकारी, सामुदायिक र निजी क्षेत्रका जनशक्तिको क्षमता विकास गरी वन क्षेत्रमा सुशासन र प्रभावकारिता कायम गर्ने।
- जलवायु परिवर्तनका नकारात्मक प्रभावहरू न्यूनीकरण तथा अनुकूलनका लागि स्थानीय र जिल्लागत स्तरमा योजना बनाई कार्यक्रमहरू सञ्चालन गर्ने।
- वन व्यवस्थापन कार्यलाई सहज बनाउन र सेवा प्रवाहमा सुधार ल्याउन आवश्यक भौतिक पूर्वाधार (जस्तैः कार्यालय भवन, सडक, नर्सरी) को निर्माण तथा मर्मत सम्भार गर्ने।
- स्थानीय माँग बमोजिमका काष्ठ, गैरकाष्ठ, डालेघाँस, सौन्दर्यमूलक विरुवा उत्पादन गरी निजी, सार्वजनिक तथा सामुदायिक तथा शहरी क्षेत्रमा वृक्षारोपणमा टेवा पुर्याई हरियाली अभिवृद्धि गर्ने।
- वन क्षेत्रमा सुशासन कायम गर्ने।
- वन व्यवस्थापनकामा महिला, सीमान्तकृत समूह र विपन्न वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै वन पैदावार तथा सेवाबाट प्राप्त हुने लाभको समन्यायिक वितरण गर्ने।
- वन क्षेत्रमा संलग्न जनशक्ति र सामुदायिक समूहहरूको क्षमता अभिवृद्धि गर्दा लैङ्गिक समानता र सामाजिक समावेशिताका सिद्धान्तहरूलाई प्राथमिकता दिने।
- जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलनका लागि स्थानीय तथा जिल्लागत रुपमा योजना बनाई कार्यक्रम संचालन गर्ने।

**योजनाको अवधि**

यो योजनाको अवधि आ.व. २०८२/०८३ देखि २०८७/०८८ सम्म ५ (पाँच) वर्षको लागि हुनेछ।

**योजनाको कार्यान्वयनको लागि आवश्यक पर्ने बजेट तथा स्रोतहरू**

यो आवधिक योजना सहितको रणनीतिक योजना बागमती प्रदेश वन निर्देशनालयबाट सिफारिस र बागमती प्रदेश वन तथा वातावरण मन्त्रालय स्वीकृत भए पश्चात् कार्यान्वयन हुनेछ र सोको कार्यान्वयन डिभिजन वन कार्यालय, भक्तपुरमा उपलब्ध साधन श्रोतलाई अधिकत्तम उपयोग गरी डिभिजनल वन अधिकृतको समन्वय र सहयोगी संघ संस्थाहरुको सहकार्यमा सम्पूर्ण कर्मचारीहरु वन अधिकृत, रेञ्जर, फरेष्टर, वन कार्यालय सहायक, वन रक्षक, प्रशासन र लेखा समेतले आफनो



Scanned with CamScanner

उतरदायित्व वहन गरी कार्यान्वयन गरिनेछ। यस आवधिक योजना सहितको रणनीतिक योजनाको अवधि आ. व. २०८२/०८३ देखि आ. व. २०८६/०८७ सम्म पाँच वर्षको रहने छ। यसको कार्यान्वयनको लागि कुल विकास खर्च रु. ७,६२,२५ ,०००।- र प्रशासनिक खर्च रु. ११,५९,४५,५००।- गरी जम्मा कुल खर्च रु. १९,२१,७०,४००।- हुनेछ। आवधिक योजना सहितको रणनीतिक योजना कार्यान्वयनका लागि नेपाल सरकारको आन्तरिक श्रोतवाट सामुदायिक तथा कबुलियती वन विकास कार्यक्रम, राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम, वृक्षसुधार वृक्षारोपण तथा निजी वन कार्यक्रम, डिभिजन वन कार्यक्रम लगायतका कार्यक्रम मार्फत वेहोरिने अपेक्षा गरिएको छ। आवधिक योजना सहितको रणनीतिक योजना कार्यान्वयन मूख्यतः प्रदेश सरकारको आर्थिक ऐन, नियम तथा कानुनको अधिनमा रही हुने छ।यो योजना अवधि भित्र यस जिल्लामा थप कुनै कार्यक्रम सहितको योजनाहरु आएमा सो समेत यस आवधिक योजना सहितको रणनीतिक योजनाको अंगको रुपमा कार्यान्वयन गरिनेछ।यस जिल्लामा संचालन हुने मुख्य कार्यक्रमहरु, आवश्यक पर्ने विकास वजेट तथा प्रशासनिक वजेट र आर्थिक श्रोतको विवरण पछिल्ला अध्यायहरुमा उल्लेख गरिएको छन्।

**अपेक्षित उपलब्धी**

भक्तपुर जिल्लाको आवधिक योजना सहितको रणनीतिक योजना कार्यान्वयन गर्दा निम्न वमाजिमको उपलब्धी हासिल हुने अपेक्षा गरिएको छ।

- समुदायमा आधारित वनको प्रभावकारी वन व्यवस्थापन पद्धति लागू भई उत्पादकत्व तथा उत्पादन वृद्धि हुने छ।
- समुदायमा आधारित तथा राष्ट्रिय वन क्षेत्रमा आगलागीका घट्नाहरूमा जनसहभागिता तथा सचेतना वृद्धि भई करीव ५०% ले कमी आउने छ।
- नयाँ वन अतिक्रमण शुन्य भएको हुनेछ।
- स्थानीय तहको समन्वयमा  निजी वनको क्षेत्रफल २९.७५ हे. बाट करिव ३९ हेक्टर भन्दा वढी पुऱ्याइने छ।
- वन व्यवस्थापनवाट रोजगारीका अवसर सिर्जना तथा जविकोपार्जनमा सुधार भई महिला, गरिव र पिछडिएका समूहको गरिवी न्यूनीकरणमा उल्लेख्य टेवा पुग्नेछ।
- वर्तमान अवस्थामा रहेको जिल्लाको वनको मौज्दात तथा छत्र घनत्व (crown cover) समेतमा वृद्धि भएको हुनेछ।
- वन क्षेत्रमा पर्यापर्यटनका सम्भावनाहरूको खोजी र प्रवर्द्धन गरी पर्यटक आकर्षण वढ्नेछ।
- पर्यापर्यटनबाट प्राप्त आय स्थानीय समुदायको जीविकोपार्जनमा थप टेवा पुर्याउनेछ।
- गैरकाष्ठ वन पैदावारको व्यवसायिक प्रयोजनका लागि विक्री वितरण हुने अवस्थामा पुग्नेछन्।
- समूह भित्र वितरण भई वांकी रहेको काठ दाउरालाई समूह वाहिर निकासी गर्दा प्राप्त रकमबाट वन विकास, गरिवी न्यूनीकरण, भौतिक, आर्थिक, सामाजिक विकासका कार्यमा लगानी भई स्थानीय जनताको जिविकोपार्जनमा सुधार हुनेछ।

विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)



Scanned with CamScanner

- वन संरक्षण, विकास र व्यवस्थापनका कारण वनक्षेत्रका भिराला भागहरूमा भू-क्षय कम हुनेछ भने नदी तटीय क्षेत्रमा वृक्षारोपण मार्फत नदी कटानमा कमि आउने छ ।
- कृषि, हस्तकला र पर्यटन जस्ता क्षेत्रसँग वनको सहसम्वन्ध स्थापित गरी समग्र जिल्लाको आर्थिक वृद्धिमा योगदान पुग्नेछ।
- खाली भएका सार्वजनिक जग्गा, सहरी क्षेत्र, वनक्षेत्र भित्रका खाली जग्गा र निजी जग्गाहरूमा हरियालीको प्रवर्धन भएको हुनेछ।

**आवधिक योजना सहितको रणनीतिक योजनाको सिमितता**

भक्तपुर जिल्लाको वन व्यवस्थापनका लागि तयार पारिएको यस योजनाले विभिन्न महत्वपूर्ण पक्षहरूलाई समेटेको भए तापनि यसका केही सिमितता छन् जसलाई निम्न वुँदाहरूमा उल्लेख गरिएको छ :

- वन क्षेत्र जैविक खुल्ला स्रोत (Open resources) भएको र यसको स्पष्ट सिमाना नभएका कारण समयपरक तथा वास्तविक तथ्याङ्क (Real Time Data) सङ्कलन र व्यवस्थापन गर्न निकै चुनौतीपूर्ण रहेको छ।
- आवधिक योजना सहितको रणनीतिक योजना तयार गर्दा डिभिजन/सव-डिभिजन वन कार्यालयमा रहेका दोस्रो तहका तथ्याङ्कहरू (Secondary Data) लाई आधार मानिएको छ। यसका साथै, पहिलेका कार्ययोजनामा प्रयोग गरिएका तथ्याङ्क र डिभिजन वन कार्यालयका वार्षिक प्रतिवेदनहरूलाई प्रमुख आधार वनाइएको छ। यसले गर्दा प्रक्षेपित स्वरूपहरू यथार्थ वस्तुस्थितिभन्दा केही भिन्न हुन सक्ने सम्भावना रहन्छ।
- जिल्लाको वस्तुगत (सामाजिक, आर्थिक र धार्मिक) विवरणका लागि राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कलाई आधार मानिए पनि, वन क्षेत्रका केही विशिष्ट तथ्याङ्कहरू अझै अपर्याप्त छन्।
- जैविक विविधता सम्वन्धी कतिपय महत्वपूर्ण प्राथमिक तथ्याङ्क प्राप्त गर्न यथेष्ट स्रोतको अभाव भएकाले द्वितीय स्रोतमा निर्भर रहनुपरेको छ।
- जिल्लाको भू-उपयोग र भू-आवरणमा एकिन तथ्याङ्क नभएको र समयवद्ध तथ्याङ्कहरूमा एकरूपता हुन नसक्दा तुलनात्मक विश्लेषण गर्न कठिनाइ भएको छ।
- यो योजना मुख्यतया डिभिजन वन कार्यालय, भक्तपुरले आफ्नो कार्यक्षेत्रभित्र गरिने विभिन्न किसिमका वन विकासका कार्यहरू र वनक्षेत्रसँग सम्वन्धीत वन स्रोत सदुपयोग प्रयोजनमा सीमित छ।
- वन पैदावारको माग तथा आपूर्ति बीचको सन्तुलन सम्वन्धमा वैकल्पिक स्रोत प्रयोगको आँकलन गर्न सकिएको छैन।

यी सीमितताका बावजुद पनि यस योजना तयारीको क्रममा धेरै भन्दा धेरै वन प्राविधिकहरुलाई परिचालन गरी प्रक्षेपित तथ्याङ्कहरूको स्थलगत जाँच गरी योजनालाई वास्तविकताको नजिक ल्याउने प्रयास गरिएको छ।

विश्व कोइराला

Scanned with CamScanner

## संक्षिप्त शब्दावली (Glossary of terms)

| | |
|---|---|
| आ.व. | :आर्थिक वर्ष |
| क.व. | :कबुलियती वन |
| कि.मी. | :किलोमिटर |
| के.जी. | :किलो ग्राम |
| क्यू. मि. | :क्यूबिक मिटर |
| क्यू. फि. | :क्यूबिक फिट |
| गै.का.व.पै. | :गैरकाष्ठ वन पैदावार |
| गै.स.स. | :गैर सरकारी संस्था |
| घ.मी. | :घन मिटर |
| जि.स.स. | :जिल्ला समन्वय समिति |
| डि.व.अ. | :डिभिजनल वन अधिकृत |
| डि.व.का. | :डिभिजन वन कार्यालय |
| न.पा. | :नगरपालिका |
| मि. | :मिटर |
| मि.मि. | :मिलिमिटर |
| मे.ट. | :मेट्रिक टन |
| सा.व. | :सामुदायिक वन |
| स.डि.व.का.. | :सब डिभिजन वन कार्यालय |
| से. मी. | :सेन्टीमिटर |
| हे. | :हेक्टर |
| BSO | :Breeding Seedling Orchard |
| CBS | :Central Bureau of Statistics |
| CITES | :Convention on International Trade of the Endangered Species of Wild Flora |
| DBH | :Diameter at Breast Height |
| FRTC | :Forest Research and Training Centre |
| IEE | :Initial Environmental Examination |
| INGOs | :International Non-Governmental Organizations |
| IUCN | :International Union for the Conservation of Nature and Natural Resources |
| NGOs | :Non- Governmental Organizations |
| NTFPs | :Non-Timber Forest Products |
| Spp. | :Species |
| Vol. | :Volume |
| 4-D | :Dead, Dying, Diseased, Deformed |

विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवी तह प्रा.)



Scanned with CamScanner

महाशाखा प्रमुख

डिभिजन वन कार्यालय

## विषयसूची


कार्यकारी सारांश ..... ii

संक्षिप्त शब्दावली (Glossary of terms) ..... vii

१. परिचय ..... १

१.१ जिल्लाको ऐतिहासिक पृष्ठभूमि ..... १

१.२ डिभिजनको सीमानाको विवरण ..... ३

१.३ भौगोलिक अवस्था तथा बनौट ..... ४

१.४ जियोलोजी (खनिज, चट्टान र माटो ) तथा भू-बनौट ..... ४

१.५ जलवायु तथा वर्षा ..... ६

१.६ भू-आवरण तथा भू-उपयोगिता ..... ६

१.७ मौजुदा वन सङ्गठनको संरचना ..... ७

१.८ वातावरणीय अध्ययन सम्बन्धी अभ्यास ..... ८

१.९ मौजुदा नीतिगत तथा कानूनी व्यवस्थाहरू ..... ८

१.१० आवधिक योजना सहितको रणनीतिक योजना तयार गर्नको लागि अपनाईएको कार्यविधि ..... १८

२. विगतका वन व्यवस्थापन योजना कार्यान्वयनको समीक्षा ..... २२

३. वन पैदावारको माग र आपूर्तिको अवस्थां ..... २७

३.१ मागको आँकलन तथा आपूर्तिको स्रोत र तरिकाहरू ..... २७

३.२ खपत भई रहेका मुख्य मुख्य वन पैदावारहरू ..... २८

३.३ जिल्लामा प्रयोग भई रहेका वैकल्पिक उर्जाहरू ..... २८

३.४ वन पैदावारको उत्पादन तथा बिक्री भएको विवरण (विगत ५ वर्षको) ..... २९

४. दूरदृष्टि, लक्ष्य तथा उद्देश्य र प्रक्षेपण ..... ३०

४.१ योजनाको अवधि ..... ३०

४.२ दूरदृष्टि ..... ३०

४.३ लक्ष्य ..... ३१

४.४ उद्देश्य ..... ३१

४.५ उद्देश्य पूरा गर्ने सिद्दान्त ..... ३२

४.६ प्रक्षेपण (अपेक्षित उपलव्धीहरू) ..... ३४

४.७ प्रस्तावित कार्यक्रम तथा बजेट व्यवस्थापन ..... ३५

५. वन व्यवस्थापनका रणनीतिहरू ..... ५०

५.१ वन संरक्षण रणनीतिहरू ..... ५०

५.२ वन व्यवस्थापन र विकास रणनीतिहरु ..... ५५

६. वनको सिमाङ्कन ..... ५८

६.१ वनको प्रकार (फरेष्ट टाइप) ..... ५८

६.२ वनको क्षेत्रफल ..... ६०


कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)



Scanned with CamScanner

महाशाखा प्रमुख

६.२.१ भक्तपुर जिल्लाको वनको क्षेत्रफल ........ ६०
६.२.२ स्थानीय तह अनुसारको वनको क्षेत्रफल ........ ६०
६.३ वन क्षेत्रको स्रोतको अवस्था ........ ६१
६.४ प्रमुख नदी, खोला तथा जलाधार क्षेत्र ........ ६१
६.५ सिमसार क्षेत्र ........ ६२
७.वन संरक्षण तथा सुरक्षा सम्बन्धी व्यवस्था ........ ६३
७.१ अतिक्रमण तथा चोरी निकासी नियन्त्रण ........ ६३
७.२ वन डढेलो नियन्त्रण तथा व्यवस्थापन ........ ६३
७.३ मिचाहा प्रजाति नियन्त्रण ........ ६४
७.४ रोग तथा किराबाट नियन्त्रण ........ ६५
७.५ चोरी शिकारी तथा अवैध व्यापार नियन्त्रण ........ ६८
७.६ वन तथा वन्यजन्तु अपराध नियन्त्रण ........ ६८
७.७ अन्य सुरक्षा सम्बन्धी व्यवस्था ........ ६९
८. जैविक विविधता संरक्षण तथा प्रवर्द्धन ........ ७०
८.१ वन्यजन्तु तथा वनस्पतिको प्रजातिय जैविक विविधता र बासस्थानको विश्लेषण ........ ७०
८.२ वंशानुगत स्रोतको संरक्षण ........ ७४
८.३ वन्यजन्तुको आवतजावत तथा जैविक मार्ग व्यवस्थापन ........ ७५
८.४ लोपोन्मुख तथा दुर्लभ वन्यजन्तु र वनस्पति प्रजातिको संरक्षण तथा व्यवस्थापन ........ ७५
८.५ मानव वन्यजन्तु द्वन्द व्यवस्थापन ........ ७५
८.६ विशेष महत्वका क्षेत्रको संरक्षण ........ ७६
८.७ वनक्षेत्र भित्र रहेका धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्वका सम्पदाहरूको संरक्षण ........ ७६
९.जलश्रोत तथा जलाधार संरक्षण ........ ७९
९.१ पानीको स्रोत तथा पानीका मुहान संरक्षण तथा व्यवस्थापन ........ ७९
९.२ पानीको संरक्षण तथा संरक्षण पोखरी निर्माण ........ ७९
९.३ भू तथा जलाधार संरक्षण ........ ८०
९.४ खोला किनार संरक्षण तथा भू-क्षय नियन्त्रण ........ ८०
९.५ सिमसार संरक्षण तथा व्यवस्थापन ........ ८१
१०. वातावरण संरक्षण तथा जलवायु परिवर्तन नियन्त्रण ........ ८२
१०.१ वातावरणीय सेवा मूलप्रवाहीकरण ........ ८२
१०.२ वनको क्षयीकरण र प्रदुषण नियन्त्रण ........ ८३
१०.३ जलवायू परिवर्तन न्यूनीकरण र कार्वन सञ्चिति ........ ८४
१०.४ रेड प्लस ........ ८५
१०.५ जलवायुजन्य जोखिम न्यूनीकरण तथा अनुकूलनका उपायहरू ........ ८५
११. वन व्यवस्थापन पद्धति ........ ८७



Scanned with CamScanner

११.१ सरकारद्वारा व्यवस्थित वन ........ ८७
११.२ सामुदायिक वन ........ ८७
११.३ साझेदारी वन ........ ८८
११.४ गरिबका लागि कबुलियती वन ........ ८८
११.५ धार्मिक वन ........ ८८
११.६ वन संरक्षण क्षेत्र ........ ८८
१२. व्यवसायिक कबुलियती वन र पर्यापर्यटन ........ ८९
१२.१ व्यवसायिक कबुलियती वन ........ ८९
१२.२ पर्यापर्यटन ........ ८९
१३. सार्वजनिक जग्गाको वन, सहरी वन तथा निजी वन ........ ९१
१३.१ सार्वजनिक जग्गाको वन ........ ९१
१३.२ शहरी वन ........ ९१
१३.३ निजी वन ........ ९३
१४. सब डिभिजन वन कार्यालय अनुसार वनको क्षेत्रफल र वन व्यवस्थापन पद्धति ........ ९४
१४.१ सब डिभिजन वन कार्यालय अनुसार वनको क्षेत्रफल ........ ९४
१४.२ वन व्यवस्थापन पद्धति ........ ९५
१५. वनस्रोत सर्वेक्षण, विश्लेषण, वन संवर्द्धन प्रणाली अनुसार व्यवस्थापन ........ ९६
१५.१ वनस्रोत सर्वेक्षणको तरिका र नक्साङ्कन ........ ९६
१५.२ मौज्दात सञ्चिति र राष्ट्रिय वन श्रोत सर्वेक्षणसंगको तादात्म्यता ........ ९७
१५.३ पुनरुत्पादनको अवस्था ........ ९७
१५.४ वन व्यवस्थापन पद्धति अनुसार वन वृद्धि मौज्दात ........ ९८
१५.५ वन व्यवस्थापन पद्दति अनुसार वार्षिक प्राप्ति ........ १००
१५.६ वन बाली चक्र तथा पुनरुत्पादन तरिका ........ १०१
१५.७ कार्वन मौज्दातको विश्लेषण ........ १०३
१६. वन संवर्द्धन प्रणाली ........ १०४
१६.१ प्राकृतिक पुनरुत्पादन ........ १०४
१६.२ विरुवा उत्पादन र वृक्षारोपण योजना ........ १०६
१६.३ वन संवर्द्धन प्रणाली छनौट गर्ने विधि ........ १०८
१६.४ वन संवर्द्धन प्रणालीको सिफारिस ........ ११०
१६.५ वन संवर्द्धन प्रणाली अनुसार वन बाली उत्पादन तथा पुनरुत्पादन चक्र ........ ११०
१७. जडीबुटी तथा अन्य वन पैदावारको संरक्षण तथा व्यवस्थापन ........ १११
१७.१ गैरकाष्ठ वन पैदावार ........ १११
१७.२ अन्य वन पैदाबार ........ ११३
१७.३ जिल्लामा पाइने प्रमुख जडिबूटी तथा वनस्पतीहरूको विवरण ........ ११३



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

१७.४ खोटो सङ्कलन तथा बिक्री वितरण ........ ११४
१८. वृक्षारोपण गर्ने क्षेत्रको पहिचान तथा वृक्षारोपण व्यवस्थापन ........ ११५
१९. वन अनुसन्धान तथा वन बीउ बगैंचा सम्बन्धी व्यवस्था........ ११८
१९.१ वन अनुसन्धान........ ११८
१९.२ वन बीउ बगैंचा........ ११८
२०. समाजिक, साँस्कृतिक तथा आर्थिक विश्लेषण........ ११९
२०.१ जनसङ्ख्या तथा घरधुरी........ ११९
२०.२ जातजाती र भाषा ........ ११९
२०.३ धर्म, संस्कृति र भाषा ........ १२०
२०.४ बसाईसराई........ १२०
२०.५ आर्थिक अवस्था........ १२०
२०.६ उर्जाको श्रोत........ १२१
२०.७ धार्मिक, सांस्कृतिक, पर्यापर्यटकीय स्थलहरू ........ १२२
२०.८ बजार तथा बजारयोग्य उत्पादनहरू ........ १२३
२०.९ घरायसी प्रयोगका वस्तुहरू........ १२३
२१. वन पैदावार उत्पादन तथा आपूर्ति ........ १२४
२१.१ वन पैदावारहरुको सङ्कलन, बिक्री विवरण........ १२४
२१.२ वन पैदावारको ओसारपसार........ १२७
२१.३ वन पैदावारमा आधारित उद्योग........ १२८
२२. वन व्यवस्थापनका सूचक तथा सूचना प्रणाली........ १२९
२२.१ वन संरक्षण, व्यवस्थापन प्रणालीमा समूह र डिभिजन स्तरका सूचकहरू........ १२९
२२.२ वन विकास तथा वृक्षारोपण सम्बन्धी सूचकहरू ........ १३२
२२.३ वन पैदावार उत्पादन, बिक्री वितरण तथा ओसारपसार सम्बन्धी सूचकहरू........ १३३
२२.४ वन पैदावारमा आधारित उद्योग, रोजगारी सम्बन्धी सूचकहरू........ १३४
२२.५ जैविक विविधता संरक्षण सम्बन्धी सूचकहरू........ १३४
२२.६ जलस्रोत तथा जलाधार संरक्षण सम्बन्धी सूचकहरू........ १३५
२२.७ वातावरण संरक्षण सम्बन्धी सूचकहरू........ १३५
२२.८ लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी सूचकहरू ........ १३६
२२.९ डिभिजन तथा जिल्लास्तरको वन व्यवस्थापन सूचना प्रणालीको स्वचालन ........ १३६
२३. वन संरक्षण तथा व्यवस्थापनमा आधुनिक प्रविधिको प्रयोग........ १३७
२४. वन संरक्षण तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था........ १३८
२५. योजना कार्यान्वयन गर्न आवश्यक स्रोत तथा जनशक्ति........ १३९
२५.१ योजना कार्यान्वयन गर्न आवश्यक श्रोत........ १३९
२५.२ मौजुदा लगानीमा Gap भए सो को चित्रण, Strategic Suggession ........ १३९

२५.३ योजना कार्यान्वयन गर्न आवश्यक जनशक्ति ........ १४०
२६. अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन ........ १४१
२६.१ अनुगमन ........ १४१
२६.२ मूल्यांकन ........ १४२
२६.३ वन तथा वातावरण मन्त्रालय र वन निर्देशनालयको जिम्मेवारी ........ १४२
२६.४ अन्य निकायहरूसंग समन्वय ........ १४३
२६.५ समन्वय योजना ........ १४४
२६.६ सञ्चार तथा प्रतिवेदन योजना ........ १४५
सन्दर्भ सामग्रीहरू (References) ........ १५१
अनुसूचीहरु ........ १५२
अनुसूची १: नक्साहरु ........ १५२
अनुसूची २: डिभिजन वन कार्यालयको सङ्गठनिक ढाचा ........ १६०
अनुसूची ३: डिभिजन वन कार्यालय तथा मातहतका सव डिभिजन वन कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण: ........ १६०
अनुसूची ४: डिभिजन वन कार्यालय,भक्तपुरको हालसम्मका डि.व.अ. ज्यूहरुको नामावली र कार्यरत अवधि ........ १६१
अनुसूची ५: विउ स्टयान्डको विवरण ........ १६२
अनुसूची ६: सरकारद्वारा व्यवस्थित वनको स्रोत सर्वेक्षण विवरण ........ १६२
अनुसूची ७: सरकारद्वारा व्यवस्थित वनबाट वार्षिक रुपमा संकलन गर्न सकिने परिमाण ........ १६३
अनुसूची ८: सामुदायिक वनको स्रोत सर्वेक्षण विवरण ........ १६३
अनुसूची ९: प्रजाति अनुसार गैरकाष्ठ वन पैदावारको वार्षिक मौज्दात तथा तथा वार्षिक संकलन परिमाण ........ १६४
अनुसूची १०: डिभिजन वन कार्यालयबाट हालसम्म हस्तान्तरण गरिएका सामुदायिक वन, धार्मिक वन, व्यवसायिक कबुलियती वन र निजी वनको विवरण ........ १६५
अनुसूची १०.१ सामुदायिक वनको विवरण ........ १६५
अनुसूची १०.२: भक्तपुर जिल्लामा रहेका धार्मिक वनको विवरण ........ १६७
अनुसूची १०.३: भक्तपुर जिल्लामा रहेका व्यवसायिक कबुलियती वनको विवरण ........ १६७
अनुसूची १०.४: भक्तपुर जिल्लामा रहेका निजी वनको विवरण ........ १६७
अनुसूची ११: डिभिजन वन कार्यालय भक्तपुर अन्तर्गतका वन पैदावारमा आधारित उद्योगहरुको विवरण ........ १६८
अनुसूची १२: भक्तपुर जिल्लाको काठ तथा अन्य वन पैदावारहरु र वन्यजन्तु चोरी निकाशी हुन सक्ने संवेदनशिल नाकाहरु ........ १७७
अनुसूची १३: वन्यजन्तु अपराधको विवरण ........ १७८
अनुसूची १४: उद्धार गरिएका वन्यजन्तुको विवरण ........ १७९
अनुसूची १५: राहतको विवरण ........ १८०



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

महाशाखा प्रमुख

अनुसूची १६: डिभिजन वन कार्यालय, भक्तपुरद्वारा शहरी वन विकास तथा प्रवर्द्धन अन्तर्गत सञ्चालित अन्य क्रियाकलापहरू........................................................................................................ १८१

अनुसूची १७: वन क्षेत्रको जग्गा अन्य प्रयोजनमा उपयोग सम्बन्धी विवरण ............................ १८२

अनुसूची १८: अतिक्रमित क्षेत्रको विवरण........................................................................ १८३

अनुसूची १९: तथ्याङ्क संकलन चेकलिस्ट........................................................................ १८५

विश्व कोइराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)



Scanned with CamScanner

## १. परिचय

नेपालको संविधान २०७२ मा उल्लेखित प्राकृतिक श्रोत साधन सम्बन्धी राज्यका निर्देशक सिद्धान्तहरू, नेपालको राष्ट्रिय वन नीति २०७५, वन ऐन २०७६, बागमती प्रदेश वन ऐन, २०७६ को भावना अनुरुप वनको दिगो व्यवस्थापनद्वारा वनक्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादनमा अभिवृद्धि गरी वनजन्य पैदावारको सतत् आपूर्ति गर्न, दिगो विकासको लक्ष्यमा योगदान पुर्‍याउन, वातावरणीय सन्तुलन कायम गरी प्रदेश मातहत रहेका समुदायमा आधारित वन तथा सरकारद्वारा व्यवस्थित वनको संरक्षण, विकास, दिगो व्यवस्थापन तथा सदुपयोग गरी वनक्षेत्रगत सुशासन कायम गर्दै वनक्षेत्रबाट जिल्लाको आर्थिक समृद्धिमा योगदान गर्नका लागि वन ऐन, २०७६ को दफा ११(३), बागमती प्रदेश, वन ऐन, २०७६ दफा १७ (१) र वन नियमावली, २०७९ को १४ (३) को अधीनमा रही डिभिजन वन कार्यालय, भक्तपुरबाट आफ्नो कार्यक्षेत्रभित्र आ.व. २०८२/८३ देखि २०८६/८७ सम्म सालबसाली कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि यो आवधिक योजना सहितको रणनीतिक योजना तयार गरिएको छ ।

### १.१ जिल्लाको ऐतिहासिक पृष्ठभूमि

#### १.१.१ ऐतिहासिक पृष्ठभूमि

भक्तपुर जिल्ला, जसलाई भादगाउँ वा ख्वःप (नेवारी भाषामा) पनि भनिन्छ, बागमती प्रदेशको काठमाडौं उपत्यकामा अवस्थित तीन जिल्लाहरूमध्ये एक प्राचीन सांस्कृतिक सहर हो। ऐतिहासिक रूपमा भक्तपुरको नामकरण सम्बन्धमा लिच्छविकालीन राजा मानदेवको पालामा देवपाटनको रत्न सङ्घ अभिलेखमा "खोपाङ्ग" र खलाछें टोलको अभिलेखमा "खृपाङ्ग" ग्रामको उल्लेख छ, जसबाट नेवारी भाषामा ख्वप वा खोप भन्ने प्रचलन आएको अनुमान गरिन्छ। यो नाम आज पनि नेवारी समुदायमा जीवित छ।

वि.सं. १९९२ तिर भद्रगाउँ नाम प्रचलनमा आएको देखिन्छ, जुन भद्रग्राम शब्दबाट अपभ्रंश भएको मानिन्छ। राणा प्रधानमन्त्री जुद्ध शम्शेरले भक्तपुरका धार्मिक मन्दिर, मठ, तीर्थस्थल, र यहाँका बासिन्दाको भक्तिभावलाई सम्मान गर्दै भक्तहरूको पुर अर्थात् भक्तपुर नामकरण गरे। यो जिल्ला प्राचीन वास्तुकला, मल्लकालीन कला, र नेवारी संस्कृतिको अनुपम समायोजनले विश्वभर प्रसिद्ध छ। भक्तपुर दरबार क्षेत्र र चाँगुनारायण मन्दिर UNESCO विश्व सम्पदा सूचीमा सूचीकृत छन्, जसले भक्तपुरलाई जीवन्त सङ्ग्रहालय र विश्वस्तरीय पर्यटकीय गन्तव्य बनाएको छ।

भक्तपुर भादगाउँले टोपी, जुजु धौ (स्थानीय दही), माटोका भाँडा, र काठका कलाकृतिका लागि प्रख्यात छ। यहाँको सांस्कृतिक वैभव, नेवारी जीवनशैली, र ऐतिहासिक सम्पदाले पर्यटकहरूलाई आकर्षित गर्छ। शिक्षा, स्वास्थ्य, कृषि, र हस्तकलामा भक्तपुरको विशिष्ट पहिचान हो। नगरकोट जस्ता पहाडी क्षेत्र र पिकनिक स्थलहरूले पर्यावरणीय र पर्यटकीय महत्व राख्छ।

#### १.१.२ भौगोलिक तथा राजनीतिक विभाजन

भौगोलिक रूपमा भक्तपुर जिल्ला समुद्री सतहबाट औसत १२४२ मिटर देखि २१०६ मिटरको उचाइमा अवस्थित छ, जसको सबैभन्दा अग्लो भू-भाग नगरकोट हाइटलाई मानिन्छ। विश्व मानचित्रमा भक्तपुर जिल्ला २७°३६' देखि २७°४४' उत्तरी अक्षांश र ८५°२१' देखि ५२°३२' पूर्वी देशान्तरको बीचमा



विश्व कोइराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

पर्दछ। यो जिल्ला उपत्यकाको पूर्वी भागमा पर्छ र क्षेत्रफलको हिसावले १२३.१० वर्ग किलोमिटर (नापी विभाग, २०८०) मा फैलिएको नेपालको सबैभन्दा सानो जिल्ला हो।

भक्तपुर जिल्ला काठमाडौं उपत्यकाको पूर्वी भागमा पर्दछ र नेपालको राजधानी काठमाडौं सहरसँग जोडिएको छ। यसको उत्तरी सिमानामा मनोहरा नदी, पूर्वमा महादेव कोखरी डाँडाको श्रृङखला, दक्षिणमा सूर्यविनायकको पहाडी खण्ड, र पश्चिममा मनोहरा नदी तथा दुर्गेखोला रहेका छन्। पूर्व र पूर्व-दक्षिणमा काभ्रेपलान्चोक जिल्ला पर्दछ भने उत्तर र पश्चिममा काठमाडौं र पश्चिम दक्षिणमा ललितपुर जिल्ला रहेको छ।

हाल यस जिल्लामा भक्तपुर नगरपालिका, मध्यपुर थिमी नगरपालिका, चाँगुनारायण नगरपालिका र सूर्यविनायक नगरपालिका गरी जम्मा ४ वटा नगरपालिकाहरू रहेका छन्। ३१३ किलोमिटर सडक सञ्जालले घेरिएको यस जिल्लाको भक्तपुर र थिमी नगरमा नेवारी समुदायको वाहुल्यता छ भने काठ क्षेत्र र नयाँ बस्ती क्षेत्रमा सबै जातजाति र धर्मावलम्वीहरूको वसोवास रहेको छ।

नेपाल चार वर्ण छत्तिस जातको साझा फूलवारी भए पनि भक्तपुरमा नेवार, ब्राह्मण, क्षेत्री, मगर, गुरुङ, राई आदि जातिको वाहुल्यता छ। यहाँका वासिन्दाहरूले सबै प्रकारका चाडपर्व तथा जात्राहरूलाई विशेष हर्षोल्लासका साथ सामुहिक रूपमा मनाउँछन्। हिन्दु धर्मावलम्वी वहुसंख्यक भए पनि बौद्ध, मुस्लिम, क्रिस्चियन र जैन धर्मावलम्वीहरूको पनि उपस्थिति रहेको छ (जि.स.स. २०७७)। जिल्लाको राजनैतिक विभाजन :

| | |
|---|---|
| प्रदेशः | वागमती |
| जिल्लाः | भक्तपुर |
| जिल्ला सदरमुकामः | भक्तपुर |
| नगरपालिका संख्याः | ४ |
| सब डिभिजन संख्याः | २ |
| प्रादेशिक निर्वाचन क्षेत्रः | ४ |
| संघीय निर्वाचन क्षेत्रः | २ |

### १.१.३ वन क्षेत्रको ऐतिहासिक सन्दर्भ

परापूर्वकालमा भक्तपुरको अधिकांश क्षेत्र हरियाली वनजंगलले ढाकिएको थियो। तर, बढ्दो जनसङ्ख्या र शहरीकरणको चापले वन क्षेत्रमा प्रतिकूल प्रभाव पारेको छ। निजी वन राष्ट्रियकरण ऐन २०१३" को गलत बुझाइले वन फँडानी, चोरी कटानी, र अतिक्रमण वढायो। राष्ट्रिय वन नीति २०३३ पछि पञ्चायती वन र पञ्चायत संरक्षित बनको अवधारणा ल्याइयो, तर स्थानीय सहभागिताको अभावले अपेक्षित उपलब्धि भएन। वि.सं. २०४६ मा वन विकास गुरुयोजना र वन ऐन २०४९ तथा नियमावली २०५१ र संघीयता संगै कार्यान्वयनमा आएका वन नीति २०७५, वन ऐन २०७६, वन नियमावली २०७९ र बागमती प्रदेश राष्ट्रिय वन ऐन २०७६ लगायतले सामुदायिक, कवुलियती वन तथा निजी वन कार्यक्रमहरु प्राथमिकतामा रहेका छन् । फलस्वरूप, भक्तपुरमा ५७ सामुदायिक वन हस्तान्तरण भएका छन्, जसलाई



विवेक कोइराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

महाशाखा प्रमुख

गठित सामुदायिक वन उपभोक्ता समूह, डि.व.का. को मौजुदा जनशक्ति मार्फत वन जंगलको संरक्षण, संवर्द्धन, व्यवस्थापन तथा सदुपयोग गर्दै आएका छन्।

### १.१.४ डिभिजनको सामान्य इतिहास तथा मुख्य विशेषताहरू

भक्तपुर डिभिजन वन कार्यालय, बागमती प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालय मातहतको वन निर्देशनालय अन्तर्गत सञ्चालित एक महत्वपूर्ण प्रशासनिक इकाई हो। यस कार्यालयको स्थापना वन विभागको संगठनात्मक संरचना अन्तर्गत वि.सं. २०४२ मा भएको हो। वि.सं. २०३३ मा राष्ट्रिय वन नीति लागू भएपछि देशभर डिभिजन वन कार्यालयहरू स्थापना गर्ने नीति अनुसार भक्तपुरमा पनि यसको आधार तयार भएको थियो। वि.सं. २०४० मा विकेन्द्रीकरण नीति अनुसार जिल्ला-स्तरीय वन कार्यालयहरुको पुनर्गठन भई वि.सं. २०४२ मा भक्तपुर डिभिजन वन कार्यालय औपचारिक रूपमा स्थापित भएको हो। नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५।०३।३२ को निर्णयबाट स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनले यो कार्यालयलाई भक्तपुर जिल्लाको वन, सिमसार, र जलाधार क्षेत्रको दिगो व्यवस्थापनको जिम्मेवारी प्रदान गरेको छ। यसको कार्यालय भवन मध्यपुर थिमी नगरपालिका, वडा नं. २, सानोठिमी मा अवस्थित छ, जुन जिल्लाको केन्द्रीय भागमा रहेकाले प्रशासनिक कार्य, स्थानीय समन्वय, र वन क्षेत्रको अनुगमनमा सहजता प्रदान गर्छ।

मुख्य विशेषताहरू

- डिभिजन वन कार्यालयले भक्तपुर जिल्लामा वन तथा जैविक विविधता संरक्षण, दिगो व्यवस्थापन र प्रवर्द्धनमा मुख्य भूमिका खेल्दछ।
- उपभोक्ता समुहहरु, स्थानीय सरोकारवाला, स्थानीय तहसंग समन्वय र सहकार्यमा कार्यक्रम संचालन गर्दै आएको छ।
- राष्ट्रिय वन नीति तथा कानुनहरूलाई स्थानीय स्तरमा कार्यान्वयन गर्ने महत्वपूर्ण जिम्मेवारी यस डिभिजनको रहेको छ।
- डिभिजनले वनसँग सम्वन्धीत वातावरणीय सन्तुलन कायम राख्ने, जैविक विविधताको संरक्षण गर्ने, र वन्यजन्तुको वासस्थान सुधार गर्ने कार्यहरूमा सक्रियता देखाउँछ।
- गैरकाष्ठ वन पैदावारको विकास, पर्यापर्यटन प्रवर्धन र वातावरण सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू यस डिभिजनका मुख्य विशेषताहरू हुन्।
- कार्यालयको भौतिक पूर्वाधारको विकास र सुधारमा पनि डिभिजनले ध्यान दिएको देखिन्छ, जसले कार्यसम्पादनमा सहजता ल्याएको छ।

### १.२ डिभिजनको सीमानाको विवरण

डिभिजन वन कार्यालय भक्तपुरको सिमाना निम्न वमोजिका रहेको छ ।

| | |
|---|---|
| पूर्वमाः | काभ्रेपलान्चोक जिल्ला |
| पश्चिममाः | काठमाडौं जिल्ला |
| उत्तरमाः | काठमाडौं जिल्ला |



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

दक्षिणमा: ललितपुर जिल्ला

### १.३ भौगोलिक अवस्था तथा बनौट

भक्तपुर जिल्लाको भौगोलिक अवस्थिति तथा अवस्थाको विवरण तलको तालिकामा निम्न अनुसारले प्रस्तुत गरिएको छः

तालिका १: भक्तपुर जिल्लाको भौगोलिक अवस्थाको विवरण

| क्र.स. | भौगोलिक अवस्था | विवरण |
|---|---|---|
| १. | अक्षांश | २७° ३६' देखि २७° ४४' उत्तरी |
| २. | देशान्तर | ८५° २१' देखि ८५° ३२' पूर्वी |
| ३. | उँचाई | १,२४२ मि. देखि २,१०६ मि. |
| ४. | सदरमुकामको उँचाई | करीब १,३९२ मि. |
| ५. | औषत तापक्रम | २०° से. देखि २५° से. सम्म |
| ६. | जिल्लाको कूल क्षेत्रफल | १२३१० हेक्टर |
| ७. | वन जंगलले ढाकेको क्षेत्र | ३१६३.० हेक्टर |
| ८. | खेतीयोग्य जमिनको क्षेत्रफल | ६०५८.५ हेक्टर |
| ९. | बसोबासले ढाकेको क्षेत्रफल | २४०३.३ हेक्टर |

*श्रोतः FRTC, २०२२*

#### धरातलीय स्वरूप

भक्तपुर जिल्लाको धरातलीय स्वरुप अनुसार यो जिल्ला समुद्री सतहबाट औषत १,२४२ मिटर देखि लगभग २,१०६ मिटरको उचाई सम्ममा पर्दछ । यस जिल्लाको वरिपरी महाभारत पर्वत श्रृंखलाहरु पर्दछन् । जिल्लाको धरातलीय नक्सा (Elevation map) र कन्टुर नक्सा (Contour Map) अनुसूचीमा राखिएको छ ।

### १.४ जियोलोजी (खनिज, चट्टान र माटो ) तथा भू-बनौट

भौगोलिक वनावट अनुसार भक्तपुर जिल्लालाई मुख्य दुई क्षेत्रमा विभाजन गर्न सकिन्छ;

१. पहाडी क्षेत्र
२. उपत्यका क्षेत्र

#### पहाडी क्षेत्र

यस जिल्लाको उत्तर पुर्व तथा दक्षिणमा तिन पहाडी क्षेत्रले ढाकेको छ।यी पहाडी क्षेत्रहरु महाभारत पहाडी शृंखलाका अंशहरु हुन । उचाईका हिसावले यो जिल्ला समुद्र सतह भन्दा १,२४२ मिटर देखि २,१०६ मिटर सम्मको उचाईमा रहेको छ। जिल्लाको कुल क्षेत्रफ़ल मध्ये करिव ५० प्रतिशत जग्गा यस क्षेत्रले ओगटेको पाइन्छ । यहाँको पहाडी खण्डलाई मुख्यतया तिन भागमा बाड्न सकिन्छ;

१. उत्तर पूर्वी पहाडी खण्ड



विश्व कोईराला डिभिजनल वन अधिकृत (नवौं तह प्रा.)

Scanned with CamScanner

२. पूर्वी पहाडी खण्ड

३. दक्षिण पहाडी खण्ड

**उपत्यका क्षेत्र**

उपत्यकाको मध्य पूर्वी भागमा अवस्थित यो क्षेत्रमा उत्तर पश्चिममा मनोहरा खोला, हनुमन्ते खोला लगायत अन्य खोलाहरु पुर्व-उत्तर र दक्षिणबाट पश्चिमतर्फ बग्ने गरेका छन् । जिल्लाको कुल क्षेत्रफल मध्ये ५० प्रतिशत जग्गा यस क्षेत्रमा पर्दछ । भु-बनोटको दृष्टिकोणले उपत्यका परापुर्व कालमा एउटा तालको रुपमा रहेको थियो र पछि चोभारको गल्छी काटेपछि उपत्यकाको पानी बगेर गई उपत्यका मलिलो माटोले खेतीयोग्य समतल भुमिको रुपमा परिवर्तन भएको हो ।उपरोक्त तथ्य उपत्यकाको विभिन्न ठाउमा धेरै गहिराई सम्म पाइने कलो माटो तथा बालुवाबाट पुष्टि हुन्छ ।

यस जिल्लाको उत्तरी क्षेत्र धेरै पत्र भएको माटोले बनेको छ भने दक्षिण भेगमा मसिनो बालुवाको तह तथा पिटकोट (सबैभन्दा तल एक तह माथिको कोइला) को तह तथा कतै कतै लगाइने पिटकोट तल एकतह माथिको तह पनि देखा परेको छ । खरिपाटी क्षेत्रमा भने ग्रेभल सहितको माटो देखा परेको छ।यहाँको भू-बनोटलाई भिरालोपनको आधारमा निम्न अनुसार वर्गीकारण गरिएको छ;

**तालिका २: भिरालोपनको आधारमा भक्तपुर जिल्लाको विवरण**

| क.स. | भिरालोपन | क्षेत्रफल (हे.) | प्रतिशत |
|---|---|---|---|
| १ | Gentle Slope (०-२०) | ९८५५.०९ | ८०.०६ |
| २ | Moderate Slope (२०-४०) | २४०२.१३ | १९.५१ |
| ३ | Steep Slope (४०-६०) | ५२.७८ | ०.४३ |
| जम्मा | | १२३१० | १०० |

जिल्लाको भू-बनोटमा आधारित नक्सा (Slope Map and Aspect Map) अनुसूचि १ मा राखिएको छ।

**माटो**

भक्तपुर जिल्लाको माटोको पि.एच. मान औषत ५.५ देखि ६ सम्म छ। भौगर्भिक दृष्टिकोणले हेर्दा यस जिल्लाको उत्तरी पहाडी खण्डमा विभिन्न किसिमका धातु र खनिज तत्त्व सहितको चटान पाइन्छ। यसको बनोट हेर्दा सजिलै भु-क्षय जाने खालको छ र अन्य पहाडी भागमा Salty Sand मा केहि पत्र माटो तथा Crystaline, Limestone, Sandstone, Filite, Dolamite र शिसा (Lead) मिसिएको पाइन्छ। यस जिल्लामा कम मात्रामा Salt Calcarious पनि भेटिन्छ । उपत्यकाको समथर भू-भागमा कालो दुमट तथा Alluvial माटो पाइन्छ। यो माटो बढी उत्पादनशिल हुने हुनाले भक्तपुर जिल्लाको उत्पादकत्व अत्यन्त राम्रो छ। समथर भू-भागमा कालो माटो पाइन्छ। माटोको उवरा शक्ति प्रष्ट भएकोले यहाँका किसानहरु बाह्रै महिना मौसम अनुसारको खेति लगाउने गर्दछन् ।

विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)



Scanned with CamScanner

## १.५ जलवायु तथा वर्षा

प्रायः अर्ध उपोष्ण (Sub-Tropical) हावापानी भएको यस जिल्लाको औषत तापक्रम २० देखि २५ डिग्री सेल्सियस रहेको छ। यस जिल्लामा गर्मी याममा अधिकतम ३२ डिग्री सेल्सिलयस सम्म र जाडो याममा माइनस दुइ डिग्री सेल्सियस सम्म तापक्रम पुग्ने गरेको पाइन्छ। चैत्र महिनादेखि असोजको प्रारम्भ सम्म केहि गर्मी, असोज देखि फाल्गुन सम्ममा धेरै जाडो (ठण्डी) हुने गर्दछ । यसरी यो जिल्लाको हावापानी मौसम अनुसार विविध किसिमको रहेको छ । यस जिल्लाको अधिकतम र न्यूनतम तापक्रममा आधारित नक्सा (Average Maximum and Minimum Temperature Map) अनुसूचि १ मा राखिएको छ ।

यस जिल्लाको धेरैजसो भागमा अर्ध उपोष्ण प्रकारको हावापानी पाइन्छ । जिल्लाको पुर्व र दक्षिण तर्फको पहाडी भू-भागमा लेकाली प्रदेशीय हावापानी पाइन्छ । गर्मी महिनामा यस जिल्लामा सरदर वार्षिक वर्षा १४१६ मि.मि रहेको छ भने धेरैजसो वर्षा जुन देखि सेप्टेम्वर महिनामा हुने गर्दछ। यस जिल्लामा सरदर वार्षिक वर्षा देखाइएको नक्सा (Mean Annual Precipitation Map) अनुसूचि १ मा राखिएको छ।

भक्तपुर जिल्लामा ग्रीष्म ऋतुमा समेत धेरै गर्मी हुदैन, तर हिउँदमा वढी नै जाडो हुन्छ।कहिलेकाहीं हिउँदमा तापक्रम शुन्य भन्दा पनि तल झरी ऋणात्मक अंकमा पुग्दछ।हिउँद ऋतुको केहि दिन दिनभरी नै हुस्सु लागेको हुन्छ भने प्रायजसो दिनमा विहान नौ वजेसम्म वाक्लो हुस्सुको कारण वातावरण झन् चिसो हुने गर्दछ।

## १.६ भू-आवरण तथा भू-उपयोगिता

भक्तपुर जिल्लाको कुल क्षेत्रफल १२,३१० हेक्टर छ, जुन विभिन्न भू-उपयोग/भू आवरण वर्गहरूमा विभाजित छ। नेपालको सवैभन्दा सानो जिल्ला भए पनि यहाँको भू-उपयोगले कृपि, वन, र शहरीकरणको संयोजनलाई प्रतिविम्वित गर्छ। जिल्लाको ४९.२% (६,०५८.५ हेक्टर) क्षेत्र खेतीयोग्य जमिनले ओगटेको छ, जुन हनुमन्ते र मनोहरा खोलाको उर्वर जलाधार क्षेत्रमा फैलिएको छ। यो क्षेत्रमा धान, गहुँ, मकै, र तरकारी खेतीले ४५.१% (६८,२१३ व्यक्ति) जनसङ्ख्याको जीविकोपार्जनलाई सहयोग गरेको छ।वनजंगल क्षेत्र ले २५.७% (३,१६३.० हेक्टर) ओगट्छ, जसमा राष्ट्रिय, सामुदायिक, धार्मिक, र निजी वन समावेश छन्। यी वनहरूमा चिलाउने, कटुस, र उत्तिस प्रजातिका रुखहरू रहेका छन् भने जैविक विविधता (रातो बाँदर, चरा प्रजाति), र पर्यापर्यटन (नगरकोट, तेलकोट) मा वन क्षेत्र महत्वपूर्ण रहेको छ। अन्य काष्ठ वनस्पति क्षेत्र ०.३% (३१.२ हेक्टर) र घाँसे मैदान ४.६% (५६६.४ हेक्टर) ले माटो संरक्षण र पशुपालनका लागि उपयुक्त छन्। वस्ती तथा निर्मित क्षेत्र ले १९.७% (२,४२७.७ हेक्टर) ओगट्छ, जसमा भक्तपुर, मध्यपुर थिमी, र सूर्यविनायक जस्ता शहरी क्षेत्रहरूमा सडक (३१३ किमि सञ्जाल), घर, र औद्योगिक संरचना पर्छ। बाँकी ०.५% (६३.२ हेक्टर) अन्य भूभाग (बाँझो, ढुङ्गा, खोल्सा) रहेका छन्। यस जिल्लालाई भु-उपयोगिताको आधारमा वन क्षेत्रसहितको अन्य भू-आवरणहरुको विवरण निम्न प्रकारका रहेका छन्:



Scanned with CamScanner

तालिका ३: भक्तपुर जिल्लाको वर्तमान भु-आवरणको स्थिति

| क.स | विवरण | क्षेत्रफल (हे.) | प्रतिशत |
|---|---|---|---|
| १. | खेतीयोग्य जमिन | ६०५८.५ | ४९.२२ |
| २. | वनजंगल क्षेत्र | ३१६३.०० | २५.६९ |
| ३. | अन्य काष्ठ वनस्पति क्षेत्र | ३१.२ | ०.२५ |
| ४. | घाँसे मैदान | ५६६.४ | ४.६० |
| ५. | बस्ती तथा अन्य निर्मित क्षेत्र | २४२७.७ | १९.७२ |
| ६. | अन्य भूभाग ( नदी, खोला, पोखरी, खोला किनारा आदि) | ६३.२ | ०.५१ |
| | जम्मा | १२३१० | १०० |

श्रोतः FRTC, २०२२

**१.७ मौजुदा वन सङ्गठनको संरचना**

**क) वन कार्यालय सांगठनिक स्वरूप**

भक्तपुर जिल्ला अन्तर्गत रहेको प्राकृतिक श्रोत र साधनको संरक्षण, व्यवस्थापन गर्न यस कार्यालय अन्तर्गत डिभिजनल वन अधिकृत १ जना, वन अधिकृत ४ जना, रेञ्जर ३ जना, अधिकृत प्रशासन १ जना, लेखापाल १ जना, स.पा. प्रशासन १ जना, फरेस्टर १ जना, वन रक्षक ४ जना, का. स २ जना, चौकीदार १ जना, ह.स चालक १ जना र अन्य प्रशासनिक कर्मचारी २ जना सहित २२ जना कर्मचारीको कार्यरत छन् । यस कार्यालयको सांगठनिक स्वरूप अनुसूची २ मा रहेको छ ।

**ख) कार्यरत कर्मचारीहरुको दरबन्दी तथा पद पूर्तिको अवस्था**

यस कार्यालयमा कार्यरत कर्मचारीहरुको दरवन्दी तथा पदपूर्तिको विवरण अनुसूची ३ मा उल्लेख गरिएको छ ।

**ग) डिभिजन वन कार्यालय, भक्तपुरमा २०४२ सालदेखि हालसम्म कार्यरत डिभिजनल वन अधिकृत/कार्यालय प्रमुखहरु**

डिभिजन वन कार्यालय, भक्तपुरमा २०४२ सालदेखि हालसम्म जम्मा २४ जना कार्यालय प्रमुखहरुले आफ्नो कार्यभार सम्हालिसकेका छन् भने वन मन्त्रालयको नयाँ संगठन अनुसार हाल नवौ/ दशौ तहका कर्मचारी प्रमुखको रुपमा रहने व्यवस्था रहेको छ । कार्यालय प्रमुखहरुको विस्तृत विवरण अनुसूची ४ मा प्रस्तुत गरिएको छ ।

**घ) वन कार्यालयको प्रमुख कार्यहरु**

यस कार्यालयको प्रमुख कार्यहरु निम्न अनुसार रहेका छन्;

- नेपाल सरकारको नीति, नियम एवं निर्देशनमा रही राष्ट्रिय वनको संवर्द्धन एवं सदुपयोग गर्ने व्यवस्था मिलाउने।
- वनको संरक्षण, विकास र व्यवस्थापन सम्वन्धी तालिम गोष्ठी संचालन गरी उपभोक्ता समुहमा क्रमशः प्रविधि हस्तान्तरण गर्दै लैजाने।



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

- निजि वन तथा गैरकाष्ठ वन पैदावार व्यवस्थापन र उत्पादनमा जोड दिने।
- जनसहभागितामा आधारित वन विकास कार्यक्रम संचालन गर्ने र संस्थागत विकासबाट टेवा पुर्याउने।
- सर्वसाधारण जनतालाई दैनिक रुपमा आवश्यक पर्ने वन पैदावार परिपूर्तिको लागि आवश्यक व्यवस्था मिलाउने।
- गरिबी निवारणको लागि राष्ट्रिय उत्पादनमा जोड दिने।
- वन पैदावारमा आधारित आयमुलक कार्यक्रम बारे प्रचार पसार गर्ने।

नेपाल सरकारको वर्तमान वन संगठन अनुसार यस जिल्लाको डिभिजन वन कार्यालय "घ" वर्गमा पर्दछ। यस डिभिजन वन कार्यालय अन्तर्गत दूई वटा सब डिभिजन वन कार्यालयहरु राखिएका छन।

### १.८ वातावरणीय अध्ययन सम्वन्धी अभ्यास

यस जिल्लामा वायु प्रदुषण, जल प्रदुषण, ध्वनि प्रदुषण आदि लगायतका विभिन्न किसिमका वातावरणीय समस्या उल्लेखित नभए पनि विश्वव्यापी रुपमा भएको जलवायु परिवर्तनको असर परेकै छ। यस जिल्लाका मुख्य वातावरणीय जोखिमहरू निम्न बमोजिमका छन्। स्थानीय तहका नयाँ केन्द्रहरूमा बढ्दो भौतिक पूर्वाधारको निर्माण, अव्यवस्थित शहरीकरणले गर्दा वातावरणीय प्रदुषण भएको छ।

- फोहोरमैला विर्सजन र व्यवस्थापनको अभाव
- मुख्य पद मार्गहरूमा पर्यटक सिर्जित फोहोर व्यवस्थापन
- योजना विहीन सडक निर्माणमा डोजरको प्रयोगले भू-क्षय तथा पहिरोको खतरा
- अव्यवस्थित वन पैदावार दोहनका कारण वन स्रोतको क्षयीकरणको सम्भावना
- कृषि खेतीवारीमा रासायनिक मलको बढ्दो उपयोग
- विकासका भौतिक पूर्वाधार निर्माणले गर्दा विद्युत आयोजनामा खतरा
- वनमारा लगायतका मिचाहा प्रजातिको बढ्दो प्रकोप
- भू-क्षय असंवेदनशील विकास निर्माणले गर्दा विद्युत आयोजनामा खतरा

### १.९ मौजुदा नीतिगत तथा कानूनी व्यवस्थाहरू

#### १.९.१ नीतिगत व्यवस्था

#### क) नेपालको संविधान २०७२

नेपालको संविधान २०७२ धारा ३० ले प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा वांच्न पाउने हक हुनेछ भनी मौलिक हकको रुपमा स्थापित गरेको छ । त्यस्तै धारा ५१ अन्तर्गत प्राकृतिक श्रोतको उपयोग, त्यसको संरक्षण र लाभको बाँडफाडको सम्वन्धमा विभिन्न नीतिगत व्यवस्था गरिएको छ। धारा ५१ को उपधारा १ मा राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्वयको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक श्रोत साधनको संरक्षण, संवर्द्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिंदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने, उपधारा ५ मा जनसाधारणमा वातावरणीय स्वच्छता सम्वन्धी चेतना बढाई औद्योगिक एवं भौतिक विकासबाट



Scanned with CamScanner

वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनिकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविवक विविधताको संरक्षण, संवर्द्धन र दिगो उपयोग गर्ने, उपधारा ७ मा प्रकृति, बातावरण वा जैविक विविधता माथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्वन गर्ने, उपधारा ८ मा वातावरण प्रदुषण गर्नेले सो वापत दायित्व व्यहोर्नुपर्ने तथा वातावरण संरक्षणमा पूर्व सावधानी र पूर्व सूचित सहमति जस्ता वातावरणीय दिगो विकासका सिद्वान्त अवलम्बन गर्ने व्यवस्था छ । त्यसै गरी धारा २५१ को उपधारा २ मा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले प्राकृतिक श्रोतको बाँडफाड गर्दा सोसँग सम्वन्धीत वातावरणीय प्रभाव मूल्यांकन सम्वन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्ने व्यवस्था छ। संविधानको अनुसूची ६ को प्रदेशको अधिकारको सूचीमा प्रदेशभित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन समावेश गरिएको छ । अनुसूची ७ को संघ र प्रदेशको साझा अधिकारको सूचीमा अन्तरप्रादेशिक रुपमा फैलिएको जंगल, हिमाल, वन संरक्षण क्षेत्र, जल उपयोग समावेश गरिएको छ। अनुसूची ८ को स्थानीय तहको अधिकार सूचीमा वातावरण संरक्षण र जैविक विविधता तथा जलाधार, वन्यजन्तु, खानी र खनिज पदार्थ संरक्षण समावेश गरिएको छ। अनुसूची ९ को संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा वन, जंगल, वन्यजन्तु, चराचुरुंगी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता, प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टी समावेश गरिएको छ।

### ख) सोहौं राष्ट्रिय योजना (आ.व. २०८१/८२-२०८५/८६)

सोहौं राष्ट्रिय योजनाले वनको दिगो व्यवस्थापनमा विशेष जोड दिएको छ। यस योजनामा वन क्षेत्रको अतिक्रमण, चोरी कटानी तथा वन्यजन्तुको चोरी शिकारी नियन्त्रण गर्दै वन प्रशासनलाई थप सक्षम र जिम्मेवार बनाउने, समुदायलाई अधिकतम परिचालन गर्ने जस्ता लक्ष्यहरू समावेश छन्। साथै, यसले संकटासन्न जीवजन्तु तथा वनस्पतिको पहिचान, अभिलेखन र संरक्षण गर्ने, पर्यावरणीय सेवा तथा हरित विकासका लागि दिगो वन व्यवस्थापन गर्ने, पारिस्थितिकीय प्रणालीको जैविक विविधताको संरक्षण गर्ने, र जलवायु उत्थानशील तथा समावेशी विकास गर्ने जस्ता रुपान्तरणकारी रणनीतिहरू अपनाएको छ। यस योजना अन्तर्गत जैविक विविधता, जलवायु परिवर्तन र हरित अर्थतन्त्रका प्रमुख कार्यक्रमहरूमा हरित अर्थतन्त्र प्रवर्द्धन कार्यक्रम, वनको दिगो व्यवस्थापन तथा व्यावसायिक उपयोग कार्यक्रम, जैविक विविधताको दिगो संरक्षण कार्यक्रम, स्वस्थ समाजका लागि प्रदूषण नियन्त्रण कार्यक्रम, र जलवायु जोखिम तथा हानीनोक्सानी न्यूनीकरण कार्यक्रमहरू रहेका छन्।

## १.९.२ वन क्षेत्र सम्वन्धी राष्ट्रिय नीति तथा रणनीतिहरू

### क) राष्ट्रिय वन नीति २०७५

नेपालको राष्ट्रिय वन नीति, २०७५ ले वन क्षेत्रको उत्पादकत्व, उत्पादन र बातावरणीय सेवामा अभिवृद्धि गर्ने, वन पैदावरमा आत्मनिर्भर भई मूल्य अभिवृद्धि सहित निर्यात प्रवर्द्धन गर्ने, वन क्षेत्रको संरक्षण र यसको बहुआयामिक उपयोग गर्ने, क्षति भएका वनहरूको पुनर्स्थापना गर्ने, कार्वन उत्सर्जन न्यूनीकरण गर्ने, वन क्षेत्रमा सुशासन प्रत्याभूत गर्ने लक्ष्य निर्धारण गरी वन क्षेत्रको दिगो, सहभागितामूलक र



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

उत्तरदायी व्यवस्थापन, हरित उद्यम विकास, जलाधार व्यवस्थापन, वातावरणीय सेवा र रेड प्लसमा योगदान गर्ने, राष्ट्रिय वन बाहिरका वनको दिगो संरक्षण तथा विकास गर्ने, वन क्षेत्रमा अनुसन्धान तथा सरोकारवालाहरूको क्षमता विकास गर्ने, र सामाजिक सुरक्षा, समावेशीकरण र सुशासन प्रवर्द्धन गर्ने नीति अवलम्वन गरेको छ ।

**ख) राष्ट्रिय वनको एकिकृत रणनीतिक योजना २०८१-२१००**

राष्ट्रिय वनको दिगो व्यवस्थापनवाट वन पैदावारको उत्पादनमा वृद्धि, रोजगारी सृजना, स्थानीय तथा राष्ट्रिय आयमा योगदान पुऱ्याउने यस राष्ट्रिय वनको एकीकृत रणनीतिक योजनाको लक्ष्य रहेको छ।

यो रणनीतिक योजनालाई वन तथा जैविक विविधता संरक्षण, दिगो वन व्यवस्थापन, राष्ट्रिय वनको विकास र वन उद्यम तथा गरी चारवटा विषयगत क्षेत्र र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, जलवायु उत्थानशीलता प्राकृतिक विपद नियन्त्रण, वातावरणीय सेवा तथा कार्वन संचिति अभिवृद्धि, वन क्षेत्रको प्रशासनिक एवं सांगठनिक सुधार, सुशासन र वन अनुसन्धान, प्रविधि तथा सूचना प्रणालीको विकास गरी पाचवटा अन्तर विषयगत क्षेत्रहरुमा विभाजन गरिएको छ । विषयगत क्षेत्र अन्तर्गतका ४३ वटा रणनीति र अन्तर विषयगत क्षेत्र अन्तर्गत ३४ वटा रणनीति रहेका छन् । रणनीतिक योजनामा राष्ट्रिय वन व्यवस्थापन पद्धति, वन संरक्षण र व्यवस्थापनका लागि अपनाउनु पर्ने रणनीतिहरु उल्लेख गरीएको छ। त्यसैगरी वन पैदावार उत्पादन, माग र आपूर्ति, वन उद्यम स्थापना तथा संचालन, जैविक विविधता संरक्षण तथा प्रवर्द्धन सम्वन्धी रणनीति पनि समावेश गरीएको छ। रणनीतिक योजनाका आशातीत उपलव्धिहरु र कार्यान्वयनका लागि आवश्यक लगानी र संभाव्य लगानीकर्ताको समेत विश्लेषण गरीएको छ।४यस रणनीतिक योजना राष्ट्रिय वनको रणनीतिक योजना २०८१-२१०० को परिधिभित्र रही तयार भएको छ।

**ग) राष्ट्रिय वातावरण नीति २०७६**

यस नीतिले प्रदुषण नियन्त्रण, ठोस फोहरमैला व्यवस्थापन, हरियाली व्यवस्थापन, जलवायु परिवर्तन न्यूनीकरण गरी प्रत्येक नागरिकको स्वच्छ वातावरणमा वाँच्न पाउने अधिकारको संरक्षण गर्ने र वातावरण संरक्षणा लागि तीन तहका सरकार, नागरिक समाज, निजी क्षेत्रवीचको समन्वयमा जोड दिएको छ।यस नीतिले प्रदुषणजन्य प्लाष्टिकको उपयोगलाई वैकल्पिक, वातावरणमैत्री माध्यमवाट प्रतिस्थापन गर्ने, सिमसार क्षेत्र, धार्मिक स्थल, सडक, वा अन्य सार्वजनिक स्थलमा फोहरमैला फाल्न प्रतिवन्ध लगाउने, नदीको स्वच्छता कायम गर्न प्रदूषित पानी, ढल र फोहरमैलालाई नदीमा मिसाउने कार्यलाई नियन्त्रण गर्ने, वातावरणीय मूलप्रवाहीकरण तर्फ वातावरणीय प्रभावको सीमा, परिमाण र अविधिका आधारमा प्रस्ताव कार्यान्वयन गर्नू पूर्व नै प्रस्तावकले उपयुक्त वातावरणीय अध्ययन गराउने, वातावरण र विकास वीच सन्तुलन कायम हुनेगरी उपयुक्त विकल्पको छनौट गरी आयोजना सञ्चालन गर्ने, वातावरणीय अध्ययन प्रतिवेदनको कार्यान्वयन स्थिति वारे नियमित अनुगमन र परीक्षण गर्ने, वातावरणीय व्यवस्थापनमा वहुसरोकारवालाहरूको भूमिकालाई थप सशक्त तथा प्रभावकारी वनाउने, भौतिक पूर्वाधारको विकास गर्दा वातावरणमैत्री संरचना निर्माण गर्ने, प्राकृतिक स्रोतको दिगो र एकीकृत व्यवस्थापन गर्दै लाभको समन्यायिक वितरण गर्ने जस्ता नीति अवलम्वन गरेको छ ।



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

यसैगरी नदी, सडक किनारा तथा खाली ठाउँमा वृक्षारोपणलाई अभियानको रुपमा सञ्चालन गर्ने, औद्योगिक प्रतिष्ठान, शिक्षण संस्था, कार्यालय, सार्वजनिक स्थल र घर परिसरमा वृक्षारोपण, फलफूल र पुष्प बगैंचा निर्माण जस्ता हरियाली प्रवर्द्धनका कार्यहरू गर्ने, वनको दिगो व्यवस्थापन मार्फत वन क्षेत्रको उत्पादकत्व र उत्पादन वृद्धि गर्ने नीति अवलम्बन गरेको छ।

घ) राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६

जलवायु परिवर्तन नियमित प्राकृतिक प्रक्रिया भएतापनि औद्योगिकीकरण तथा यातायात क्षेत्रमा खनिज इन्धनको व्यापक प्रयोग एवम् वन विनाशको कारण हरितगृह ग्याँसको अत्याधिक उत्सर्जनवाट जलवायु परिवर्तनमा तिव्रता आएको छ । हरितगृह ग्याँसको उत्सर्जनमा वृद्धि भै वायुमण्डल तातिँदै जनाले स्थान विशेष अनुरूप जलवायु पनि परिवर्तन हुँदै गएको छ। जलवायु परिवर्तनको कारण वर्षा प्रकृया (अतिवृष्टि, अनावृष्टि, संघनवृष्टि ) मा समेत परिवर्तन आएको छ। जलश्रोत, कृषि, वन तथा जैविक विविधता, स्वास्थ्य प्रकोप, पूर्वाधार विकास, पर्यटन तथा जिविकोपार्जनसंग सम्वन्धीत विभिन्न क्षेत्रमा प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव परेको छ। यसलाई मध्यनजर गरी जलवायु परिवर्तन सम्वन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिको प्रभावकारी कार्यान्वयनवाट जलवायु परिवर्तनको कारण परिरहेको तथा पर्न सक्ने प्रतिकूल प्रभावलाई न्यून गर्न आज विश्व समुदाय क्रियाशील रहेको छ । जलवायु परिवर्तनका प्रभाव विशेष गरेर गरिव, विकासोन्मुख, भूपरिवेष्टित तथा पर्वतीय मुलुकहरूमा वढि देखिएको छ । जलवायु परिवर्तनवाट नेपाल पनि अत्यन्तै प्रभावित भएकोले यसलाई सम्वोधन गरी पहाड र तराई लगायत पर्वतीय क्षेत्र, यहाँको जनता र तिनको जविकोपार्जन तथा पारिस्थितिकीय प्रणालीमा पर्न सक्ने र परिरहेको प्रभावलाई न्यून गर्न नीतिगत व्यवस्था गरी कार्यक्रम कार्यान्वयन हुने कुरा उल्लेख छ।

ङ) राष्ट्रिय भू-उपयोग नीति २०७२

यस नीतिले जमिनलाई कृषि, आवास, व्यवसाय, औद्योगिक, खानी तथा खनिज, साँस्कृतिक तथा पुरातात्विक, वन, सार्वजनिक उपयोग र खुला र अन्य क्षेत्रसहित १० भागमा वर्गीकरण गरी उपयोग गर्ने, कृषियोग्य जमिनलाई अखण्ड राखे र वन क्षेत्रको संरक्षण गर्ने नीति अवलम्बन गरेको छ।

च) राष्ट्रिय सिमसार नीति २०६९

यो नीतिले सिमसार क्षेत्रको संरक्षण, पुर्नस्थापा र प्रभावकारी व्यवस्थापन गरी जैविक विविधता र वातावरणको संरक्षण गर्ने, सिमसारजन्य स्रोतहरूको दिगो तथा वुद्धिमतापूर्ण उपयोग गरी त्यस्ता स्रोतमा आश्रित समुदायको समृद्धिमा टेवा पुऱ्याउने र सिमसार क्षेत्र व्यवस्थापनमा सुसासन कायम गर्दै सरोकारवालाहरूको ज्ञान र क्षमता अभिवृद्धि गर्ने उद्देश्यहरू राखेको छ। यस नितीले स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका सिमसार क्षेत्रहरूको पहिचान गर्दै पर्यावरणीय, सामाजिक र आर्थिक महत्वका आधारमा प्रथामिकीकरण गरी त्यस्ता क्षेत्रहरूको संरक्षण, पुर्नस्थापना तथा व्यवस्थापन गरिने, सिमसार क्षेत्रको प्राकृति अनुसार एकल सिमसार वा जलाधार स्तरमा रहेका सिमसारहरूको एकीकृत संरक्षण तथा व्यवस्थापन गरिने, विकास निर्माणका योजनाहरू तर्जुमा गर्दा सिमसार क्षेत्रमा पर्न सक्ने प्रभावहरूको आंकलन गरी त्यस्ता प्रभावलाई सम्वोधन गर्ने प्रभावकारी उपायहरूको अवलम्बन गरिने, विकास आयोजना सञ्चालन गर्दा विद्यमान सिमसार क्षेत्रको गुणस्तरमा न्हास तथा क्षेत्रफलमा कमी नआउने गरी मात्र

सञ्चालन गरिने, सिमसार क्षेत्रको वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्न नदिन सावधानीका थप उपायहरू अवलम्वन गरिने, सिमसार क्षेत्रको प्रभावकारी व्यवस्थापन गर्न सिमसारजन्य स्रोतको उपयोग गर्दा वातावरणीय सेवा शुल्क लगाउने व्यवस्था मिलाउने, सिमसार क्षेत्रमा आश्रित स्थानीय समुदायको परम्परागत ज्ञान र सीपको पहिचान गरी सम्मान र दिगो उपयोग गरिने, सिमसारजन्य स्रोतको दिगो उपयोगवाट प्राप्त हुने लाभको समन्यायिक बाँडफाँडको व्यवस्था मिलाउने, सिमसार क्षेत्रको व्यवस्थापन र उपयोगलाई सहभागीतामूलक, पारदर्शी र जवाफदेही वनाउँदै शुशासनको प्रवर्द्धन गरिने, र सिमसार क्षेत्रको प्रवर्द्धनका लागि आवश्यक पर्ने स्रोत, साधन, र संस्थागत संरचनाको व्यवस्था गर्दै सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने नीति अवलम्वन गरेको छ।

सिमसार नीतिले अवलम्वन गरेका लक्ष्यहरूलाई पुरा गर्नका लागि सिमसमार क्षेत्रको संरक्षण, पुर्नस्थापना र प्रभावकारी व्यवस्थापन, सिमसार क्षेत्रको वुद्धिमतापूर्ण उपयोग, सिमसार क्षेत्रको व्यवस्थापनमा सुशासन प्रवर्द्धन जस्ता कार्न्यनीतिहरू अपनाई कार्यान्वयनको लागि राष्ट्रिय स्तरमा राष्ट्रिय सिमसार समिति, जिल्ला स्तरमा जिल्ला वन समन्वय समितिको काम, कर्तव्य र अधिकार समेत तोकि सिमसार संरक्षण तथा व्यवस्थापन गर्ने जिम्मेवारी तोकिएकोछ।

**छ) जडीवुटी एवं गैर काष्ठ वन पैदावार नीति २०६१**

यस नीतिले जडीवुटीहरूको वैज्ञानिक एवं व्यावसायिक खेती विस्तार गरी कृषि प्रयोजनको लागि सामान्यतया अनुपयुक्त एवं अनुत्पादक ठहरिएको सिमान्त भूमिको उत्पादकत्व अभिवृद्धि गर्ने, वातावरण संरक्षणमा मद्दत पुऱ्याउने र गरिव एवं सीमान्तकृत परिवारहरूको आर्थिक स्थितिमासुधार ल्याउने, जडीवुटी एवं गैरकाष्ठ वन पैदावारको खेती, संकलन, वेचविखन र उपयोग लगायतका कार्यहरू परम्परागत ढंगबाटै हुने गरेको हुँदा अपेक्षित लाभ लिन नसकिएको वर्तमान परिस्थितिमा वजारको वढि माग भएका जडीवुटीहरूको खेती विस्तार गर्ने र प्रविधिलाई सर्वसाधारण किसानको पहुँचसम्म सहज ढंगले प्रशोधन (Processing), प्याकेटिङ (Packaging) तथा व्राण्डिङ जस्ता कार्यहरू मार्फत मूल्य अभिवृद्धि (Value addition) गरी अधिकांश फाइदा नेपालभित्रै रहन सक्ने वातावरण तयार गर्ने, जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको उत्पादन प्रशोधन, एवं वजार व्यवस्थापन गरी यसवाट हुने आयमा समाजका विपन्न महिला र पिछडिएका वर्गहरूको पहुँच वढाई समग्र रुपमा गरिवी न्यूनीकरणमा योगदान पुऱ्याउने अभिप्रायलले यो नीति कार्यान्वयनमा अएको देखिन्छ। उच्च मूल्यका जडीवुटी एवं गैरकाष्ठ वन पैदावारहरूको संरक्षण र संवर्द्धनवाट अर्थव्यवस्थामा ठोस योगदान पुऱ्याई अन्तर्राष्ट्रिय जगतमा नेपाललाई जडीवुटी एवं गैरकाष्ठ वन पैदावारहरूको वृहत भण्डारको रुपमा परिचित तुल्याउने दीर्घकालीन सोच सहित दिगो विकासको अवधारणाको आधारमा संरक्षण र सदुपयोग गर्ने, जनसहभागितालाई प्रोत्साहन गरिने, प्रमाणीकरण र कर प्रणाली सरलीकृत गरिने, उपयुक्त प्रविधि र विकासको प्रतिफल जनसमुदाय समक्ष पुऱ्याउने, जनचेतना अभिवृद्धि गरी सीप विकास र व्यवसायीकरण सरलिकृत गर्न सहुलियत प्रदान गर्ने नितीहरू सहित यो निती कार्यान्वयनमा आएको छ।

**ज) कृषि विकास रणनीति २०७१**

विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

यस रणनीतिले वन क्षेत्रलाई एकिकृत कृषि विकासको एक महत्वपूर्ण संभागको रूपमा लिएको छ। एकिकृत कृषि विकास अन्तर्गत यस नीतिले निर्वाहमुखी वन व्यवस्थापन पद्दतिलाई व्यवसायिक, प्रतिश्पर्धात्मक तथा दिगो वन व्यवस्थापनमा रूपान्तरण गर्ने रणनीतिहरू तय गरेको छ। यस अन्तर्गत कृषिभूमिको एकीकृत व्यवस्थापन गरि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न कृषिवन प्रणालिलाई जोड दिने, समुदायमा आधारित वन व्यवस्थापनको विकास तथा विस्तार गर्ने, चरन क्षेत्रको दिगो व्यवस्थापन गर्ने लगायतका कार्यहरूलार्य विशेष जोड दिएको छ।

**झ) राष्ट्रिय कृषिवन नीति २०७६**

कृषि, पशुपालन र वनका क्रियाकलापहरूलाई भूमिको एउटै इकाइमा एकीकृत रुपले अभ्यास गर्ने प्रणाली नै कृषिवन प्रणाली हो। कृषि-वन प्रणालीको विकास, विस्तार र व्यवसायिकरण गरि राष्ट्रिय समृद्धिमा योगदान पुर्याउने यस नीतिको दूरदृष्टि रहेको छ। भूमिको उत्पादकत्व वृद्धि र बहुगुणात्मक उपयोग गरि कृषि, पशु तथा वनजन्य पैदावारहरूको उत्पादन बढाउने, वन माथिको चाप कम गरि वातावरण तथा जैविक विविधता संरक्षण, माटोको गुणस्तरीयता कायम र जलवायु उत्थानशील पर्यावरण प्रणाली विकास गर्ने, कृषिवनको सघन रुपमा प्रवर्द्धन गरि स्थानीय समुदायको खाद्य सुरक्षाको साथै जीविकोपार्जन, रोजगारी र आयआर्जनका अवसरहरू श्रृजना गर्ने, कृषिवनमा लगानीका अवसरहरू जुटाई व्यावसायिकरण मार्फत अर्थतन्त्रमा योगदान पुर्याउने र कृषि-वन विषयमा अध्ययन, अनुसन्धान र क्षमता अभिवृद्धि गर्ने यस नीतिको उद्देश्य रहेको छ ।

कृषिवन प्रणाली अन्तर्गत व्यावसायिक र सामूहिक खेती प्रणालीलाई प्राथमिकता र प्रोत्साअन गरिनेछ। कृषिवन अनुसन्धान, मूल्य श्रृङखला र कृषकको बजार पहुंचमा सरलीकरण गरिनेछ। कृषिवनको उत्पादनमा आधारित उद्यम तथा बजार व्यवस्थाको प्रवर्द्धन गरिनेछ। कृषिवन क्षेत्रमा वित्तिय प्रोत्साहन प्रदान गरिनेछ। खाली, बाँझो, पर्ति तथा सीमान्तकृत जग्गाहरूमा कृषिवन प्रणालीलाई प्राथमिकता दिइनेछ।

**१.९.३ ऐन तथा नियमावली**

**क) वन ऐन २०७६**

वन ऐन, २०७६ को दफा १४ मा डिभिजनल वन अधिकृतले राष्ट्रिय वनको कुनै भागलाई सिमाङ्कन गरी नेपाल सरकारवाट स्वीकृत रणनीतिक योजनाको अधिनमा रही सरकारद्वारा व्यवस्थित वनको रुपमा व्यवस्थापन गर्न सक्ने प्रावधान रहेको छ। वन संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन, धार्मिक वन तथा कवुलियती वनको रुपमा समेत व्यवस्थापन गर्न सकिने छ। यसरी व्यवस्थापन गरिने वनको कार्ययोजना स्वीकृत गराई लागु गर्नुपर्ने व्यवस्था गरेको छ । वन क्षेत्रभित्र वसोवास गर्न नहुने, स्थानीय तहले ऐनको परिधिभित्र रही सार्वजनिक जग्गामा वनको विकास, संरक्षण, व्यवस्थापन र वन पैदावारको उपयोग एवं विक्री वितरण गर्नसक्ने (दफा ३७), स्थानीय तहले आफ्नो क्षेत्रभित्रको सहरी क्षेत्र तथा वस्तीमा रहेका सार्वजनिक सडक तथा पार्क जस्ता स्थानहरूमा आँफैले वा कुनै संघ संस्था वा निजी क्षेत्रसंगको साझेदारीमा सहरी वनको विकास एवं व्यवस्थापन गर्न सक्ने (दफा ३८), राष्ट्रिय वन क्षेत्रमा खनजोत गर्ने, खनिजकार्य उत्खनन् गर्ने, पूर्वाधार निर्माण गर्ने, घरछाप्रो वनाउने, वन पैदावार हटाउने,



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

ओसार-पसार वा विक्रीवितरण गर्ने, रुख विरुवामा क्षति पुर्याउने कार्यलाई वनजन्य कसुरको रुपमा लिई दण्ड सजायको व्यवस्था गरेको छ।

**ख) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९**

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १० ले निकुञ्ज, आरक्ष र संरक्षण क्षेत्र वा अन्य क्षेत्रमा पाइने २६ प्रजातिका स्तनधारी, ९ प्रजातिका पंक्षी र ३ प्रजातिका सरिसृपलाई संरक्षित वन्यजन्तुका रुपमा लिई उक्त वन्यजन्तु लगायत अन्य वन्यजन्तुलाई लखेट्न, पक्रन, मार्न एवं कुनै किसिमले हानी नोक्सानी गर्न निपेध गरेको छ । साथै उक्त ऐन देशका सवैक्षेत्रमा लागु हुने व्यवस्था समेत गरेको छ। ऐनको उद्देश्य पूर्तिका लागि नियमहरू वनाउन सक्ने प्रावधान दफा ३३ मा भए वमोजिम विभिन्न नियमावलीहरू समेत वनेका छन् ।

**ग) भू तथा जलाधार संरक्षण ऐन २०३९**

यस ऐनले भू-तथा जलाधार संरक्षणको लागि आवश्यक देखेमा नेपाल सरकारले नेपाल राजप्रत्रमा सूचना प्रकाशन गरि नेपालको कुनै पनि क्षेत्रलाई संरक्षित जलाधार क्षेत्र घोपित गर्न सक्ने र संरक्षित जलाधार क्षेत्रमा जलाधार संरक्षण अधिकृतले जलाधार संरक्षण सम्वन्धी विभिन्न कार्यहरू गर्न सक्ने व्यवस्था गरेको छ। तर यो ऐन कार्यान्वयनमा आएको छैन ।

**घ) सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापारलाई नियमन तथा नियन्त्रण गर्न वनेको ऐन २०७३**

यस ऐनले दुर्लभ वा लोपोन्मुख वन्यजन्तु, वनस्पति वा सो को नमूनाको कारोवार वा व्यापार गर्न वा गराउन नहुने र कसैले पनि दुर्लभ वा लोपोन्मुख वन्यजन्तु वा वनस्पति वा सो को नमुना खरिद विक्री गर्न, आफुसंग राख्न, हुर्काउन, नियन्त्रित प्रजनन् गर्न, ओसारपसार गर्न वा निकासी पैठारी गर्न वा गराउन नहुने व्यवस्था गरेको छ ।

**ङ) स्थानीय सरकार सञ्चालन ऐन २०७४**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (९) मा प्रदेश सरकारले कुनै गाउँपालीका वा नगरपालीकाको ऐतिहासिक महत्व, पुरातात्विक वस्तु, कला संस्कृतिको संरक्षण वा पर्यटन प्रवर्द्धन गर्न उपयुक्त देखेमा त्यसको लागि मापदण्ड तोकि कुनै गाउँपालीका वा नगरपालीकावा सोको कुनै क्षेत्रलाई चार किल्लाखोली साँस्कृतिक तथा पर्यटकीय क्षेत्र घोषणा गर्न सक्ने, साँस्कृतिक वा पर्यटकीय क्षेत्रको विकासका लागि प्रदेश सरकारले विपेश कार्यक्रम तथा बजेटको व्यवस्था गर्न सक्ने व्यवस्था गरिएको छ। सोही दफाको उपदफा (३) मा गाउँपालीका वा नगरपालीकाले आफ्नो क्षेत्रभित्रका कुनै स्थानलाई पर्यटकीय क्षेत्र घोषणा गर्न सक्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ११ (ञ) मा गाउँपालिका वा नगरपालिकाको अधिकार अन्तरत वातावरण संरक्षण, जैविक विविधता सम्वन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जूमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन, स्थानीय स्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन, जलाधार, वन्यजन्तु तथा खनिज पदार्थको संरक्षण सम्वन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमनर सो सम्वन्धी रोयल्टी संकलन, स्थानीय स्तरमा वातावरणीय जोखिम न्यूनीकरण लगायतको कार्यहरू सञ्चालन गर्न पाउने व्यवस्था रहेको छ।

च) संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्वन्ध) ऐन २०७७

संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध, सहकारिता, सहअस्तित्व, समन्वय र पारस्पारिक सहयोगलाई व्यवस्थित गर्न तयार भएको हो।यस ऐनमा नागरिकलाई प्रदान गरिने सेवाको प्रभावकारिता अन्तरसम्बन्धको आधार हुने (दफा-३) व्यवस्था रहेको छ । संघ, प्रदेश र स्थानीय तहले आफ्नो एकल अधिकार कार्यान्वयनको कानून बनाउँदा नवाझिने गरी कानून वनाउने र कार्यान्वयन गर्ने (दफा ५) व्यवस्था रहेको छ।

छ) बागमती प्रदेश, प्रदेश राष्ट्रिय वन ऐन २०७६

वागमती प्रदेश वन ऐन, २०७६ को दफा १७ मा डिभिजन वन कार्यालयले रणनीतिक योजनाको अधिनमा रही आफ्नो कार्यक्षेत्र भित्रको राष्ट्रिय वनको कुनै भागलाई सरकारद्वारा व्यवस्थित वनको रुपमा व्यवस्थापन गर्नको लागी कार्ययोजना तयार गरी निर्देशनालयवाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ।

ज) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली २०३०

यस नियमावलीमा शिकार गर्न नहुने अवस्था, शिकार गर्न निषेधित तरिकाहरू, शिकार अनुज्ञापत्र र अन्य अनुज्ञापत्र सम्बन्धी व्यवस्था, कोटा निर्धारण, अनुज्ञापत्रका प्रकारहरू, पंक्षी शिकार अनुज्ञापत्र, शिकार गाइड अनुज्ञापत्रको व्यवस्था भएको छ । संरक्षकले व्यवस्थापन योजना तयार गरी स्वीकृतिको लागि विभाग समक्ष पेश गर्नु पर्ने, व्यवस्थापन योजना विभागले स्वीकृत गर्न वा त्यस्तो योजनामा हेरफेर गर्न आवश्यक देखिएकोमा सो विषय समेत उल्लेख गरी सम्बन्धीत कार्यालयमा फिर्ता पठाउन सक्ने (दफा ३क) व्यवस्था छ । नियमावलीले व्यवसायिक रुपमा वन्यजन्तु पालन प्रजनन्, चिडीयाखाना, वन्यजन्तु उद्दार केन्द्र तथा वन्यजन्तु अस्पताल स्थापना गर्ने व्यवस्था गरेको । वन्यजन्तुको वंश संरक्षण, जैविक विविधता संरक्षण, पर्यापर्यटन प्रवर्द्धन जस्ता उद्देश्यको लागि वन्यजन्तु स्थानान्तरण सम्बन्धी विधि तथा प्रकृयाहरू निर्धारण गरेको (नियम ३६छ) । वन्यजन्तुको आक्रमणमा परी धनजनको क्षति भएमा पीडित पक्षले सो क्षति वापत घटना घटेको पैंतीस दिन भित्र संरक्षण क्षेत्रको कार्यालयमा निवेदन दिनु पर्ने जिल्ला स्थिति सिफारिस समितले राहत उपलव्ध गराउन सिफारिस गरेमा सम्बन्धीत कार्यालयले त्यस्तो क्षति वापतको राहत निर्देशिका वमोजिम उपलव्ध गराउने छ (दफा ३६ज) ।

झ) भू तथा जलाधार संरक्षण नियमावली २०४२

यस नियमावलीमा नेपाल सरकारले संरक्षित जलाधार क्षेत्र घोपित गर्न सक्ने, प्राकृतिक प्रकोप हुने वा हुन सक्ने जग्गा तोक्ने, भू-उपयोगिता प्रणाली अपनाई खेती गर्ने, भू-उपयोगिता प्रणाली अपनाई खेती गर्नु पर्ने भनी तोकिदिएको निजी स्वामित्वको जग्गा सम्वन्धीत जग्गाधनीले मुआव्जा लिई आफ्नो स्वामित्व नेपाल सरकारलाई छोड्न सक्ने, संरक्षित जलाधार क्षेत्रभित्र परेको निजी स्वामित्वको जग्गामा वाढि, पैहो, भू-क्षय जस्ता प्राकृतिक प्रकोपको रोकथाम वा नियन्त्रण गर्ने, बाँध, गल्छी नियन्त्रण, तटवन्ध, गरा सुधार, कुलो, सहायक कुलो, ढल, टेवा दिने पर्खाल, पोखरी र त्यस्तो अन्य आवश्यक बनोटको निर्माण गर्न तथा त्यसको स्याहार सम्भार जग्गाधनीले गर्न सक्ने व्यवस्था रहेको छ।

ञ) वातावरण संरक्षण नियमावली २०७७

वातावरण संरक्षण नियमावली २०७७ नियमावलीको नियम (३) को उपनियम (१) मा प्रस्तावकले अनुसूची (१) मा उल्लेख भएका प्रस्तावहरूको संक्षिप्त वातावरणीय अध्ययन, अनुसूची-२ मा उल्लेख भएका प्रस्तावहरूको प्रारम्भिक वातावरणीय परीक्षण र अनुसूची-३ मा उल्लेख भएका प्रस्तावहरूको वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने प्रावधान रहेको छ । यस नियमावलीले प्रारम्भिक वातावरणीय परीक्षणको विस्तृत खाका समेत प्रस्तुत गरेको छ । नियमावलीले वार्षिक ५० मेट्रिक टनसम्म जरा तथा गानो सङ्कलन गर्ने, वार्षिक १५० मे.ट. सम्म बोक्रा सङ्कलन गर्ने, वार्षिक २०० मे.ट. सम्म फल वा बीज सङ्कलन गर्ने, वार्षिक १५० मेट्रिक टनसम्म पात वा डाँठ (सालसिड, रिठ्ठा, र अमला, तेन्दुपात, भोर्ला र तेजपात बाहेक) सङ्कलन गर्ने, वार्षिक १५० मेट्रिक टनसम्म फूल वा भूवा सङ्कलन गर्ने, वार्षिक २०० मेट्रिक टन सम्म गम, रेजिन (सल्लाको खोटो बाहेक) वा लोहवान सङ्कलन गर्ने गरी संरक्षण क्षेत्रको व्यवस्थापन योजना तयार गर्ने प्रस्तावको प्रारम्भिक वातावरणीय प्रभाव परीक्षण प्रावधान रहेको छ (अनुसूची २ (क) क्र.सं. ८) । नियमावलीमा संरक्षण क्षेत्र भएर बहने प्रत्येक नदी तथा खोलाबाट दैनिक ५० घनमिटर भन्दा बढि बालुवा, ढुङ्गा, ग्राभल र माटो सङ्कलन गर्ने प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने प्रावधान रहेको छ ।

ट) वन नियमावली २०७९

वन नियमावली २०७९ नेपाल सरकारले भू-उपयोग परिवर्तन गर्न स्वीकृति दिएको राष्ट्रिय वन क्षेत्रको भोकाधिकार सम्वन्धीत निकायलाई उपलव्ध गराउन सक्ने (दफा ४ उपदफा १)। सरकारी वा सार्वजनिक निकायले वन विकास तथा व्यवस्थापन सम्वन्धी नर्सरी निर्माण, विरुवा उत्पादन, वृक्षारोपण, गोडमेल, थिनिङ्ग, अग्नीरेखा निर्माण, पोखरी निर्माण, चेकड्याम निर्माण, सिमसार संरक्षण वा यस्तै प्रकृतिका अन्य कार्य गर्न कम्तीमा राजपत्र अनङ्कित प्रथम श्रेणी वा सो सरहको वन प्राविधिक कर्मचारीले लागत अनुमान तयार गर्न सक्ने (नियम १२ उपनियम १)। वन क्षेत्रवाट उत्पादित काठ तथा दाउराको मूल्यदर अनुसूची-६, जडीबुटीको मुल्य अनुसूची-७ र काठ, दाउरा र जडीबुटी वाहेक अन्य वन पैदावारको मुल्यदर नियमावलीको अनुसूची-८ वमोजिम हुने (नियम १८) । वन क्षेत्रवाट काठ, दाउरा सङ्कलन गर्ने अवधि प्रत्येक असोज महिनाको एक गते देखि जेष्ठ मसान्त सम्म हुने (नियम २०) । मानव वन्यजन्तु द्वन्द्वको प्रभावमा पर्ने उपभोक्ता समूहले आ-आफ्नो क्षेत्रमा हुने मानव वन्यजन्तु सह-अस्तित्व व्यवस्थापनका लागि वन व्यवस्थापनवाट प्राप्त गर्ने आयको निश्चित अंश छुट्याउनु पर्नेछ (नियम १२९) ।

१.९.४ कार्यविधि/ निर्देशिका/ मापदण्ड तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता

क) वन्यजन्तुमैत्री पूर्वाधार निर्माण निर्देशिका २०७८

यस निर्देशिकाले वन्यजन्तुको आवत जावतलाई सुरक्षित तुल्याई वन्यजन्तु दुर्घटना कम गर्न तथा मानव वन्यजन्तु वीचको द्वन्द्व न्यूनीकरण गर्नका लागि वन्यजन्तुको वासस्थान र हिंडडुल गर्ने क्षेत्रमा निर्माण हुने रेखात्मक प्रकृतिका पूर्वाधार संरचनाहरूलाई वन्यजन्तुमैत्री बनाउन आवश्यक मापदण्ड निर्धारण गरेको छ ।

ख) राष्ट्रिय वातावरणीय प्रभाव मुल्याङ्कन निर्देशिका, २०५०



Scanned with CamScanner

नेपाल सरकारले आठौं योजनाको नीति कार्यान्वयनमा सहयोग पुगोस् भन्नका लागि वातावरण संरक्षण ऐन, २०५३ र नियमावली, २०५४ ल्याउनु अगाडि नै यो निर्देशिका लागू गरेको छ। यो निर्देशिकाले वातावरणीय प्रभाव अध्ययन गर्दा जनसहभागिता जुटाउनु पर्ने, आवश्यक सूचना र तथ्याङ्क संकलन गर्ने, विवादित विषयको गम्भिरताको मूल्याङ्कन गर्नु पर्ने, व्यवस्थापनका साथै वातावरणीय अध्ययनका लागि ती विषयहरुको प्राथमिकताक्रम निर्धारण गर्ने जस्ता कुरालाई स्पष्ट रुपमा मार्गदर्शनको रुपमा अघि सारेको छ।

**ग) वन क्षेत्रका लागि वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५२**

यो निर्देशिकामा प्रस्तावको छनौट र वर्गीकरण, प्रारम्भिक वातावरणीय परीक्षण, वातावरणीय प्रभाव मूल्याङ्कन र सो को लागि क्षेत्र निर्धारण तथा कार्यसूची, वातावरणीय प्रभाव मूल्याङ्कनको प्रभाव पहिचान, पूर्वानुमान, तह निर्धारण प्रक्रिया र न्यूनिकरणका उपायहरु, वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको पुनरावलोकन, अनुगमन तथा मूल्याङ्कन र वनक्षेत्रबाट शुरु नभएका तर वनक्षेत्रमा असर पार्ने प्रस्तावहरुका लागि आवश्यक वातावरणीय प्रभाव मूल्याङ्कन जस्ता विषयहरु समेटिएका छन् ।

**घ) जैविक विविधता सम्बन्धी महासन्धि, १९९२**

यस सम्मेलनको उद्धेश्यहरू जैविक विविधताको संरक्षण, यसका अवयवहरूको दिगो उपयोग र आनुवंशिक श्रोतहरूको उपयोगबाट हुने फाइदाहरूको उचित र न्यायसंगत व्यवहार लगायतका व्यवस्थाहरु समावेशहरू छन् ।

**ङ) दुर्लभ तथा सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी सम्मेलन, १९७३**

वन्यजन्तु र वनस्पति एवं तिनीहरुको सौन्दर्य भावी पुस्ताका लागि संरक्षण गर्नुपर्छ भन्ने कुरालाई अंगिकार गरी वन्यजन्तु र वनस्पतिको वढ्दो महत्वप्रति सचेत हुंदै, अन्तरराष्ट्रिय ब्यापारको माध्यामबाट निश्चित प्रजातिका वन्यजन्तु तथा वनस्पतिको अति उपयोग विरुद्द संरक्षणका लागि अन्तरराष्ट्रिय सहयोग आवश्यक रहेको कुरालाई मनन गर्दै उपयूक्त उपायहरु अपनाउन आवश्यक भएको कुरामा समझदारी भई निम्न कुरामा सहमत भयौं भनी साईटिस महासन्धीको प्रस्तावनामा उल्लेख भएको छ। CITES सरकारहरू बीचको एक अन्तरराष्ट्रिय सम्झौता हो। यसको उद्धेश्य जंगली जनावरहरू र बोटबिरुवाहरूको नमूनाहरूको अन्तराष्ट्रिय व्यापारले उनीहरूको अस्तित्वलाई खतरामा नपार्न सुनिश्चित गर्नु हो। यो १९७५/९/१६ मा नेपालमा लागू भयो। अन्तराष्ट्रीय सम्झौताले पक्षहरूलाई CITES (Convention on International Trade in Endangered Species of Wild Fauna and Flora (CITES) परिशिष्ट I, II र III मा समावेश नमूनाको कारोबार अनुमति नदीनु भनेर प्रस्ताव गरेको छ ।

विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)



Scanned with CamScanner

## १.१० आवधिक योजना सहितको रणनीतिक योजना तयार गर्नको लागि अपनाईएको कार्यविधि

यस भक्तपुर जिल्लाको पञ्चवर्षिय/रणनितिक योजना तयार गर्दा आवश्यक पर्ने प्रमुख तथा सहायक तथ्याङ्क एवं जानकारीहरू फिल्डको अध्ययन तथा सन्दर्भ सामग्रीहरुको पुनरावलोकनबाट प्राप्त गरिएको थियो। यस योजना तयारी गर्दा सहभागितामुलक विधि (Participatory approach) अवलम्बन गरी आवश्यक सूचनाहरु संकलन गरिएको छ । यस योजना तयार गर्दा अपनाईएका विधिहरुको खांका देहाय बमोजिम चित्र नं.-१ मा समावेश गरिएको छ।




चित्र १- योजना तयार गर्दा अपनाईएका विधिहरुको संक्षिप्त खांकाको विवरण



Scanned with CamScanner

महाशाखा प्रमुख

यस पञ्चवर्षिय/रणनितिक योजना तयार गर्नका लागि आवश्यक प्राथमिक र द्वितियस्तरका तथ्याङ्कहरु (Primary and Secondary Data) संकलन गरिएको छ ।

**चेकलिष्ट, डाटासिट र प्रश्नावलीको तयारी**

वन व्यवस्थापन योजना तयार गर्दा विभिन्न माध्यमहरुबाट प्राप्त जानाकारी तथा सूचनाहरुको जाँच गर्न तथा भौतिक, जैविक, आर्थिक, सामाजिक र सांस्कृतिक वातावरण सम्बन्धी थप जानकारीको लागि सहभागितामूलक ग्रामीण लेखाजोखा गरी तथ्याङ्क संकलन गरिएको थियो । वनस्पति तथा वन्यजन्तु (स्तनधारी जनावर, चरा, घस्रने जाती, माछा) आदिका बारेमा वार्षिक प्रगति प्रतिवेदन २०८०/०१ बाट संकलित जानकारीलाई स्थलगत जांचका चेकलिष्ट तयार गरिएको थियो । प्राकृतिक सम्पदा खास गरेर रुख विरुवा तथा जडिवुटीको स्थानीय परम्परागत प्रयोगको बारेमा जानकारी हाँसिलका लागि चेकलिष्ट तयार गरिएको थियो। जसलाई अनुसूची १९ मा समावेश गरिएको छ ।

**प्रथमस्तरका तथ्याङ्कहरु संकलन**

- **सरोकारवालहरुसंग भेटघाट एवं छलफल**

यस योजना तयार गर्ने क्रममा जिल्लास्तरीय सरोकारवालाहरु जिल्ला समन्वय समिति, र भक्तपुर नगरपालिका, सूर्यविनायक नपा, मध्यपुर थिमी नपा, चाँगुनारायण नपा, वन उपभोक्ता महासंघ, समेतका विभिन्न सरोकारवालहरुसंग भेटघाट एवं छलफल गरी आवश्यक सूचना तथा तथ्याङ्कहरु संकलन गरियो।

- **समूहगत स्थलगत छलफल**

यस योजना तयारी गर्ने सिलसिलामा डिभिजन वन कार्यालय, सव डिभिजन वन कार्यालयहरु (नगरकोट र सूर्यविनायक), विभिन्न सामुदायिक वन समुहका उपभोक्ताहरु, र निजी वन धनीहरुसंग व्यापक छलफल गरी अनुसूची १९ अनुसारको चेकलिष्ट अनुसार आवश्यक सूचना संकलन गरियो।

वनका किसिम, अवस्था, काष्ठ तथा गैरकाष्ठ वनपैदावार प्रजातिहरु, वन्यजन्तु प्रजातिहरु लगायतका जैविक विविधता सम्बन्धी विविध जानकारी डि.व.का. स्थित विभिन्न अभिलेखहरु, स्थलगत अवलोकन, स्थानीयवासी एवं वन उपभोक्ताहरुसँगको छलफलको माध्यमबाट प्राप्त गरिएको थियो। स्थानीय संकलक तथा व्यवसायीहरुसँग छलफल गरी जडीवुटी तथा अन्य गैरकाष्ठ प्रजातिहरुको बारेमा समेत थप जानकारी लिइएको थियो । अध्ययन प्रयोजनको लागि छानिएको उल्लेखित वन क्षेत्रमा भ्रमण टोलीले हिंडेर गरिने सर्वेक्षणको क्रममा जैविक तथ्याङ्क संकलन गरेको थियो । वनको किसिम र त्यसको अवस्था बारेमा अवलोकन गरी टिपोट गर्नुको साथै वन सम्बन्धी अन्य जानकारी प्राप्त गरेको थियो ।

वन व्यवस्थापन योजना कार्यान्वयनबाट जैविक वातावरणमा पर्न सक्ने प्रभावको पहिचान गर्न त्यहाँ पाईने विभिन्न किसिमका वन पैदावारहरुको प्रयोग, वन्यजन्तुलाई विगतमा पुर्याइएको हानी, नोक्सानी तथा चोरी शिकार र डढेलोको प्रकोप आदिको बारेमा स्थानीय जनतासँग सोधपुछ गरिएको थियो ।

- **जानिफकार छलफल**

विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

यस योजना तयारी गर्ने क्रममा जिल्ला समन्वय समितिका अध्यक्ष तथा जिल्ला समन्वय अधिकारी, केन्द्र तथा जिल्ला स्तरीय सामुदायिक वन उपभोक्ता महासंघ, स्थानीय तह र वन वातावरणमा कार्यरत समाज सेवी, शिक्षक गरी २० जना जानिफकारहरुसंग छलफल गरी चेकलिष्ट अनुसार आवश्यक सूचना संकलन गरियो ।

- **वन स्रोत सर्भेक्षण एवं सा.व.कार्ययोजना**

यस योजना तयारी गर्ने क्रममा यस डिभिजन वन कार्यालयको कार्यक्षेत्र अन्तर्गत ५७ वटा सामुदायिक वनका कार्ययोजनाहरुबाट वन स्रोतको वर्तमान मौज्दात आंकलन गरिएको छ भने यस बाहेकका सरकार द्वारा व्यवस्थित  वनमा नमुना प्लटहरु लिई वन स्रोतको वर्तमान मौज्दात आकलन गरिएको छ।

- **जिल्लास्तरी अन्तरकृया गोष्ठी**

यस पञ्चवर्पिय/रणनितिक  योजना कार्यान्वयनका लागि तयार गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन सम्वन्धमा जिल्ला वन क्षेत्र समन्वय समितिमा एक दिने अन्तरकृया गोष्ठी संचालन गरियो । यस गोष्ठीमा प्राप्त सल्लाह सुझावहरुलाई यस योजनामा समावेश गरियो ।

- **प्रदेशस्तरीय तथा छलफल अन्तरकृया**

यस पञ्चवर्पिय/रणनितिक योजना र सो कार्यान्वयनका लागि तयार गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन सम्वन्धमा वन तथा वातावरण मन्त्रालयमा छलफल तथा अन्तरकृया गरियो।सो गोष्ठीबाट प्राप्त सल्लाह सुझावहरुलाई यस योजनामा समावेश गरियो ।

- **नक्साकन तथा अवलोकन**

यस योजना तयारी गर्ने क्रममा यस डिभिजन वन कार्यालयको कार्यक्षेत्र भित्र आवश्यक नक्सांकनहरु वर्तमान अवस्थामा उपब्ध इमेजहरुलाई उपयोग गरी तयार गरिएको छ।वन व्यवस्थापन योजना कार्यान्वयन हुने क्षेत्रसँग सम्वन्धीत जानकारी हासिल गर्न विभिन्न क्षेत्रसँग सम्वन्धीत नक्साहरुको अध्ययन तथा विश्लेषण गर्ने कार्य गरिएको थियो।जिल्लाको प्रशासनिक नक्सा, भू-आवरण नक्सा, नदीनाला देखाउने नक्शा, वनक्षेत्र तथा वन्यजन्तुको वासस्थान संरक्षण देखाउने नक्सा ArcGIS र QGIS उपयोग गरि गरिएको थियो।

**द्वितीयस्तरका तथ्याङ्क** .

यस पञ्चवर्पिय/रणनितिक योजना तयारीका लागि आवश्यक जानकारी तथा तथ्याङ्कहरु विभिन्न सम्बन्धीत सन्दर्भ सामाग्री डिभिजन वन कार्यालय अभिलेखहरु, अन्य कार्यालयका अभिलेखहरू, विगतका जिल्लाको पञ्चवर्पिय वन व्यवस्थापन कार्ययोजना, जिल्ला समन्वय समितिवाट प्रकाशित जिल्लाको वस्तुस्थिति विवरण, राष्ट्रिय तथ्याङ्क कार्यालयको राष्ट्रिय जनगणना २०७६ को तथ्याङ्क तथा वैज्ञानिक अनुसन्धानात्मक लेख, रचनाहरुबाट संकलन गरिएको थियो।

डिभिजन वन कार्यालय, जिल्ला समन्वय समिति तथा अन्य सम्वन्धीत कार्यालहरुमा रहेको अभिलेख तथा हस्तान्तरित सामुदायिक वनको कार्ययोजनाहरु यो आवधिक योजना सहितको रणनीतिक योजना तयारीका लागि प्रयोग गरिएका प्रमुख श्रोतहरु हुन। यो आवधिक योजना सहितको रणनीतिक योजना तयारीको



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

क्रममा वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेशको ३७ बुँदे प्रतिवद्धता, लगायत प्रदेश मन्त्रालय अन्तर्गत दस्तावेजिकरण भएका अन्य प्रमुख प्रतिवद्धताहरु र प्रदेश वन तथा वातावरण मन्त्रालय मातहातका कार्यालयहरुबाट प्रकाशित सन्दर्भ सामग्रीहरु पनि अध्ययन गरिएको थियो। यसका अतिरिक्त यो योजना तर्जुमा गर्ने क्रममा निम्न ऐन, नियमहरुलाई ध्यानमा राखिएको छ।

- वन ऐन, २०७६ तथा वन नियमावली, २०७९
- बागमती प्रदेश राष्ट्रिय वन ऐन, २०७६
- बागमती प्रदेश, प्रदेश वातावरण संरक्षण ऐन, २०७७
- भू तथा जलाधार संरक्षण ऐन, २०३९ तथा नियमावली, २०४२
- कबुलियती वन नीति, २०५९
- जैविक विविधता रणनीति, २०५९
- गैरकाष्ठ वन पैदावार नीति, २०५९
- राष्ट्रिय जैविक विविधता सम्बन्धी रणनीति, २०५९
- वन्यजन्तु पालन, प्रजनन तथा अनुसन्धान कार्यनीति, २०६०
- जडिबुटी नीति, २०६०
- वन क्षेत्रमा लैंगिक तथा सामाजिक समावेशीकरण रणनीति, २०६४
- सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०६५
- राष्ट्रिय सिमसार नीति, २०६९
- वन नीति, २०७५
- वन क्षेत्रको रणनीति, २०७२
- प्राकृतिक श्रोत सम्बन्धी नेपालको संविधान २०७२ मा भएको व्यवस्था
- राष्ट्रिय वातावरणीय प्रभाव मूल्यांकन निर्देशिका, २०५०
- वन क्षेत्रको लागि वातावरण प्रभाव मूल्यांकन निर्देशिका, २०५२
- वन क्षेत्रको लागि प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची तथा प्रतिवेदनको दिग्दर्शन, २०६१
- सामुदायिक वन श्रोत सर्वेक्षण मार्ग दर्शन, २०६१
- गैरकाष्ठ वन पैदावार बिक्री वितरण निर्देशिका, २०६१
- गैरकाष्ठ वन पैदावारको श्रोत सर्वेक्षण मार्गदर्शन, २०६९

## २. विगतका वन व्यवस्थापन योजना कार्यान्वयनको समीक्षा

डिभिजन वन कार्यालय, भक्तपुरले आ.व. २०७८/०७९ देखि २०८१/०८२ सम्मका अवधिमा केही मुख्य कार्यक्रमहरूमा उल्लेखनीय प्रगति हासिल गरेको देखिन्छ। विशेषगरी, वन व्यवस्थापन कार्यक्रम अन्तर्गत सामुदायिक वनमा वन व्यवस्थापन कार्ययोजना तयारी र वन तथा वन्यजन्तु संरक्षणका लागि गस्ती परिचालनमा उल्लेख्य प्रगति भएको छ। जनसहभागितामा आधारित वन व्यवस्थापन कार्यक्रम अन्तर्गत वनमा सामुदायिक उद्यमशीलता अभिवृद्धि कार्यक्रममा शतप्रतिशत सफलता प्राप्त भएको छ, यद्यपि सामुदायिक वन उपभोक्ता समूह गठनमा केही लक्ष्य बाँकी रहेको देखिन्छ।

सुशासन अभिवृद्धि कार्यक्रम अन्तर्गत सब-डिभिजन स्तरीय योजना तर्जुमा गोष्ठी र वार्षिक योजना तर्जुमा गोष्ठी लगायतका गतिविधिहरूमा पूर्ण लक्ष्य हासिल गरेको छ, जसले सुदृढ व्यवस्थापन र पारदर्शितामा जोड दिएको देखाउँछ। नर्सरी, विरुवा उत्पादन, वृक्षारोपण तथा निजी वन कार्यक्रम मा डिभिजन वन नर्सरीको स्तरोन्नती, विरुवा उत्पादन र वृक्षारोपणमा निरन्तर प्रगति भएको छ।

यसैगरी, गैरकाष्ठ वन पैदावार विकास कार्यक्रम अन्तर्गत फलफूल तथा आयमूलक बिरुवा खरिद तथा वितरण र जडीबुटी तथा गैरकाष्ठ वन पैदावारमा आधारित उद्यम विकास सहयोग कार्यक्रममा पूर्ण सफलता प्राप्त भएको छ। वन डढेलो नियन्त्रण तथा व्यवस्थापन, मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन, र स्कुल वन वातावरण संरक्षण कार्यक्रममा पनि क्रमशः वन डढेलो नियन्त्रण योजना कार्यान्वयन, सचेतना अभियान, समन्वय गोष्ठी, र इको क्लब गठन तथा वातावरण प्रचार प्रसारमा निरन्तर प्रगति देखिएको छ। भौतिक पूर्वाधारतर्फ, डिभिजन वन कार्यालयको भवन निर्माणको लक्ष्य पनि पूरा भएको छ।

यस जिल्लामा अघिल्लो पञ्चवर्षिय योजनाको अवधिमा भएका प्रमुख कार्यक्रमहरू, तिनीहरूका लक्ष्य र प्रगति विवरणहरू विस्तृत रूपमा प्रस्तुत गरिएको छ।

**तालिका ४: अघिल्लो पञ्चवर्षिय योजनाको प्रगति**

| सि.नं. | कार्यक्रमको नाम | इकाई | पञ्चवर्षिय लक्ष्य | पञ्चवर्षिय प्रगति |
|---|---|---|---|---|
| १. दिगो वन व्यवस्थापन कार्यक्रम | | | | |
| १.१ | सामुदायिक वनमा दिगो वन व्यवस्थापन कार्ययोजना तयारी | गोटा | ४ | ३ |
| १.२ | वन, वन्यजन्तु संरक्षणको लागि गस्ती परिचालन | जिल्ला | ३ | ३ |
| १.३ | वन तथा वन्यजन्तु सम्बन्धी मुद्धा तथा अनुसन्धानको तहिकिकात र दायरी | पटक | ५ | ५ |
| १.४ | जिल्लाको पञ्चवर्षिय कार्ययोजना तयारी | गोटा | १ | १ |
| २. जनसहभागितामा आधारित वन व्यवस्थापन कार्यक्रम | | | | |
| २.१ | सा.व.उ.सको कार्ययोजना तयारी तथा हस्तान्तरण | गोटा | ४ | ० |
| २.२ | सामुदयिक वनको कार्ययोजना नबिकरण | वटा | ३५ | २६ |



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| २.२ | सामुदायिक बनमा उद्यमशीलता अभिवृद्धि कार्यक्रम | वटा | ५ | १ |
| २.३ | सामुदायिक वन व्यवस्थापन स्थलगत अभ्यास | वटा | ४ | ४ |
| ३. सुशासन अभिवृद्धि कार्यक्रम | | | | |
| ३.१ | जिल्ला वनक्षेत्र समन्वय समितिको सचिवालय व्यवस्थापन तथा सुदृढीकरण | जिल्ला | १ | १ |
| ३.२ | सब-डिभिजन स्तरीय योजना तर्जुमा गोष्ठी | पटक | १२ | १२ |
| ३.३ | वार्षिक योजना तर्जुमा गोष्ठी | पटक | ५ | ५ |
| ३.४ | वार्षिक प्रगति पुस्तिका प्रकाशन | पटक | २ | २ |
| ३.५ | कर्मचारीहरूका लागि फिल्ड गियर सेट खरिद | जिल्ला | ३ | ३ |
| ३.६ | दिवस, समारोह, सप्ताह (वातावरण दिवस, जैविक विविधता, वन डढेलो सप्ताह आदि) | प्याकेज | ५ | ५ |
| ३.७ | सरोकारवालाहरूसँग अन्तक्रिया तथा गोष्ठी | पटक | १ | १ |
| ३.८ | उत्कृष्ट वन समूह पुरस्कार (सा.व., क.व., निजी वन समेत) | प्याकेज | ५ | ५ |
| ३.९ | जिल्लास्तरीय प्रगति समीक्षा बैठक | पटक | ५ | ५ |
| ४. नर्सरी, बिरुवा उत्पादन, वृक्षारोपण तथा निजी वन कार्यक्रम | | | | |
| ४.१ | डिभिजन वन नर्सरी स्तरोन्नती तथा मर्मत सुधार | गोटा | ३ | ३ |
| ४.२ | स्थायी नर्सरी (ग्रीन हाउस मर्मत) | गोटा | १ | १ |
| ४.३ | वन बिरुवा उत्पादन (३" * ७" को पोलिथिन थैलामा) | हजार | ५०० | २३४ |
| ४.४ | बहुबर्षिय बिरुवा उत्पादन (८" * ५" को पोलिथिन थैलामा।) | हजार | ३ | ३ |
| ४.५ | निजी वन नर्सरी स्थापना अनुदान | हजार | ५ | ५ |
| ४.६ | स्थायी नर्सरी नाइकेका लागि नाइके ज्याला | जना | ३ | ३ |
| ४.७ | वृक्षारोपण (वृक्षारोपण, वारबेरा सहित) | हेक्टर | १० | ३ |
| ५. गैरकाष्ठ वन पैदावार विकास कार्यक्रम | | | | |
| ५.१ | फलफूल तथा आयमूलक बिरुवा खरिद तथा वितरण | हजार | २० | १४.६८ |
| ५.२ | जडीबुटी तथा गै.का.व.पै.मा आधारित उद्यम विकास सहयोग कार्यक्रम | पटक | ३ | ३ |
| ६. वनजन्य उद्यम प्रवर्धन | | | | |
| ६.१ | पर्यापर्यटन प्रवर्धन | गोटा | ५ | ५ |
| ७. शहरी वन विकास कार्यक्रम | | | | |
| ७.१ | नगर क्षेत्रका बसपार्क, चौबाटा, सरकारी कार्यालयका हाता तथा सडकका किनारहरूमा वृक्षारोपण तथा व्यवस्थापन | प्याकेज | ५ | ५ |
| ८. वन डढेलो नियन्त्रण तथा व्यवस्थापन | | | | |
| ८.१ | वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना कार्यान्वयन | प्याकेज | ५ | ५ |
| ८.२ | अग्नि नियन्त्रण सम्बन्धी सचेतना, कोचिङ्ग तथा सञ्जाल निर्माण र सुरक्षा निकायसँग समन्वय परिचालन | गोटा | ५ | ५ |
| ८.३ | अग्नि नियन्त्रण सहयोगी प्रचार प्रसार सामग्री तयारी तथा वितरण | प्याकेज | २ | २ |



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ८.४ | अग्नि नियन्त्रण सामग्री खरिद तथा वितरण | पटक | ५ | ३ |
| ९. मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन कार्यक्रम | | | | |
| ९.१ | सरोकारवालाहरूबीच समन्वय गोष्ठी | पटक | ४ | ४ |
| ९.२ | मानव वन्यजन्तु व्यवस्थापन तथा उद्दार | पटक | ५ | ५ |
| १०. सिमसार संरक्षण तथा व्यवस्थापन | | | | |
| १०.१ | सिमसार संरक्षण समिति गठन तथा योजना कार्यान्वयन | गोटा | १ | १ |
| ११. वन अतिक्रमण नियन्त्रण तथा पुनर्स्थापना कार्यक्रम | | | | |
| ११.१ | वन अतिक्रमण नियन्त्रण तथा पुनर्स्थापना कार्यक्रम | हेक्टर | २० | १० |
| ११.२ | वन सुरक्षा योजना कार्यान्वयन | पटक | ५ | ३ |
| १२ . स्कुल वन वातावरण संरक्षण कार्यक्रम | | | | |
| १२.१ | इको क्लब गठन तथा परिचालन | गोटा | १८ | १५ |
| १२.२ | वातावरण संरक्षण प्रचार प्रसार कार्यक्रम (स्थानीय एफ.एम., पत्रपत्रिका, मिडिया, सञ्चारबाट सूचना सम्प्रेषण, विभिन्न होर्डिङ्ग बोर्ड निर्माण, पोस्टर पम्प्लेट प्रकाशन आदि) | पटक | ३ | ३ |
| १३. भौतिक पूर्वाधार निर्माण कार्यक्रम | | | | |
| १३.१ | डिभिजन वन कार्यालयको भवन निर्माण | गोटा | १ | १ |
| १३.२ | मोटरसाइकल/ स्कुटर खरिद | गोटा | १ | १ |
| १३.३ | ल्यापटप खरिद | गोटा | २ | २ |
| १३.४ | सब डिभिजन भवन मर्मत सम्भार | गोटा | ५ | |

उक्त कार्ययोजना अवधिमा वार्षिक रुपमा उपलब्ध भएको जम्मा बजेट, खर्च र जम्मा प्रगति निम्न अनुसार रहेको छः

| आ.व | बजेट | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|
| २०७७/०७८ | २७८.६ | २१३.०८ | ७४.१ |
| २०७८/०७९ | २०३.९१ | १८७.६ | ९२ |
| २०७९/०८० | १४७.८६ | १३२.१५ | ८९.४ |
| २०८०/०८१ | ४६१.५ | ४१५.३३ | ८९.९ |
| २०८१/०८२ | ४२६.७ | ३६९.४ | ८६.६ |

भक्तपुर जिल्लाको पछिल्लो ५ आर्थिक बर्षमा संकलन भएको राजस्वको विवरण निम्न अनुसार रहेको छः



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

तालिका ५: अघिल्लो पञ्चवर्षिय योजनाको संकलन राजस्व

| राजस्व शीर्षक | आर्थिक वर्ष | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | |
| वन क्षेत्रको अन्य आय | | ६२९०.६ | २६५३ | १४२६४ | ५५२९८ | ७८५०५.६ |
| वन रोयल्टी (संघ, प्रदेश र स्थानीय तह बीच बाँडफाँड हुने) | १०६०६७.३८ | ६५८०४०८.०३ | १८७५५० | ७३१०६० | १२०८५७४ | ८८१३६५९.४१ |
| जम्मा | १०६०६७.३८ | ६५८६६९८.६ | १९०२०३ | ७४५३२४ | १२६३८७२ | ८८९२१६५.०१ |

**विगतको वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन गर्दा देखा परेका समस्या, चुनौती, अवसर र हाल सम्मका सिकाई**

भक्तपुर जिल्लाको वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन गर्दा विभिन्न समस्या, चुनौती, अवसर र सिकाईहरू रहेका छन्।

**क) वन व्यवस्थापनका समस्याहरू**

वन क्षेत्रमा वन अतिक्रमण, वन्यजन्तुको आखेटोपहरको अवैध ओसारपोसार तथा बिक्री वितरण जस्ता अपराधजन्य कार्यहरू मुख्य समस्याको रुपमा रहेका छन्। यस्ता अवैध गतिविधि नियन्त्रणका लागि डिभिजन वन कार्यालयको एकल प्रयास पर्याप्त नभएकाले स्थानीय तह, राजनीतिक दल, प्रहरी, प्रशासन, सामुदायिक वन उपभोक्ता समूह (सा.व.उ.समुह), मिडिया तथा वन क्षेत्र समन्वय समितिहरूसँगको समन्वय र जनसहभागिता जुटाई काम गर्दा उल्लेखनीय कमी आएको छ। यद्यपि, यसलाई निरन्तरता दिन सजिलो छैन र डिभिजन वन कार्यालय (डि.व.का.) निरन्तर प्रयत्नरत रहेको छ।

जिल्लामा वन व्यवस्थापनमा देखिएका प्रमुख समस्याहरू यस प्रकार छन्:

- स्वीकृत कार्ययोजना कार्यान्वयनका लागि पूर्ण राजनैतिक, आर्थिक र भौतिक सहयोग प्राप्त नहुनु।
- वनको संरक्षणमा निजी लगानीकर्ताको सहभागिता नहुनु, स्थानीय समुदायमा जनचेतनाको कमी हुनु र पटक-पटक हुने नीतिगत परिवर्तनले सरोकारवालाहरूमा अपेक्षाकृत उत्सुकता नदेखिनु। साथै, अधिकांश जनता अन्य रोजगारीमा संलग्न भएकाले वन व्यवस्थापनमा समय दिन नसक्नु र प्रचार प्रसारका लागि बजेटको कमी हुनु।
- वन तथा सहरी क्षेत्रमा भएका वृक्षारोपणको संरक्षण तथा व्यवस्थापन का लागि बजेटको अभाव, उपभोक्ताहरूको सामुदायिक वनप्रति चासो कम हुनु तथा केही समूहहरू निष्क्रिय हुनु।
- बढ्दो शहरीकरण र जनसंख्या वृद्धिसँगै जग्गाको मूल्य बढ्नुका कारण सार्वजनिक तथा वन क्षेत्रहरूमा अतिक्रमण बढेको छ। सम्बन्धीत निकायबाट जग्गा नापजाँच र अद्यावधिक गर्ने कार्यको कमीले यो समस्या जटिल बनेको छ। यद्यपि, सामुदायिक वन उपभोक्ताहरूको सक्रियता र डि.व.का. को सहयोगमा अतिक्रमित क्षेत्रहरूलाई पुनः वन क्षेत्रका रूपमा कायम गर्ने प्रयास भइरहेको छ।

विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)



Scanned with CamScanner

- वन मुद्दा दायर गर्ने कानुनी प्रक्रियामा जटिलता, र जनशक्ति, आर्थिक, भौतिक संरचना तथा सवारी साधनको अभाव पनि अन्य समस्या हुन्।

चुनौतीहरू

वन व्यवस्थापनका निम्न चुनौतीहरु रहेका छन् :

- बढ्दो जनसंख्याका लागि प्रभावकारी सेवा प्रवाह गर्न संगठनात्मक सुधारको आवश्यकता।
- ऐन नियमहरू बाझिएका कारण स्थानीय तहहरुबाट वन क्षेत्रमा हुने अनधिकृत हस्तक्षेप।
- डिभिजन वन कार्यालयमा पर्याप्त स्रोत साधनको अभाव।
- वन पैदावार तथा वन्यजन्तु अपराध नियन्त्रणमा बढ्दो राजनैतिक हस्तक्षेप रहेका छन्।

हालसम्मका सिकाइहरू

वन व्यवस्थापनका क्रममा निम्न महत्वपूर्ण सिकाइहरू प्राप्त भएका छन्:

- निजी तथा सार्वजनिक जग्गामा वृक्षारोपण गरी ग्रामीण क्षेत्रका जनताको वनसँग सम्बन्धीत माग पूरा गर्न सकेमा वनमा पर्ने चाप कम भई संरक्षण र विकासमा सहयोग पुग्ने।
- जनचेतनामूलक र वनमा आधारित जीविकोपार्जन तथा आयआर्जन हुने खालका कार्यक्रमहरूले जनतामा वनप्रतिको माया बढाउने भएकाले त्यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिनुपर्ने।
- सामुदायिक वन व्यवस्थापन कार्यक्रमले उपभोक्ताहरूको दैनिक आवश्यकता पूर्तिमा सुधार ल्याउनुका साथै वनको संरक्षण र अतिक्रमण नियन्त्रणमा कमी ल्याएको।
- सम्बन्धीत सरोकारवालाहरूसँग समन्वय गरी कार्यक्रम गरेमा वनसँग सम्बन्धीत समस्याहरू समाधान गर्न सहज हुने।

अवसरहरू

वन व्यवस्थापनका लागि विभिन्न अवसरहरू उपलब्ध छन्:

- वनको उचित संरक्षण र सदुपयोगको कार्यलाई वन कर्मचारीमा मात्र सीमित नराखी वन उपभोक्ता समितिहरू गठन गरी सामुदायिक वन विकासका कार्यक्रमहरू प्रभावकारी रूपमा संचालन गर्ने।
- राजनैतिक दलहरूमा वन विनाश विरुद्ध लड्ने प्रतिबद्धताका लागि वातावरण तयार गर्ने।
- काठ दाउराको विकल्पको खोजी बढ्दै जानु।
- सुरक्षा निकाय अन्तर्गतका कार्यालयहरूबीच समन्वयको विकास हुनु।
- पत्रपत्रिकाहरू वन र वातावरण जोगाउने समाचारतर्फ लक्षित हुनु।
- शहरी क्षेत्रमा हरियाली विकासको लागि जनचाहना बढ्दै जानु।

विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)



Scanned with CamScanner

## ३. वन पैदावारको माग र आपूर्तिको अवस्था

जिल्लामा हस्तान्तरण भएका सामुदायिक वनहरुबाट स्थानीय उपभोक्ताहरुले दैनिक आवश्यक पर्ने घांस, सोत्तर, दाउरा लगायतका वन पैदावारहरु उपभोग गर्ने गरेका छन्। जिल्लामा काठको उत्पादन अत्यन्तै कम भएर घर मर्मत तथा निर्माणको लागि चाहिने काठ अन्य जिल्लाबाट आयातित स्थानीय बजारबाट खरिद गर्ने गरेका छन्।यस जिल्लाका स्थानीय व्यक्तिहरुसंग छलफल तथा स्थलगत अवलोकन, जिल्लामा संचालनमा आएका काष्ठ तथा गैरकाष्ठ वन पैदावार सम्वन्धी उद्योगका तथ्याङ्क तथा उद्योग संचालक संगको छलफल, जिल्लाको कुल जनसंख्या, घरधुरी संख्या र वार्षिक जनसंख्या वृद्धिलाई आधार मानेर यस जिल्लामा वन पैदावारको वार्षिक माग निकालिएको छ।

### ३.१ मागको आँकलन तथा आपूर्तिको स्रोत र तरिकाहरू

वि.सं.२०७८ मा गरिएको राष्ट्रिय जनगणना अनुसार भक्तपुर जिल्लामा जम्मा १०८५०३ घरधुरी रही कुल जनसंख्या ४३२१३२जना रहेको छ र जनसंख्या वृद्धिदर ३.३५% रहेको छ । जिल्लाको जनसंख्या अनुसार माग तथा आपूर्ति स्थिति निम्न बमोजिम रहेको छ।

तालिका ६: आगामि ५ वर्षको लागि वन पैदावारको माग

| सि.न. | आ.व. | जनसंख्या | घरधुरी | वन पैदावारको माग | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | काठ (घ.फि) | दाउरा (भारी) | |
| १ | २०८२/०८३ | ४९५८८१ | १२४५१० | २४७९४१ | ६४०६० | |
| २ | २०८३/०८४ | ५१३२३७ | १२८८६८ | २५६६१९ | ६६३०२ | |
| ३ | २०८४/०८५ | ५३१२०१ | १३३३७८ | २६५६०० | ६८६२३ | |
| ४ | २०८५/०८६ | ५४९७९३ | १३८०४६ | २७४८९६ | ७१०२५ | |
| ५ | २०८६/०८७ | ५६९०३५ | १४२८७८ | २८४५१८ | ७३५११ | |

श्रोतः स्थलगत श्रोत सर्वेक्षण, २०८१

एक भारि दाउरा बराबर ३० के.जी. मानिएको छ। आ.व. अनुसारको जनसंख्या राष्ट्रिय जनगणना २०७८ को आधारमा प्रक्षेपण गरिएको छ । दाउराको खपत प्रति परिवार प्रतिवर्ष ७ भारी (LPG ग्याँस समेत प्रयोग गरिने भएकोले) तथा जिल्लामा २०७८ को जनगणना अनुसार कुल घरधुरीको ७.३५ प्रतिशतले मात्र इन्धनको रुपमा दाउरा खपत गर्ने आधारमा प्रक्षेपण गरिएको छ। काठको खपत ०.५० घ.फि. प्रति व्यक्ति प्रति वर्षको आधारमा प्रक्षेपण गरिएको छ।

विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्र.)



Scanned with CamScanner

तालिका ६: वन पैदावारको आपूर्ति

| सि. न. | आपूर्ति गर्ने निकाय | काठ(क्यू. फिट) | दाउरा (भारी) | कैफियत |
|---|---|---|---|---|
| | | परिमाण | परिमाण | |
| १ | सरकारद्वारा व्यवस्थित वन | १२५२.६९ | ४९६ | काठ र पोल समेत |
| २ | सामुदायिक वन | ७४८२६.१ | २२५७३ | काठ र पोल समेत |
| ३ | नीजि आवादी जग्गा | २०००. | | अनुमानित परिमाण |

श्रोतः डिभिजन वन कार्यालय भक्तपुर २०८२

**नोटः सामुदायिक वनको जम्मा सञ्चित मौज्दातको २ प्रतिशत वार्षिक वृद्दिदर तथा सो को ४० प्रतिशत वार्षिक संकलन परिमाण मानी ६५ प्रतिशत काठ तथा ३५ प्रतिशत दाउरा मानी प्रक्षेपण गरिएको ।**

भक्तपुर जिल्लामा वन पैदावारको मागको तुलनामा आपूर्ति अत्यन्त न्यून छ । यस जिल्लामा प्रति वर्ष खपत हुने काठ दाउराको अधिकांश मात्रा उपत्यका वाहिर र विदेशबाट समेत आउने गर्दछ । यस जिल्लामा रहेका सम्पूर्ण सा.व हरुबाट वार्षिक सरदर ७४८२६.१क्य. फि. काठ र २२५७२.८ भारी दाउरा उत्पादन क्षमता रहको छ। जिल्लामा हस्तान्तरण भएका सामुदायिक वनहरुवाट स्थानीय उपभोक्ताहरुले दैनिक आवश्यक पर्ने डालेघांस, सोत्तर, दाउरा लगायतका वन पैदावारहरु उपभोग गर्ने गरेका छन्। घर मर्मत तथा निर्माणको लागि चाहिने काठ लगायत अधिकांश वन पैदावार वन निगम तथा निजी क्षेत्रबाट खरिद गरि माग र आपूर्तिको सन्तुलन बनाएर लैजानुपर्ने देखिन्छ ।

## ३.२ खपत भई रहेका मुख्य मुख्य वन पैदावारहरू

यस जिल्लाका सामुदायिक वनहरुवाट काठ, दाउरा र घाँसहरु प्रमुख रुपमा खपत हुने मुख्य वन पैदावारहरु हुन् । यस वाहेक गैरकाष्ठ वन पैदावारहरुको संकलन तथा विक्री वितरणको लागि भने विगत आ.व.हरुमा डिभिजन वन कार्यालयमा इजाजत माग गरी ओसारपसार भएको छैन भने सरकारद्वारा व्यवस्थित वन थोरै मात्रामा रहेकोले खासै यसवाट वन पैदावारको खपत भएको देखिदैन ।

खासगरी यस जिल्लामा गुठी संस्थानको माग वमोजिम प्रत्येक सालको चैत्र मसान्तमा भैरवनाथको विस्केट जात्रामा लिङ्गो उठाउनको लागि प्रयोग गरिने करीब १००-१५० क्यू .फि. काठ नजीकका सा व.हरुका साथै धार्मिक वनहरुवाट वन तथा भू संरक्षण विभागको पत्र वमोजिम निःशुल्क रुपमा उपलब्ध गराउने व्यवस्था गराउँदै आइएको छ ।

## ३.३ जिल्लामा प्रयोग भई रहेका वैकल्पिक उर्जाहरू

जनसंख्याको वढी चाप भएको र सिमित वन क्षेत्र भएको यस जिल्लामा अधिकांश उपभोक्ताहरुले वैकल्पिक उर्जाको रुपमा ग्याँस, मट्टितेल, विद्युतिय उपकरण प्रयोग गर्छन् ।यस जिल्लाका केही ठाउंहरुमा भने उर्जाको रुपमा दाउराको प्रयोग गरेको पाइन्छ । जिल्लामा प्रयोग भई रहेका परम्परागत उर्जाको स्रोत दाउरा सहित वैकल्पिक उर्जाहरुको वारेको जानकारी तालिका ७ मा दिइएको छ।

विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)



Scanned with CamScanner

तालिका ७: इन्धन प्रयोगकर्ताहरूको विवरण

| क्र.सं. | ईन्धनको किसिम | खाना पकाउनको लागि प्रायः प्रयोग हुने ईन्धन परिमाण (प्रतिशत) |
|---|---|---|
| १ | काठ दाउरा | ७.३५ |
| २ | एलपी ग्याँस | ९१.४९ |
| ३ | बिजुली | ०.७८ |
| ४ | गुईठा गोराहा | ०.०१ |
| ५ | बायोग्याँस | ०.२८ |
| ६ | मट्टीतेल | ०.०४ |
| ७ | अन्य | ०.०५ |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

## ३.४ वन पैदावारको उत्पादन तथा बिक्री भएको विवरण (विगत ५ वर्षको)

वन पैदावारको उत्पादन तथा विक्रीको विगत पाँच वर्षको विवरणले काठ र दाउरा दुवैको परिमाणमा महत्त्वपूर्ण उतारचढाव देखाउँछ।

तालिका ८: विगत ५ वर्षको वन पैदावारको उत्पादन तथा बिक्री भएको विवरण

| विवरण | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०७६/०७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| काठ (क्यु.फि.) | १६३५७.६ | ३६५७.९४ | ११८८.८७ | ७५५९.६२३ | १२२५२.४८ |
| दाउरा (चट्टा) | ३०.६५ | ५.५ | २७.३९ | ११.७९८ | २.६ |

*श्रोत: वार्षिक प्रतिवेदन२०८०/०८१, डि. व. का. भक्तपुर*

विगत पाँच वर्षको काठ दाउराको तथ्याँकलाई विश्लेषण गर्दा काठको उत्पादन आर्थिक वर्ष २०७६/०७७ मा सबै भन्दा धेरै १६,३५७.६ क्यु.फि. रहेको छ भने २०७७/०७८ मा ३,६५७.९४ क्यु.फि. र २०७८/०७९ मा १,१८८.८७ क्यु.फि. कम रहेको छ। यद्यपि, त्यसपछिका दुई आर्थिक वर्षहरूमा (२०७९/०८० मा ७,५५९.६२३ क्यु.फि. र २०८०/०८१ मा १२,२५२.४८ क्यु.फि.) काठको उत्पादन बढेको थियो। विगत ५ बर्षमा दाउरा (चट्टा) को उत्पादन अस्थिर प्रवृत्तिमा रहेको छ; २०७६/०७७ मा ३०.६५ चट्टा रहेकोमा २०७७/०७८ मा ५.५ चट्टामा ह्वात्तै घट्यो, तर २०७८/०७९ मा २७.३९ चट्टामा पुनः उल्लेखनीय वृद्धि भयो। त्यसपछि २०७९/०८० मा ११.७९८ चट्टामा घट्दै, २०८०/०८१ मा २.६ चट्टा रहेको छ ।

विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)



Scanned with CamScanner

## ४. दूरदृष्टि, लक्ष्य तथा उद्देश्य र प्रक्षेपण

वातावरणीय सन्तुलन, आधारभूत मानवीय आवश्यकताहरुको पूर्ति र अन्य पारिस्थितिकीय सेवाहरुका लागि वन श्रोत निकै महत्वपूर्ण रहेको छ। वन श्रोत आम नेपाली जनताको आधारभूत आवश्यकता पूरा गर्ने प्रमुख प्राकृतिक सम्पदा, जीविकोपार्जनका लागि भरपर्दो आधार, असंख्य जैविक विविधताको भण्डार, भू तथा जलाधार व्यवस्थापनको लागि मुख्य तत्व, स्वच्छ पानीको श्रोत, जलवायु परिवर्तनका नकारात्मक असरहरुको अनुकूलन र कारक तत्वहरुको न्यूनिकरण गर्ने सबै भन्दा कम खर्चिलो उपायको रुपमा रहेको छ। स्वस्थ वातावरण र सहज जीवनका लागि वन श्रोतको दिगो व्यवस्थापन गर्नु अहिलेको अपरिहार्यता हो। यसै यथार्थलाई मनन गर्दै डिभिजन वन कार्यालय भक्तपुरले वन व्यवस्थापन कार्ययोजना बनाई वनको उचित व्यवस्थापन गर्दै आइरहेको छ।

भक्तपुर जिल्लाको आवधिक योजना सहितको रणनीतिक योजना वनाउने क्रममा वन क्षेत्रसंग सम्वन्धीत सबै सरोकारवालाहरु तथा स्थानीय समुदायसँग सहभागितामुलक रुपमा गरिएको अन्तरक्रिया र छलफलवाट प्राप्त सुझाव, जिल्लाको पृष्ठभूमी, वन जङ्गलको अवस्था तथा वर्तमान वन क्षेत्रका नीति, रणनीति, कार्यनीति, कार्यविधि, निर्देशिकाहरु समेतलाई मध्य नजर राखी यो योजना निर्माण गरिएको छ। यो आवधिक योजना सहितको रणनीतिक योजनाको निर्देशक दस्तावेजको रुपमा राष्ट्रिय वनको एकीकृत रणनीतिक योजना २०८१-२१००, वागमती प्रदेश, वन तथा वातावरण मन्त्रालयको ३७ वुदे प्रतिबद्ता लाई लिईएको छ। यो रणनीतिक योजनाको विषयगत क्षेत्रहरुलाई आधारमानि आगामी ५ वर्षमा सञ्चालन गरिने वन विकासका विभिन्न कार्यक्रमहरु संलग्न गरिएको छ। यस आवधिक योजना सहितको रणनीतिक योजनामा प्रस्ताव गरिएका कार्यक्रमहरु यसै योजना बमोजिम सम्पन्न गरिनेछ तर योजना अवधिमा वागमती प्रदेश वन तथा वातावरण मन्त्रालय लगायत नेपाल सरकारवाट प्राप्त थप निर्देशन तथा स्वीकृत भएका कार्यक्रमहरु यस कार्ययोजनाको अंग हुनेछन्। कार्यक्रम संचालन गर्दा आईपर्ने समस्याहरुको निराकरण जिल्ला भित्रका सरोकारवालाहरुको समन्वय तथा जिल्ला वन क्षेत्र समन्वय समितिको सल्लाह र सुझावलाई सर्वोपरी राखेर कार्यक्रम कार्यान्वियन गरिनेछ।

### ४.१ योजनाको अवधि

भक्तपुर जिल्लाको आवधिक योजना सहितको रणनीतिक योजनाको अवधि आर्थिक वर्ष २०८२/०८३ देखि २०८६/०८७ सम्म गरी ५ वर्षको छ ।

### ४.२ दूरदृष्टि

डिभिजन वन कार्यालय, भक्तपुरले आफ्नो क्षेत्रका वनलाई दिगो वन व्यवस्थापन गरि वन तथा वनजन्य उत्पादनमा आत्मनिर्भरता हासिल गर्दै स्थानीय समुदायको सम्वृद्धि योगदान र वातावरणीय सन्तुलनमा सकारात्मक प्रभाव परेको हुनेछ।

विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)



Scanned with CamScanner

### ४.३ लक्ष्य

स्थानीय जनताको जनसहभागीताबाट वन स्रोतको संरक्षण, संवर्द्धन र सदुपयोगको माध्यमबाट वनको दिगो व्यवस्थापनलाई सुनिश्चित गरी स्थानीय रोजगारी र आयमा वृद्धि र वातावरणीय सन्तुलन कायम राखी जिल्लाको आर्थिक तथा सामाजिक समृद्धि ल्याउने यस योजनाको लक्ष्य रहेको छ ।

### ४.४ उद्देश्य

यस आवधिक योजना सहितको रणनीतिक योजनाको उद्देश्यलाई अल्पकालीन र दिर्घकालीन गरी दुई भागमा विभाजन गरिएको छः

**दीर्घकालीन उद्धेश्यहरु**

- भक्तपुर जिल्लाको वनले ढाकेको क्षेत्रफलमा कमी हुन नदीन वनको हैसियत र उत्पादकत्वमा क्रमशः सुधार गर्दै गैरकाष्ठ तथा काठजन्य वनपैदावारको आपूर्तिमा सहजता ल्याउने।
- वन श्रोतको दिगो व्यवस्थापन गरी जैविक विविधताको संरक्षण, पारिस्थितिकीय प्रणाली र वातावरणीय सेवा बीच सन्तुलन कायम राख्ने र कार्बन संचितिकरण बढाउने।
- वन क्षेत्रलाई पर्यटनमुखी हिसावले व्यवस्थापन गरी स्थानीय जनता तथा सरकारको आय वृद्धि गर्ने।
- वनको व्यवस्थापन तथा सदुपयोगलाई सामाजिक समावेशीकरणको आधारमा जनसहभागिता र सरोकारवालाहरुको समानुपातिक पहुँच सुनिश्चित गरी वन श्रोतमाथि स्थानीय वासिन्दाहरुको अपनत्वको भावनाको विकास गर्ने।
- वन श्रोतको विकास र व्यवस्थापनबाट राष्ट्रिय तथा स्थानीय अर्थतन्त्रमा योगदान दिई गरिव तथा उपेक्षित समुदायको जीविकोपार्जनमा सहयोग पुरयाउने।
- वन क्षेत्रको सुशासन कायम गर्ने।
- विभिन्न सामुदायिक वनहरुमा जडिबुटी खेती विस्तार गर्ने।
- पानीको मुहान रहेका वन क्षेत्रहरुलाई पानी मुहान संरक्षण गर्ने गरी व्यवस्थापन गर्ने।
- पर्यापर्यटनको विकास गरी वन उपभोक्ता समूहहरुको आय वृद्धि गर्ने।
- कर्मचारीको क्षमता अभिवृद्धि गर्ने।

**अल्पकालीन उद्देश्यहरु**

- मौजुदा वन जंगलको उचित व्यवस्थापनबाट हैसियतमा सुधार गर्दै वनको उत्पादकत्वमा वृद्धि गर्ने।
- जलवायु परिवर्तन जोखिम न्यूनिकरणको लागि उपयुक्त निष्प्रभाविकरण तथा अनुकूलन कार्यक्रम सञ्चालन गर्ने।
- सामुदायिक वनको संरक्षण, संवर्द्धन र व्यवस्थापनमा अर्थपूर्ण जनसहभागिता जुटाउने।
- उपभोक्ताको माग अनुसार सल्लाको वनलाई चौडापातेमा परिवर्तन गर्ने।
- विरुवा उत्पादन र वृक्षारोपणको कार्य संचालन गरी सार्वजनिक, खाली, पर्ती, नदी तथा सडक किनार र निजी जग्गाहरुमा हरियाली प्रवर्धनका कार्यहरु गर्ने।



विश्व कोइराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

- वनक्षेत्रको व्यवस्थापनमा स्थानीय जनताको जनसहभागिता अभिवृद्धि गरी गरिब, उपेक्षित जनताको जीविकोपार्जनका अवसरहरु बढाई गरिबी न्यूनिकरणमा टेवा पुरयाउने।
- जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको उचिततरिकाले संकलन एवं बिक्री वितरण गरी राष्ट्रिय आयमा वृद्धि गर्ने।
- वन, वन्यजन्तु संरक्षण तथा चोरी शिकारी नियन्त्रण संबन्धी जनचेतना जागृत गरी वातावरण तथा जैविक विविधताको संरक्षण गर्ने।
- वन क्षेत्रमा नयाँ अतिक्रमण हुन नदीने तथा पुराना अतिक्रमण हटाई वन पुनर्स्थापना गर्न।
- वन डढेलो हुन नदीने वा नियन्त्रण गर्ने सम्बन्धी जनचेतना अभियान संचलन गर्ने र सामाग्री दिई हरेक उपभोक्तालाई आगोसँग जुध्न सशक्तिकरण गर्ने।
- निजी क्षेत्रलाइ वन क्षेत्रको विकास र विस्तारमा समाहित हुन प्रोत्साहन गर्ने।
- शहरी वनलाई विस्तार गरी हरियाली प्रवर्द्धनमा टेवा पुराउने ।

## ४.५ उद्देश्य पूरा गर्ने सिद्दान्त

स्थानीय समुदायको सशक्त परिचालन मार्फत जैविक विविधता संरक्षण र दिगो वन व्यवस्थापनका कार्यहरूबाट वनको उत्पादकत्वमा वृद्धि ल्याई वनको हैसियतमा ह्रास नआउने गरी वन पैदावार सङ्कलन तथा आपूर्ति गरी माथि उल्लेखित उद्देश्य हासिल गर्न देहाय बमोजिमको सिद्धान्त तय गरिएको छ।

**सहभागितात्मक पद्धति**

- हस्तान्तरित सामुदायिक वनहरुका वन संरक्षण र उपभोगका गतिविधिहरुमा सबै वर्गको समान सहभागितामा जोड दिइने छ।
- सामुदायिक वनक्षेत्रभित्र आवश्यकता वन विकासको कार्यक्रमहरुलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ।
- भू-तथा जलाधार संरक्षण, वातावरणीय सेवा, वन्यजन्तु संरक्षण तथा वन विकासलाई एकीकृत कार्यक्रमको रुपमा सम्वन्धीत कार्यालय तथा स्थानीय समुदायसँग समन्वय गरी अगाडि बढाईने छ।
- जिल्ला भित्रको भू-क्षयका दृष्टिकोणले अति सम्वेदनशील क्षेत्रहरुको संरक्षण, संवर्द्धन र विकासका लागि सबै सरोकारवाला निकायहरुसँग समन्वय गरी एकीकृत योजना तर्जुमा र कार्यान्वयनमा पहल गरिनेछ।

**दीगो वन व्यवस्थापन पद्धति**

- स्थानीय जनताको माग र चाहनाहरुलाई मध्य-नजर राखी विभिन्न प्रजातिका काष्ठ तथा गैरकाष्ठ प्रजातिका विरुवा उत्पादन गरी निजी तथा सार्वजनिक वनक्षेत्रहरुमा वृक्षारोपण कार्यलाई द्रुत गति दिईने छ।
- हस्तान्तरण भईसकेका सामुदायमा आधारित वन क्षेत्रहरुलाई संवेदनशीलता तथा उत्पादनमूलक क्षेत्रका आधारमा छुटयाई सोही अनुसार संरक्षण र व्यवस्थापन गरिनेछ।



Scanned with CamScanner

- सामुदायिक वनहरुमा राष्ट्रिय वनको एकीकृत रणनीतिक योजना अनुसार दिगो वन व्यवस्थापन कार्यक्रमलाई प्रोत्साहित गरिनेछ।
- संबेदनशील सामुदायिक वनहरुबाट संकलन हुने काठ दाउरा समूह बाहिर निकासी तथा बिक्री वितरण गर्ने कार्यलाई निरुत्साहित गरिनेछ र अन्य क्षेत्रको हकमा सामुदायिक वन उपभोक्ता समूहहरुलाई बढी भएको काठ दाउरा छिमेकी समूह र जिल्ला भित्रको मागको आवश्यकता पुरा भएपछि मात्र जिल्ला बाहिर बिक्री गर्ने नीति लिइनेछ।
- दिगो विकास लक्ष्य पूरा गर्न सामुदायिक वनको माध्यमबाट गरिबी निवारणको लागि गरिबीको रेखामुनी रहेका उपभोक्ताहरु पहिचान गरी आय आर्जनका बहु उत्पादनलाई बढावा दिने कार्यक्रमहरु ल्याईनेछ। यस अन्तर्गत सामुदायिक वन भित्र कबुलियती वनको अवधारणालाई अगाडी बढाईनेछ।
- गैरकाष्ठ वन पैदावारको विकास र विस्तारका लागि व्यवसायिक महत्वका प्रजातिहरुको खेतीमा जोड दिनेछ र यसका साथै वनमा आधारित लघु उद्यमको विकासलाई प्रोत्साहन तथा बजारको व्यवस्था गरिनेछ।
- गैरकाष्ठ वन पैदावारको दिगो उपयोग र संरक्षण कार्ययोजना तथा आवश्यकता अनुसार तयार गरिने छ।
- राष्ट्रिय वन क्षेत्रहरुको सवै प्रकारका वन पैदावारहरुको कूल मौज्दात र वार्षिक वृद्धि दर एकीन गरी सव डिभिजन वन कार्यलय अनुसार लागत राखिने छ।
- वन पैदावार संकलन गर्दा वन पैदावार बिक्री वितरण निर्देशिका २०७३, समय-समयमा भएका सरकारी निर्देशन, आर्थिक ऐन नियममा भएका व्यवस्थालाई कडाईका साथ पालना गरिनेछ।
- वन पैदावार संकलन गर्दा नदी किनार, पानी मुहान, सम्वेदनशील जलाधार तथा अन्य सम्वेदनशील क्षेत्रको संरक्षणलाई प्राथमिकता दिईनेछ।
- वन क्षेत्रबाट संकलन भएका वन पैदावार बिक्री वितरण गर्दा पहिलो प्राथमिकता स्थानीय उपभोक्ताको लागि दिने, दोस्रो प्राथमिकता जिल्ला भित्रको आवश्यकता परिपूर्ति गर्नलाई दिने र सोबाट बढी भएको वन पैदावार मात्र जिल्ला बाहिर निकासी गर्ने नीति अवलम्वन गरिनेछ।
- निजी वन स्थापनाको लागि सम्वन्धित जग्गाधनीलाई डिभिजन वन कार्यालयबाट आवश्यक प्राविधिक सहयोग तथा उपलव्ध हुन सक्ने वीऊ विजन, विरुवा उपलब्ध गराई दर्ता गर्ने प्रकृया पूरा गरी दर्ता गर्ने कार्यमा प्रोत्साहान दिइने छ।
- सवै खाले वन क्षेत्रको जैविक विविधता अध्ययन गरी अभिलेख अध्यावधिक गर्नुका साथै खतरामा परेका वा लोप हुन लागेका वन्यजन्तु तथा वनस्पति प्रजातिहरुको पहिचान गरी सो को संरक्षणका लागि पहल गरिनेछ।

**वन क्षेत्रमा सुशासन पद्धति**

- सामुदायिक वनमा निर्णय प्रक्रिया र नेतृत्व विकासका लागि हरेक चरणमा दलित, जनजाति, महिला तथा अल्पसंख्यकको सहभागिताको सुनिश्चिततालाई उच्च प्राथमिकता दिईनेछ।



Scanned with CamScanner

- उपभोक्ताहरुको क्षमता अभिवृद्विका लागि तालिम, गोष्ठी र भ्रमणको व्यवस्था गरिनेछ।
- सामुदायिक वनका क्रियाकलापहरु बढी प्रभावकारी बनाउनको लागि स्थापित भएका सामुदायिक वन समन्वय तथा अनुगमन गठन गरी त्यसलाई क्रियाशील बनाई सामुदायिक वन उपभोक्ता समूह र सामुदायिक वनको प्रभावकारी अनुगमन कार्यलाई जोड दिईनेछ।
- वन सुशासनलाई सुनिश्चित गर्न सार्बजनिक लेखा प्रणाली र सार्बजनिक सुनुवाईको व्यवस्था गरिनेछ र वन क्षेत्रका हरेक क्रियाकलापको योजना तर्जुमा देखि कार्यान्वयन र लाभको बाडफाँडका हरेक चरणहरुमा स्थानीय समुदाय तथा निकाय लगायतका सम्बन्धीत सरोकारवालाहरुसँग छलफल गरी सहमती कायम गरिनेछ।
- नियमित अनुगमन र मूल्याङ्कनको प्रभावकारी संयन्त्र बनाईनेछ ।

उपयुक्त वातावरणको सृजना

- जिल्लाको मौजुदा वन संगठन सुदृढीकरणका लागि आवश्यक भौतिक पूर्वाधारहरुको व्यवस्थापनमा जोड दिईनेछ।
- डिभिजन वन कार्यालय अन्तर्गतका जनशक्तिको क्षमता विकासका लागि आवश्यक ज्ञान तथा सिप उपलब्ध गराउदै लगिने छ।
- स्थानीय तहसँग समन्वय र सहकार्य गर्दै वन संरक्षण र व्यवस्थापनको कार्य गरिने छ।
- विभिन्न सरकारी निकाय, गैरसरकारी संघ-संस्थाहरुलाई वनको संरक्षण, संवर्द्धन तथा व्यवस्थापन कार्यमा सहभागिता जुटाउन आपसी सहयोग र समन्वय गरी साझेदारी बढाईने छ।
- ऐन नियम अनुरुप कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ।
- राष्ट्रिय वनमा हुने चोरी निकासी, डढेलो र अतिक्रमण रोक्न राजनीतिकदल र स्थानीय समुदायसँग नियमित छलफल र अन्तरक्रिया गरिनेछ।
- सामाजिक रूपमा स्वीकार्य (Socially Acceptable), आर्थिक रूपले सम्पन्न हुनसक्ने (Economically Viable) र वातावरणीय मैत्री (Environmentally friendly) खालका वनमा आधारित योजना तथा कार्यक्रमहरूलाई प्राथमिकता दिई कार्यान्वयन गरिनेछ।
- डिभिजन वन कार्यालयको तथा सव-डिभिजन वन कार्यालयहरुको नियमित मर्मत सम्भार गरी स्थानीय स्तरबाटै सेवा प्रवाहको कार्यलाई प्रभावकारी बनाइने छ।
- वन तथा वातावरणको संरक्षण तथा व्यवस्थापनको लागि जनचेतना जगाउन स्थानीय रेडियो, टेलिभिजन, पत्रपत्रिका, पोष्टर, पम्पलेट तथा भित्ते लेखन आदि माध्यमहरु उपयोगमा ल्याइने छ।

४.६ प्रक्षेपण (अपेक्षित उपलब्धीहरू)

- समुदायमा आधारित वनको प्रभावकारी वन व्यवस्थापन पद्धति लागू भई उत्पादकत्व तथा उत्पादन वृद्धि हुने छ।
- समुदायमा आधारित तथा राष्ट्रिय वन क्षेत्रमा आगलागीका घट्नाहरूमा जनसहभागिता तथा सचेतना वृद्धि भई करीव ५०% ले कमी आउने छ।
- नयाँ वन अतिक्रमण शुन्य भएको हुनेछ।



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

- स्थानीयतहको समन्वयमा निजी वनको क्षेत्रफल २९.७५ हे. बाट करिब १५० हेक्टर भन्दा बढी पुऱ्याइने छ।
- वन व्यवस्थापनबाट रोजगारीका अवसर सिर्जना तथा जविकोपार्जनमा सुधार भई महिला, गरिब र पिछडिएका समूहको गरिबी न्यूनीकरणमा उल्लेख्य टेवा पुग्नेछ।
- वर्तमान अवस्थामा रहेको जिल्लाको वनको मौज्दात तथा छत्र घनत्व (crown cover) समेतमा वृद्धि भएको हुनेछ।
- वन क्षेत्रमा पर्यापर्यटनका सम्भावनाहरूको खोजी र प्रवर्द्धन गरी पर्यटक आकर्षण बढ्नेछ।
- पर्यापर्यटनबाट प्राप्त आय स्थानीय समुदायको जीविकोपार्जनमा थप टेवा पुर्याउनेछ।
- गैरकाष्ठ वन पैदावारको व्यवसायिक प्रयोजनका लागि बिक्री वितरण हुने अवस्थामा पुग्नेछन्।
- समूह भित्र वितरण भई बांकी रहेको काठ दाउरालाई समूह बाहिर निकासी गर्दा प्राप्त रकमबाट वन विकास, गरिबी न्यूनीकरण, भौतिक, आर्थिक, सामाजिक विकासका कार्यमा लगानी भई स्थानीय जनताको जिविकोपार्जनमा सुधार हुनेछ।
- वन संरक्षण, विकास र व्यवस्थापनका कारण वनक्षेत्रका भिराला भागहरूमा भू-क्षय कम हुनेछ भने नदी तटीय क्षेत्रमा वृक्षारोपण मार्फत नदी कटानमा कमि आउने छ ।
- कृषि, हस्तकला र पर्यटन जस्ता क्षेत्रसँग वनको सहसम्बन्ध स्थापित गरी समग्र जिल्लाको आर्थिक वृद्धिमा योगदान पुग्नेछ।
- खाली भएका सार्वजनिक जग्गा, सहरी क्षेत्र, वनक्षेत्र भित्रका खाली जग्गा र निजी जग्गाहरूमा हरियालीको प्रवर्धन भएको हुनेछ।

### ४.७ प्रस्तावित कार्यक्रम तथा बजेट व्यवस्थापन

यस आवधिक योजना सहितको रणनीतिक योजनाको कार्यान्वयनको लागि कुल विकास खर्च रु. ७,६२,२५ ,०००।- र प्रशासनिक खर्च रु. ११,५९,४५,५००।- गरी जम्मा कुल खर्च रु. १९,२१,७०,४००।- हुनेछ। बजेटको आवश्यक पर्ने हुँदा उक्त बजेट मूख्यतया नेपाल सरकार र प्रदेश सरकारद्धारा विनियोजित रकमबाट हुनेछ यसका अलावा जिल्ला स्थानीय वन समूहबाट प्राप्त आम्दानीको वन विकासका लागि छुट्याईएको रकम, विभिन्न अन्तराष्ट्रिय दातृ निकायहरूबाट प्राप्त रकम, स्थानीय तहबाट प्राप्त हुने रकम र जिल्लामा कार्यरत विभिन्न गैरसरकारी संस्था लगायतका निकायबाट प्राप्त हुने रकम समेत उपयोग हुनेछ।

जिल्लाको आगामी ५ बर्षको कार्यक्रम तथा अनुमानित बजेट निम्न तालिका न ९ मा दिएको छ :

विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)



Scanned with CamScanner

## तालिका न ९: जिल्लाको आगामी ५ बर्षको कार्यक्रम तथा अनुमानित बजेट

| क्र. सं. | कार्यक्रम तथा कियाकलाप | इकाइ | आ.व. २०८२/०८३ | | आ.व. २०८३/०८४ | | आ.व. २०८४/०८५ | | आ.व. २०८५/०८६ | | आ.व. २०८६/०८७ | | जम्मा कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | |
| १ | सरकारद्वारा व्यवस्थित बन व्यवस्थापन कार्यक्रम | | | | | | | | | | | | |
| १.१ | जिल्ला बन सुरक्षा समन्वय समितिको बैठक | पटक | २ | ०.६ | २ | ०.६ | २ | ०.६ | २ | ०.६ | २ | ०.६ | ३ |
| १.२ | बन अतिक्रमण नियन्त्रण समितिको बैठक | पटक | १ | ०.३ | १ | ०.३ | १ | ०.३ | १ | ०.३ | १ | ०.३ | १.५ |
| १.३ | डिभिजन बन नर्सरी सन्चालनका लागि वार्षिक रुपमा तालिम प्राप्त नर्सरी नाइकेको पारिश्रमिक | जना | १ | २.५ | १ | ३ | १ | ३ | १ | ३ | १ | ३ | १४.५ |
| १.४ | जिल्ला बन क्षेत्र समन्वय समिति र सरोकारवालाको सहभागितामा डिभिजन स्तरीय कार्यक्रम समन्वय बैठक | पटक | २ | ०.६ | २ | ०.६ | २ | ०.६ | २ | ०.६ | २ | ०.६ | ३ |
| १.५ | सब डिभिजनको सहजीकरणमा स्थानीय तह र समुदायद्वारा व्यवस्थित बन समुहहरुको सहभागितामा सब डिभिजन स्तरीय योजना तर्जुमा गोष्ठी | पटक | २ | ०.६ | २ | ०.६ | २ | ०.६ | २ | ०.६ | २ | ०.६ | ३ |
| १.६ | डिभिजन स्तरीय योजना तर्जुमा गोष्ठी (माघ मसान्त भित्र) | पटक | १ | ०.३ | १ | ०.३ | १ | ०.३ | १ | ०.३ | १ | ०.३ | १.५ |
| १.७ | अनुसन्धान अधिकृतका लागि मुद्दा अनुसन्धान/तहकिकात तथा दायरी खर्च (प्रति मुद्दा बढीमा रू १० हजार) | संख्या | ५ | ०.५ | ५ | ०.५ | ५ | ०.५ | ५ | ०.५ | ५ | ०.५ | २.५ |
| १.८ | जिल्लाको बन क्षेत्रको एकिन तथ्याङ्क (कित्ता नम्बर सहित) को प्रोफाइल तयार गरि प्रकाशन | पटक | १ | ३ | | | | | | | | | ३ |
| १.९ | बिधुतिय माध्यमबाट बन तथा बन्यजन्तु संरक्षण/व्यवस्थापन सूचना प्रवाह (डिभिजन स्तर) | प्याकेज | १ | ०.६ | १ | ०.६ | १ | ०.६ | १ | ०.६ | १ | ०.६ | ३ |



Scanned with CamScanner

| क्र.सं. | कार्यक्रम तथा क्रियाकलाप | इकाइ | आ.व. २०८२/०८३ | | आ.व. २०८३/०८४ | | आ.व. २०८४/०८५ | | आ.व. २०८५/०८६ | | आ.व. २०८६/०८७ | | जम्मा कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | |
| १.१० | वन तथा वन्यजन्तु संरक्षण र अतिक्रमण नियन्त्रणको लागि डिभिजन वन कार्यालयबाट गस्ती परिचालन (गौडा गस्ती समेत) | प्याकेज | १ | ३ | १ | ३ | १ | ४ | १ | ३.५ | १ | ४ | १७ |
| १.११ | डि.व.का. स्तरीय वन क्षेत्र प्रोफाइल तयारी/ अध्यावधिक गर्ने (प्रत्येक सब डिभिजनको अलग अलग समेत समावेश गर्ने) | पटक | | | | | | | | | १ | ३ | ३ |
| १.१२ | बरामदी वन पैदावार तथा मालवस्तुको ढुवानी खर्च (डिभिजनस्तर) | प्याकेज | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | २.५ |
| १.१३ | कार्यक्रम सन्चालन खर्च | प्याकेज | १ | १.५ | १ | १.५ | १ | १.५ | १ | १.५ | १ | १.५ | ७.५ |
| १.१४ | बकपत्रका लागि अदालतमा हाजिर हुने व्यक्तिका लागि अदालत सम्म आते जाते तथा खान खर्च | संख्या | १ | ०.१ | १ | ०.१ | १ | ०.१ | १ | ०.१ | १ | ०.१ | ०.५ |
| १.१५ | मन्त्रालय/निर्देशनालय/डिभिजन वन कार्यालयबाट अनुगमन तथा मुल्यांकन तथा प्रतिबेदन तयारी खर्च | प्याकेज | १ | २ | १ | २ | १ | २ | १ | २.५ | १ | २.५ | ११ |
| १.१६ | बहुमुल्य प्रजातिको बिउ स्थायान व्यवस्थापन तथा बिउ संकलन | पटक | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | ५ |
| | जम्मा सरकारद्वारा व्यवस्थित वनको जम्मा | | | १७ | | १४.६ | | १५.१ | | १५.६ | | १९.१ | ८१.४ |
| २ | वन संरक्षण क्षेत्र व्यवस्थापन कार्यक्रम | | | | | | | | | | | | |
| | भक्तपुर जिल्लामा वन संरक्षण क्षेत्र नभएको | | | | | | | | | | | | ० |
| ३ | जनसहभागिता आधारित वन व्यवस्थापन ( सामुदायिक र कबुलियती वन, धार्मिक वन) कार्यक्रम | | | | | | | | | | | | |

...वन विभाग डिभिजन वन कार्यालय भक्तपुर

विश्व खेड्डेला डिभिजनल वन अधिकृत (नवौं तह प्रा.)

शाखा प्रमुख



Scanned with CamScanner

| क्र.सं. | कार्यक्रम तथा क्रियाकलाप | इकाइ | आ.व. २०८२/०८३ | | आ.व. २०८३/०८४ | | आ.व. २०८४/०८५ | | आ.व. २०८५/०८६ | | आ.व. २०८६/०८७ | | जम्मा कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | |
| | क) सामुदायिक वन कार्यक्रम | | | | | | | | | | | | |
| ३.१ | स्थानीय तह र सामुदायिक वन समुहसंग समन्वय बैठक | पटक | २ | ०.४ | २ | ०.४ | २ | ०.४ | २ | ०.४ | २ | ०.४ | २ |
| ३.२ | सब डिभिजन स्तरमा सा.व.उ.स. तथा कबुलियती वन समुहसंग समन्वय बैठक | पटक | २ | ०.५ | २ | ०.५ | २ | ०.५ | २ | ०.५ | २ | ०.५ | २.५ |
| ३.३ | सामुदायिक वनको अनुगमन गरि प्रतिबेदन तयारी र प्रकाशन | प्याकेज | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | २.५ |
| ३.४ | जिल्लास्तरीय सामुदायिक वन पुरस्कार विवरण | प्याकेज | १ | ०.५ | | | | | | | | | ०.५ |
| ३.५ | सामुदायिक वन उपभोक्ता महासंघ मार्फत डिभिजन स्तरमा सा.व.उ.स.हरुको वार्षिक प्रतिबेदन तयारी, लेखापरिक्षण तथा सुशासन अभिवृद्धिको लागि सहजीकरण तथा सचेतना गोष्ठी | पटक | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | २.५ |
| ३.६ | सामुदायिक वनमा व्यवस्थापन स्थलगत अभ्यास/कोचिङ/team building | प्याकेज | २ | १.५ | २ | १.५ | २ | १.५ | २ | १.५ | २ | १.५ | ७.५ |
| ३.७ | सामुदयिक वन कार्ययोजना पुनरावलोकन | गोटा | ५ | १.५ | ५ | १.५ | ५ | १.५ | ५ | १.५ | ५ | १.५ | ७.५ |
| ३.८ | सामुदायिक वनमा पर्यापर्यटन कार्यक्रम | प्याकेज | ३ | ९ | ३ | ९ | ४ | १२ | ४ | १२ | ५ | १५ | ५७ |
| | ख) कबुलियती वन व्यवस्थापन कार्यक्रम | | | | | | | | | | | | |
| ३.८ | व्यवसायिक कबुलियती वनको रुपमा हस्तान्तरण गर्न सकिने वन क्षेत्र पहिचान । | पटक | १ | १.५ | | | | | | | | | १.५ |
| ३.९ | व्यवसायिक कबुलियती वनको अनुगमन | पटक | १ | ०.७ | १ | ०.७ | १ | ०.७ | १ | ०.७ | १ | ०.७ | ३.५ |
| | ग) धार्मिक वन व्यवस्थापन कार्यक्रम | | | | | | | | | | | | ० |

विश्व कोइराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

| क्र.सं. | कार्यक्रम तथा क्रियाकलाप | इकाइ | आ.व. २०८२/०८३ | | आ.व. २०८३/०८४ | | आ.व. २०८४/०८५ | | आ.व. २०८५/०८६ | | आ.व. २०८६/०८७ | | जम्मा कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | |
| ३.१० | जिल्लामा रहेका धार्मिक र ऐतिहासिक महत्वको वन क्षेत्रको पहिचान | पटक | १ | १.२५ | | | | | | | | | १.२५ |
| ३.११ | धार्मिक वनको विधान र कार्ययोजना तयारी र हस्तान्तरणमा सहयोग एवं समन्वय | गोटा | १ | ०.३ | | | | | | | | | ०.३ |
| ३.१२ | धार्मिक बोटबिरुवाको उत्पादन, वृक्षारोपण तथा संरक्षणमा सहयोग | प्याकेज | २ | ०.६ | २ | ०.६ | | | २ | ०.६ | | | १.८ |
| ३.१३ | धार्मिक वनको सिमाङ्कन तथा वन क्षेत्रको संरक्षणमा सहयोग | प्याकेज | १ | ४ | १ | ३ | १ | ३ | १ | ३ | १ | ३ | १६ |
| | जम्मा (जनसहभागिता आधारित वन व्यवस्थापन ) | | | २२.७५ | | १८.२ | | २०.६ | | २१.२ | | २३.६ | १०६.३५ |
| ४ | वन तथा जैविक विविधता संरक्षण कार्यक्रम | | | | | | | | | | | | |
| | क) पारिस्थितिकीय प्रणाली, जैविक विविधता र वन्यजन्तु संरक्षण | | | | | | | | | | | | |
| ४.१ | जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रम | प्याकेज | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | ५ |
| ४.२ | लोपोन्मुख वनस्पति तथा वन्यजन्तु प्रजातिको बासस्थान पहिचान गरी बासस्थान संरक्षण | प्याकेज | १ | ५ | | | १ | ५ | | | १ | ५ | १५ |
| ४.३ | वन कार्ययोजनामा जैविक विविधता संरक्षण सम्बन्धी कार्यक्रम आन्तरिकीकरण | प्याकेज | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | २.५ |
| ४.४ | वन समूहलाई जैविक विविधता संरक्षण सम्बन्धी अभिमूखीकरण | प्याकेज | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | २.५ |



Scanned with CamScanner

| क्र.सं. | कार्यक्रम तथा क्रियाकलाप | इकाइ | आ.व. २०८२/०८३ | | आ.व. २०८३/०८४ | | आ.व. २०८४/०८५ | | आ.व. २०८५/०८६ | | आ.व. २०८६/०८७ | | जम्मा कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | |
| ४.५ | सिमसार क्षेत्रको पहिचान तथा अभिलेखीकरण कार्यक्रम | प्याकेज | १ | २ | | | | | | | | | २ |
| | ख) वन अतिक्रमण नियन्त्रण | | | | | | | | | | | | |
| ४.६ | वन अतिक्रमण क्षेत्रहरूको पहिचान | प्याकेज | १ | २ | | | | | | | | | २ |
| ४.७ | उपभोक्ता समूह, स्थानीय राजनीतिक दलका प्रतिनीधिहरू, स्थानीय प्रशासन र सुरक्षा निकायहरूसंग समन्वय बैठक | पटक | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | २.५ |
| ४.९ | जिल्ला वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन कार्यदलको बैठक | | १ | ०.५ | | | | | | | | | ०.५ |
| ४.८ | अतिक्रमित वन क्षेत्र खाली गर्ने | प्याकेज | १ | ३ | | | | | | | | | ३ |
| ४.१० | अतिक्रमण नियन्त्रण कार्यमा सहभागी व्यक्ति तथा संस्थालाई पुरस्कृत गर्ने | प्याकेज | १ | ०.५ | | | | | | | | | ०.५ |
| ४.११ | वन अतिक्रमण रोकथामको लागि सचेतनामूलक छलफल तथा गोष्ठी | प्याकेज | १ | ०.५ | | | | | | | | | ०.५ |
| | ग) चोरीनिकासी नियन्त्रण | | | | | | | | | | | | |
| ४.१२ | डिभिजन वन कार्यालयबाट नियमित वन गस्ती | प्याकेज | १ | ३ | १ | ३ | १ | ३ | १ | ३ | १ | ३ | १५ |
| ४.१३ | वन पैदावारको चोरी निकासी हुने नाका तथा क्षेत्रहरूको पहिचान तथा नक्साङ्कन | प्याकेज | १ | १ | | | | | | | | | १ |
| ४.१४ | सुरक्षा निकायसंगको समन्वयमा चोरी निकासी नियन्त्रण विशेष अपरेसन सञ्चालन | प्याकेज | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | २.५ |

| क्र. सं. | कार्यक्रम तथा क्रियाकलाप | इकाइ | आ.व. २०८२/०८३ | | आ.व. २०८३/०८४ | | आ.व. २०८४/०८५ | | आ.व. २०८५/०८६ | | आ.व. २०८६/०८७ | | जम्मा कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | |
| ४.१५ | चोरी निकासी नियन्त्रणको लागि अभिमुखीकरण तथा युवा परिचालन | प्याकेज | १ | ०.४ | १ | ०.४ | १ | ०.४ | १ | ०.४ | १ | ०.४ | २ |
| ४.१६ | सुरक्षा निकाय तथा स्थानीय तहसंग चोरी शिकार नियन्त्रण समबन्धी समन्वय तथा छलफल | प्याकेज | १ | ०.३ | १ | ०.३ | १ | ०.३ | १ | ०.३ | १ | ०.३ | १.५ |
| ४.१७ | वन पैदावारको चोरी निकासी नियन्त्रणको लागि समुदाय सचेतना तथा अभिमूखीकरण | प्याकेज | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | २.५ |
| ४.१८ | वन तथा वन्यजन्तु सम्बन्धी मुद्दाको अनुसन्धान तथा दायरी | प्याकेज | १ | १ | | | | | | | | | १ |
| | **घ) वन डढेलो व्यवस्थापन** | | | | | | | | | | | | |
| ४.१९ | वन डढेलो रोकथाम, नियन्त्रण तथा व्यवस्थापन कार्यक्रम | प्याकेज | १ | ३.० | | | | | | | | | ३ |
| ४.२० | वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना तयारी तथा कार्यान्वयन | प्याकेज | १ | ३.० | १ | ३.० | १ | ३.० | १ | ३.० | १ | ३.० | १५ |
| ४.२१ | अग्नी रेखा निर्माण तथा मर्मत | प्याकेज | १ | ५.० | १ | ५.० | १ | ५.० | १ | ५.० | १ | ५.० | २५ |
| ४.२२ | वन डढेलो नियन्त्रण स्वयंसेवक परिचालन | जना | ५ | ५.० | ५ | ५.० | ५ | ५.० | ५ | ५.० | ५ | ५.० | २५ |
| ४.२३ | स्थानीय तहसंग समन्वय गरी वन डढेलो नियन्त्रणमा दमकल परिचालन | प्याकेज | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | २.५ |
| ४.२४ | वन डढेलो नियन्त्रणको लागि सामग्री तथा उपकरण खरिद तथा वितरण | प्याकेज | १ | ३.० | १ | ३.० | १ | ३.० | १ | ३.० | १ | ३.० | १५ |
| ४.२५ | वन डढेलो नियन्त्रणको लागि सचेतना तालिम गोष्ठी | प्याकेज | १ | ०.६ | १ | ०.६ | १ | ०.६ | १ | ०.६ | १ | ०.६ | ३ |



Scanned with CamScanner

| क्र.सं. | कार्यक्रम तथा क्रियाकलाप | इकाइ | आ.व. २०८२/०८३ | | आ.व. २०८३/०८४ | | आ.व. २०८४/०८५ | | आ.व. २०८५/०८६ | | आ.व. २०८६/०८७ | | जम्मा कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | |
| ४.२६ | बन डढेलो नियन्त्रण सम्बन्धी प्रचार प्रसार सामग्री खरिद (पर्चा, पम्प्लेट, हिरप्ले) तयारी तथा वितरण | प्याकेज | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | २.५ |
| ४.२७ | बन डढेलो नियन्त्रण कार्यमा उत्कृष्ट कार्य गर्ने बन समूह, स्थानीय तह, संघ संस्था तथा व्यक्तिलाई पुरस्कृत गर्ने | प्याकेज | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | २.५ |
| | ड) मिचाह प्रजाति तथा रोग किरा नियन्त्रण | | | | | | | | | | | | |
| ४.२८ | बन क्षेत्रमा रहेका मिचाहा प्रजातिको अभिलेखीकरण तथा नक्साइन | | १ | १.० | | | | | | | | | १ |
| ४.२९ | बन क्षेत्रमा रहेका मिचाहा प्रजातिको सफाई तथा नियन्त्रण | | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | २.५ |
| ४.३० | सिमसार क्षेत्र सरसफाई (जलकुम्भी, बेसर्मी, पटेर लगायतका मिचाहा प्रजाति हटाउने) | | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | २.५ |
| ४.३१ | सामुदायिक बन उपभोक्ता समूह तथा स्थानीय तहसंगको समन्वयमा सार्वजनिक स्थल, सडक पेटीमा रहेका मिचाहा प्रजाति उखेल्ने तथा सफा गर्ने | | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | २.५ |
| ४.३२ | विज्ञहरूसंग बन क्षेत्रको अनुगमन (वनजन्य किरा तथा रोगहरूको नियन्त्रण अन्तर्गत) | | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | २.५ |
| | च) डि.व.का. नर्सरीमा बिरुवा उत्पादन तथा संरक्षण | | | | | | | | | | | | |
| ४.३३ | एकवर्षिय तथा बहुवर्षिय बिरुवा उत्पादन तथा संरक्षण | प्याकेज | १ | ८ | १ | ८ | १ | ८ | १ | ८ | १ | ८ | ४० |
| | जम्मा (वन संरक्षण कार्यक्रम) | | | ५५.८ | | ३५.३ | | ४०.३ | | ३५.३ | | ४०.३ | २०६ |



Scanned with CamScanner

| क. सं. | कार्यक्रम तथा क्रियाकलाप | इकाइ | आ.व. २०८२/०८३ | | आ.व. २०८३/०८४ | | आ.व. २०८४/०८५ | | आ.व. २०८५/०८६ | | आ.व. २०८६/०८७ | | जम्मा कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | |
| ५ | कृत्रिम तथा प्राकृतिक पुनरुत्पादन एवं दिगो वन व्यवस्थापन कार्यक्रम | | | | | | | | | | | | |
| ५.१ | डिभिजन वन कार्यालयमा रहेको नर्सरी मर्मत तथा स्तरोन्नति | प्याकेज | १ | ५ | | | १ | ५ | | | १ | ५ | १५ |
| ५.२ | सामुदायिक वनमा नर्सरी निर्माण, मर्मत तथा स्तरोन्नति | प्याकेज | १ | ५ | | | | | १ | ५ | | | १० |
| ५.३ | निजि वन नर्सरीहरूलाई बिरुवा उत्पादन अनुदान सहयोग | प्याकेज | १ | ५ | | | | | | | | | ५ |
| ५.४ | गोडमेल (प्राकृतिक पुनरुत्पादन) | प्याकेज | १ | १ | | | १ | १ | | | १ | १ | ३ |
| ५.५ | झाडी सफाई (प्राकृतिक पुनरुत्पादन) | प्याकेज | १ | २ | | | १ | २ | | | १ | .२ | ६ |
| ५.६ | बुढा, हैसियत बिग्रिएका, बृद्धि रोकिएका रुखहरूको सङ्कलन (हजारमा) (प्राकृतिक पुनरुत्पादन) | प्याकेज | १ | १० | | | | | | | | | १० |
| ५.७ | नदी उकास क्षेत्रको पुनरुत्पादन संरक्षण (प्राकृतिक पुनरुत्पादन) | प्याकेज | १ | १.५ | १ | २ | १ | २ | १ | २ | १ | २ | ९.५ |
| ५.८ | पुनरुत्पादन संरक्षण (तारबार तथा हेरालु) (प्राकृतिक पुनरुत्पादन) | प्याकेज | १ | ३ | १ | ३ | १ | ३ | १ | ३ | १ | ३ | १५ |
| ५.९ | वन संवर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन योजना निर्माण तथा CFUG र कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम | प्याकेज | १ | ५ | | | १ | ५ | | | | | १० |
| | जम्मा (कृत्रिम तथा प्राकृतिक पुनरुत्पादन एवं दिगो वन व्यवस्थापन कार्यक्रम) | | | ३७.५ | | ५ | | १८ | | १० | | १३ | ८३.५ |
| ६ | सार्वजनिक तथा निजी वन प्रवर्द्धन एवं उद्यम विकास सहयोग कार्यक्रम | | | | | | | | | | | | |
| | क) सहरी वन/सार्वजनिक | | | | | | | | | | | | |
| ६.१ | सार्वजनिक जग्गाको तथ्याङ्क सङ्कलन | प्याकेज | १ | ३ | | | | | | | | | ३ |

| क्र. सं. | कार्यक्रम तथा क्रियाकलाप | इकाइ | आ.व. २०८२/०८३ | | आ.व. २०८३/०८४ | | आ.व. २०८४/०८५ | | आ.व. २०८५/०८६ | | आ.व. २०८६/०८७ | | जम्मा कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | |
| ६.२ | खाली तथा पर्ती जग्गामा स्थानीय तहसंगको समन्वयमा फलफूल लगायतका अन्य स्थान सुहाउँदो काष्ठ तथा गैरकाष्ठ प्रजातिहरूको रोपण | प्याकेज | १ | २ | | | | | | | | | २ |
| ६.३ | स्थानीय तहसंगको समन्वयमा सहभागितामूलक सडक किनारा वृक्षारोपण | प्याकेज | १ | ५ | | | | | | | | | ५ |
| ६.४ | स्थानीय तहसंगको समन्वयमा शहरी बनको काँटछाँट व्यवस्थापन | प्याकेज | १ | ३ | | | | | | | | | ३ |
| ६.५ | ट्रान्समिसन लाईन मुनि जडिबुटी तथा गैरकाष्ठ बन पैदावार रोपण तथा संरक्षण | प्याकेज | २ | १ | | | २ | १ | | | २ | १ | ३ |
| ६.६ | स्थानीय तहसंगको समन्वयमा एक नगर एक उद्यान कार्यक्रम मार्फत सहरी क्षेत्रमा नगर उद्यान स्थापनमा सहयोग | प्याकेज | १ | ५ | | | | | | | | | ५ |
| ६.७ | सार्वजनीक तथा शहरी क्षेत्रका जोखीमयूक्त रुख व्यवस्थापन | प्याकेज | १ | ५ | | | | | | | | | ५ |
| ६.८ | जिल्लाका प्रमुख सडक किनारामा वृक्षारोपण तथा संरक्षण | प्याकेज | २ | २ | २ | २ | २ | २ | २ | २ | २ | २ | १० |
| ६.९ | डिभिजन तथा सब डिभिजन परिसरमा गार्डेनिङ | प्याकेज | १ | २ | | | | | | | | | २ |
| ६.१ | सार्वजनिक क्षेत्रमा रहेका वर, पिपल, समी लगायतका विरुवा तथा चौतारा संरक्षण/प्रवर्द्धन | प्याकेज | १ | १ | | | | | | | | | १ |
| | ख) निजी तथा कृषि वन कार्यक्रम | | | | | | | | | | | | |
| ६.११ | निजी बनको दर्ता तथा नवीकरणमा सहजीकरण | प्याकेज | | | | | १ | ०.५ | | | | | ०.५ |
| ६.१२ | निजि तथा कृषि बनका लागि बिरुवामा अनुदान सहयोग | प्याकेज | | | | | १ | ६ | | | | | ६ |
| ६.१३ | निजी तथा कृषि बन सम्बन्धी अभिमुखीकरण तथा सचेतना कार्यक्रम | प्याकेज | | | | | १ | ०.५ | | | | | ०.५ |

| क्र.सं. | कार्यक्रम तथा क्रियाकलाप | इकाइ | आ.व. २०६२/०६३ | | आ.व. २०६३/०६४ | | आ.व. २०६४/०६५ | | आ.व. २०६५/०६६ | | आ.व. २०६६/०६७ | | जम्मा कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | |
| ६.१४ | निज तथा कृषि वनका उपभोक्ताहरूलाई पुरस्कार | प्याकेज | | | | | १ | ०.५ | | | | | ०.५ |
| ६.१५ | स्थानीय तहसंगको साझेदारीमा सार्वजनिक, पर्ती, ऐलानी जग्गामा कृषि वन कार्यक्रम अभियानको रुपमा सञ्चालन | प्याकेज | १ | ३ | | | | | | | | | ३ |
| ६.१६ | विभिन्न प्रजातीका फलफूलका बिरुवा खरिद तथा वितरण | प्याकेज | १ | ५ | | | | | | | | | ५ |
| | जम्मा (सार्वजनिक तथा निजी वन प्रवर्द्धन एवं उद्यम विकास सहयोग कार्यक्रम) | | | ३७ | | २ | | १०.५ | | २ | | ३ | ५४.५ |
| ७ | ऐतिहासिक, धार्मिक, पुरातात्विक तथा पर्यापर्यटकीय दृष्टिकोणले महत्वपूर्ण क्षेत्रको संरक्षण एवं विकास (उद्यम तथा पर्यापर्यटन) | | | | | | | | | | | | |
| ७.१ | ऐतिहासिक, धार्मिक, पुरातात्विक तथा पर्यापर्यटकीय दृष्टिकोणले महत्वपूर्ण क्षेत्रको अभिलेखीकरण | प्याकेज | १ | २ | १ | २ | १ | २ | १ | २ | १ | २ | १० |
| | जम्मा (ऐतिहासिक, धार्मिक, पुरातात्विक तथा पर्यापर्यटकीय दृष्टिकोणले महत्वपूर्ण क्षेत्रको संरक्षण एवं विकास) | | | २ | | २ | | २ | | २ | | २ | १० |
| ८ | भू तथा जलाधार संरक्षण कार्यक्रम | | | | | | | | | | | | |
| ८.१ | जैविक, वातावरणीय एव भू-स्खलनको दृष्टिले संवेदनशील क्षेत्रहरू पहिचान तथा अभिलेखीकरण | प्याकेज | | | | | | | | | १ | ३ | ३ |
| ८.२ | नदी तटीय क्षेत्रमा वृक्षारोपण तथा संरक्षण | प्याकेज | १ | ६ | | | | | | | | | ६ |
| ८.३ | रिचार्ज पोखरी निर्माण | प्याकेज | | | १ | १० | १ | १० | १ | १० | १ | १० | ४० |
| ८.४ | बाँस खरिद तथा रोपण | प्याकेज | १ | ६ | | | | | | | | | ६ |
| | जम्मा (भू तथा जलाधार संरक्षण कार्यक्रम) | | | १२ | | १० | | १० | | १० | | १३ | ५५ |
| ९ | वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | ० |

| क्र.सं. | कार्यक्रम तथा क्रियाकलाप | इकाइ | आ.व. २०८२/०८३ | | आ.व. २०८३/०८४ | | आ.व. २०८४/०८५ | | आ.व. २०८५/०८६ | | आ.व. २०८६/०८७ | | जम्मा कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | |
| | जम्मा (वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम) | | | | | | | | | | | | ० |
| १० | प्रचार प्रसार कार्यक्रम | | | | | | | | | | | | |
| १०.१ | वन डढेलो, वन तथा वातावरण संरक्षण, जलवायु परिवर्तन, दिगो वन व्यवस्थापन सम्बन्धी प्रचार सामग्री तयारी तथा वितरण | प्याकेज | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | २.५ |
| १०.२ | वन संरक्षण तथा व्यवस्थापन सम्बन्धी स्थानीय एफ.एम.हरूबाट सूचना प्रवाह | प्याकेज | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | २.५ |
| १०.३ | वन विकास तथा व्यवस्थापन सम्बन्धी स्थानीय तह राजनितिक दल, नागरिक समाज, पत्रकार र स्थानीय समुदायबिच छलफल तथा अन्तरक्रिया | पटक | १ | ०.४ | १ | ०.४ | १ | ०.४ | १ | ०.४ | १ | ०.४ | २ |
| १०.४ | होडिङ्ग बोर्ड निर्माण गरी रणनितिक स्थानहरूमा राख्ने | प्याकेज | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | २.५ |
| १०.५ | विद्यालयहरूमा प्लाष्टिक व्यवस्थापन सम्बन्धी सचेतना कार्यक्रम, संरक्षण तथा वातावरणीय शिक्षा सम्बन्धी अभिमुखिकरण | प्याकेज | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | ५ |
| १०.६ | वन महोत्सव, समारोह तथा दिवसहरूको आयोजना | प्याकेज | १ | १.५ | १ | १.५ | १ | १.५ | १ | १.५ | १ | १.५ | ७.५ |
| १०.७ | कार्यालयको वेवसाईट अद्यावधिक | प्याकेज | १ | १ | | | | | | | | | १ |
| | जम्मा (प्रचार प्रसार कार्यक्रम) | | | ५.४ | | ४.४ | | ४.४ | | ४.४ | | ४.४ | २३ |
| ११ | विशेष आयमूलक कार्यक्रम | | | | | | | | | | | | |
| ११.१ | सामुदायिक वनमा पातपतिंगरबाट प्राङ्गारिक मल उत्पादन | गोटा | ४ | ४० | | | | | | | | | ४० |

| क्र.सं. | कार्यक्रम तथा क्रियाकलाप | इकाइ | आ.व. २०८२/०८३ | | आ.व. २०८३/०८४ | | आ.व. २०८४/०८५ | | आ.व. २०८५/०८६ | | आ.व. २०८६/०८७ | | जम्मा कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | |
| ११.२ | जिल्लामा व्यवसायिक सम्भाव्यता भएका जडिबुटीहरूको पहिचान तथा प्रवर्द्धन | घटक | | | | | | | १ | ३ | | | ३ |
| ११.३ | हस्तकला/काष्ठकला उद्यम प्रवर्द्धनमा सहयोग | प्याकेज | १ | ५ | | | | | १ | ५ | | | १० |
| | जम्मा (विशेष आयमुलक कार्यक्रम) | | | ४५ | | ० | | ० | | ८ | | ० | ५३ |
| १२ | जलवायु परिवर्तन व्यवस्थापन सहयोगी कार्यक्रमहरू (वातावरण संरक्षण कार्यक्रम) | | | | | | | | | | | | |
| १२.१ | जलवायु परिवर्तन सम्बन्धी सचेतना गोष्ठी | गोटा | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | २.५ |
| १२.२ | पानीका मुहान संरक्षण | गोटा | ४ | २ | ४ | २ | ४ | २ | ४ | २ | ४ | २ | १० |
| १२.३ | जलवायु परिवर्तन तथा रेड प्लस अभिमुखीकरण तालिम | घटक | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | २.५ |
| | जम्मा (जलवायु परिवर्तन व्यवस्थापन सहयोगी कार्यक्रमहरू) | | | ३ | | ३ | | ३ | | ३ | | ३ | १५ |
| १३ | भौतिक पूर्वाधार निर्माण कार्यक्रम | | | | | | | | | | | | |
| १३.१ | कार्यालय भवन मर्मत संभार | प्याकेज | | | १ | ५ | | | | | | | ५ |
| १३.२ | कम्पाउण्ड वाल निर्माण तथा मर्मत | प्याकेज | | | १ | २० | | | | | | | २० |
| | जम्मा (भौतिक पूर्वाधार निर्माण कार्यक्रम) | | | | | २५ | | ० | | ० | | ० | २५ |
| १४ | कार्ययोजना कार्यान्वयन गर्न आवश्यक प्राविधिक सहायता/उपकरण/औजारहरूको व्यवस्था | | | | | | | | | | | | |
| १४.१ | मोटरसाईकल खरिद | | | | | | १ | ४ | | | | | ४ |
| १४.२ | कार्यालय व्यवस्थापनसंग सम्बन्धीत सामग्रीहरू खरिद | प्याकेज | १ | ५ | | | | | | | | | ५ |
| १४.३ | वन सर्वेक्षण उपकरण खरिद | प्याकेज | १ | ५ | | | | | | | | | ५ |



Scanned with CamScanner

| क्र. सं. | कार्यक्रम तथा क्रियाकलाप | इकाइ | आ.व. २०८२/०८३ | | आ.व. २०८३/०८४ | | आ.व. २०८४/०८५ | | आ.व. २०८५/०८६ | | आ.व. २०८६/०८७ | | जम्मा कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | |
| १४.४ | बैठक भत्ता/अन्य भत्ता | पटक | ४ | ०.८ | ४ | ०.८ | ४ | ०.८ | ४ | ०.८ | ४ | ०.८ | ४ |
| | जम्मा (कार्ययोजना कार्यान्वयन गर्न आवश्यक प्राविधिक सहायता/उपकरण/औजारहरूको व्यवस्था) | | | १०.८ | | ०.८ | | ५ | | ०.८ | | ०.८ | १८ |
| १५ | जनशक्ति व्यवस्थापन तथा कार्यक्षमता अभिवृद्धिका लागि आवश्यक पर्ने कार्यक्रम | | | | | | | | | | | | |
| १५.१ | कर्मचारीहरूको लागि क्षमता अभिवृद्धि तालिम | पटक | १ | १ | | | | | | | | | १ |
| १५.२ | जि.पि.एस./जि.आई.एस तालिम | प्याकेज | | | १ | २ | | | | | | | २ |
| १५.३ | अध्ययन अवलोकन | प्याकेज | १ | २ | | | | | | | | | २ |
| | **जम्मा (जनशक्ति व्यवस्थापन तथा कार्यक्षमता अभिवृद्धिका लागि आवश्यक पर्ने कार्यक्रम)** | | | ३ | | २ | | ० | | ० | | ० | ५ |
| १६ | मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण सहयोग कार्यक्रम | | | | | | | | | | | | |
| १६.१ | मानव-वन्यजन्तु द्वन्द्वको अवस्था तथा समाधानका उपायहरू सम्बन्धी अध्ययन अनुसन्धान | प्याकेज | १ | १ | | | | | | | | | १ |
| १६.२ | समस्याग्रस्त वन्यजन्तुको उद्धार तथा पुनर्स्थापना | प्याकेज | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | ५ |
| १६.३ | वन्यजन्तु संरक्षण सम्बन्धी अध्ययन, अनुसन्धान तथा प्रचार-प्रसार | प्याकेज | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | १ | ०.५ | २.५ |
| १६.४ | वन्यजन्तु उद्धार सम्बन्धी आवश्यक उपकरण/केज खरिद | प्याकेज | १ | ३ | | | | | १ | ३ | | | |
| १६.५ | वन्यजन्तु उद्धार सम्बन्धी तालिम | प्याकेज | १ | १ | | | | | १ | १ | | | २ |
| १६.६ | मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि उपयुक्त प्रजाती रोपण | प्याकेज | १ | २ | | | | | | | | | २ |

| क्र.सं. | कार्यक्रम तथा क्रियाकलाप | इकाइ | आ.व. २०८२/०८३ | | आ.व. २०८३/०८४ | | आ.व. २०८४/०८५ | | आ.व. २०८५/०८६ | | आ.व. २०८६/०८७ | | जम्मा कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | |
| | जम्मा (मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण सहयोग कार्यक्रम) | | | ९ | | २ | | २ | | ६ | | २ | १८.५ |
| १७ | वन्यजन्तु व्यवसाय (पालन) सम्बन्धी कार्यक्रम | | | | | | | | | | | | |
| १७.१ | वन्यजन्तुमा आधारित उद्यम प्रवर्द्धनमा सहयोग | पटक | | | | | | | १ | २ | | | २ |
| | जम्मा (वन्यजन्तु व्यवसाय (पालन) सम्बन्धी कार्यक्रम) | | | ० | | ० | | ० | | २ | | ० | २ |
| १८ | लैङ्गिक तथा सामाजिक समावेशीकरण प्रवर्द्धन | | | | | | | | | | | | |
| १८.१ | वनमा आश्रित महिला तथा लक्षित समुदायको पहिचान तथा अभिलेखीकरण | पटक | १ | ०.५ | | | १ | ०.५ | | | १ | ०.५ | १.५ |
| १८.२ | लैङ्गिक तथा समावेशीकरण सम्बन्धी व्यवस्थाहरूको बारेमा लक्षित वर्ग तथा कर्मचारीहरूलाई अभिमुखीकरण | पटक | १ | ०.५ | | | १ | ०.५ | | | १ | ०.५ | १.५ |
| १८.३ | सामुदायिक, कबुलियती वनमा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी सचेतना गोष्ठी | पटक | १ | ०.५ | | | १ | ०.५ | | | १ | ०.५ | १.५ |
| १८.४ | कार्यस्थलमा महिला हिंसा सम्बन्धमा अभिमुखिकरण | पटक | १ | ०.५ | | | १ | ०.५ | | | १ | ०.५ | १.५ |
| | जम्मा (लैङ्गिक तथा सामाजिक समावेशीकरण प्रवर्द्धन) | | | २ | | ० | | २ | | ० | | २ | ६ |
| १९ | जम्मा कार्यक्रमको खर्च | | | २६०.७५ | | १२३.८ | | १३२.२ | | ११९.८ | | १२५.७ | ७६२.२५ |
| २० | प्रशासनिक खर्च | | | २१५ | | २२५.७५ | | २३२.५२२५ | | २३९.४९८२ | | २४६.६८३१ | ११५९.४५४ |
| २१ | जम्मा प्रक्षेपित बजेट | | | ४७५.७५ | | ३४९.५५ | | ३६४.७२२५ | | ३५९.२९८२ | | ३७२.३८३१ | १९२१.७०४ |

## ५. वन व्यवस्थापनका रणनीतिहरू

भक्तपुर जिल्लाको वन क्षेत्र रणनीतिक योजनाले परिकल्पना गरेको दुरदृष्टि र उद्देश्यहरु प्रासिको लागि वन व्यवस्थापन अत्यन्तै महत्वपूर्ण कार्य रहको छ। जस अन्तर्गत वन संरक्षण, संवर्द्धन र सदुपयोग पर्ने भएकोले सोही अनुसार रणनीतिलाई देहाय बमोजिम उल्लेख गरिएको छ।

### ५.१ वन संरक्षण रणनीतिहरू

भक्तपुर जिल्लामा वन विनास तथा वन क्षयीकरणका प्रमुख कारकतत्वका रुपमा वन डढेलो रहेको छ। अतिक्रमण, वन पैदावार चोरी निकासी तथा बाह्य मिचाहा प्रजातिको असर तथा जोखिम वन संरक्षणमा रहेको हुँदा यी कारकहरुको नियन्त्रण सम्वन्धमा अपनाउनु पर्ने रणनीतिहरू निम्नानुसार तय गरिएका छन्:

#### क. अतिक्रमण नियन्त्रण

वनको समुचित संरक्षण र व्यवस्थापन गर्दागर्दै पनि जनसंख्याको चापले वन पैदावारको माग, कृषि भूमीको लागि वन फँडानी, अवैध चोरी कटानीका कारण वनक्षेत्रमा क्षयीकरण भईरहेको छ। यसको अलावा बसाइंसराइ, भूमिहीन, दैविप्रकोप पिडित र स्कूल, कलेज, अस्पताल, जलविद्युत, सिँचाइ, सडक जस्ता विकासका भौतिक पूर्वाधार निर्माणका लागि समेत वनक्षेत्र नै प्रयोग भैरहेकोछ। साथै वन जंगलको छेउछाउमा वस्ती वस्नु र क्रमिक रुपमा अतिक्रमण गरिदै जानु, भूमि सम्बन्धी समस्या समाधान आयोग (राष्ट्रिय भूमि आयोग मार्फत) जमिन दर्ताको लोभले अतिक्रमण गर्नु, विभिन्न किसिमका भौतिक पूर्वाधार तथा धार्मिक स्थलहरूको निर्माण गर्नु आदि अतिक्रमणका प्रमुख कारणहरू हुन्।

अतिक्रमण नियन्त्रण गर्न विभिन्न नीतिगत, कानुनी र कार्यक्रमगत व्यवस्था भने भएको छ। वन ऐन २०७६, वन अतिक्रमण नियन्त्रण रणनीति २०६८, लगायतका दस्तावेजमा वन अतिक्रमण गर्न नपाइने र गरेमा दण्ड जरिवाना हुने व्यवस्था छ। भक्तपुर जिल्लामा अतिक्रमणको खासै समस्या देखिएको छैन, वन सिमाना लगाउने, नियमित गस्ती गर्ने जस्ता क्रियाकलापहरुले अतिक्रमणको समस्या देखिएको छैन। तर पनि भविष्यमा हुन् सक्ने अतिक्रमण लाई मध्यनजर राख्दै अतिक्रमण नियन्त्रणको लागि निम्न रणनीति अपनाईनेछः

रणनीति

१. अतिक्रमण सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

२. डिभिजन वन कार्यलयबाट वन क्षेत्रको नियमित अनुगमन, सामुदायिक वन समूहहरुलाई परिचालन गरिने छ र आवश्यक परेमा जिल्ला स्तरमा अतिक्रमण नियन्त्रण संयन्त्रहरू गठन र प्रभावकारी रुपमा परिचालन गरिनेछ।

३. राष्ट्रिय वन क्षेत्रको अतिक्रमण हुन नदिन वन सीमांकन गरिने छ। वनक्षेत्र यकिन गर्न एरियल फोटोग्राफ, सेटलाईट इमेज तथा डिटिजल डाटाको समेत प्रयोग गरिनेछ।

### ख. वन डढेलो व्यवस्थापन

भक्तपुर जिल्लामा वन संरक्षणको प्रमुख समस्याको रुपमा वन डढेलो रहेको छ। यो मुख्यत मानवीय र कहिलेकाहीं प्राकृतिक (चटयांग, रुखको घर्षण, ढुंगाको घर्षण आदि) कारणहरूले लाग्ने गर्दछ। वन डढेलो ९६% मानवीय कारणले, ३% अन्य र १% मात्र प्राकृतिक कारणले लाग्ने गरेको पाइएको छ।

यसले गर्दा वन विनाश, जनधनको क्षति एवं वातावरणीय समस्या बढिरहेको छ। मानवीय कारणहरूमा दाउरा सङ्कलन गर्नका लागि, जग्गा अतिक्रमण गर्न, मल तथा खरानी बनाउन, किरा भगाउन, सडकको नाली सफा गर्न, दसी प्रमाण लुकाउन, वनको छेउछाउमा भएको खेतवारीमा झारपात सफा गर्न र वन आसपासमा रहेका घरगोठलाई आगोवाट सुरक्षित गर्न समेत डढेलो लगाउने गरेको पाइन्छ। भक्तपुर जिल्लामा मङ्सिर देखि वैशाखसम्म वन डढेलो लाग्ने गरेतापनि साधारणतया चैत्र देखि वैशाखसम्म डढेलोको घटना बढी हुने गर्दछ। तथापी, जिल्लामा वन हालसम्म वन डढेलोको तथ्यांक रहेको छैन।

वन डढेलो रोकथाम तथा नियन्त्रण गर्न प्रचलित वन ऐन एवं राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐनमा अनियन्त्रित डढेलोका क्रियाकलापहरू गर्न वन्देज लगाई कानूनी अपराधको रुपमा लिई कैद सजाय र दण्ड जरिवाना समेतको प्रावधानहरू रहेका छन्। त्यसैगरी वन डढेलो व्यवस्थापन रणनीति २०६७ समेत कार्यान्वयनमा रहेको छ। अझैपनि शिक्षा र जनचेतनाको कमी, प्रचार प्रसारको कमी, डढेलो नियन्त्रण गर्ने सीप तथा उपकरणको कमी, सरोकारवालाहरूको समन्वय र जिम्मेवारी बाँडफाँडमा कमी जस्ता चुनौतीहरू विधमान छन्। वन क्षेत्रको दिगो व्यवस्थापन गर्न टेवा पुग्ने गरी निम्न बमोजिमका डढेलो व्यवस्थापन रणनीतिहरू तय गरिएको छ।

सूर्यविनायक र चाँगुनारायण क्षेत्रका सल्लाका वनहरूमा देखिने वन डढेलोको समस्या नियन्त्रण गर्न वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गरिनेछ। चैत्रदेखि जेठसम्मको डढेलो लाग्ने अवधिमा एफ.एम., रेडियो, पत्रपत्रिका र पोष्टर मार्फत जनचेतना जगाइनेछ। वन कर्मचारी, स्थानीय निकायका प्रतिनिधि, र सामुदायिक वनका प्रतिनिधिलाई तालिम प्रदान गरिनेछ। सुख्खा मौसम अगावै सुख्खा स्याउला, सोत्तर लगायतका डढेलो संवेदनशील पदार्थहरू संकलन गरी नियन्त्रित आगो लगाई व्यवस्थापन गरिनेछ। अग्निरेखा निर्माण र मर्मत, अग्नि रोधक सामग्री खरिद, वन डढेलो रोकथाम र नियन्त्रणका लागि स्थानीय समुदाय, नागरिक समाज, र विभिन्न संघसंस्थाहरूसँग समन्वय र सहकार्य गरिनेछ। समुदायमा आधारित डढेलो व्यवस्थापन स्वयंसेवी उपसमूहहरू गठन गरिनेछ, र योगदान पुर्याउनेलाई पुरस्कृत गरिनेछ।



Scanned with CamScanner

१. डढेलो निरोधात्मक रणनीति

क. सामुदायिक वन, सरकारद्वारा व्यवस्थित वन, लगायत सबै वन व्यवस्थापन पद्धतिहरूका वन संवर्द्धन कार्यमा डढेलो व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ।

ख. समुदायमा आधारित वन व्यवस्थापन समूहहरूमा डढेलो व्यवस्थापन स्वयंसेवी उपसमूह गठन गरिनेछ।

ग. वन डढेलोको नियन्त्रण तथा रोकथामका लागि योगदान पु-याउने व्यक्ति वा संस्थालाई पुरस्कृत गरिनेछ।

घ. जनचेतनामूलक प्रचारप्रसार सामग्री तयार गरी वितरण गर्ने व्यवस्था मिलाउँदै लगिनेछ।

ङ. सरोकारवालाहरूको विभिन्न तालिम, गोष्ठी तथा अन्तरक्रिया जस्ता माध्यमवाट डढेलो व्यवस्थापन गर्ने क्षमता अभिवृद्धि गर्दै वैज्ञानिक एवं स्थानीय सीपमा आधारित डढेलो व्यवस्थापन प्रविधिको विकास गर्न प्राथमिकता दिइनेछ।

च. डढेलोबाट वन, जैविक विविधता, कार्वन उत्सर्जन, भू-दृश्य सौन्दर्य, सामाजिक आर्थिक पक्ष आदिमा पर्न जाने प्रभावका बारेमा अनुसन्धानमा समन्वय र सहजीकरण गरिनेछ।

छ. डढेलो व्यवस्थापनका लागि नयाँ प्रविधिको विकास गर्ने वातावरणलाई प्रोत्साहित गरिनेछ।

ज. जिल्ला स्तरमा अन्तर निकायस्तरमा डढेलो व्यवस्थापनका लागि आपसी समन्वय अभिवृद्धि गर्दै लगिनेछ।

झ. जीविकोपार्जन र डढेलो बीचको अन्तरसम्वन्धलाई आत्मसात गरी परम्परागत स्थानीय डढेलो व्यवस्थापन प्रविधिको उचित उपयोग गरी डढेलोको हानिकारक प्रभाव न्यूनीकरण गर्ने र सकारात्मक प्रभाव वृद्धि गर्ने व्यवस्था मिलाइनेछ।

ञ. सुख्खा मौसम लाग्नु अगावै पतल्याउने, हाँगा कटानी, एकल्याउने, झाडी सफाई, वनजंगलको सतहमा भएका सुकेका झार, पात पतिंगर हटाउने लगायतका वन संवर्द्धनका कार्यहरू गरी प्रज्वलनशील पदार्थको मात्रा कम गर्ने, वनक्षेत्रभित्र रहेका रोगी, बूढा, मरेका, ढलापडा र कुहिएका रुख-काठहरू सङ्कलन तथा प्रज्वलनशील वस्तुको समयमा व्यवस्थापन गरिनेछ।

ट. वन डढेलो लागेको तुरुन्त थाहा पाउन सामुदायिक तथा उपभोक्ता समूहहरूमा संचार व्यवस्था सुदृढ वनाइनेछ।

ठ. पात पतिङ्गार तथा Unwanted Undergrowth को उचित व्यवस्थापनका लागि एक सामदुायिक वनमा कम्पोस्ट मल उत्पादन प्लान्ट स्थापन, वैकल्पिक उर्जाको रुपमा बायो व्रिकेट एवं बायो चार निर्माणमा जोड दिने ।

२. डढेलो नियन्त्रण रणनीति

क. जिल्लाको वन व्यवस्थापन आवधिक योजना, सहभागितामूलक वन कार्ययोजना लगायत वन क्षेत्रका सबै व्यवस्थापन योजनाहरूमा डढेलो व्यवस्थापन सम्वन्धी प्रावधान समावेश गरिनेछ।

ख. डढेलो व्यवस्थापन चक्रको प्रत्येक चरणमा, स्थानीय, प्रदेश र संघीय स्तरसम्म प्रभावकारी समन्वय कायम गरी डढेलो नियन्त्रणको कार्यमा अगाडी बढाइनेछ।



Scanned with CamScanner

ग. वर्षमा एक पटक डढेलो नियन्त्रण एवं व्यवस्थापन सप्ताह मनाइनेछ।

घ. डढेलो प्रभावित क्षेत्रमा जनसहभागिता परिचालन गरी प्राकृतिक पुनरुत्पादन प्रवर्दन तथा वृक्षारोपण गरी सोको संरक्षण गरिएको छ।

ङ. वन डढेलो नियन्त्रणका लागि पानी, पानी बोक्ने ट्यांकर, दमकल, वाटर ब्याग, हँसिया, बञ्चरो, कोदालो, दाँते, साबेल, गैंची, आगो निभाउने स्वाटर लगायतका औजारहरू तथा व्यक्तिगत सुरक्षा सामग्रीहरूको व्यवस्था गरिनेछ।

## ग. चोरी शिकार तथा गैर कानुनी व्यापार नियन्त्रण

भक्तपुर जिल्लामा सामुदायिक वन विकास कार्यक्रमको विस्तारसँगै वन पैदावारको चोरी निकासी समस्या न्यून भएको छ। यसलाई भविष्यमा शून्यमा झार्न सामुदायिक वन उपभोक्ता समूह तथा अन्य सरोकारवालाहरुको सक्रियतालाई अझ सक्षम वनाई जनसहभागितामा चोरी निकासी नियन्त्रण गरिनेछ। यसका लागि डिभिजन वन कार्यालय तथा सब-डिभिजनहरूबाट राष्ट्रिय वन क्षेत्रमा नियमित गस्ती गरिनेछ, चोरी निकासी नियन्त्रणका लागि आवश्यक साधन स्रोतको व्यवस्था गरिनेछ। सुरक्षा निकायहरू र स्थानीय तहसँग नियमित समन्वय र सहकार्यका लागि छलफल गरिनेछ। संवेदनशील वनक्षेत्रमा स्थानीय संघसंस्था, उपभोक्ता समूह, स्थानीय निकाय र राजनैतिक दलको समन्वयमा जनस्तरमा चेतना तथा सन्देशमूलक कार्यक्रम गरिनेछ।

यद्यपी वहुमूल्य जडीवुटीहरु र वन्यजन्तुको चोरी शिकारी र गैर कानूनी व्यापार देखिने रुपमा नभए पनि केही मात्रमा हुन सक्दछ। जिल्लाका प्रमुख नाकाहरुमा स्थानीय तह, प्रहरी प्रशासन लगायत अन्य सरोकारवालाहरुसंग समन्वयमा चोरी शिकार र अवैध व्यापार नियन्त्रणको लागि सहकार्य गरिने छ। चोरी शिकार तथा गैर कानुनी व्यापार नियन्त्रणमा निम्न रणनीतिहरु तय गरिएको छः

रणनीति

क. चोरी शिकार हुन सक्ने संभावित वनक्षेत्र र नाकाहरूको पहिचान गरी त्यसको अभिलेख राखिनेछ।

ख. स्थानीय सरोकारवालाहरू समेतको सहयोगमा नियमित गस्ती र अनुगमन गरिनेछ।

ग. स्थानीय स्तरमा वन पैदावारको चोरी निकासी तथा चोरी शिकार नियन्त्रण सम्वन्धी चेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

घ. स्थानीय संघसंस्था, उपभोक्ता समूह, स्थानीय निकाय, राजनैतिक दल समेतको समन्वयबाट सूचना सङ्कलन, प्रचार-प्रसार र अनुगमनलाई प्रभावकारी बनाइनेछ।

ङ. समुदायमा आधारित वन व्यवस्थापन समूह तथा उपभोक्तालाई आफूले व्यवस्थापन गर्न प्राप्त गरेको वन क्षेत्रबाट हुने चोरी शिकार तथा गैर कानुनी व्यापार नियन्त्रण गर्न जिम्मेवार बनाईनेछ।

च. चोरी शिकार तथा गैर कानुनी व्यापार नियन्त्रणसंग सम्वन्धित सरोकारवाला बीच नियमित समन्वय वैठक, सञ्जाल निर्माण तथा कार्यगत एकता गरिनेछ।

छ. स्थानीय समुदायको काठ, दाउरा तथा कृषि औजार लगायत दैनिक आवश्यकताका वन पैदावारको आपूर्तिलाई सुलभ, सरल र सहज वनाइनेछ।



Scanned with CamScanner

ज. जिल्ला भित्र वन पैदावारमा आधारित साना तथा मझौला उद्योग/उद्यम स्थापना र सञ्चालन, पर्यापर्यटन तथा स्थानीय स्तरमा रोजगारी सृजना गर्ने अन्य संभाव्य कृयाकलापलाई प्रवर्द्धन गरी स्थानीय समुदायको आय वृद्धिमा टेवा पुर्‍याइनेछ।

**घ. चरिचरन व्यवस्थापन रणनीति**

जिल्लाको स्थलगत अवलोकन गर्दा खुला चरन क्षेत्र नदेखियता पनि स्थानीय बासिन्दाहरुले पराम्परागत रुपमा पशुपालनबाट आफ्नो जीविकोपार्जन गर्दै आई रहेका छन्। अव्यवस्थित चरिचरनका नकारात्मक असरहरूमा वनको पुनरोत्पादनमा क्षति, वन विनाश तथा वन क्षयीकरण, जैविक विविधतामा ह्रास, स्थानीय प्रजातिको लोप तथा बाह्य मिचाहा एवं पशुले नरुचाउने तथा चाहना नभएका प्रजातिको विस्तार हुनु, भू-क्षयमा वृद्धि आदि पर्दछन्। यसको व्यवस्थापन गर्न निम्नानुसारका रणनीतिहरु अवलम्वन गरिने छन् :

- जिल्लाका वन व्यवस्थापन योजनामा चरन व्यवस्थापन योजना समेत समावेश गरी एकीकृत व्यवस्थापन प्रणाली कार्यान्वियन गर्ने ।
- खुला चारिचरण नियन्त्रणको लागि बँधुवा पशुपालन प्रणालीको व्यवस्था गर्ने ।
- बँधुवा पशुपालनमा व्यवसाय गर्ने किसानको लागि उन्नत घाँसका बीउ/ बिरुवा उपलब्ध गराउने,
- चरन क्षेत्रको उत्पादकत्व वृद्धि गर्न चरन क्षेत्रमा कोशेबाली प्रजातिको विस्तार गर्ने ।
- चरन क्षेत्रमा रहेका मिचाहा प्रजाति नियन्त्रण गर्न कार्य योजना बनाई कार्यान्वियन गर्ने

**ङ. मिचाहा प्रजाति तथा रोग कीरा नियन्त्रण**

जलवायु तथा भौगोलिक विविधताका कारण नेपाल विभिन्न किसिमका वनस्पति र वन्यजन्तुको बासस्थानको लागि उपयुक्त छ। बाह्य मिचाहा प्रजातिहरू देशका वन, कृषि, चरन क्षेत्र एवं सिमसार क्षेत्रमा फैलिएर रहेका छन्। प्रायः यी प्रजातिहरू सजिलैसंग प्रसारण हुने, छिटो बढ्ने, छिटो वयस्क हुने एवं रोग कीरा प्रतिरोधी हुने विशेषता भएका देखिन्छन्। यिनीहरूले पुनरुत्पादन, जैविक विविधता, परिस्थितिकीय प्रणाली एवं खेतबारीको कृषि उत्पादनमा नराम्रो असर पर्दछन। वन विनाशका विभिन्न कारकतत्वहरू मध्ये बाह्य मिचाहा प्रजातिको विस्तार पनि एक हो। वन क्षेत्रमा रुखहरू हटाई छत्र खुला गरिनु तथा disturbance गरिनु नै यी प्रजातिको विस्तारका प्रमुख कारण मनिन्छन्।

भक्तपुर जिल्लाका वन प्रजातिहरूमा देखिएका केही रोग र किराहरूले ठूलो प्रकोप ननिम्त्याए पनि भविष्यमा हुन सक्ने क्षति रोक्न यस विषयमा विशेष ध्यान दिइनेछ। उत्तिस, लालीगुँरास र तेजपातमा देखिएका समस्याहरूको रोकथाम तथा निराकरणका लागि वनस्पति विभाग तथा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको सहयोग लिइनेछ। सामुदायिक तथा निजी वन क्षेत्रमा कुनै रोग वा किरा देखा परेमा तुरुन्त डिभिजन वन कार्यालयमा सम्पर्क राख्न र सूचना प्रवाह गरी जनचेतना अभिवृद्धि गर्न प्रोत्साहन गरिनेछ।

भक्तपुर जिल्लामा मुख्यतय सेतो वनमारा *(Chromolaena odorata)*, कालो वनमारा *(Ageratina adonophora)*, वनफांडा *(Lantana camara)*, लहरे वनमारा *(Mikania micrantha)*, निलो गन्धे *(Ageratum houstonianum)*, वेसरम *(Ipomea carrnea)* आदि प्रमुख मिचाहा प्रजाति हुन्।

त्यस्तैगरी वनजन्य वनस्पतिहरूमा रोग कीराको प्रकोप व्यवस्थापनमा त्यति ध्यान दिन सकिएको छैन। रुख प्रजातिहरूमा पनि रोग र कीराले हानि नोक्सानी पुऱ्याउने गरेका छन्। वन नर्सरीहरूमा रोग कीरा नियन्त्रण गर्न सम्भव भए पनि वनको क्षेत्र ठूलो हुने र रासायनिक औषधिको प्रयोग पनि महँगो मात्र नभई वातावरणीय दृष्टिले पनि नकारात्मक प्रभाव हुने हुँदा उपयुक्त नहुन सक्छ। यसका लागि उपचारात्मक भन्दा प्रतिकारात्मक उपायमा जोड दिनुका साथै यस सम्वन्धमा राम्रो अध्ययन अनुसन्धान पनि हुन् सकेको छैन।

रणनीतिः

बाह्य मिचाहा प्रजाति तथा रोग कीरा नियन्त्रणको लागि निम्न रणनीति अपनाइने छः

क. स्थानीयलाई मिचाहा प्रजातिको नकारात्मक असरको बारेमा जनचेतना अभिवृद्धि गराइनेछ।

ख. रुख कटान गरेको क्षेत्र वा बाँझो खाली जग्गामा गुणस्तरयुक्त र सम्भव भएसम्म स्थानीय प्रजातिको र त्यसमा पनि रोग कीरा प्रतिरोधात्मक प्रजातिको वृक्षरोपण गरी संरक्षण, संवर्द्धन कार्यहरू गरी वनको छत्र घनत्व बढाउने, वृक्षारोपन गर्दा सकभर मिस्रित प्रजातिको विरुवा रोपण गरिनेछ।

ग. मिचाहा प्रजातिको झाडी/विरुवा उखेलेर हटाउने, जोत्ने, गोड्ने र यसरी प्राप्त पैदावार बायोब्रिकेट तथा अन्य जैविक ऊर्जाका लागि प्रयोग गर्न प्रोतसाहन गरिनेछ।

घ. जैविक र रसायनिक नियन्त्रणका उपायहरू अवलम्वन गरिनेछ।

ङ. रोग कीरा लागेका रुख विरुवा वन क्षेत्रवाट यथासम्भव हटाइनेछ।

च. रोग कीरा नियन्त्रण सम्वन्धमा थप अध्ययन अनुसन्धान गरिनेछ।

छ. वृक्षारोपण क्षेत्र भित्र दालवाली र तेलवाली तथा जडीबुटी प्रजातिहरूको खेती गरिनेछ।

## ५.२ वन व्यवस्थापन र विकास रणनीतिहरु

### क. वन संवर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन

वनको व्यवस्थापन गर्दा उपयुक्त वन संवर्द्धन प्रणालीको आधारमा गरिनेछ। कुन संवर्द्धन प्रणाली अनुसार वन व्यवस्थापन गर्न उपयुक्त हुन्छ भन्ने विषय वन व्यवस्थापनको उद्देश्य, वनको प्रकार र अवस्था, वनको भिरालोपना र स्थानीय समुदायको वन पैदावारको आवश्यकताले निर्धारण गर्दछ। नदी किनाराबाट ३० मिटरसम्मको क्षेत्रबाट ढलेको, सुकेको बाहेकका रुख सङ्कलन गरिने छैन। खासगरी भौगोलिक अवस्थिति अनुसार वन संवर्द्धन प्रणाली (Silviculture System) अपनाउंदा निम्न रणनीति अवलम्वन गरिने छः

रणनीति

१. भिरालोपाना ८.५ डिग्रीभन्दा कम भएका वनहरू उत्पादकत्व वृद्धि गर्ने उद्देश्य राखी उपयुक्त वन संवर्द्धन प्रणालीको आधारमा कार्ययोजना बनाई सोही अनुसार कार्यान्यन गरिनेछ।



Scanned with CamScanner

२. भिरालोपना ८.५ देखि १९ डिग्रीसम्म भएका वनहरूको सम्भाव्य भू-क्षयलाई न्यूनीकरण गर्ने गरी उत्पादकत्व वृद्धिको उद्देश्य राखी उपयुक्त संवर्द्धन प्रणालीको आधारमा कार्ययोजना वनाई सोही अनुसार कार्यान्यिन गरिने छ।

३. भिरालोपना १९ देखि ३१ डिग्रीसम्म भएका वनहरूको संरक्षणलाई प्राथमिकता दिन उपयुक्त वन संवर्द्धन प्रणालीको आधारमा कार्ययोजना वनाई सोही अनुसार कार्यान्यिन गरिनेछ।

४. भिरालोपना ३१ डिग्रीभन्दा बढी भएको वनलाई संरक्षण गरिने छ। सम्भव भएसम्म ढलेका र सुकेका, रुख निकाल्न सकिने छ। यस्ता वनबाट घाँस, डालेघाँस र व्यवस्थित तरिकाले गैरकाष्ठ वन पैदावार सङ्कलन गर्न सकिने छ।

५. वन व्यवस्थापनमा संलग्न निकायहरुको सिप, दक्षता र क्षमता अभिवृद्धि गर्ने ।

**ख. गैरकाष्ठ वन पैदावार व्यवस्थापन**

भौगोलिक बनावट तथा हावापानीको विविधताको कारण यो जिल्ला गैरकाष्ठ वन पैदावार उपलब्ध रहेको छ।खासगरी सामुदायिक वन, सरकारद्वारा व्यवस्थित वन तथा निजी जग्गामा गैरकाष्ठ वन पैदावारहरू पाइने भएता पनि यस जिल्लामा खासै व्यवस्थापन तथा उपयोग गरिएको छैन।यिनको व्यवस्थापनको लागि निम्न बमोजिमका रणनीतिहरु अवलम्वन गरिने छः

**रणनीतिहरू**

क. गैरकाष्ठ वन पैदावारको विस्तृत स्रोत सर्वेक्षण गरी दिगो सङ्कलनको व्यवस्था गरिनेछ।

ख. खेती प्रविधि, सङ्कलन तरिका, दिगो व्यवस्थापन, बजार सूचना संवन्धमा प्रचारप्रसार गरिनेछ।

ग. निजी जग्गा, सामुदायिक वन, लगायतका क्षेत्रमा NTFP खेती विस्तार गर्न प्रोत्साहित गरिनेछ।

घ. NTFP खेती व्यवस्थापनका लागि किसानलाई आर्थिक अनुदानको व्यवस्था गर्नेछ।

ङ. नियमित अनुगमन र नियमन गरिनेछ।

**ग. वनको उत्पादन र उत्पादकत्व वृद्धि**

यस जिल्लामा वन स्रोतको उपयोग उत्पादन क्षमताको तुलनामा न्यून रहनुको साथै ज्यादै न्यून मात्रामा मात्र व्यवस्थित तवरले सङ्कलन र प्रयोग भएको छ। विगतमा सरकारद्वारा व्यवस्थित वन र सामुदायिक वनमा वन व्यवस्थापन कार्यहरू हुँदै आएका छन्। तथापी, वनको सम्भावित उत्पादन क्षमताको तुलनामा धेरै सानो हिस्सामात्र प्रयोगमा आइरहेको छ। अतः वनको क्षमता अनुसारको उत्पादन र उपयोग वृद्धि गर्नु आवश्यक रहेको हुदाँ यसको लागि निम्नलिखित रणनीतिहरू अवलम्वन गरिने छन्:

क. राष्ट्रिय वनको व्यवस्थापनको लागि सहभागितामूलक वन संवर्द्धन प्रणालीलाई प्राथमिकता दिइनेछ।

ख. वन व्यवस्थापन, संरक्षण र उपयोग गर्न समुदायको क्षमता विकास गरिनेछ।

ग. वनको दिगो व्यवस्थापन क्षेत्र विस्तार गरी उपयुक्त संवर्द्धन प्रणालीको अवलम्वन गर्दै व्यवस्थापन गरिनेछ।

घ. वन पैदावारको प्रभावकारी उपयोग गरिनेछ।



Scanned with CamScanner

ङ. वन र वन क्षेत्र बाहिरको सार्वजनिक जग्गा तथा निजी जग्गामा वन, जडिबुटी तथा गैरकाष्ठ प्रजातिको बिरुवा रोपण र व्यवस्थापन गर्दै वन पैदावारको उत्पादन बढाइनेछ।

च. वन पैदावार कटान तथा सङ्कलन प्रविधिमा सुधार ल्याइनेछ।

छ. वन डढेलो, रोग, कीराबाट हुने हानि नोक्सानी कम गर्ने प्रविधिको विकास गरिनेछ।

ज. अनुसन्धान र ज्ञानको आधारमा वन विकास कार्ययोजना तयारीलाई परिस्कृत गरिनेछ।

झ. भिरालोपन, भूक्षय, बाढी, पहिरो, डुबान हुने क्षेत्र आदि स्थानका वनलाई प्राकृतिक रुपले संरक्षण गर्दै बाँकी उत्पादनशील क्षेत्र छुट्याई उपयुक्त वन संवर्धन प्रणाली अपनाई वन क्षेत्रमा आवश्यकता अनुसार उक्त क्षेत्रमा हुने बहुमूल्य प्रजातिका वनस्पतिबाट कम मूल्यका/कम महत्वका प्रजातिलाई आवश्यकता अनुसार जैविक विविधतामा कुनै असर नपर्ने गरी विस्थापन गर्दै लगिनेछ।

## ५.३ लैङ्गिक तथा सामाजिक समावेशीकरण

क. आदिवासी, जनजाति, दलित, एकल महिला, विपन्न, अपाङ्गलाई वन स्रोतको पहुँच र लाभको बाँडफाँडमा अग्राधिकार सुनिश्चित गरिने छ ।

ख. समूहमा प्राप्त आम्दानीलाई वन संरक्षण तथा व्यवस्थापन, विपन्नमुखी कार्यक्रम र सामुदायिक विकास कार्यमा प्रभावकारी रूपमा परिचालन गरिने छ ।

ग. वन क्षेत्रमा कार्यरत कर्मचारी, समुदाय तथा सरोकारवालाको क्षमता आँकलन गरी तदअनुरूपका क्षमता अभिवृद्धिका कार्यहरू संचालन गरिने छ ।



Scanned with CamScanner

## ६. वनको सिमाङ्कन

वनको सिमाङ्कन भन्नाले मूलतः राष्ट्रिय वन र निजी वनलाई छुट्याउने कार्य हो । भक्तपुर जिल्लामा वन सिमाङ्कन काठका पिल्लरहरु, कहिँ कहिँ फलामका पिल्लर राखेर गरिएको छ। कतिपय काठका पिल्लरहरु कुहिर जिर्ण अवस्थामा रहेका छन्। सिमाङ्कन पिल्लरहरु सामुदायिक वनमा समुहले मर्मत गरेका पनि छन्। हाल सामुदायिक वनको कार्ययोजनामा digital नक्साहरुको प्रयोग गरि वनको सिमाङ्कन भएका छन्, जसले गर्दा स्थलगत रुपमा वनका सिमानाहरु एकिन गर्न सहज भएको छ । वन नियमावली २०७९ को अनुसूची ५ मा वनको सिमाङ्कन शिर्षक भित्र वनको प्रकार उल्लेख भएको हुँदा भक्तपुर जिल्लामा रहेका वनलाई निम्न आधारहरु अनुसार विभिन्न किसिममा छुट्याएको छः

### ६.१ वनको प्रकार (फरेष्ट टाइप)

**(क) उचाई, हावापानी र वनस्पतिको आधारमा वनको प्रकार**

भक्तपुर जिल्ला सानो भूभाग भएको भए पनि यसको भू-उचाइ, वनस्पतिको विविधता, र भौगोलिक अवस्थिति अनुसार विभिन्न प्रकारका वनहरू पाइन्छन्। उचाईको आधारमा भक्तपुर जिल्लाको वनलाई Vegetation types in Nepal as described by TISC (२००२) अनुसार मुख्यतया उप-उष्ण प्रदेशीय वन (sub-tropical forest) र सम शितोष्ण वन (Lower temperate Forest ) को रुपमा दुई भागमा विभाजन गर्न सकिन्छ ।

**१) उप उष्ण प्रदेशीय वन (sub-tropical forest)**

यो वन १००० देखी २००० मी सम्ममा पाइन्छ। यसमा पाइने प्रजातीहरुमा केही भागमा खोटेसल्लाको वन पाइन्छ भने केही स्थानमा प्रजातिहरु चिलाउने *(Schima wallichii)* कटुस *(Castanopsis spp)*, उत्तिस *( Alnus nepalensis)* आदि प्रजातीहरु पाइन्छ।

**२) सम शितोष्ण वन (Lower temperate Forest )**

२०००मी देखी २५०० मी उचाइमा पाइने यस वनमा *( Alnus nepalensis)* अंगेरि *(Lyonia ovalifolia)*, गोब्रे सल्ला *(Pinus wallichiana)*, गुराँस *(Rhododendnron spp)*, पैयुं *(Prunus cerasoides)*, सेती काठ *(Myricina capitellata)* रहेका छन्।

**ख) स्थान विशेष अनुसारको प्रजातिको विवरण**

**१) तल्लो मिश्रीत चौडापाते वन (Lower Slope mixed broadleaf forest)**

यस जिल्लाको तल्लो भागहरुमा गाउँ वस्ति नजिक चित्तापोल, कटुन्जे, सिपाडोल, दधिकोट, मध्यपुर ठिमी नगरपालिका क्षेत्रमा यस किसिमको वनले ओगटेको पाइन्छ । यो वनक्षेत्र स्थानीयहरुको दैनिक रुपमा उपभोग्य वस्तुहरु जस्तैः दाउरा, घाँस स्याउला, काठ प्राप्त गर्ने महत्वपूर्ण श्रोत हो। यस किसिमको वनक्षेत्रमा पाइने मुख्य प्रजातिहरु चिलाउने *(Schima wallichii)*, कटुस *(Castanopsis spp)*, उत्तिस (

*Alnus nepalensis)* आदि हुन् र यस किसिमको मिश्रित वनले ८७६.६३ हे.(४१.०३%) क्षेत्र ओगटेको छ ।

२) सल्ला वन (Chirpine Forest):

यस जिल्लाको मध्ये भागको तथुली, सुडाल जस्ता केही ठाउँहरुमा खोटेसल्लाको वन (Chirpine Forest) पाइन्छ भने तल्लो भेगमा उत्तिस *( Alnus nepalensis)* र चिलाउने *(Schima wallichii)* संग मिसिएर रहेको पनि पाइन्छ । सामुदायिक वन गठन हुनु पूर्व यस्तो जंगलमा वर्षेनी आगजनीले गर्दा पुनरुत्पादन एकदमै न्यून रहेको थियो तर हाल सामुदायिक वन हस्तान्तरण भए पछि सन्तोषजनक रुपमा पुनरुत्पादन भएको पाइन्छ।यस किसिमको वनले ७२३.२३ हे. (३३.८३%) क्षेत्रफल ढाकेको छ ।

३) माथिल्लो चौडापाते मिश्रित वन (Upper Slope mixed broad leaf forest):

यस किसिमको जंगल प्राय गाउँ वस्ती भन्दा टाढा नगरकोट, छालिंङ, चाँगुनारायण, दुवाकोट, बागेश्वोरी क्षेत्रको माथिल्लो भागमा पाइन्छ । यो जंगल जडिबुटीको लागि समेत उपयुक्त मानिन्छ । खोला खोल्सी किनारहरुमा उत्तिसको जंगल हुने ठाउँहरु अलैंची खेतीको लागि उपयुक्त देखिन्छ । यस जंगलमा पाइने मुख्य प्रजातिहरूमा उत्तिस *( Alnus nepalensis)* अंगेरि *(Lyonia ovalifolia)*, सल्ला *(Pinus spp)*, गुराँस *(Rhododendnron spp)*, पैयुं *(Prunus cerasoides)*, सेती काठ *(Myricina capitellata)* आदि पाइन्छ । यस किसिमको झाडीदार वन को क्षेत्रफ़ल ५३७.४० हे.(२५.१४%) फैलिएको छ ।

ग) वन व्यवस्थापनको आधारमा वनको किसिम

यस जिल्लामा वन व्यवस्थापन को आधारमा वनलाई निम्न अनुसारको ३ किसिमले वर्गिकरण गरिएको छ । यसको विस्तृतमा अनुसूची १० मा रहेको छ ।

१) सामुदायिक वनः यस जिल्लाको अधिकांश वन क्षेत्र सामुदायिक वन उपभोक्ता समुहलाई हस्तान्तरण गरिएको छ । जसमा ५७ वटा सामुदायिक वन उपभोक्ता समुहले १८००.८४ हे क्षेत्रफल व्यवस्थापन गरेका छन् ।

२) धार्मिक वन : यस जिल्लामा ३ वटा धार्मिक वनको ८.९१ हे क्षेत्रफल धार्मिक समुहलाई हस्तान्तरण गरिएको छ ।

३) सरकारद्वारा व्यवस्थित वनः यस जिल्लाको ५७.४१ क्षेत्रफल सरकारद्वारा व्यवस्थित वनको रुपमा डिभिजन वन कार्यालयले व्यवस्थापन गर्दै आएको छ ।

विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)



Scanned with CamScanner

## ६.२ वनको क्षेत्रफल

### ६.२.१ भक्तपुर जिल्लाको वनको क्षेत्रफल

भक्तपुर जिल्लाको कुल क्षेत्रफल १२,३१० हेक्टर छ। डिभिजन वन कार्यालय भक्तपुरको अभिलेख अनुसार जिल्लाको **कुल राष्ट्रिय वन क्षेत्र २,१४०.९६** हेक्टर छ, जबकि भू आवरण तालिका अनुसार ३,१६३.० हेक्टर वन क्षेत्र र ३१.२ हेक्टर अन्य काष्ठ वन पैदवार रहेको क्षेत्र गरि जम्मा ३१९४.२४हेक्टर रहेको छ , जसले १,०५३.२८ हेक्टर को भिन्नता देखाउँछ। यो भिन्नता भएको क्षेत्रमा निजी वन, नेपाल आर्मीले ओगटेको क्षेत्र, नापी तथा भूगर्भ विभागको क्षेत्र र FAO को परिभाषा ( वन भन्नाले ०.५ हे क्षेत्रफल, ५ मिटर उचाई भएका रुख र १० प्रतिशत वा सो भन्दा बढी छत्र घनत्व) अन्तर्गत पर्ने वन रहेको छ। तालिका १० मा जिल्लाको डिभिजन वन कार्यालयको अभिलेखमा भएको राष्ट्रिय वन र FRTC को तथ्याङ्क अनुसारको जम्मा वन क्षेत्रलाई प्रस्तुत गरिएको छ।

**तालिका १०: जिल्लाको वन क्षेत्रको विवरण**

| वन क्षेत्र | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| राष्ट्रिय वन | | | | | | | निजी वन | | |
| नगरपालिका | सामुदायिक वन | धार्मिक वन | सरकार द्वारा व्यवस्थित वन | कबुलियति वन (व्यवसायिक) | •अन्य वन क्षेत्र | जम्मा | दर्ता भएको निजी वनको क्षेत्रफल | निजी जग्गा, नेपाल आर्मी, भूगर्भ विभाग लगायत अन्य सहरी वन क्षेत्र | जम्मा वनको क्षेत्र |
| चाँगुनारायण | १००७.२५ | ५.४४ | ५७.४१ | १.२७ | | १०७१.४ | २.६४ | ६६८.४ | १७४२.४१ |
| मध्यपुरथिमी | २८.०४ | | | | | २८.० | | ६.४ | ३४.४४ |
| सुर्यविनायक | ७६५.५५ | ३.४७ | | २७.३६ | २४५.१७ | १०४१.६ | ०.६४ | ३७४.२ | १४१६.३९ |
| भक्तपुर | ० | ० | ० | ० | ० | ० | | १ | १ |
| जम्मा | १८००.८४ | ८.९१ | ५७.४१ | २८.६३ | २४५.१७ | २१४०.९६ | ३.२८ | १०५० | ३१९४.२४ |
| •अन्य वन = राष्ट्रिय प्राणी उधानको वन | | | | | क्षेत्रफलः हेक्टर | | | | |

स्रोत : डि.व. का, भक्तपुर, २०८१ र FRTC २०२२

### ६.२.२ स्थानीय तह अनुसारको वनको क्षेत्रफल

तथ्याङ्क विश्लेषण गर्दा सबै वढी वन सुर्यविनायकमा नगरपालिकामा र कम भक्तपुर नगरपालिकामा रहेको छ।त्यसै गरि सामुदायिक वनको क्षेत्रफल चाँगुनारायणमा र सामुदायिक वनको संख्या सुर्यविनायकमा वढी रहेको छ भने भक्तपुर नगरपालिकामा कम रहेको छ। स्थानीय तह अनुसार वनको स्रोतको तथ्याङ्क तलको तालिकामा दिइएको छ।



Scanned with CamScanner

तालिका ११ : स्थानीय तह अनुसारको वनको क्षेत्रफल

| क.स. | स्थानीय तहको नाम | कुल क्षेत्रफल (हेक्टर) | वनको क्षेत्रफल(हेक्टर) (FRTC,२०२२) | राष्ट्रिय वनको क्षेत्रफल (हेक्टर) (डि.व.का तथ्याङ्क २०८२ ) | सा.वको क्षेत्रफल (हेक्टर) (हेक्टर) (डि.व.का तथ्याङ्क २०८२) | सा.व.को संख्या |
|---|---|---|---|---|---|---|
| १ | चाँगुनारायण | ४,२४३.२ | ४,२४३.२ | १,०७१.४ | १,००७.३ | २५ |
| २ | मध्यपुर थिमी | १.११९.९ | १.११९.९ | २८.० | २८.० | ३ |
| ३ | सुर्यविनायक | ६,२९९.० | ६,२९९.० | १,०४१.६ | ७६५.६ | २९ |
| ४ | भक्तपुर | ६४७.९ | ६४७.९ | ०.० | ०.० | ० |
| कुल जम्मा | | १२,३१०.० | १२,३१०.० | २,१४०.९६ | १,८००.८ | ५७ |

(श्रोतः स्थानीय तहहरुको क्षेत्रफल संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७६ मा प्रकाशित गाउँपालिका तथा नगरपालिकाको संक्षिप्त परिचय पुस्तिका र FRTC २०२२ को आधारमा गरिएको हो । वनको क्षेत्र र सा.व. को तथ्याङ्क डि.व.का भक्तपुरको तथ्याङ्क २०८२ अनुसार रहेको छ )

## ६.३ वन क्षेत्रको स्रोतको अवस्था

मुख्य प्रजातिहरूको वितरण

क) वनमा पाइने मुख्य रुख प्रजाति

भक्तपुर जिल्लामा मुख्यत चिलाउने, कटुस, उत्तिस, पैयु, खोटे सल्ला. गोब्रेसल्ला, लालीगुराँस लगायतला वनस्पतिहरु पाइन्छन् ।

ख) मुख्य गैरकाष्ठ वन पैदावार

यस जिल्लामा पाइने मुख्य गैरकाष्ठ वन पैदावारहरू रुद्राक्ष, गुराँस आदि हुन् जसलाई अनुसूची ९ मा प्रस्तुत गरिएको छ ।

## ६.४ प्रमुख नदी, खोला तथा जलाधार क्षेत्र

भक्तपुर जिल्लामा ठूला नदीहरू नभएता पनि साना खोला र खोल्सीहरू प्रशस्त मात्रामा रहेका छन्। जिल्लाको प्रमुख नदी प्रणालीमा हनुमन्ते खोला र मनोहरा खोला पर्छन्, जुन भक्तपुरको सिँचाइ, जल निकास, र सांस्कृतिक गतिविधिका लागि महत्वपूर्ण छन्। हनुमन्ते खोला भक्तपुरको पश्चिमी भागवाट वग्दै मध्यपुर थिमी र सूर्यविनायक क्षेत्र हुँदै काठमाडौं र ललितपुरको सिमानामा पुग्छ। मनोहरा खोला भने जिल्लाको दक्षिण-पश्चिमी भागमा बग्छ र काठमाडौंको सिमानामा बागमती नदीमा मिसिन्छ। यी दुई प्रमुख खोलासहित जिल्लामा साना-ठूला गरी करिब १०-१५ वटा खोल्सी र सहायक नालाहरू छन्, जसको कुल लम्बाई लगभग १५०-२०० किलोमिटर रहेको छ।



Scanned with CamScanner

## ताल, तलैया, पोखरी, र जलाशय

भक्तपुरमा ठूला तालहरू नभए पनि सांस्कृतिक, धार्मिक, र पर्यावरणीय महत्व राख्ने ३३ वटा पोखरीहरू छन्। प्रमुख पोखरीहरूमा सिद्धपोखरी (भक्तपुर नगरपालिका), नागपोखरी (भक्तपुर), कमलपोखरी (मध्यपुर थिमी), दत्तात्रय पोखरी (भक्तपुर), र महादेव पोखरी (सूर्यविनायक) उल्लेखनीय छन्। यी पोखरीहरू प्राकृतिक र मानवनिर्मित दुवै छन्, जसले सिँचाइ, धार्मिक कार्य, र पर्यटकीय आकर्षणको भूमिका खेल्छ। सिद्धपोखरी र नागपोखरी भक्तपुरको सांस्कृतिक सम्पदाको अभिन्न अंग हुन्, जहाँ बिस्केट जात्रा र अन्य पर्वहरूमा विशेष कार्यहरू हुन्छ। यी सिमसार क्षेत्रहरूमा माछा, चरा, र जलचर वनस्पतिहरूको सानो तर महत्वपूर्ण जैविक विविधता पाइन्छ। वन क्षेत्रमा पनि साना सिमसारहरू छन्, जसको तथ्याङ्क सङ्कलन र संरक्षण आवश्यक छ।

भक्तपुर जिल्लाको जलाधार क्षेत्र मुख्य रूपमा हनुमन्ते खोला जलाधार र मनोहरा खोला जलाधारमा आधारित छ। हनुमन्ते खोला जलाधारले भक्तपुरको उत्तरी पहाडी क्षेत्र (नगरकोट र चाँगुनारायण) बाट सुरु भई समतल उपत्यकामा बग्छ, जसले भक्तपुर र मध्यपुर थिमीको कृषि क्षेत्रलाई सिँचाइ प्रदान गर्छ। मनोहरा खोला जलाधारले दक्षिणी र पश्चिमी क्षेत्रमा जल सङ्कलन र निकासको काम गर्छ, अन्ततः बागमती नदीमा मिसिन्छ। यी जलाधारहरूले माटोको उर्वरता, वनजंगल, र जीवजन्तुको संरक्षणमा योगदान दिन्छ।

## ६.५ सिमसार क्षेत्र

सिमसार क्षेत्रले पानीले भिजेको वा अत्यधिक आर्द्रता भएको जमिनलाई जनाउछ, जहाँ पानीको सतह र जमिन लगभग एकै स्तरमा हुन्छ र वनस्पतिहरूको अस्तित्व रहन्छ। नेपालको राष्ट्रिय सिमसार नीति २०६९ अनुसार, स्थायी वा अस्थायी, प्राकृतिक वा कृत्रिम रूपमा बनेको पानी जमेको वा बग्ने क्षेत्र हो, जसमा दलदल, नदीको बाँध क्षेत्र, ताल, पोखरी, जलाशय, र धानखेत समावेशलाई जनाउछ।भक्तपुर जिल्लामा सिमसारअन्तर्गत विभिन्न  नदी, खोला, खोल्सी, र पोखरीहरू पर्छन्।

## ७.वन संरक्षण तथा सुरक्षा सम्बन्धी व्यवस्था

### ७.१ अतिक्रमण तथा चोरी निकासी नियन्त्रण

(क) अतिक्रमण नियन्त्रण

जिल्लामा हाल अतिक्रमणको समस्या नरहेता पनि भविष्यमा हुन् सक्ने सम्भावित वन अतिक्रमण रोक्न सामुदायिक वन उपभोक्ता समूहहरूलाई नै परिचालन गरिने छ भने सडक छेउको हकमा भने सडक डिभिजन कार्यालय, स्थानीय तह, जि.स.स., स्थानीय प्रशासन, राजनैतिक दलका प्रतिनिधि, स्थानीय वन उपभोक्ता समूह र वन कर्मचारीको समन्वयमा कार्यक्रम अगाडि वढाइनेछ।

वन अतिक्रमण नियन्त्रणका लागि विशेष कार्यक्रम र साधन स्रोतको व्यवस्था गरिनेछ। यसका लागि वन सिमाङ्कन क्षेत्रमा नियमित अनुगमन, अतिक्रमित क्षेत्रहरूको नक्साङ्कन, जनतालाई लालपुर्जा नआउने बारे निरन्तर अवगत गराउने, तथा विभिन्न प्रकारका वन व्यवस्थापन नमुनाको जनचेतना कार्यक्रममा गैर-सरकारी समुदाय र समूहहरूलाई परिचालन गरिनेछ। भर्खरै स्थापना भएका नयाँ बसोवास क्षेत्र, बारबेर गरेको जग्गा बढाउने नियतले गरिएका अतिक्रमण, र सामुदायिक वन क्षेत्रभित्रका अतिक्रमणहरूलाई स्थानीय प्रशासन, प्रहरी, स्थानीय निकाय र उपभोक्ता समूहको सहयोगमा खाली गराइनेछ। खाली गराइएका क्षेत्रमा बागमती प्रदेश वन निर्देशनालयको स्वीकृति लिई स्थानीय जनसहभागितामा तत्काल वृक्षारोपण गरी बारबेर गरिनेछ।

(ख) चोरी निकासी नियन्त्रण

भक्तपुर जिल्लाको डिभिजन वन कार्यालयको तथ्याङ्क अनुसार, यस जिल्लामा वन पैदावारको चोरी निकासी तथा चोरी शिकारका समस्याहरू खासै छैनन्। सामान्यतया, यस क्षेत्रका वनहरूमा वन अपराधको दर न्यून रहेको छ। यद्यपि, यो अवस्थालाई दिगो राख्न र भविष्यमा हुन सक्ने सम्भावित जोखिमहरूलाई सम्बोधन गर्नका लागि सचेत रहनु आवश्यक छ। वन तथा वन पैदावारको संरक्षणका लागि स्थानीय समुदाय, निकाय र सरोकारवालाहरूले पनि सकारात्मक भूमिका खेलेका छन्। सम्भावित चोरी निकासी हुन सक्ने वनक्षेत्र र नाकाहरूको पहिचान गरी निगरानीमा राखिएको छ। आगामी ५ वर्षमा डिभिजन वन कार्यालय तथा सब-डिभिजनहरूबाट राष्ट्रिय वन क्षेत्रमा नियमित गस्ती गरिनेछ । संवेदनशील वनक्षेत्रमा स्थानीय संघसंस्था, उपभोक्ता समूह, स्थानीय निकाय र राजनैतिक दलको समन्वयमा जनस्तरमा चेतना तथा सन्देशमूलक कार्यक्रम गरिनेछ।

### ७.२ वन डढेलो नियन्त्रण तथा व्यवस्थापन

राष्ट्रिय वन क्षेत्रलाई सा.व.को रुपमा हस्तान्तरण गर्ने नेपाल सरकारको नयाँ वन नीति भए अनुसार सा.व. हस्तान्तरण कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइएको र वन व्यवस्थापन गर्ने कार्यमा उपभोक्ताहरू नै संलग्न रहेको तथा उपत्यका तथा पहाडी भू-भाग, भौगोलिक बनावट आदि कारणबाट वनपथ निर्माणमा उपभोक्ताहरू त्यति अभिप्रेरित भएको देखिदैन्। केहि ठाउँहरूमा वनबाट जाने सडक, परम्परागत गोरेटो बाटोहरूले पनि वनपथको काम गरेका छन्।



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

डिभिजन वन कार्यालयले वन डडेलो नियन्त्रण समन्वय सञ्जाल गठन गरी वर्षेनी डढेलो विरुद्धको अभियान संचालन गर्ने, सुख्खाको समयमा डढेलो विरुद्धका सन्देशमुलक कार्यक्रमहरू स्थानीय पत्रपत्रिका तथा एफ्.एम. रेडियोबाट प्रकाशन तथा प्रसारण गर्ने तथा जनचेतनामूलक गोष्ठीहरू सञ्चालन गर्ने कार्यहरू गरिरहेको छ भने सामुदायिक वन उपभोक्ता समूहहरूबाट अग्निरेखा निर्माण र सरसफाई कार्य समेत गरिने छ।

सूर्यविनायक र चाँगुनारायण क्षेत्रका सल्लाका वनहरूमा देखिने वन डढेलोको समस्या नियन्त्रण गर्न वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गरिनेछ। चैत्रदेखि जेठसम्मको डढेलो लाग्ने अवधिमा एफ.एम., रेडियो, पत्रपत्रिका र पोष्टर मार्फत जनचेतना जगाइनेछ। वन कर्मचारी, स्थानीय निकायका प्रतिनिधि, र सामुदायिक वनका प्रतिनिधिलाई तालिम प्रदान गरिनेछ। सुख्खा मौसम अगावै सुख्खा स्याउला, सोत्तर लगायतका डढेलो संवेदनशील पदार्थहरू संकलन गरी नियन्त्रित आगो लगाई व्यवस्थापन गरिनेछ। अग्निरेखा निर्माण र मर्मत, अग्नि रोधक सामग्री खरिद, वन डढेलो रोकथाम र नियन्त्रणका लागि स्थानीय समुदाय, नागरिक समाज, र विभिन्न संघसंस्थाहरूसँग समन्वय र सहकार्य गरिनेछ। समुदायमा आधारित डढेलो व्यवस्थापन स्वयंसेवी उपसमूहहरू गठन गरिनेछ, र योगदान पुर्याउनेलाई पुरस्कृत गरिनेछ।

### ७.३ मिचाहा प्रजाति नियन्त्रण

यस जिल्लामा पाइने वनमारा जस्ता मिचाहा प्रजातिको फैलावट र तीव्र पुनरुत्पादनको कारणले नियन्त्रण गर्न त्यति सहज भनेछैन। तथापि मिचाहा प्रजाति व्यवस्थापनमा विभिन्न उपायहरू अपनाउन सकिन्छ र त्यस्ता उपायहरू प्रजाति र स्थानीय अवस्था अनुसार फरक-फरक हुन सक्दछन्। कतिपय प्रजातिहरूको नियन्त्रण गर्न लामो समय र उच्च आर्थिक लगानी लाग्ने हुनाले व्यवस्थापन कठिन बन्न सक्छ भने केहि मिचाहा प्रजातिहरू स्थानीय रुपमा विभिन्न प्रयोगमा ल्याउन सकिने पनि हुन सक्दछन्। भक्तपुर जिल्लाका सामुदायिक वनले मिचाहा वनस्पति भनेर कार्ययोजनामा सोझै उल्लेख नगरेपनि झाँडी सफाइ अन्तर्गत यस्ता प्रजातिहरू हटाउने कार्य गर्दै आइरहेका छन्। मिचाहा प्रजाति नियन्त्रणका लागि गर्न सकिने मुख्य कृयाकलापहरू निम्न अनुसार उल्लेख गरिएको छ।

#### क. उखेल्ने तथा फाड्ने

वनहरूमा फैलिएका मिचाहा वनस्पतिलाई जरादेखि नै उखेलेर फाल्ने तथा काट्ने फाड्ने विधि नै उपयोगी देखिन्छ। यसरी उखेल्दा वा फाड्दा फल लाग्नुभन्दा अगाडि नै फडानी गर्न सकेमा बढी प्रभावकारी हुने देखिन्छ।

#### ख. उपयोग गर्ने

मिचाहा प्रजातिहरू जैविक विविधतालाई हानिकारक भए पनि कुनै कुनै प्रजातिहरूलाई उपयोगमा पनि ल्याउन सकिन्छ। उदाहरणको लागि सेतो र कालो वनमारालाई कम्पोष्टमल बनाइ कृषि उत्पादन बढाउन सकिन्छ। यी प्रजातिहरूलाई गोठमा सोत्तरको रुपमा र करेसा बारीमा बार बार्न समेत प्रयोग गर्न सकिन्छ। वन फाँडा/काँडे वनमारालाई दाउराको रुपमा पनि प्रयोग गर्न सकिन्छ।



Scanned with CamScanner

### ग. लघु वन पैदावार र बजार व्यवस्थापन

मिचाहा प्रजाति नियन्त्रण अन्तर्गत केही लघु वन पैदावार बनाउन पनि सकिन्छ। वनमाराबाट ब्रिकेट बनाएर इन्धनको श्रोतको रुपमा खान पकाउन, जाडो महिनामा कोठा तताउन प्रयोग गर्न सकिन्छ। तर ब्रिकेटको प्रयोगलाई सहज बनाउनका लागि चुलो तथा ब्रिकेट बनाउने प्रकृयामा उपयूक्त प्रविधीको विकास पनि हुनुपर्दछ।

अन्य उपायहरू

- वाह्य मिचाहा वनस्पतिहरूलाई एकिकृत रुपमा सङ्कलन गरी कुहाएर जैविक मलको रुपमा प्रयोग गर्न सकिन्छ। जस्तैः सेतो वनमारा, वेशरम, जलकुम्भी आदि।
- जैविक इन्धन बनाई Biobriquette को रुपमा प्रयोग गर्न सकिन्छ। जस्तै कालो वनमारा, सेतो वनमारा, वेशरम आदि।
- औषधीय गुण भएका प्रजातिहरू लाई परम्परागत घरेलु उपचार पद्धतिमा प्रयोग गरेको पाइन्छ।

### ७.४ रोग तथा किराबाट नियन्त्रण

रूखको जरा, डाँठ, पातहरू, अंकुरहरू सबै भागहरू कीराहरुले आक्रमण गर्न जोखिममा हुनछन्। किराको क्षति उत्पादनको मूल्यमा कुनै असर नगर्ने सामान्य क्षतिदेखि लिएर रूखहरूलाई स्टन्ट गर्ने वा मार्ने वा तिनीहरूको बजार मूल्य घटाउने गम्भीर क्षतिसम्म हुन सक्छ। रूखको रोग तथा किराहरूमा कीराहरू (insects and mites), रोगहरू (diseases), झारपातहरू (weeds) र नेमाटोडहरू समावेश छन्।

**वनमा कीराहरूबाट हुने क्षतिः**

जङ्गलमा कीराहरूबाट हुने हानिहरू विभिन्न प्रकारका हुन्छन् र रूखमा सामान्य असर देखि मृत्युहुने सम्मका हुन्छन्। कीराहरूको कारणले हुने हानि निम्न प्रकारका हुन सक्छन्:

(क) रूखहरूको मृत्यु विशेष डिफोलिएटर, वार्क वीटल र धमिराले गर्दा हुन सक्छ।

(ख) काठ बोरर कीराहरूले जीवित वा काटिएको रूखको ठोस काठलाई क्षति पुऱ्याउन सक्छ।

(ग) कीराहरूले रुखको वृद्धिमा ठूलो हानि पुर्‍याउन सक्छ।

(घ) प्राकृतिक पुनरुत्थानमा कीराको क्षतिले वाधा पुऱ्याउँछ।

(ङ) कीराको गतिविधिको परिणाम स्वरुप साइट विग्रनु र प्रजातिहरूको संरचनामा क्षय (Deterioration of site and degeneration of species) हुन सक्छ।

(च) वृक्षारोपण क्षेत्रमा किरा तथा रोगका कारण पूर्ण रुपमा विरुवा मर्न गई वृक्षारोपण असफल हुन सक्छ।

वनमा रोग किरा नियन्त्रणलाई प्राकृतिक नियन्त्रण र कृत्रिम नियन्त्रण गरी दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ। प्राकृतिक नियन्त्रणमा मौसमी अवस्था, पोषण, होस्ट प्रतिरोध र जैविक कारकहरू समावेश हुन्छन्, जबकि कृत्रिम नियन्त्रणमा सिल्भिकल्चरल नियन्त्रण, जैविक नियन्त्रण, माइक्रोवियल नियन्त्रण र रासायनिक नियन्त्रण जस्ता विधिहरू समावेश हुन्छन्।



Scanned with CamScanner

महाशाखा प्रमुख

वन निर्देशनालय
डिभिजन वन कार्यालय
कार्यालय, भक्तपुर

क. प्राकृतिक नियन्त्रणः

जलवायु अवस्थाः

जलवायु अवस्थालाई लामो समयको अवधिमा अनुभव गरिएको कुनै ठाँउमा वर्षभरि हुने औसत भौतिक अवस्थालाई बुझिन्छ। यसले जीवन चक्रको लम्बाइ, क्रमिक चरणहरू र एक वर्षमा कीरा प्रजातिहरूको संख्या पनि निर्धारण गर्दछ।

तापक्रमः

यो सवैभन्दा महत्त्वपूर्ण भौतिक कारक हो जसले वातावरणमा कीट गतिविधिलाई नियमन गर्दछ। कीराको प्रत्येक प्रजातिको तापमानको निश्चित दायरा हुन्छ, जसमा कीरा सक्रिय हुन्छ र यसको metabolism वा वृद्धि स्पष्ट हुन्छ। यस बिन्दुबाट कुनै पनि विचलनले दुवै तर्फ metabolism लाई रोक्छ र यसको गतिविधिहरूलाई प्रभाव पार्छ।

वायुमण्डलीय आर्द्रता (आद्रता):

तापक्रम जस्तै, वायुमण्डलीय आर्द्रता (ओद्रता) वातावरणको एक महत्त्वपूर्ण कारक हो, जसले कीराहरूको विकास, व्यवहार र वितरणलाई गहिरो प्रभाव पार्छ। प्रत्येक प्रजातिको अधिक्तम अनुकूल क्षेत्र हुन्छ र यस क्षेत्रबाट कुनै पनि परिवर्तनले सुसताको अवस्था निम्त्याउँछ र प्रभावकारी दायराभन्दा बाहिर, कीरा मर्दछ।

सामान्य अवस्थाहरूमा, दुवै अत्यधिक र कम आर्द्रता भएको अवस्थाहरूले कीराको तत्काल मृत्यु हुँदैन, यद्यपि यसको गतिविधिहरू निश्चित रूपमा बाधित हुन्छन्। यद्यपि, केही काठमा दुलोपार्ने वनमा हुने कीराहरू यसको होस्ट बिरुवाको सुक्ष्म जलवायू भएको परिस्थितिहरूमा आर्द्रतामा भिन्नताबाट गहिरो रूपमा प्रभावित हुन्छन्।

वर्षा

वर्षा (हिमपात, असिना, वर्षा वा शीत, आदि) कहिलेकाही वनमा हुने कीराहरूको विभिन्न चरणहरूमा प्रत्यक्ष मृत्यु हुन सक्छ। हिमपातको प्रभाव न्यून तापक्रम जस्तै भए पनि असिना र भारी वर्षाले यान्त्रिक रूपमा काम गर्छ। लेपिडोप्टेरस लार्भा, वीटल र तिनीहरूका लार्भाहरू, जो खुल्ला फिडरहरू हुन्, पातहरूमा पर्दा खुवाउँछन्, अचानक भारी असिना र वर्षाले चुटछन र पखाल्छन् वा शीतले मर्छन्।

हावा

हावा अझै अर्को भौतिक कारक हो र यसको स्पष्ट प्रभावहरू प्रकृतिमा यान्त्रिक र इको-शारीरिक (mechanical and eco-physiological) दुवैमा हुन्छ। तीव्र हावाले रूखहरूको छत्रलाई जोडले हल्लाउछ, कीराहरूलाई उडाउँछ र विस्थापित गर्छ, विशेष गरी तिनीहरूको खाद्य बिरुवाबाट थप नाजुक रूपहरू (लार्भा) र त्यसपछि तिनीहरूलाई खाद्य स्रोत र आश्रयमा पहुँच प्राप्त गर्नबाट रोक्छ।

विजय कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)



Scanned with CamScanner

**पोषणः**

पोषण (खाना) दोस्रो महत्त्वपूर्ण प्राकृतिक नियन्त्रण कारक हो, जुन वातावरणको भौतिक कारकहरू भन्दा फरक छ, र निश्चित मात्रामा सटीकताका साथ नियन्त्रण गर्न सकिन्छ। यसले यसको अस्तित्व र विकासको लागि सही प्रकारको खाद्यान्न खोज्ने मात्र होइन पर्याप्त मात्रामा उपलब्धताले समेत असर पार्दछ।

**होस्ट प्रतिरोधः**

सबै वनस्पति प्रजातिहरूमा केही शारीरिक र आनुवंशिक विशेषताहरू हुन्छन् जसले कीट प्रजातिहरूका लागि कम अनुकूल वातावरणीय अन्तर्निहित अवस्थाहरू बनाएर केही हदसम्म कीट प्रतिरोधी क्षमता प्रदान गर्दछ। पातको लामिनाको कठोरता, अंकुर, रसको घनत्व र आवश्यक तेल, अम्ल, चोप, रेजिन, लेटेक्स, आदि जस्ता केही रासायनिक यौगिकहरूको उपस्थिति जस्ता अप्ठ्यारो अवस्थाको अन्तर्निहित अवस्थाको कारणले प्रतिरोध हुन सक्छ।

**जैविक कारकः**

जैविक विधिले अन्य जीवहरूको गतिविधि मार्फत जीव (कीट) को जनसंख्या नियन्त्रण गर्ने सबै कारकहरू समावेश गर्दछ। जैविक कारकहरू, जसले कीटहरूको जनसंख्यालाई सीमित गर्न महत्त्वपूर्ण भूमिका खेल्छन्, प्रतिस्पर्धा, परजीवी, सिकारी र रोगजनकहरू हुन्।

**ख. कृत्रिम नियन्त्रण :**

यसलाई बाह्य तत्वहरूको परिचयको रूपमा परिभाषित गरिएको छ, जस्तै बायोकन्ट्रोल एजेन्टहरूको प्रवेश, रासायनिक प्रयोग, वन वातावरणमा र इकोसिस्टम (सिल्भिकल्चरल विधि) मा हेरफेर रहेका छन। सामान्य नियन्त्रण प्रक्रियाहरूमा यान्त्रिक नियन्त्रण, सांस्कृतिक नियन्त्रण, रासायनिक (कीटनाशक) नियन्त्रण र एकीकृत कीट व्यवस्थापन हुन्।

**सिल्भिकल्चरल नियन्त्रणः**

कीराको नियन्त्रण गर्न वन स्ट्यान्डहरू वा रूखहरू हुर्काउने र कटानी गर्ने तरिकाहरू परिमार्जन गरेर कीराहरूको जनसंख्याको नियमनलाई सिल्भिकल्चरल नियन्त्रण भनिन्छ। यो एक प्रकारको कृत्रिम नियन्त्रण हो किनभने यो जानाजानी मानव हस्तक्षेपद्वारा वातावरणको प्राकृतिक नियन्त्रण कारकको वृद्धि गरेर हासिल गरिन्छ। सिल्भिकल्चर नियन्त्रणको लागि कीराहरूको लागि अनुकूल वनको विद्यमान पारिस्थितिक अवस्थाहरूको बारेमा विस्तृत ज्ञान चाहिन्छ र त्यसपछि यी अवस्थाहरूलाई कीराहरूको हानिमा हेरफेर गर्न आवश्यक हुन्छ। कुनै पनि सिल्भिकल्चरल व्यवस्थापनका उपायहरू लिनु अघि, वनको प्रकार र कीराहरूसँगको सम्बन्धको बारेमा विचार गर्न आवश्यक छ।

**मेकानिकल र भौतिक नियन्त्रणः**

रोग तथा किरा नियन्त्रणको यान्त्रिक र भौतिक विधिहरूले कीट व्यवस्थापनमा महत्त्वपूर्ण भूमिका खेल्छ। यी विधिहरूले केही मेकानिकल उपकरणहरू वा म्यानुअल अपरेसनहरू प्रयोग गरेर कीटहरूको जनसंख्या घटाउने लक्ष्य राख्छन् जसले जाल वा मेकानिकल माध्यमबाट कीराहरूलाई मार्ने सुनिश्चित गर्दछ।



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

**जैविक नियन्त्रणः**

जैविक नियन्त्रणलाई बायोरेमेडिएशन पनि भनिन्छ र कीट प्रजातिहरूलाई नियन्त्रण गर्नका लागि केही आशाजनक जैविक तत्वहरू (शिकारी, परजीवी र रोगजनक) को प्रयोगको रूपमा परिभाषित गरिएको छ। जैविक नियन्त्रण भन्नाले प्राकृतिक शत्रु जिवहरू प्रयोग गरेर कीटहरूको जनसंख्या नियन्त्रण गर्न बुझाउँछ। शत्रु जिवहरूमा चरा वा मुसा, आर्थ्रोपड परजीवीहरू जस्तै ट्याचिनिड फ्लाई, आर्थ्रोपड सिकारीहरू जस्तै माकुरा र माइटहरू समावेश गर्न सक्छन्।

**रासायनिक नियन्त्रणः**

कीट व्यवस्थापनको मुख्य भाग भनेको अस्वीकार्य मात्रामा हुने क्षतिलाई रोक्नको लागि आवश्यक पर्दा मात्र कीटनाशक प्रयोग गर्नु हो। नियन्त्रणको लागत वा वातावरणमा हुने सम्भावित हानि अनुमानित क्षति वा नोक्सानीभन्दा बढी भएमा विषादीको प्रयोगलाई उचित मान्न सकिँदैन। कीटनाशक एउटा धेरै महत्त्वपूर्ण तत्व हो, जब ठूलो कीराको जनसंख्या उच्च मूल्यमा रूखहरूलाई खतरामा पार्छ। कीटको जीवन चक्रको ज्ञान, उपयुक्त कीटनाशकको छनोट, प्रयोगको उचित समय र सही उपकरणको प्रयोगले कभरेज र प्रभावकारितामा सुधार ल्याउन सक्छ।

कीटको प्रकोप नियन्त्रण गर्न वा आक्रामक प्रजातिको सीमित प्रकोप उन्मूलन गर्न कीटनाशकको प्रयोग गर्न आवश्यक हुन सक्छ। वांछित व्यवस्थापन लक्ष्य हासिल गर्दा पनि वन, बीउ बगैंचा र नर्सरीहरूमा लक्षित गैर-लक्ष्य जीवहरूलाई कम्तिमा हानि पुर्‍याउन सक्ने गरी कीटनाशकहरू छनौट गरी प्रयोग गर्नुपर्छ।

## ७.५ चोरी शिकारी तथा अवैध व्यापार नियन्त्रण

यस जिल्लामा वन्यजन्तुको चोरी शिकारको समस्या रहेको छैन। भक्तपुर जिल्ला वन्यजन्तुको महत्वपूर्ण वास्थानको रुपमा रहेको छ। बढ्दो सहरीकरणले संरक्षणमा चुनाती पैदा गरेको भएता पनि, यस जिल्लामा हालसम्म डिभिजन वन कार्यालय, उपभोक्ता, जिल्लाका स्थानीय निकाय, राष्ट्रिय प्राणी उद्यम लगायत जिल्लाका सम्पूर्ण सरोकारवालाहरुको पहलमा वन्यजन्तु संरक्षण गरिँदै आएको छ ।

काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाको उपत्यका स्तरीय वन्यजन्तु अपराध नियन्त्रण ब्यूरोको स्थापना भई वन्यजन्तु संरक्षणका लागि संयुक्त रुपमा पहल भएको छ । अहिलेको अवस्थामा भक्तपुर जिल्लाको सामुदायिक वन क्षेत्रमा रहेका जनावरहरूको संख्यामा उल्लेखनीय वृद्धि भएको देखिन्छ । सामुदायिक वन व्यवस्थापन कार्यले गर्दा वन्यजन्तुको चोरी शिकारी खास समस्याको रूपमा देखिएको छैन। संकटापन्न प्रजाती सालकको संरक्षणका लागि तौडलछाप सामुदायिक वनले सालक संरक्षणका कार्यहरु गर्दै आएको छ ।

## ७.६ वन तथा वन्यजन्तु अपराध नियन्त्रण

वन्यजन्तुको चोरी शिकार र तिनका अंङ्गहरूको अवैध व्यापारमा स्थानीय देखि राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका तस्करहरूको संलग्नता रहने हुनाले यस कार्यलाई निरुत्साहीत र नियन्त्रण गर्न सम्बन्धीत सबै सरोकारवाला निकायहरूको सामुहिक प्रयास, आपसी समन्वय र सहकार्यको आवश्यकता पर्दछ। संरक्षण कार्य एउटा दिर्घकालीन र निरन्तर प्रकृया भएकोले यसमा स्थानीय बासिन्दाहरूको सक्रिय सहभागिता,



Scanned with CamScanner

राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका संरक्षण साझेदार संस्था तथा व्यक्तिहरूको सहभागिता तथा प्रतिबद्धता प्रशंसनिय रहेको छ। संरक्षणमा लागेका जिम्मेवार,सरोकार पक्षहरूको संरक्षणप्रतिको दृढतावाटनै जैविक विविधता संरक्षण कार्य सम्भव देखिन्छ। यसलाई अझ सशक्त र बिस्तार गर्दै लैजानु संरक्षण प्रतिको थप प्रतिबद्धताको रुपमा लिन सकिन्छ। भक्तपुर जिल्ला स्तरीय वन्यजन्तु अपराध नियमन्त्रण इकाई गठन गरी इकाइको समन्वय र सहकार्यमा वन्यजन्तु अपराधको रोकथाम र नियन्त्रणका कार्यहरू गरिनेछ।

### ७.७ अन्य सुरक्षा सम्वन्धी व्यवस्था

**चरिचरण नियन्त्रण**

भक्तपुरमा चरिचरणको खासै ठूलो समस्या नभए तापनि सामुदायिक वन र निजी आवादी बीचको खाली जग्गामा चरिचरणका कारण रोपिएका विरुवाहरू विनाश हुने गरेका छन्।

**चरिचरण नियन्त्रणका कारण**

- चरिचरणले भूईमा झरेको बीउ कुल्चेर नोक्सान गर्ने।
- चरिचरणले वनमा पुनरुत्पादन हुन नदिनुको साथै माटोको उर्वराशक्ति र गुणस्तरमा कमी हुने।
- भएका पुनरुत्पादनलाई पनि राम्ररी हुर्कन वा वढ्न नदिने।
- विरुवा भाँचने र नोक्सान हुने।
- विरुवाको टुप्पा खाईदिनाले वढ्न वाधा पुऱ्याउने र यसले गर्दा काठ हुने विरुवाहरूको स्वरुप नै विग्रने।
- वन्यजन्तु संरक्षण र विकासमा वाधा पुग्ने।
- पुनरुत्पादन भई हुर्केका विरुवा समेत खान सक्ने हुदाँ झारपात मात्र हुर्किने मौका पाई वन अव्यवस्थित हुने र वन पैदावार उत्पादनमा कमी हुने।

**अनियन्त्रित चरिचरणलाई नियन्त्रणका लागि देहायका कार्यक्रमहरु संचालन गरिने छ ।**

- वन क्षेत्रमा खुला चरिचरनलाई नियन्त्रणका लागि जनचेतनामुलक कार्यक्रमहरु स्थानीय तहहरुको समन्वय र सहकार्य संचालन गर्ने ।
- सामुदायिक वन भित्र घुम्ती चरन प्रणालीको कार्ययोजनामा समावेश गरी कार्यान्वियन गर्ने ।
- अनियन्त्रित चरिचरणका लागि नश्ल सुधारका साथ वधुवा पशुपालन अभ्यासलाई प्रोत्साहन गर्ने ।
- सामुदायिक वन र निजी जग्गामा डालेघाँस र वहुवर्षिय भूईघाँस प्रजातिका विरुवा रोपण गर्ने कार्य स्थानीय वन समूहरुसँग समन्वय र सहकार्य गरिनेछ ।



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

महाशाखा प्रमुख
वन निर्देशनालय
डिभिजन वन कार्यालय
सानोठिमी, भक्तपुर

## ८. जैविक विविधता संरक्षण तथा प्रवर्द्धन

### ८.१ वन्यजन्तु तथा वनस्पतिको प्रजातिय जैविक विविधता र वासस्थानको विश्लेषण

यस जिल्लामा दुर्लभ वन्यजन्तुहरू र वनस्पतिहरू संरक्षणका लागि हालसम्म कुनै कार्यालय स्थापना गरिएको छैन् ।

### ८.१.१ वन्यजन्तु प्रजातीय जैविक विविधता

**(क) स्तनधारी वन्यजन्तु**

जिल्लाको वार्षिक प्रतिवेदन र स्थानीय उपभोक्ता समूहसंग गरिएको छलफलको आधारमा भक्तपुर जिल्लामा पाइने स्तनधारी वन्यजन्तुहरू रातो बाँदर (*Macaca mulatta*), सालक (*Manis pentadactyla*), गोहोरो (*Varanus bengalensis*), चितुवा (*Panthera pardus*), रतुवा (*Manticus mmuntiyac*) खरायो (*Capraologus hispidus*), मुसा (*Microtus Spp*), वन विरालो (*Felis chaus*), स्याल (*Canis aureus*), मलसांप्रो (*Martes flavigula*), लोखर्के (*Callosciurus pygerythrus*), आदि रहेका छन्।

**(ख) पंक्षी प्रजातिहरू**

यो जिल्लामा कालिज (*Lophura leucomelanos*), वन कुखुरा वा लुइँचे (*Gallus gallus*), जुरेली (*Pycnonotus cafer*), रानीचरी (*Pericrocotus speciosus*), लामपुच्छे (*Urocissa erythroryncha*), मैना (*Acridotheres tristis*), हलेसो (*Treron sphenurus*), र पानीहाँस (*Tadorna ferruginea*), नीलकण्ठ (*Coracias benghalensis*), गौथली (*Hirundo rustica*), मलेवा (*Columba livia*), सुगा (*Psittacula krameri*), धोवीचरी (*Copsychus saularis*), तिवा (*Actitis hypoleucos*), कोइली (*Eudynamys scolopaceus*), र ढुकुर (*Spilopelia chinensis*) पनि पाइन्छन्। साथै, काग (*Corvus splendens*), चील (*Milvus migrans*), लाटोकोसेरो (*Athene brama*), चिवेचरी (*Dicrurus macrocercus*), सारू (*Sarkidiornis melanotos*), बाज (*Accipiter nisus*), भगेरा (*Passer domesticus*), र वकुल्ला (*Bubulcus ibis*) आदि पनि पाइन्छन।

**(ग) घस्रने प्रजातिहरू**

यस जिल्लामा पाईने मुख्य सरिसृप प्रजातिहरूमा साधारण सर्प (*Bioga trigonata*), छेपारो (*Calotes versicolor*) र माउसुली (*Hamidactylus* spp.) रहेका छन् ।

**घ) किरा**

भक्तपुर जिल्लामा पाइने प्रमुख कीराहरूमा पुतलीहरू अन्तर्गत पहेंलो पुतली (*Colias fieldii*), कमान्डर पुतली (*Moduza procris*), र निलो मयूर पुतली (*Papilio krishna*) जस्ता विभिन्न जातहरू देख्न सकिन्छ। यसैगरी, घाँसे मैदान र खेतबारीमा फट्यांग्रा (*Hieroglyphus daganensis*), घर र ओसिलो स्थानहरूमा साङ्ला (*Periplaneta americana*), तथा जमिनमुनि र रुखहरूमा रातो कमिला (*Oecophylla*



विश्व कोइराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

*smaragdina*) र कालो कमिला (*Componotus compressus*) प्रशस्तै पाइन्छन्।

ङ) उभयचर

भक्तपुर जिल्लाका खोलानाला, पोखरी र ओसिला सिमसार क्षेत्रहरू उभयचर तथा जलचरका लागि उपयुक्त वासस्थान हुन्। यस जिल्लामा पाइने प्रमुख उभयचरहरूमा गोहोरो (Varanus bengalensis), भ्यागुता (*Rana tigrina*), र पहाडी क्षेत्रका छहरा तथा ओसिलो ढुङ्गाका कापमा पाइने पाहा (*Nanorana liebigii*) मुख्य रहेका छन्।

यसैगरी, हन्मन्ते खोला र अन्य साना खोल्साहरूमा प्राकृतिक अवस्थामा विभिन्न प्रजातिका माछाहरू र जलचरहरू पाइन्छन्, जसमा असला (*Schizothorax plagiostomus*), सिंगे (*Heteropneustes fossilis*), हिले (*Channa orientalis*), वाम (*Mastacembelus armatus*), र झिंगे माछा (*Macrobrachium lamarrei*) पर्दछन्। साथै, माटोको उर्वराशक्ति वढाउने गड्यौला (*Pheretima posthuma*) पनि यहाँको ओसिलो जमिनमा प्रशस्तै पाइन्छ।

८.१.२ वनस्पतिको प्रजातीय जैविक विविधता

क) मुख्य काष्ठ प्रजाति

भक्तपुर जिल्लाको वन क्षेत्रमा पाइने मुख्य वनस्पति प्रजातिहरूमा खोटे सल्ला (*Pinus roxburghii*), गोब्रे सल्ला (*Pinus wallichiana*), पाटे सल्ला (*Pinus patula*), र लौठ सल्ला (*Taxus wallichiana*) प्रमुख रहेका छन्। यसैगरी यहाँका वनहरूमा लालीगुराँस (*Rhododendron arboreum*), धुपी (*Cupressus torulosa*), चिलाउने (*Schima wallichii*), कटुस (*Castanopsis indica*), र उत्तिस (*Alnus nepalensis*) मुख्य वनस्पतिका रूपमा पाइन्छन्।

**ख) मुख्य गैरकाष्ठ वन पैदावार**

भक्तपुर जिल्लामा हावापानी, जलवायुमा विविधता पाईएकोले यहाँ विभिन्न प्रकारको ठाउँ र हावापानी सुहाउँदो लघु वन पैदावारहरु पाईन्छ। यस जिल्लाका प्रमुख गैरकाष्ठ वन पैदावारमा गुर्जो (Tinospora cordifolia), धसिंगरे (Gaultheria fragrantissima), तितेपाती (Artemisia indica), टिमुर (Zanthoxylum armatum), निगालो (Drepanostachyum falcatum), लप्सी (Choerospondias axillaris), र तेजपात (Cinnamomum tamala) प्रशस्त मात्रामा पाइन्छन्। उच्च पहाडी भेगमा लौठसल्ला (Taxus wallichiana), सुगन्धकोकिला (Cinnamomum glaucescens), नागवेली (Lycopodium clavatum), खोटे सल्ला (Pinus roxburghii), कालादाना (Ipomoea nil), पापनवेद (Bergenia ciliata), वोझो (Acorus calamus), चुत्रो (Berberis aristata), मजिठो (Rubia manjith), इन्द्रायणी विँया (Citrullus colocynthis), कुकुरडाइनो (Smilax ovalifolia), पानी अमला (Nephrolepis cordifolia), नरहरी घाँस (Kyllinga nemoralis), ठूलो ओखतो (Ageratum

conyzoides), रुद्राक्ष (Elaeocarpus ganitrus), गुराँस (Rhododendron spp.), र कटुस (Castanopsis indica) रहेका छन्।

### ८.१.३ संरक्षणको प्राथमिकतामा रहेका वनस्पतिहरू

योजना कार्यान्वयन हुने वन क्षेत्र जैविक विविधताले भरिपूर्ण क्षेत्रको रुपमा रहेको छ। यस क्षेत्रमा पाइने विभिन्न वनस्पति प्रजातिहरू मध्ये कतिपय प्रजातिहरू नेपाल सरकारले विभिन्न प्रयोजनका लागि प्रतिवन्धित गरेका र संरक्षण सूचीमा राखेका तथा CITES र IUCN को विभिन्न वर्गिकरणमा परेका वनस्पति प्रजाति पनि छन्। यस क्षेत्रमा रहेका संरक्षण प्राथमिकतामा रहेका वनस्पतिका प्रजातिहरूको विवरण देहायको तालिका नं. १२ मा प्रस्तुत गरिएको छ।

तालिका १२: संरक्षणको प्राथमिकतामा रहेका वनस्पति प्रजातिहरू

| सि.नं. | प्रजातिहरू, भाषा र समूहको नामहरू | नेपाली नाम | संरक्षण प्राथमिकता |
|---|---|---|---|
| १. | *Rhododendendron spp.* | लालीगुराँस | IUCN |
| २. | *Asparagus racemosus* Wild | कुरिलो | CAMP, HNCC |
| ३. | *Bombax ceiba* L. | सिमल | GoN २००१ |
| ४. | *Dioscorea deltoidei* Wall. | भ्याकुर | CAMP, HNCC, IUCN |
| ५. | *Engelhardia spicata* Leschen. Ex Blume | महुवा | IUCN |
| ६. | *Tinospora sinensis* (Lour.) Merr. | गुर्जो | CAMP, HNCC |

CAMP = Conservation Assessment and Management Planning, HNCC = Herbs and NTFP Coordination Committee, CITES = Convention on International Trade on Endangered Species of flora and fauna

भक्तपुर जिल्लामा नेपाल सरकार बाट प्रतिवन्धित वनस्पति लौठ सल्ला पाइन्छ ।

### ८.१.४ जिल्लामा पाइने प्रमुख संरक्षित वन्यजन्तुहरूको विवरण

जिल्लामा पाउने प्रमुख संरक्षित वन्यजन्तुहरू विवरण निम्न तालिकामा दिइएको छ।

तालिका १३:संरक्षित वन्यजन्तुहरू विवरण

| सि.न. | नाम | वैज्ञानिक नाम | CITES | IUCN-Red List | कैफियत |
|---|---|---|---|---|---|
| स्तन्धारी जन्तुहरु | | | | | |
| १ | चितुवा | *Panthera pardus* | १ | LR/१c | |
| २ | स्याल | *Canis aureus* | ३ | | |
| ३ | रातो बाँदर | *Macaca mulatta* | २ | LR/nt | |
| ४ | मल्साप्रो | *Martes flavigula* | ३ | | |
| ५ | न्याउरी मुसा | *Herpestes edwardsi* | ३ | | |
| ६ | फ्याउरो | *Vulpes bengalensis* | ३ | DD | |



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

| सि.न. | नाम | वैज्ञानिक नाम | CITES | IUCN-Red List | कैफियत |
|---|---|---|---|---|---|
| ७ | कालो सालक | *Manis pentadactyla* | १ | CEN | नेपाल सरकारद्वारा संरक्षित |
| चरा प्रजाति | | | | | |
| १ | पानि हाँस | *Aythya nyroca* | ३ | VU | |
| २ | हुचिल | *Bubo bubo* | २ | | |
| सरीसृपर उभयचर | | | | | |
| १ | गोहोरो | *Varanus bengalensis* | १ | LC | |
| २ | भ्यागुतो | *Rana tigrina* | २ | | |

श्रोतः वार्षिक प्रगति प्रतिवेदन,डि.व.का, भक्तपुर, २०७८

संकेत

IUCN Appendix

DD : तथ्याङ्क अपुग भएको

EN : संकटापन्न

VU : अति सम्वेदनशिल

T : थ्रेटेन्ड

LR/1c : कम जोखिमपूर्णमा कम सरोकार भएको

RN/nt : कम जोखिमपूर्ण प्राय प्रसस्त भएको

CITES List

I : संकटापन्न अवस्थामा

II : दुर्लभ हुदै गएको

III : व्यापार नियन्त्रण हुनु पर्ने

## ८.१.५ वन्यजन्तु संरक्षणको लागि चालिएका प्रयासहरु

वन्यजन्तु र सुराकी व्यवस्थापन कार्ययोजना वनाई कार्यान्वयन गर्ने गरिएको छ, जसमा सुराकी, वन्यजन्तु संरक्षण कार्यमा खटिने कर्मचारीहरुको लागि खाजा खर्च, सवारी साधनको लागि इन्धन, वन्यजन्तु संरक्षणका लागि स्थानीय स्तरमा अन्तरकृया जस्ता क्रियाकलापमा बजेट छुट्याइ वन्यजन्तुको संरक्षण गर्ने प्रयास चालिएको छ।

वन्यजन्तु संरक्षणको क्षेत्रमा यस जिल्लामा थप निम्न अनुसारका कार्यक्रमहरू सञ्चालन भईरहेका छन्।

- वन्यजन्तुको उद्धार, उपचार तथा पुनःस्थापना।
- वन, वन्यजन्तु तथा मानव सम्वन्धको महत्व सम्वन्धमा स्थानीय पत्रपत्रिका तथा रेडियोबाट प्रचार प्रसार।
- वन्यजन्तु संरक्षण र सुराकीको व्यवस्था।
- वन र वन्यजन्तु विवाद व्यवस्थापन जनचेतनामूलक कार्यक्रम।
- प्राविधिक जनशक्ति तथा सामाग्री सहितको वन्यजन्तु उद्धार केन्द्र (Rescue centre) स्थापना।
- वनक्षेत्रमा वन्यजन्तुहरूको आहराको लागि फलफूलजन्य विरुवाको रोपण।



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

क) संरक्षणको चुनौतीहरू

- जिल्लामा पाइने वन्यजन्तु सम्बन्धी विशेष अध्ययन नहुनु ।
- वन्जन्तुबाट हुने क्षतिको राहत सहयोग समयमा उपलब्ध नहुनु।
- घाईते तथा रोगी वन्यजन्तुको उद्दार, पुनस्थापना तथा उपचारका लागि स्रोत साधनको कमी।
- वन्यजन्तुको अवैध शिकार तथा आखेटोपहार ओसारपसारका लागि सम्बन्धीत सुरक्षाकर्मी तथा सरोकारवाला निकाय बीचमा समन्वय तथा सहकार्यमा कमी हुनु।

ख) वन्यजन्तुको संरक्षणका लागि सुझावहरू

- वन्यजन्तुको महत्व तथा आवश्यकता वारेमा जनचेतना जगाँउनु पर्ने।
- जिल्लामा पाइने वन्यजन्तुका बारेमा विशेष अध्ययन गरी संरक्षणका लागि विशेष रणनीति ल्याउनु पर्ने।
- वन्यजन्तु संरक्षण सम्बन्धी छुट्टै राष्ट्रिय स्तरको कार्यक्रम लागू हुनुपर्ने।
- वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिकाको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने।
- वन्यजन्तु मैत्री पूर्वाधार निर्माण गर्नुपर्ने आदि।
- मानव वन्यजन्तु द्वन्द न्यूनीकरण र वन्यजन्तुबाट भएको क्षतिको राहतमा स्थानीय तह र वन समूहहरूको सहभागिता वढाउने।

ग) संरक्षण तथा व्यवस्थापनका उपाय र कार्यहरू

- वन्यजन्तु संरक्षणका लागि प्रदेश तथा राष्ट्रिय स्तरका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने।
- स्कुल तथा क्याम्पसमा eco-club स्थापना गरी संरक्षणमा जुटनुपर्ने।
- स्थानीय वन समूहहरूलाई वन्यजन्तु संरक्षण तथा व्यवस्थापन सम्वन्धी जनचेतना जगाउनुपर्ने तथा परिचालन गर्नुपर्ने।
- जिल्लामा पाइने वन्यजन्तुका बारेमा विशेष अध्ययन गरी संरक्षणका लागि विशेष रणनीति ल्याउनु पर्ने।
- वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिकाको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने आदि।

### ८.१.६ वन्यजन्तुका लागि महत्वपूर्ण मानिएका स्थानहरू

यस जिल्लामा वन्यजन्तु संरक्षणको लागि महत्वपूर्ण मानिएको स्थानहरूमा यहाँ हस्तान्तरित सम्पूर्ण सामुदायिक वनहरू रहेका छन्। एकातिर प्राकृतिक वनहरू सामुदायिक वनको रुपमा संरक्षण हुनु र अर्कोतिर खाली जग्गामा वनको वृद्धि तथा वनको हैसियतमा सुधार हुनुले यो जिल्ला वन्यजन्तु लागि उपयुक्त वासस्थानको रुपमा वन्दै गएको छ।

### ८.२ वंशानुगत स्रोतको संरक्षण

हाल सम्म गरिएको अध्ययन र अवलोकन अनुसार भक्तपुर जिल्लाको कुनै पनि वनस्पति दुलर्भ अवस्थामा पुगेको छैन, तर पनि कम संख्यामा पाउने चाँप, लौठ सल्ला र सिमल जस्ता प्रजातिको संरक्षण तथा थप विकास नगरी संख्यालाई वढाउन सकिदैन। तसर्थ यी र यस्तै प्रजातिको संरक्षण तथा विकास गर्दै जानु



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

पर्दछ। यसको लागि ५ बर्ष भित्रमा उपरोक्त बाहेकका थप प्रजातिको बारेमा अध्ययन गर्नुपर्ने देखिन्छ। त्यस्ता प्रजातिको बंशानुगत श्रोतको संरक्षणको लागि, प्लस रुख (Plus trees) हरू tree seed stand को रुपमा विकास गर्दै लगिने छ।

### ८.३ वन्यजन्तुको आवतजावत तथा जैविक मार्ग व्यवस्थापन

वन्यजन्तु कोरिडोर (जैविक मार्ग) मानव गतिविधि वा संरचना (जस्तै सडक, विकासका भौतिक पूर्वाधार, वा लगिङ) द्वारा विभाजित वन्यजन्तुको संख्यालाई जोड्ने बासस्थानको क्षेत्र हो। यसले वास्थानहरूको बीचमा वन्यजन्तुहरूको आदानप्रदानलाई सहजीकरण गर्दछ, प्रजनन र कम आनुवंशिक विविधता (आनुवंशिक बहाव मार्फत) को नकारात्मक प्रभावहरू रोक्न मद्दत गर्न सक्छ जुन प्रायः पृथक (isolated) संख्या भित्र हुन्छ।

भक्तपुर जिल्लाको वन क्षेत्र छिमेकी जिल्ला काठमाडौं, ललितपुर र काभ्रेपलाञ्चोक वनसंग जोडिएको देखिन्छ। चितुवा जस्ता वन्यजन्तुको लागि आवतजावत गर्न जैविक मार्गको रुपमा विकास भएको देखिन्छ। तसर्थ जैविक मार्ग व्यवस्थापनको लागि निम्न कामहरू गर्नुपर्ने हुन्छः

- जैविक विविधताको अवस्था र व्यवस्थापन चुनौतीहरूको विश्लेषण गरी संरक्षण तथा व्यवस्थापन योजना तर्जुमा गर्ने।
- जैविक मार्ग व्यवस्थापनका लागि कर्मचारीको क्षमता अभिवृद्धि गर्ने।
- जैविक मार्गहरू, सम्पर्क मार्गहरू (Connectivity) को पहिचान र व्यवस्थापन गर्ने।
- जैविक मार्गको व्यवस्थापनका लागि स्थानीय समुदायलाई पनि उत्तरदायी वनाउने।
- Water hole लगायत पानी संरक्षण हेतु स-साना पोखरी निर्माण गर्ने।

### ८.४ लोपोन्मुख तथा दुर्लभ वन्यजन्तु र वनस्पति प्रजातिको संरक्षण तथा व्यवस्थापन

यस जिल्लामा सालक, कालिज लौठ सल्ला जस्ता वन्यजन्तु तथा वनस्पतिहरु पाइन्छन। यिनीहरुको संरक्षण र व्यवस्थापनमा यस जिल्लामा पहिलेको भन्दा चेतना अभिवृद्धि भएको छ। सरकारद्वारा व्यवस्थित वनको साथै सामुदायिकले पनि आ-आफ्नो वनमा वन्यजन्तु संरक्षणको लागि कार्ययोजनाका समेत विशेष प्राथमिकताका साथ संरक्षणका प्रावधान समावेश गरी चेतनामूलक कार्यक्रमहरू संचालन गरेर संरक्षण गरिराखेका छन्। फलतः वन जंगलमा वन्यजन्तुहरू प्रशस्तै देखिन थालेका छन्।

### ८.५ मानव वन्यजन्तु द्वन्द व्यवस्थापन

मानव वन्यजन्तु द्वन्द्ध खासगरी वस्ती र वन जोडिएको स्थानहरुमा हुने गरे तापनि सामुदायिक वनहरुको विकास संगसंगै वन्यजन्तुहरुको पनि वृद्धि हुँदै गइरहेको छ। अतः यस योजना कालमा वन्यजन्तुको दृष्टिकोणबाट अति महत्वपूर्ण सामुदायिक वन तथा राष्ट्रिय वन क्षेत्रहरुको पहिचान गरी नक्शांकन गरिनेछ। सो अनुसार वन्यजन्तुको वासस्थान संरक्षण एवं व्यवस्थापनका कार्यहरु गरिनेछन्। यस जिल्लामा वन्यजन्तुवाट भएको क्षति वापत उपलब्ध गराइएको राहत सम्वन्धी विवरण अनुसूची १५ मा राखिएको छ । विशेष गरी सुराकी परिचालन एवं पुरस्कार दिने कार्य पनि वागमती प्रदेश,वन निर्देशनालयको



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

स्वीकृति अनुसार तथा स्वीकृत कार्यक्रम अनुसार संचालन गरिनेछ। थप अन्य कार्यक्रमहरु निम्न बमोजिम हुनेछन्:

- हरेक सामुदायिक वनमा वन्यजन्तुको यथार्थ विवरण सहित संरक्षण तथा संवर्द्धनको व्यवस्था गरी कार्यान्वयन गर्ने व्यवस्था गरी त्यसलाई निरन्तरता दिईनेछ।
- वन्यजन्तुको वासस्थान भएको क्षेत्रहरुमा आवतजावत र वन पैदावार समेत संकलन नगर्न संवेदनशीलक्षेत्रहरु तोकी पोष्टर र ब्यानरहरुको प्रयोग गरी प्रचार प्रसार गरिने छ।
- वन्यजन्तुको प्रजातिहरु र त्यसले गर्ने क्षतको प्रकृति बारे अध्ययन गरी कार्ययोजना तयार गरिने छ।
- वन्यजन्तुवाट क्षति भएमा सोका लागि कानून बमोजिम राहतको व्यवस्था गरिने छ।
- वन्यजन्तुको प्रजाति र क्षति गर्ने क्षेत्र पहिचान गरे पश्चात सुरक्षा निकायको समेत सहयोग लिई मानव र वन्यजन्तुको द्वन्द न्यूनिकरण गरिने छ।

**राष्ट्रिय प्राणी उद्यानसंग सहकार्य**

भक्तपुर जिल्लामा मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनको लागि सुर्यविनायक क्षेत्रमा स्थापना भएको राष्ट्रिय प्राणी उद्यानसंग सहकार्य गरि वन्यजन्तु उद्दार तथा पुनर्स्थापन कार्यक्रमहरु संचालन गरिने छन् ।

### ८.६ विशेष महत्वका क्षेत्रको संरक्षण

यस जिल्लामा धार्मिक महत्व भएको क्षेत्र मठ मंन्दिर पूजा आजा गर्ने ठाँउ, वातावरणीय महत्व भएको क्षेत्र, अति क्षयिकरण भएको क्षेत्र, hot spots, साँस्कृतिक महत्वको क्षेत्र, जनजातिहरूको पूजा आजा गर्ने क्षेत्र, पानीको श्रोत संरक्षणको लागि, संरक्षण गर्नुपर्ने जलाधार, उपजलाधार, खोला नदीको उदगम स्थल, पानीको मूल तथा विभिन्न सिमसार क्षेत्रहरू विशेष महत्वको रुपमा रहेको पाइन्छ। यस्ता क्षेत्रहरूको संरक्षण संवर्द्धन वा प्रवर्द्धन एवं विकास गर्दै जानु पर्दछ। यसको लागि अगामी ५ वर्ष भित्र थप अध्ययन अनुसन्धान गर्दै जानु पर्दछ।

### ८.७ वनक्षेत्र भित्र रहेका धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्वका सम्पदाहरूको संरक्षण

भक्तपुर दरवार क्षेत्र र चाँगुनारायण मन्दिर जस्ता UNESCO विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदाहरू, मल्लकालीन कला, नेवारी संस्कृति, र प्राचीन वास्तुकलाले यो जिल्लालाई जीवन्त सङ्ग्रहालय बनाएको छ। यो जिल्लामा सुर्य विनायक, चाँगुनारायण, अनन्त लिङ्गेश्वोर, दक्षिण वाराही, निल वाराही, चारखण्डी महादेव जस्ता प्रशिद्ध धर्म स्थलहरु छन् । साथै न्यातपोल र दत्तात्रय मन्दिरहरु लगायत पचपन्न झ्याले दरवार, मध्यकालीन दरवार जस्ता संस्कृतिक सम्पदाहरुले समेत सिंगारीएको छ।

वन क्षेत्र भित्र रहेका धार्मिक, साँस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रमा नगरकोट जस्तो अग्लो र रमणीय स्थल राजधानीकै मनोरम दृष्यका रुपमा शोभायमान छ। सुर्यविनायक मन्दिर नजिकको जंगल तथा निलवाराही र दक्षिण वारहिको हरियाली क्षेत्र आकर्षक केन्द्रको रुपमा रहेको छ। यो जिल्लामा विभिन्न जात्राहरुमा विस्केट, जिब्रो छेड्ने, इन्द्र जात्रा महत्वपूर्ण छन् । यी परम्परागत पहिचानले र मनोरम दृश्यले गर्दा यस जिल्ला पर्यटनको उत्कृस्ट गन्तव्यको रुपमा रहेको छ। यस जिल्लाको



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

पर्यावरणीय महत्व हुनुको साथै चराचुरुंगीहरुको दृश्यवलोकन केन्द्र को रुपमा विकास गर्न सकिने सम्भावना रहेको छ। त्यस्तै भक्तपुर, चाँगुनारायण,नगरकोट, भक्तपुर पदयात्रामा मार्ग महत्वपुर्ण स्थलको रुपमा रहेको छ। भक्तपुर जिल्लामा वन क्षेत्र भित्र र संगै रहेका धार्मिक, साँस्कृतिक तथा पुरातात्विक महत्वका स्थलहरुको विवरण यस प्रकार रहेका छन्।

तालिका १४: वन क्षेत्र भित्र र नजिक रहेका धार्मिक, साँस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रजवचग

| धार्मिक/पर्यटकीय स्थलको नाम | मेला लाग्ने/पुजा हुने समय | विशेषता वा प्रसिद्धिको कारण |
|---|---|---|
| गाहीटि टोल | दशैं तथा नया वर्ष | भैरवनाथ रथ र अजिमा रथ जुटाउने स्थान (विस्केट) |
| भेलुखेल | नया वर्ष | विस्केट जात्र लिङ्गो उभ्याउने र ढाल्ने |
| तलाकोटोल | विस्केट जात्रा | विस्केट जात्र लिङ्गो उभ्याउने र ढाल्ने,<br>माटोको भाडाकुडा बनाउने र लिङ्गो उभ्याउने र ढाल्ने (विस्केट जात्रा) |
| चाँगुनारायण मन्दिर क्षेत्र | दैनिक, हरिवोधनी एकादशी, कृष्णअष्टमी, नागपंचमी | चाँगु नारायणको मेला, कृष्णको जन्मदिन जनै फेर्ने र नया बाली चढाउने, चंगु नारायण जात्रा |
| चाँगु परिसर | फागुन शुक्ल पुर्णिमाका दिन वंश गोपाल रथ यात्रा | पांग्रा भएको रथमा कृष्ण राखी जात्रा गरिने |
| चाँगु संखदह | माघ शुक्ल द्वादशीका दिन सालिनादिमा माधेव्रत बस्ने व्रतालुहरु आइ नुहाई व्रत बस्ने | स्वस्तानी व्रतालुहरु माघमा चाँगु संखदहमा स्नान गरी व्रत बस्ने। |
| महांकाल कोट | फागु पुर्णिमा | परम्परागत महत्व |
| तेलकोट जंगल | रमणीय स्थल | |
| डल्लेश्वोर, डल्लेश्वोर जात्रा | वैशाख २ गते र माघ महिना भरि | स्थानीय संस्कृति परम्परा अनुसार |
| वाराही जात्रा | भाद्र महिना | लिङ्गो उभ्याउने साथै निकालो वालेर मनाइने जात्रा |



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

| धार्मिक/पर्यटकीय स्थलको नाम | मेला लाग्ने/पुजा हुने समय | विशेषता वा प्रसिद्धिको कारण |
|---|---|---|
| बागेश्वरी र जगेश्वोर महादेव | स्वोस्थानी बर्तम पुज तथा स्थानीय मेला | स्वोस्थानी कथामा नाम भएको र शारीरिक सन्तुष्टि प्राप्त हुने |
| बागेश्वोर मन्दिर | गुरु पुर्णिमा र शिवरात्रि तथा बाला चतुर्दशीमा भव्य मेला लाग्ने | वाल्मिकी ऋषिले तपस्या गरेको स्थान र विशिष्ट किसिमका मुर्ति र मठमन्दिर भएकोले |
| दधिकोट वडा नं ६ चारखण्डी महादेव स्थल | बैशाख १ र २ गते खत | परम्परागत स्थानीय जात्रा |
| दधिकोट वडा नं ७ भैरव मन्दिर | बर्षको एक चोटी | परम्परागत स्थानीय जात्रा |

जिल्लाका ऐतिहासिक, धार्मिक, पुरातात्विक तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण क्षेत्रहरूको संरक्षणका लागि सम्वन्धित विभागीय निकाय, जिल्ला समन्वय समिति र स्थानीय तहद्वारा अगाडि सारिएको योजनालाई तत् तत् निकायसंग समन्वय गरी डिभिजन वन कार्यालयसंग सम्वन्धित संरक्षण एवं विकासका कार्यहरू संचालन गरिनेछ ।



Scanned with CamScanner

## ९.जलश्रोत तथा जलाधार संरक्षण

### ९.१ पानीको स्रोत तथा पानीका मुहान संरक्षण तथा व्यवस्थापन

बढ्दो जनसंख्या र शहरीकरणका कारणले मुख्य शहरी क्षेत्रमा खानेपानीको समस्या दिनप्रतिदिन जटिल बन्दै गइरहेको छ।विकसित हुँदै गरेका नयाँ शहरहरूमा समेत खानेपानीको अभाव टड्कारो रुपमा देख सकिन्छ। फोहोर र विषाक्त पानी खाँदा विभिन्न किसिमका रोग लाग्ने भएकोले स्वच्छ र पिउन योग्य पानी आम नागरिकलाई पुऱ्याउनु अहिलेको अनिवार्य आवश्यकता हो। तर त्यो काम निकै चुनौतीपूर्ण बनेको छ। खासगरी मध्यपुर थिमी र भक्तपुर नगरपालिकामा पानीको निकै समस्या रहेको छ ।यसका अलावा जिल्लाका अन्य पालिकाहरुमा पनि  खानेपानीको समस्या रहेको छ ।

पानीको समस्या दीर्घकालीन रुपमा समाधान गर्नका लागि कृत्रिम जलाशय निर्माण गर्ने र भएका जलाशयहरूको संरक्षण र स्तरोन्नतिमा ध्यान दिन सकियो भने भक्तपुरमा खानेपानीको समस्या धेरै हदसम्म समाधान गर्न मद्दत पुग्नेछ। यसरी निर्माण गरिएका जलाशयहरूबाट पानीको स्रोत संरक्षण हुनुका साथै वर्षाको पानी समेत सङ्कलन गर्न सकिने छ।

पानीका मुहानहरूबाट स्थानीय बासिन्दा लाभान्वित भएका हुन्छन् नै, यिनले खोलालाई निरन्तर बगिरहन मद्दत गर्छन्, यसबाट जैविक प्रणाली चलेको हुन्छ।पछिल्लो समय भएका मानवीय गतिविधिहरूले मुहानको जल पुनर्भरणमा असर पुऱ्याएका छन्। भक्तपुर जिल्लामा सदावहार पोखरीहरु प्रशस्त छन्। सुर्यविनायक र चाँगुनारायण नगरपालिकामा पानीका मुहानहरु रहेको भएता पनि पानीका मुहानको संरक्षण एवं दीगो व्यवस्थापनका लागि देहायका कार्यक्रमहरु संचालन गरिने छ।

- यस जिल्लामा भु तथा जलधार व्यवस्थापन कार्यालयको समन्वय र सहकार्यमा पानीको स्रोत तथा पानीका मुहानको अध्ययन गरी नक्सांकन गर्ने।
- पानीको स्रोत तथा पानीका मुहानको पुनर्भरणका लागि स्थानीय तह र सामुदायिक वन समूहको समन्वय र सहकार्यमा  संरक्षण पोखरी निर्माण तथा भै रहेको पोखरीहरुको मर्मत संभार गर्ने।
- पानीका श्रोत भएका क्षेत्र र पानीका मुहान भएका क्षेत्रहरुमा वन व्यवस्थापनका कार्यहरुलाई विशेष ध्यान दिई व्यवस्थापन गरिने छ।

### ९.२ पानीको संरक्षण तथा संरक्षण पोखरी निर्माण

यस जिल्लाका कृषिका लागि आवश्यक पर्ने पानीको स्रोत बर्षको पानी, पोखरी तथा खोलाहरू रहेका छन्। यस जिल्ला भयर बग्ने नदी/खोला तथा पोखरीहरुको पर्यावरणीय तथा पारिस्थितिकीय प्रणालीमा पछिल्लो दशकमा बढ्दै गएको विनाशले गर्दा वन तथा कृषि क्षेत्र संकटमा पर्दै गएको छ। वर्षाका समयमा बाढी आउने, भू क्षय, नदी कटान, जमीन मुनिको पानीको सतह घट्ने, पानीका मुहानहरू सुक्दै जाने जस्ता असरहरू देखिएका छन्। यी समस्याहरूको सम्बोधन गर्नका लागि वन क्षेत्रमा रहेको पानीको श्रोत तथा सिमसार संरक्षण कार्यक्रम सम्बन्धीत निकाय तथा स्थानीय तहसंगको समन्वयमा निम्न कार्यक्रमहरू सञ्चालन हुनेछन्।



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

- पानी भण्डारण तथा भूमीगत पानी पुनर्भरण संरचना निर्माण
- संरक्षण बृक्षारोपण
- पानी स्रोत संरक्षण तथा भूमीगत जलको बहुउपयोग
- सामुदायिक वन, सरकारद्वारा व्यवस्थित वन क्षेत्रका उपयुक्त स्थानहरूमा स-साना वर्षाको पानीको भल छोप्ने खाडलहरु बनाइने छ साथै संरक्षण पोखरीहरु निर्माण, संरक्षण तथा व्यवस्थापन गरिने छ।

### ९.३ भू तथा जलाधार संरक्षण

भक्तपुर जिल्लाका लागि भू-तथा जलाधार संरक्षण कार्यक्रमको मुख्य कार्यान्वयनको जिम्मा भू तथा जलाधार व्यवस्थापन कार्यालयको र वन तथा भू-संरक्षण विभाग अन्तर्गतको वृहत जलाधार व्यवस्थापन कार्यालयको रहेकाले उल्लेखित कार्यालयहरूसँग समन्वय गरी एकिकृत जलाधार व्यवस्थापन योजना तर्जुमा तथा कार्यान्वयन गरिने। यी कार्यालयले विभिन्न नदी प्रणालीहरुमा कार्य गरिरहेको छ। डिभिजन वन कार्यालय भक्तपुरले ती कार्यक्रमहरुमा भू तथा जलाधार संरक्षण विभागसँग समन्वय गरी वृक्षारोपण जस्ता कृयाकलापहरु निरन्तर सञ्चालन गर्नेछ। भक्तपुर जिल्लामा पर्ने जलाधार तथा उपजलाधार क्षेत्रहरुको अध्ययन गरी जि.आइ.एस बाट नक्साङकन गरी प्राथमिकीकरण गरिनेछ र प्राथिमिकरणको आधारमा कार्यक्रमहरु बनाई कार्यक्रम तर्जुमा गरिनेछ ।

जिल्लाका सबै सामुदायिक वनको कार्ययोजनामा ती वनक्षेत्र भित्र रहेका जलश्रोत तथा भू-क्षयको दृष्टिले संवेदनशील क्षेत्रहरुमा संरक्षणका उपायहरु जस्तैः चरिचरण नियन्त्रण, नदी तथा खोल्साहरुको दायाँबायाँका रुखहरुको संरक्षण, वृक्षारोपण जस्ता कार्यक्रमहरु समावेश गरी समूह मार्फत नै कार्यान्वयन गरी भू-संरक्षणको कार्यहरु हुदै आइरहेका छन्।

भू-क्षय र जलश्रोत संरक्षणको समस्या भएका स्थानहरुमा वृक्षारोपण तथा संरक्षण जस्ता सुधारमुखी कार्यक्रमलाई प्राथमिकता दिईनेछ र यसको लागि प्रजाति छनौटमा समेत ध्यान दिईने छ। नदी कटान तथा पहिरो जाने कारणबाट भू-क्षयको समस्या देखा परेको स्थानहरुमा सम्बन्धीत सरोकारवाला जनसमुदाय तथा निकायसंग समन्वय गरी त्यस्ता समस्याहरुको रोकथाम गर्न सहयोगीको भूमिका निर्वाह गरिनेछ।

### ९.४ खोला किनार संरक्षण तथा भू-क्षय नियन्त्रण

वन क्षेत्रसंग जोडिएको नदी तथा खोला किनारा स्थिरिकरण, आर्थिक र सामाजिक सुरक्षाको दृष्टिकोणले संवेदनशील रहेको छ। यो कार्य संचालन गर्दा बायोइन्जिनियरिङ्ग प्रविधिलाई बढी प्राथमिकता दिनु पर्छ। साथै स्थानीय उपभोक्ताको सहभागीता र सहकार्यलाई प्राथमिकता दिई सञ्चालन गर्नुपर्ने हुन्छ। बायोइन्जिनियरिङ्ग बाहेकका संरचना जस्तै तट्वन्ध, स्पर र चेकड्याम निर्माण गर्नु पर्ने भएमा नदी, खोलाको बहाव क्षेत्रको लागि आवश्यक ठाउँ छोडेर नदी र खोलाको अर्को किनारामा कटान नबढ्ने गरी मात्र निर्माण गरिनेछ र तटबन्धको संरचना निर्माण गर्दा प्राविधिक रुपमा आवश्यक पर्ने लंचिङ एप्रोन, स्टड र स्परहरूको अनिवार्य व्यवस्था गरिनेछ। निर्मित संरचनाको दिगो संरक्षण गर्नको लागि नदीको दुवै किनारमा हरित पेटि निर्माण कार्य शुरु गरिनेछ।



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

यस जिल्लामा वर्षाका समयमा अत्यधिक बाढी आउने, डुबान, भू क्षय, नदी कटान, जमीन मुनिको पानीको सतह घट्ने, पानीका मुहानहरू सुक्दै जाने जस्ता असरहरू देखिएका छन्। यसले गर्दा कृषिमा आधारित हाम्रो अर्थतन्त्रमा कृषि उत्पादनमा क्रमश कमी आइ ठूलो जोखिम निम्त्याइरहेको छ।यी समस्याहरूको सम्बोधन गर्नका यस अन्तर्गत निम्न कार्यक्रमहरू सञ्चालन तथा कार्यान्वयन प्रक्रिया अपनाइने छ।

<u>कार्यक्रमहरू</u>

- गल्छी पहिरो भू क्षय नियंत्रण
- बायो ईन्जिनियरिङ खोला तथा खहरे किनारा स्थिरीकरण तथा व्यवस्थापन
- पानी भण्डारण तथा भूमीगत पानी पुनर्भरण संरचना निर्माण
- संरक्षण वृक्षारोपण
- पानी स्रोत संरक्षण तथा भूमीगत जल उपयोग आदि

## ९.५ सिमसार संरक्षण तथा व्यवस्थापन

सिमसारहरू सतहपानीको स्रोत मात्रै नभई भूमिगत जल पुनर्भरणको माध्यम समेत हुन्। जैविक विविधता, साँस्कृतिक महत्व र पर्यटकीय सम्भावना समेत भएका यस जिल्लामा रहेका सिमसारहरूको नक्शांकन र अभिलेखीकरण गरी प्राथमिकताको आधारमा क्रमशः संरक्षण र व्यवस्थापनको कार्य गरिने छ। तालतलैया, पोखरी तथा सिमसार क्षेत्रहरूमा उपल्लो तटीय क्षेत्रबाट पुग्न जाने सम्भाव्य थिग्रिकरणको असरलाई न्यूनीकरण गरी सिमसार क्षेत्रको वातावरणीय स्वच्छता कायम गर्ने सहितको कार्यक्रमहरू संचालन गरिनेछ।



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

# १०. वातावरण संरक्षण तथा जलवायु परीवर्तन नियन्त्रण

## १०.१ वातावरणीय सेवा मूलप्रवाहीकरण

जैविक विविधता संरक्षण, वन तथा वन्यजन्तु संरक्षण, पानीको मुहान संरक्षण, पारिस्थिकीय प्रणालीको संरक्षण, खाली ठाउँमा वृक्षारोपण आदि कार्यमा जनसमुदायको सहभागिता अपरिहार्य रहेको छ। कुनै पनि वन विकास वा आयोजना वा परियोजनाहरूको कार्यहरू संचालन हुँदा संचालन हुने ठाउँ (उदगम स्थान) देखि केही दुरीसम्म प्रभाव पार्ने भएको हुनाले ती प्रभावित क्षेत्रभित्र वसोवास गर्ने जीवजन्तु लगायत मानिसहरूको समुदाय समेतलाई वातावरणीय सेवाबाट पाउने सुविधाहरूबाट बन्चित गर्नुहुँदैन भन्ने मूलप्रवाहीकरणमा समाहित गराउनु पर्ने आशय बुझ्न सकिन्छ।

यस जिल्लामा रहेका वनहरूमा विभिन्न वन व्यवस्थापनका मोडेलहरूद्वारा वन व्यवस्थापनका कार्यहरू विगतका वर्षहरू देखि संचालन भइरहेका छन्। जस्तै सामुदायिक वनममा स्थानीय उपभोक्ताहरुलाई वन संरक्षण र व्यवस्थापनमा सहभागी गराई स्थानीय समुदायहरूलाई वातावरण संरक्षणको मूलप्रवाहमा ल्याउने कार्य भएको छ । हैसियत विग्रेका वनहरु विपन्नहरुको लागी कबुलियती वनको रुपमा व्यवस्थापन गर्न दिइ वनको हैसियतमा सुधार ल्याइ वातावरण संरक्षणमा स्थानीय जनतालाई समेटएको छ। त्यसैगरी धार्मिक वन संरक्षण मार्फत पूजाआजा गर्न काठ दाउराको उपलब्धता भई संस्कृति संरक्षणमा टेवा पुऱ्याइरहेको छ।

वातावरणीय सेवा मूलप्रवाहीकरणमा स्थानीय जनसमुदायलाई समावेश गराउनको लागि जिल्ला वनक्षेत्र समन्वय समितिको बैठक, सब डिभिजन वन कार्यालय स्तरीय सरोकारवालाहरूको मासिक बैठक संचालन, वन डढेलो नियन्त्रणको लागि संजाल गठन र संचालन, वन र वन्यजन्तु संरक्षणको लागि सामुहिक गस्ती परिचालन, वन विकास कार्यमा उपभोक्ता समुहहरूको सहभागिता, जलवायु परिवर्तन र वातवारणीय प्रभावका विपयमा गोष्ठी संचालन आदि कार्यक्रमहरू यस रणनीतिक आवधिक योजना अवधिमा संचालन गर्ने भनी प्रस्ताव गरिएको छ।

वातवरणीय सेवाको मूलप्रवाहीकरण जनसमुदायहरूको सहभागिता पश्चात अप्रत्यक्ष फाइदा बाहेक प्रत्यक्ष फाइदाहरूमा काठ दाउरा र घाँस प्राप्त गर्नु, पानी मुहानको संरक्षणबाट खानेपानीको व्यवस्थापन हुनु तथा सिमसार संरक्षण गरी खेतीयोग्य जमीनमा सिंचाईको व्यवस्था हुनु, पर्यापर्यटन व्यवसायबाट आम्दानी हुनु, कृषि आदिमा सहयोग पुगेको छ।

वातावरणीय सेवा भन्नाले वन क्षेत्रको पारिस्थितिकिय प्रणालीबाट प्राप्त हुने सेवा तथा लाभलाई बुझाउँदछ। विशेषगरी प्रकृतिबाट प्राप्त वातावरणीय सेवा तथा वस्तुलाई प्रकृतिको निःशुल्क उपहारका रूपमा लिने मानवीय सोचका कारण प्राकृतिक स्रोतको अत्यधिक दोहन भई समग्र पारिस्थितिकीय प्रणालीमा पर्न गएको नकारात्मक असर न्यूनीकरण गर्न वातावरणीय सेवा भुक्तानीको अवधारणालाई विश्वव्यापीरूपमा अगाडि ल्याइएको पाइन्छ। सन् १९७२ मा संयुक्त राष्ट्र संघीय मानव तथा वातावरण महासम्मेलनबाट मानव तथा वातावरणको अन्तरसम्बन्धलाई महत्वपूर्ण मान्दै वातावरण तथा पारिस्थितिकीय प्रणाली संरक्षणका प्रयासलाई विश्व समुदायले प्रमुख रूपमा लिँदै आएका छन्।



डिभिजनल वन अधिकृत (नवौं तह प्रा.)

Scanned with CamScanner

जिल्लाको वन क्षेत्रको स्रोत प्रयोग गरेवापत सेवा उपयोग गर्ने संस्थासँग समन्वय गरी सम्भावना भएसम्म संरक्षण गर्ने स्थानीय जनतालाई वातावरणीय सेवाको भुक्तानी सम्बन्धी व्यवस्था मिलाइनेछ। वन, जैविक विविधता, जलाधार तथा जलचक्र प्रणालीको संरक्षण र व्यवस्थापन गरी वातावरणीय सेवाको उपयोग गर्ने व्यक्ति, समूह, संगठित संस्था व अन्य निकायबाट वातावरणीय सेवा उपयोग गरेवापत वन नियमावली, २०७९ मा भएको व्यवस्था अनुसार कार्यान्वय गरिनेछ। यसरी जैविक विविधता, जलाधार, जलचक्र प्रणाली र पर्यापर्यटनमा आधारित वातावरणीय सेवाको व्यवस्था गरी त्यस्तो सेवा विक्री गर्न चाहने समुदायमा आधारित वन समूहहरूको कार्ययोजनामा आवश्यकता अनुसार संशोधन गरी सोमा वातावरणीय सेवा सम्बन्धी व्यवस्था राख्न चाहेमा डिभिजन वन कार्यालयबाट स्वीकृत दिन सकिनेछ।

**वातावरणीय सेवा भुक्तानीलाई कार्यान्वयनका लागि निम्न बुदाँहरू अवलम्बन गर्नु पर्ने देखिन्छ।**

- वातावरणीय सेवा भुक्तानीलाई संस्थागत रूप दिन स्थानीय सरकार सहितको त्रिपक्षीय संरचना निर्माण गर्नु प्रभावकारी हुने।
- नयाँ योजनाका लागि गरिने वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय अध्ययन सँगसँगै वातावरणीय सेवा भुक्तानीका सम्भावनाहरूको पनि अध्ययन गरी त्यसलाई वातावरणीय प्रभाव न्यूनीकरणको उपायका रूपमा अवलम्बन गर्न सके दिगो विकास तथा संरक्षणमा टेवा पुग्ने।
- वातावरणीय सेवा भुक्तानीको प्रक्रियालाई विद्यमान प्राकृतिक स्रोत व्यवस्थापनकै पूरक कार्यक्रम वा योजनाका रूपमा अवलम्बन गर्न सके प्रभावकारी हुने।
- वातावरणीय सेवा भुक्तानी संयन्त्रलाई संस्थागत गर्न सरकारी तहबाट नीतिगत व्यवस्थाका साथै उपयुक्त संयन्त्र निर्माण गर्नु आवश्यक देखिन्छ।

## १०.२ वनको क्षयीकरण र प्रदुषण नियन्त्रण

कुनै पनि कारणवाट हुने वनको विनाश र क्षयीकरण जसको कारण वनको उत्पादकत्व कम हुने र कार्वन उत्सर्जन वृद्धि हुने कार्यलाइ न्यूनीकरणका लागि वन कार्वन संरक्षण, वनको दिगो व्यवस्थापन र वन कार्वन सञ्चिति अभिवृद्धि सम्बन्धी कृयाकलापलाई बढवा दिने कृयाकलापहरु संचालनमा जोड दिईने छ। उपयुक्त व्यवस्थापन पद्दतिको छनौट नगरिनु, आगलागी, पहिरो, अतिक्रमण, वन क्षेत्रलाई वाटो निर्माण तथा अन्य विकासका काममा उपयोग गर्दा वनको उत्पादकत्व घट्दै गएको छ। वनको क्षयीकरण र प्रदूषण नियन्त्रणका देहाय कार्यक्रमहरु संचालन गरिने छ ।

- वनको अवस्था र समुदायको आवश्यकता अनुसार वनको दिगो व्यवस्थापन गर्ने ।
- वन अतिक्रमण नियन्त्रण गर्न नापी कार्यालय तथा नापी विभागसँग समन्वय गरी वन क्षेत्रको भौगोलिक सूचना प्रणाली तथ्याङ्कको सिमांकन गर्ने ।
- वन क्षयीकरणलाई न्यूनीकरण एव प्रदुषण नियन्त्रण गर्नका लागि वनको दिगो व्यवस्थापन र वन कार्वन सञ्चिति अभिवृद्धि सम्बन्धी कृयाकलापलाई बढवा दिने कृयाकलापहरु संचालन गर्ने।
- सामुदायिक वन र स्थानीय तहको समन्वय र सहकार्यमा वन क्षयीकरण न्यूनीकरण एव प्रदुषण नियन्त्रणको लागि जनचेतना कार्य सञ्चालन गर्ने ।



डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

### १०.३ जलवायू परिवर्तन न्यूनीकरण र कार्बन सञ्चिति

#### क. जलवायू परिवर्तन न्यूनीकरण

हरितगृह ग्याँस उत्सर्जन रोक्न वा वायुमण्डलमा भएको कार्वनडाइअक्साइडलाई शोषण गरी कार्वन संन्चिती बढाउने खालका सम्पुर्ण गतिविधीलाई न्यूनीकरण भनिन्छ। धेरै कार्वन उत्सर्जन गर्ने जिवावशेष इन्धन र दाउराको सट्टामा न्युन कार्वन उत्सर्जन गर्ने ऊर्जाका विकल्पहरू, नविकरणीय ऊर्जास्रोतहरू (वायु ऊर्जा, गोवर ग्यास,सौर्य ऊर्जा, जलविघुत आदि) को विकास र विस्तारलाई द्रुतगतिमा अगाडी बढाउन आवश्यक छ। विकासका पूर्वाधार निर्माण तथा उद्योगधन्दा खोल्दा प्रारम्भिक वातावरणीय परिक्षण (IEE), वातावरणीय प्रभाव मुल्याङ्कन अध्ययन (EIA) गर्नु अपरिहार्य छ। उद्योगधन्दाबाट हुने प्रदुषणको मापदण्ड निर्धारण गरी उद्योगबाट उत्सर्जन हुने कार्वन, फोहोरमैला र उपयोग हुने जिवावशेष इन्धनका आधारमा कार्वन कर, फोहरमैला कर र ऊर्जा कर लगाई करबाट उठेको पैसा वातावरण संरक्षणमा खर्च गर्न सकिन्छ। सवारी साधनबाट हुने प्रदुषणलाई घटाउन बढी प्रदुषण गर्ने पुराना थोत्रा सवारी साधनलाई विस्थापन गर्ने, निजी सवारी साधनको प्रयोगलाई घटाउन वातावरणमैत्री सार्वजनिक यातायातका साधनका संख्या वृद्धी गर्ने, प्रदुषण गर्ने सवारी साधनलाई कर लगाई वातावरणमैत्री सवारी साधनलाई अनुदान दिएर सवारीसाधनबाट हुने हरितगृह ग्याँसको उत्सर्जनमा कमी ल्याउन सकिन्छ। वनले अक्सिजन दिनुका साथै कार्वन सन्चित गर्ने भएकाले वनको संरक्षण र दिगो वन व्यवस्थापन, खाली ठाँउमा वृक्षारोपण गरी वन विनाश र वन क्षयीकरणबाट जोगाउनु पर्छ। वनले जलवायु परिवर्तनवाट हुने जोखिमहरू बाढी, पहिरो, भु-क्षय, अत्याधिक गर्मीवाट बचाउने भएकोले वनक्षेत्रको अतिक्रमण, वन डढेलो, हिमाली क्षेत्रमा हुने खोरिया खेतीलाई नियन्त्रण गर्नु पर्दछ। वन डढेलो नियन्त्रण गर्न अग्निरेखाको निर्माण, स्थानीय जनताको क्षमता विकास गर्न तालिमको व्यवस्था र भु-उपग्रह प्रविधिको भरपुर प्रयोग गर्न आवश्यक छ।

कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न स्थानीय उन्नत जातको वाली लगाउने, उन्नत तथा दुधालु जातका गाईवस्तुको वितरण, गुणस्तरिय प्राङ्गारिक मल उत्पादनको लागि किसानलाई तालिम, माटोको नियमित परिक्षण, पशु स्वास्थ्यको राम्रो प्रवन्ध, सिचाईको राम्रो प्रबन्ध, स्थानीय डाँलेघासको विउको वितरण, कृपिवन प्रणालीको विस्तार गरी किसानको जिविकोपार्जनमा सुधार ल्याउनुका साथै किसानबाट हुने वनको क्षयीकरण तथा अतिक्रमणलाई नियन्त्रण गर्न सकिन्छ। खेतवारीबाट अन्नपात थन्क्याएपछि रहेको झारपातलाई जलाउनको सट्टामा कुहाएर कम्पोष्ट मल बनाएर कार्वन उत्सर्जन घटाउन सकिन्छ।बढ्दो र अव्यवस्थित सहरिकरणले वातावरणलाई नकारात्मक असर पार्ने भएकाले सेवा सुविधाको विकेन्द्रिकरण गरी सहरी क्षेत्रमा हुने प्रदुषण विशेष गरी वायु प्रदुषणलाई न्यूनीकरण गर्न सकिन्छ। विकासको नाममा भएका वन फडानीलाई क्षतिपूर्ति गर्न फडानी भएको क्षेत्रफल वरावर अर्को ठाउँमा वृक्षारोपण गरी वन क्षेत्र घट्न दिनु हुदैन। उद्योगधन्दा र घरायसी कामबाट निस्केको फोहरमैलालाई कुहिने र नकुहिनेमा छुट्टयाई कुहिनेवाट कम्पोष्ट मल बनाउन सकिन्छ भने नकुहिने फहोरलाई पुनः प्रयोगमा ल्याउन सकिन्छ। फोहरमैलाबाट विघुत उत्पादन गर्ने प्रविधिको विकास र विस्तारमा जोड दिनु पर्छ। जलवायु परिवर्तन सँगै कृपिवालीमा रोग, किराको प्रकोप बढ्ने भएकोले रासानिक विषादीको प्रयोग बढ्ने गर्छ। रोग, किराको प्रकोप नियन्त्रण गर्न जैविक विषादी र शत्रुजिवको प्रयोग गर्न सकिन्छ। रेफ्रिजिरेटर तथा एयर



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

कम्प्रिसर्नरले क्लोरोफ्लोरोकार्बन र हाइड्रोफ्लोरोकार्बन उत्सर्जन गर्ने भएकाले गिनीहरूको प्रयोगलाई निरुत्साहित गर्न आवश्यक छ।

ख. कार्बन सञ्चिती

बिरुवा रोपिसकेपछि त्यो हुर्कदै जान्छ। जब जब ठूलो हुँदै जान्छ त्यसको काण्ड हाँगा पातहरू पनि बढ्दै जान्छ। जबसम्म रुखको वृद्धि भइरहन्छ तबसम्म कार्बन पनि सञ्चिति बढ्दै जान्छ। तर यो बढ्ने क्रम र परिमाण प्रत्येक प्रजाति, स्थानीय हावापानी तथा हुर्किने दरमा निर्भर हुन्छ। रुखहरूको स्वभाव अनुसार कार्बनको सञ्चितिमा तल माथि पर्दछ।

जलवायू परिवर्तन न्यूनीकरणका लागि उपयुक्त र प्रभावकारी पद्धतिको रुपमा रेडको अवधारणा विकास भए देखिनै नेपालमा समेत वन कार्बन मापनको कार्य सुरु भएको देखिन्छ। नेपाल सरकारबाट जारी **वन कार्बन मापन मार्गदर्शन २०६७** को अधिनमा रही वन क्षेत्रमा रहेको कार्बन संचितिको कार्बन विश्लेषणको गर्न सकिने छ।

## १०.४ रेड प्लस

वन तथा वातावरण मन्त्रालय अन्तर्गत रेडप्लस कार्यान्वयन एकाईले अवलम्वन गरेका नीति र कार्यक्रमहरु कार्यान्वयन गर्न यस जिल्लाले विशेष रुपमा कार्यान्वयनमा जोड दिनेछ।रेडप्लसले वन विनाश र वन क्षयीकरण न्यूनीकरणका साथै वन कार्बन संरक्षण, वनको दिगो व्यवस्थापन र वन कार्बन सञ्चिति अभिवृद्धि सम्बन्धी कृयाकलापलाई अवलम्वन गरेको छ।रेडप्लसको अवधारणा अनुसार विकसित राष्ट्रले सहभागी विकासशील राष्ट्रलाई वन विनाश र क्षयीकरण रोकेर कार्बन उत्सर्जन घटाए बापत तथा वनमा कार्बन सञ्चिति बढाए बापत आर्थिक सहयोग गर्छन्।नेपाल लगायत विकासशील राष्ट्रहरूले यस अवधारणा सम्वन्धि विभिन्न नमूना कार्यक्रमहरू कार्यान्वयन गर्दै आएका छन्।नेपालले रेड कार्यान्वयनको प्रारम्भिक चरणको क्रममा विश्व बैंकसँगको सहकार्यमा वन कार्बन साझेदारी सहुलियत (Forest Carbon Partnership Facility) अन्तर्गत पूर्व तयारी प्रस्तावना (Readiness Preparation Proposal) कार्यान्वयन गर्दै आएको छ भने नेपालले UN-REDD को सदस्यता प्राप्त गरी सकेको छ।यस प्रकारको सहयोगबाट लाभान्वित हुनका लागि नेपाल सरकारले आवश्यक आधारभुत दस्तावेज तयार गरी कार्बन ब्यापारमा पनि संझौता गरेको छ।यस रेडप्लसलाई प्रभावकारी कार्यान्वयन गरी कार्बन सञ्चिति बढाई लाभान्वित लिनका लागि देहायको कार्यक्रमहरु संचालन गरिने छ।

- कार्बन उत्सर्जन घटाउन र कार्बन सञ्चिति बढाउन स्थानीय वन समूहहरु र अन्य सरोकारवालाहरुको समन्वय र सहकार्यमा जनचेतना अभिवृद्धि कार्यक्रम संचालन गर्ने।

## १०.५ जलवायुजन्य जोखिम न्यूनीकरण तथा अनुकूलनका उपायहरू

जलवायु परिवर्तनले प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा समग्र देशको आर्थिक, सामाजिक, वातावरणीय पक्षहरूमा तथा जिविकापार्जनमा प्रभाव पार्दछ। जलवायु परिवर्तनले मौसमी वर्षामा बदलाव ल्याइ अतिवृष्टि, अनावृष्टि



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

गराउँछ। साथै यसले हिमाल तथा पहाडमा पहिरो, भु-क्षयको जाखिम बढाउँछ। खराब मौसमले गर्दा हुने विपद/प्रकोपले जनधनको ठूलो क्षती गराउँछ। विशेष गरी विकासका भौतिक पूर्वाधारमा ठूलो नोक्सानी पुर्याउँछ। लामो समयसम्म सुख्खा तथा खडेरी पर्दा वन डढेलोका घटना बढेका छन्।विश्वव्यापी जलवायु परिवर्तन तथा वाष्पिकरणले जैविक विविधता लोप हुदै गईरहेका छन् भने अर्कोतिर मिचाहा प्रजातिको प्रकोप बढेको छ। वन्यजन्तुको आहारामा कमी हुनुका साथै तिनीहरू बासस्थान खुम्चिदै जाँदा वन्यजन्तुको संरक्षण र बासस्थान व्यवस्थापनमा चुनौती थपिएको छ। लामो समयसम्म खडेरी पर्न गई पानीका मुहानहरू धारा, कुवा, पोखरी, जलाशय तथा बोरिङहरू सुक्दै गएका छन्।खडेरीले गर्दा जमिनमुनीको पानीको सतह घट्दा तराईमा खानेपानीको हाहाकार मच्चिनुका साथै खाद्यान्न उत्पादनमा ह्रास आएको छ। जलवायु परिवर्तनले प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा पानीको स्रोत, कृषि, वन तथा जैविक विविधता, स्वास्थ्य, पूर्वाधार ,विकास, पर्यटन आदिका नकारात्मक असर पार्ने भएकोले सोही अनुरुप न्यूनीकरण तथा अनुकुलनका योजना तर्जुमा गर्नु आवश्यक छ।जलवायु जोखिम न्यूनीकरण तथा अनुकुलनका उपायहरू निम्न अनुसार रहेका छन।

अनुकूलन

- वनको विकास, संरक्षण र उपयोगमा जनसहभागितालाई सुश्चित गरी कार्वन सञ्चिति बढाई स्थानीय जनताको जीविकोपार्जनमा टेवा पुऱ्याउन सामुदायिक वनका उपभोक्ताहरुको क्षमता अभिवृद्धि कार्यक्रमहरु संचालन गर्ने।
- नदीतटीय तथा बाढीको उच्च जोखिम क्षेत्रमा धनजनको क्षति हुनबाट बचाउन पुर्वसूचना प्रणालीको विकासमा सहयोग गर्ने।
- जलवायु परिवर्तनका सवालहरु र यसका प्रभावको सम्वन्धामा जनचेतना अभिवृद्धि कार्यक्रमहरु संचालन गर्ने।
- सामुदायिक वनको कार्ययोजना तयार गर्दा जलवायु परिवर्तन अनुकूलन योजना समेत समावेश गरी कार्यान्वयनलाई जोड दिईने छ।
- भू-क्षय तथा गल्छी पहिरो नियन्त्रण कार्यहरु।
- जैविक मलको प्रयोग।
- संरक्षण पोखरी तथा सिंचाई कुलो संरक्षण।
- पदयात्रा तथा पर्यापर्यटनमा आधारित आयआर्जन।
- समुदायमा जनचेतना विस्तार तथा जनचेतना अभिवृद्धि।



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

## ११. वन व्यवस्थापन पद्धति

वन ऐन, २०७६ र वन नियमावली, २०७९ मा व्यवस्था भए अनुसार संरक्षित क्षेत्र बाहेकका राष्ट्रिय वनलाई सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, कबुलियत वन, साझेदारी वन, धार्मिक वन, वन संरक्षण क्षेत्र प्रदेश भित्रको राष्ट्रिय वन र अन्तरप्रादेशिक वनको रुपमा व्यवस्थापन गरिदै आएको छ। प्रचलित कानून अनुसार भक्तपुर जिल्लमा रहेका राष्ट्रिय वनलाई सरकारद्वरा व्यवस्थित वन, सामुदायिक वन, व्यवसायिक कबुलियती वन र धार्मिक वनको रुपमा व्यवस्थापन गर्दै आईरहेको छ । राष्ट्रिय वन व्यवस्थापन गर्दा सम्बन्धीत निकायले कार्ययोजना तयार गरी तोकिएको निकायबाट स्वीकृत गरी कार्यान्वयन गरिदै आई रहेको छ । यसका साथै सार्वजनिक जग्गाको वन र सहरी वनको रुपमा सार्वजनिक स्थल र नगर क्षेत्रहरुमा वन क्षेत्रको विकास, विस्तार र व्यवस्थापन गर्दै आएको छ भने राष्ट्रिय प्राणी उद्यानले पनि वनको संरक्षण गर्दै आएको छ। व्यवस्थापनको आधारमा यस जिल्लामा रहेको राष्ट्रिय वनहरुमा अपनाईएका व्यवस्थापनका पद्धति र यसका व्यवस्थापकीय क्षेत्रहरुको विवरण देहाय बमोजिम रहेको छ।

### ११.१ सरकारद्वारा व्यवस्थित वन

वन ऐन २०७६ र वन नियमावली, २०७९ मा सरकारद्वारा व्यवस्थित वनको व्यवस्था गरिएको छ । राष्ट्रिय वनको यो भागलाई यस प्रदेशको वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत भएको कार्ययोजना वमोजिम डिभिजन वन कार्यालयबाट व्यवस्थापन गरिन्छ। यस्तो वनबाट उत्पादित वन पैदावारमा सरकारको स्वामित्व रहन्छ र इजाजत प्राप्त अधिकारीबाट इजाजत नलिई कुनै प्रकारको वनपैदावार सङ्कलन, विक्रीवितरण तथा निकासी वा ओसारपसार गर्न पाईदैन।

भक्तपुर जिल्लामा रहेको सरकारद्वारा व्यवस्थित वन भनेको स्थानीय समुदायलाई व्यवस्थापनको लागि हस्तान्तरण गरी बाँकी रहन गएको वस्ती भन्दा टाढा र स्लोप वढी भएको वन क्षेत्रहरु पर्दछन। हाल सम्म यस्ता वन क्षेत्रहरुको सरक्षण मात्र गरिएको छ र व्यवस्थापन गरी वन पैदावारहरुको उत्पादन गरिएको छैन । डिभिजन वन कार्यालयको तथ्याङ्क अनुसार सरकारद्वारा व्यवस्थित वनको क्षेत्रफल ५७.४१ हेक्टर रहेको छ। आगामी दिनमा यसलाई व्यवस्थापन गर्दा वनको अवस्था अनुसार र आवश्यकता तथा आर्थिक सम्भावनाको आधारमा गरिने छ।

### ११.२ सामुदायिक वन

भक्तपुर जिल्लामा १८००.८४ हेक्टर वन क्षेत्र सामुदायिक वनको रुपमा हस्तान्तरण भएको छ। यस जिल्लामा आ.व. २०८१/०८२ सम्ममा ५७ वटा उपभोक्ता समूहले उक्त वन क्षेत्रको व्यवस्थापन गर्दै आएका छन् भने करिब १०९६८ घरधुरीहरु प्रत्यक्ष रुपमा लाभान्वित भै रहेका छन्। यसको विवरण अनुसुची १० मा समावेश गरिएको छ।

विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)



Scanned with CamScanner

## ११.३ साझेदारी वन

जिल्लामा हालसम्म साझेदारी वनको रुपमा समुदायमा वन हस्तनान्तरण भएको छैन।

## ११.४ गरिबका लागि कबुलियती वन

यस जिल्लामा हाल सम्म गरिबीको रेखामुनी रहेका समुदायलाई कबुलियती वनको रुपमा हस्तान्तरण गरिएको छैन।

## ११.५ धार्मिक वन

यस जिल्लामा हालसम्म ३ वटा धार्मिक वनको रुपमा समुदायमा वन हस्तनान्तरण भएका छन्। हस्तान्तरित धार्मिक वनको क्षेत्रफल ८.९ हे. रहेको छ ।

## ११.६ वन संरक्षण क्षेत्र

डिभिजन वन कार्यालयको कार्यक्षेत्रमा वन संरक्षण क्षेत्र छैन।



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

## १२. व्यवसायिक कबुलियती वन र पर्यापर्यटन

### १२.१ व्यवसायिक कबुलियती वन

बागमती प्रदेश वन ऐन, २०७६ मा वन पैदावारमा आधारित उद्योगहरूलाई आवश्यक कच्चा पदार्थ उत्पादन, वृक्षारोपण गरी वन पैदावारको उत्पादनमा वृद्धि गरी बिक्रीवितरण वा उपयोग, वनको संरक्षण र विकास हुनेगरी कृषि, वन, बाली वा पशुफार्म सञ्चालन, वनको संरक्षण र विकास हुनेगरी किटफटयांग्रा तथा वन्यजन्तुको फार्म वा उद्यान सञ्चालन गर्न र वनको संरक्षण र विकास हुनेगरी पर्यापर्यटन व्यवसाय सञ्चालन गर्न हैसियत बिग्रिएको वन (२० प्रतिशत भन्दा कम छत्र घनत्व) भएको वन क्षेत्र कबुलियती वनको रुपमा सम्झौता गरी प्रचलित कानून बमोजिम स्थापित कुनै संगठित संस्थालाई प्रदान गर्ने व्यवस्था गरेको छ । हाल सम्म यस कार्यालयको कार्यक्षेत्रमा २ वटा व्यवसायिक कबुलियती बन लाई २८.६३ हेक्टर हस्तान्तरण गरिएको छ।होटल माउण्ट मोनाष्ट्री प्रा.लि., ठमेल, काठमाण्डौं, ले सुर्यविनायक नगरपालिका-७ मा २६.३६ हेक्टर र सिद्धार्थ फाउण्डेशन, बौद्ध, काठमाण्डौ ले चाँगुनारायण नगरपालिका-६ मा १.२७ हेक्टर वन व्यवसायिक कबुलियती वनको रुपमा व्यवस्थापन गर्दै आएका छन् ।

### १२.२ पर्यापर्यटन

भक्तपुर जिल्ला सांस्कृतिक, ऐतिहासिक र प्राकृतिक सौन्दर्यको अनुपम संगम भएकाले यहाँ पर्यापर्यटनको प्रचुर सम्भावना रहेको छ। काठमाडौं उपत्यकाको पूर्वी भागमा अवस्थित यस जिल्लामा सुन्दर वन क्षेत्र, ऐतिहासिक सम्पदा, धार्मिक स्थल र ग्रामीण जीवनशैलीको संयोजनका कारण पर्यापर्यटकहरूका लागि आकर्षक गन्तव्य बन्दै आएको छ।यस जिल्लामा पर्यापर्यटनको सम्भावनालाई निम्न अनुसार प्रस्तुत गरिएको छः

#### क) वन, वन्यजन्तु अवलोकन र प्रकृति पदयात्रा

भक्तपुरका वन क्षेत्रहरू, विशेषगरी सूर्यविनायक र चाँगुनारायण वरपरका डाँडाकाँडा, जैविक विविधताले भरिपूर्ण छन्। यी क्षेत्रमा विभिन्न प्रजातिका चराचुरुङ्गी (जस्तै कालिज, काँडे भ्याकुर), स्तनधारी जनावरहरू (जस्तै सालक) र अन्य वन्यजन्तुहरू पाइन्छन्। वनभित्र पदयात्रा मार्गहरूको विकास गरी पर्यटकहरूलाई प्रकृति र वन्यजन्तुको अवलोकन गर्ने अवसर प्रदान गर्न सकिन्छ। यसले शहरी कोलाहलबाट टाढा शान्त वातावरणमा प्रकृतिको अनुभव लिन चाहने पर्यटकहरूलाई आकर्षित गर्छ।

#### ख) ऐतिहासिक र धार्मिक वन क्षेत्रको आकर्षण

भक्तपुरमा रहेका ऐतिहासिक र धार्मिक महत्त्वका वन क्षेत्रहरू, जस्तै चाँगुनारायण मन्दिर वरपरको वन वा रानीकोट नजिकका धार्मिक स्थलहरू, पर्यापर्यटनका लागि उत्कृष्ट गन्तव्यका रुपमा रहेका छन्।यी क्षेत्रमा पर्यटकहरूले प्रकृतिको आनन्द लिनुका साथै स्थानीय संस्कृति, परम्परा र इतिहासबारे जानकारी



विश्व कोइराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

भ्रमण गर्न सक्छन्। वन क्षेत्रभित्र रहेका तालतलैया र पोखरीहरूलाई व्यवस्थित गरी थप आकर्षक बनाउन सकिन्छ।

भक्तपुर नगरपालिका क्षेत्रभित्रका एतिहासिक स्थलहरु र नगर उद्यानहरूको निर्माणले शहरी पर्यापर्यटनमा उल्लेखनीय बृद्धि हुदै आएको छ। सफा र हरियालीयुक्त शहरी वातावरणले पर्यटकहरूलाई आकर्षित गर्नुका साथै स्थानीय बासिन्दाको जीवनस्तरमा पनि सुधार ल्याएको छ ।

भक्तपुर जिल्लाका वनमा सञ्चालन गरिने पर्यापर्यटन कार्यक्रम निम्न अनुसार रहेका छन्।

- सामुदायिक वनभित्र वा आसपासका ऐतिहासिक, धार्मिक र पुरातात्विक महत्त्वका मठ, मन्दिर, चैत्य, गुम्बा, गढी, गुफा, झरना, सिमसार लगायतका सम्पदाको संरक्षण व्यवस्थापन र विकासमा टेवा पुग्ने गरी अवलोकन भ्रमण गर्ने स्थलहरु निर्माण गर्न ।
- वनमा पाइने काष्ठ, गैरकाष्ठ वनस्पति प्रजाति र वन्यजन्तु लगायत जैविक विविधता संरक्षण सम्बन्धी सूचना केन्द्र स्थापना र सञ्चालन ।
- विभिन्न प्रजातिका बिरुवा रोपण, वनजन्य फलफूल खेती, जैविक विविधता पार्क, इको बाल उद्यान आदि निर्माण, फोहरमैला व्यवस्थापन कार्य।

विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)



Scanned with CamScanner

## १३. सार्वजनिक जग्गाको वन, सहरी वन तथा निजी वन

वन ऐन २०७६ को परिच्छेद १० मा निजी तथा सार्वजनिक जग्गामा रहेको वन सम्बन्धी व्यवस्था छ । निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ताको लागि डिभिजन वन कार्यालय वा सब-डिभिजन वन कार्यालयको सिफारिस सहित सम्बन्धीत स्थानीय तहमा निवेदन दिई निजी जग्गामा रहेको वनको व्यवस्थापन गर्न सक्नेछ ।

### १३.१ सार्वजनिक जग्गाको वन

नेपाल सरकारको स्वामित्वमा भई हाल स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तहको रेखदेख र संरक्षणमा रहेका जग्गा जस्तै: सार्वजानिक प्रयोजनको जग्गा, ढल वा बाटो, कुँवा, पँधेरो, पानीघाट, इनार, पोखरी तथा त्यसको डील, गाईवस्तु निकाल्ने निकास, गौचरन, खर्क, अन्त्यष्टिस्थल, चिहान, मसानघाट, समाधिस्थल, कब्रिस्थान रहेको जग्गा, पाटी, पौवा, देवल, धार्मिक उपासनास्थल, स्मारक, मठ, मन्दिर, चैत्य, गुम्बा, स्तूप, मस्जीद, इदगाह, कव्रस्थान, गिर्जाघर, चोक, डबली, चौतारी वा सो रहेको जग्गा, हाट, मेला, सार्वजानिक रुपमा मनोरञ्जन गर्ने वा खेलकुद गर्ने ठाउँ रहेको जग्गा, सार्वजानिक प्रयोजनको लागि कसैले प्रदान गरेको निजी जग्गा वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजानिक जग्गा भनी तोकिदिएको अन्य जग्गा सार्वजनिक जग्गाको रुपमा रहेका छन् ।

सार्वजनिक जग्गामा वन क्षेत्रको विकास र विस्तारका लागि देहाय बमोजिमका कार्यहरु संचालन गरिने छ ।

- सार्वजनिक जग्गामा स्थानीय सरकारको समन्वय र सहकार्यमा वृक्षारोपण गरी सार्वजनिक जग्गामा वन कायम गरिने छ ।
- सार्वजनिक जग्गाको वनको विकास, संरक्षण र व्यवस्थापन गर्दा वन नियमावली २०८० अनुसार स्थानीय तहवाट उपभोक्ता समूह गठन गरी वन कार्यालयको प्राविधिक सहयोगमा वन व्यवस्थापन कार्ययोजना बनाई कार्यान्वय गरिनेछ ।
- सार्वजनिक जग्गाको वनको विकास, संरक्षण र व्यवस्थापन यसको लागि आवश्यक ज्ञान र सीपको अभिवृद्धि गरिने छ ।

### १३.२ शहरी वन

डिभिजन वन कार्यालय, भक्तपुरले शहरी क्षेत्रमा हरियाली प्रवर्द्धन गर्न र वातावरणीय सन्तुलन कायम राख्नका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। शहरी वनको विकास र संरक्षणका लागि भएका मुख्य कार्यहरू निम्नानुसार छन्:

- **अरनिको राजमार्ग तीनकुने-सूर्यविनायक सडक खण्डमा वृक्षारोपणः** वि.सं. २०६४ मंसिर महिनामा काठमाडौं, मध्यपुर थिमी नगरपालिका, र काठमाडौं-भक्तपुरका तत्कालीन जिल्ला वन कार्यालय तथा सडक विभागको संयुक्त सहभागितामा कोटेश्वरदेखि सूर्यविनायक सडक खण्डमा वृक्षारोपण गरिएको

थियो। सोही क्रममा मनोहरा नदी पुलको पूर्वदेखि सूर्यविनायकसम्मको भक्तपुर जिल्ला खण्डमा स्वामी, टेकोमा, क्यालिन्ड्रा, कपुर, असारे, धुपी, फिसपाम लगायतका १५०० बिरुवा रोपिएका थिए।

- **अरनिको राजमार्गको दक्षिणतर्फ मनोहरा खोला किनारमा शहरी वनः** अरनिको राजमार्गको दक्षिणतर्फ रहेको मनोहरा खोला किनारमा ४०० मिटर लम्बाइ र ८ मिटर चौडाइ गरी कुल ३,२०० वर्ग मिटर (०.३२ हेक्टर) क्षेत्रफलमा वृक्षारोपण गरिएको छ। मनोहरा सृजनशील समाज, विद्यानगर टोल सुधार समिति र मनोरम नगर समाजको संयुक्त साझेदारीमा यहाँ एभोकाडो, असारे, आँप, अम्बा, वीरेन्द्रफूल, धुपी (गोल्डेन र मयूरपङ्खी), कल्की, समी, अम्लारी, सल्ला, जामुन, म्याङ्गो स्टिन, कपुर, लप्सी, नीलकाँडा, पारिजात, स्टिग्मा फूल, रुद्राक्ष, कागती, बयर, पीपल, निगालो, मङ्गी पजल, देवदार, टाँकी, सेतो सिरिस, बकाइनो, नरहरी बुटी, कागियो फूल, करवीर लगायतका विभिन्न प्रजातिका बिरुवाहरू रोपिएका छन्। यो क्षेत्र यस जिल्लाको एउटा नमुना शहरी वनको रूपमा विकसित भएको छ।
- **पेप्सीकोला-सानोठिमी सडक उत्तरतर्फको शहरी वनः** पेप्सीकोला-सानोठिमी सडकको उत्तरतर्फ रहेको मनोहरा खोला किनारमा ८०० मिटर लम्बाइ र १० मिटर चौडाइ (२ मिटर फुटपाथ सहित) गरी कुल ६,४०० वर्ग मिटर (०.६४ हेक्टर) क्षेत्रफलमा वृक्षारोपण गरिएको छ। दिव्यश्वरी जग्गा एकीकरण आयोजना, सानोठिमी, भक्तपुर, मनोहराले यहाँ कपुर, धुपी (गोल्डेन र मयूरपङ्खी), कल्की, चाँप, करवीर, अम्बा, चाइनिज अम्बा, असारे, स्टिग्मा फूल, सेतो सिरिस, जिङ्गो बाइलोवा, सल्ला, जामुन, बयर, आँप लगायतका विभिन्न प्रजातिहरूको रोपण गरेको छ। यस वृक्षारोपणको बीचमा फुटपाथको पनि निर्माण गरिएको छ, जसले गर्दा बिहान-बेलुका हिँड्ने (morning/evening walk) लगायतका अन्य समयमा पनि यहाँको हरियालीयुक्त र मनमोहक वातावरणको अनुभव गर्न सकिन्छ। शहरी क्षेत्रको भीडभाडबीच यो करिडोर व्यायाम गर्न, योग गर्नका साथै एउटा महत्त्वपूर्ण मनोरञ्जन स्थलको रूपमा विकसित भइरहेको छ।
- **हनुमन्ते करिडोर शहरी वनः** अरनिको राजमार्गको दक्षिणतर्फ रहेको हनुमन्ते खोला किनारमा २५० मिटर लम्बाइ र ५ मिटर चौडाइ गरी कुल १,२५० वर्ग मिटर (०.१२५ हेक्टर) क्षेत्रफलमा वृक्षारोपण गरिएको छ। मनोहरा सृजनशील समाज, विद्यानगर टोल सुधार समिति र मनोरम नगर समाजको संयुक्त साझेदारीमा यहाँ असारे, मसला, अम्बा, करवीर, वीरेन्द्रफूल, टाँकी, काँगियो फूल, कल्की, जापनिज पिनेट, धुपी (गोल्डेन र मयूरपङ्खी), जामुन, स्टिग्मा फूल लगायतका विभिन्न प्रजातिका बिरुवाहरू रोपिएका छन्। यस वृक्षारोपणबाट उक्त क्षेत्रमा हरियाली प्रवर्द्धन भई हनुमन्ते करिडोरमा मनोरम वातावरणको सिर्जना भएको छ।
- **डिभिजन वन कार्यालय परिसरको शहरी वनः** डिभिजन वन कार्यालयको परिसरमा करिब १३ रोपनी जग्गामा विभिन्न वर्षहरूमा विभिन्न प्रजातिका बिरुवा रोपिएका छन्। यस परिसरभित्र 'नागेश्वरी नगर वन उद्यान' को नामले एक पार्क पनि अवस्थित छ। यस ठाउँमा एभोकाडो, मेकाडोनिया नट, जैतुन, कागती, धुपी लगायतका विभिन्न प्रजातिका बिरुवाहरू रोपिएका छन्। यी बिरुवा तथा यहाँका

विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

रुखहरूले वन कार्यालयको शोभा बढाएका छन्। डिभिजन वन कार्यालय, भक्तपुरद्वारा शहरी वन विकास तथा प्रवर्द्धन अन्तर्गत सञ्चालित अन्य क्रियाकलापहरू अनुसूची १६ मा रहेको छ।

**शहरी वन व्यवस्थापन कार्यक्रम**

आगामी ५ वर्षमा (यो योजना अवधिमा) भक्तपुर जिल्लाका ४ वटै नगरपालिकाहरुका सार्वजनिक, खाली स्थानहरू, नदी किनारा, सडक किनारा, सडक बीच (मेडियन), ट्राफिक आइल्यान्ड, मा सम्बन्धीत स्थानीय तहहरूसंग समन्वय गरि वृक्षारोपण तथा हरियाली प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गरिने छ । वृक्षारोपण होवको संरक्षणको लागि गैरसरकारी संस्थाहरूलाई सहभागि गराईनेछ । जिल्ला स्थित सरकारी कार्यालय तथा गैरसरकारी संघसस्थाहरू, विद्यालय, मन्दिर आदिको हाताभित्र उपयुक्त प्रजातिको विरुवावाट वृक्षारोपण गरी नियमित अनुगमन गरिनेछ । शहरी वनको विकासमा उत्कृष्ट ठहर भएको संघ सस्थालाई कदर पत्र प्रदान गरिने छ । जिल्लाका सार्वजनिक जग्गा, सरकारी कार्यालयहरुमा रहेका जोखिम रुखहरुको आँकलन निकालिने छ भने त्यसता रुखहरुको व्यवस्थापन जिल्लाका सरोकारवालाहरुसंग सहकार्यमा गरिने छ।

त्यस्तै गरि जिल्लामा हाल सम्म संचालन भएका शहरी वन कार्यकम्रहरुको स्थानीय तथा तथा अन्य सरोकारवालाहरुसंग समन्वयमा अनुगमन गरि आवश्यक अनुसार मर्मत सम्भार गरिने छ ।

सहरी वन प्रबर्दनको लागि डिभिजन वन कार्यालय र सब डिभिजन वन कार्यालयहरुमा नर्सरीहरू स्थापना गरी ठूलो परिमाणमा उपयुक्त प्रजाति र साइजका गुणस्तरीय विरुवा नियमितरूपमा उत्पादन गरिनेछ ।

## १३.३ निजी वन

यस जिल्लामा निजी जग्गामा वन भएतापनि प्रचारप्रसारको कमी र निजी वन दर्ता गर्ने किसानहरूलाई वन कार्यालय तथा अन्य निकायबाट थप सुविधा उपलब्ध हुन नसक्दा यसको दर्ता संख्या अत्यन्त कम भएको छ। जिल्लामा हालसम्म ७ गोटा निजी वनको ३.३८ हे. वन दर्ता भएका छन्। यो योजना अवधिमा निजी वनको प्रचारप्रसारमा जोड दिई स्थानीय तहको सहकार्यमा थप निजी वन दर्ता गरिनेछन्।

डिभिजन वन कार्यालयवाट प्रत्येक वर्ष लाखौको संख्यामा निजी क्षेत्रमा निःशुल्क विरुवा वितरण गरिए तापनि हालसम्म तिनको अवस्थाको वारेमा औपचारिक रुपमा अनुगमन गरी तथ्य प्रकाशमा आएको छैन। यस योजना अवधिमा सो कार्य समेत गरिनेछ।

निजी वन व्यवस्थापनको लागि तपसिलमा उल्लेखित क्रियाकलापका लागि प्राविधिक सहयोग उपलब्ध गराईनेछ।

- निजी वन स्थापना गर्ने क्षेत्र सर्भेक्षण तथा प्रजातिको पहिचान
- निजी वृक्षारोपण, पुनःरोपण, गोडमेल तथा संवर्द्धन
- कृषिवन प्रणाली प्रवर्द्धन
- निजी वनको रुख कटान तथा अन्य वन पैदावारको सदुपयोग
- निजी वनको स्रोत सर्वेक्षण तथा मूल्याङ्कन
- वन पैदावारको बजार पहिचान, व्यवस्थापन तथा मूल्याङ्कन



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

## १४. सब डिभिजन वन कार्यालय अनुसार वनको क्षेत्रफल र वन व्यवस्थापन पद्धति

### १४.१ सब डिभिजन वन कार्यालय अनुसार वनको क्षेत्रफल

वन क्षेत्रको उचित व्यवस्थापन गरी यसबाट जन समुदायलाई प्रदान गरिने सेवा तथा सुविधालाई प्रभावकारी रुपमा प्रवाहित गर्न डिभिजन वन कार्यालय भक्तपुरले २ वटा सब-डिभिजन वन कार्यालय मार्फत सेवा प्रदान गर्दै आएको छ । सब-डिभिजन वन कार्यालयको सम्बन्धीत स्थानीय तहको नाम, कार्यालय रहेको स्थान र कार्यक्षेत्र तालिका १५ मा दिईएको छ ।

**तालिका १५ : सब-डिभिजन वन कार्यालयको क्षेत्र सहितको विवरण**

| क्र. स. | नाम | कार्यालय रहेको स्थानीय तहको नाम | वडा नं. | कार्यक्षेत्र अन्तर्गतका स्थानीय तह |
|---|---|---|---|---|
| १ | नगरकोट डिभिजन वन कार्यालय | चाँगुनारायण न.पा | १९ | चाँगुनारायण न.पा. र भक्तपुर न.पा का सबै वडाहरू |
| २ | सुर्यविनायक | सुर्यविनायक न.पा | १९ | सुर्यविनायक न.पा. र मध्यपुर थिमी न.पाका सबै वडाहरू |

श्रोतः डि.व.का, भक्तपुर, २०८१

वनको क्षेत्रफलको हिसावले दुवै सव-डिभिजन वन कार्यालयहरुमा वन बरावर जस्तै रहेको छ। सब डिभिजन वन कार्यालयको कार्यक्षेत्र अनुसार वनको स्रोतको तथ्याङ्क तलको तालिकामा दिइएको छ।

**तालिका १६ : सब डिभिजन वन कार्यालयको कार्यक्षेत्र अनुसारको वनको स्रोत**

| सब-डिभिजन | सामुदायिक वनको संख्या | सामुदायिक वनको क्षेत्रफल | धार्मिक वन | सरकार द्वारा व्यवस्थित वन | कबुलियति वन (व्यवसायिक) | •अन्य वन क्षेत्र |
|---|---|---|---|---|---|---|
| नगरकोट | २५ | १००७.२५ | ५.४४ | ५७.४१ | १.२७ | |
| सुर्यविनायक | ३२ | ७९३.५९ | ३.४७ | ० | २७.३६ | २४५.१७ |
| जम्मा | ५७ | १८००.८ | ८.९१ | ५७.४१ | २८.६३ | २४५.१७ |

श्रोतः डि.व.का, भक्तपुर, २०८१

### १४.१.१ सब-डिभिजन वन कार्यालय नगरकोट

सब-डिभिजन वन कार्यालय नगरकोट, डिभिजन वन कार्यालय भक्तपुर अन्तर्गतको एक प्रमुख कार्यालय हो जसले भक्तपुर नगरपालिका र चाँगुनारायण नगरपालिकाको सम्पूर्ण वन क्षेत्रको व्यवस्थापन र संरक्षणको जिम्मेवारी लिएको छ। भौगोलिक रूपमा यो कार्यालय भक्तपुर जिल्लाको पूर्वी र उत्तरी भागमा अवस्थित छ र समुद्र सतहवाट १,२४२ मिटर (हनुमन्ते र मनोहरा दोभान) देखि २,१०६ मिटर (नगरकोट डाँडा) सम्मको उचाइमा फैलिएको छ, जसले घना सहरी क्षेत्रदेखि पहाडी डाँडासम्मको विविध भौगोलिक बनावट प्रदर्शन गर्दछ। कुल क्षेत्रफल ६,९४६.८६ हेक्टर रहेको छ। सव डिभिजनको भू- उपयोग तालिका १७ मा उल्लेख गरिएको छ ।



Scanned with CamScanner

तालिका १७ : सब डिभिजन वन कार्यालय नगरकोटको कार्यक्षेत्र अनुसारको वनको स्रोत

| भू-उपयोगको प्रकार | भक्तपुर न.पा (हेक्टर) | चाँगुनारायण नपा (हेक्टर) | कुल क्षेत्रफल (हेक्टर) |
|---|---|---|---|
| कृषि भूमि | १९०.४३ | ३,५२६.९४ | ३,७१७.३७ |
| वन क्षेत्र | | १,७२१.०७ | १,७२१.०७ |
| मानव बस्ती क्षेत्र | ३८७.०२ | ६०८.२ | ९९५.२२ |
| घाँसे मैदान | ६६.१५ | ३८९.२२ | ४५५.३७ |
| नदी किनारा | ३.३७ | २७.२ | ३०.५७ |
| जलाशय | ०.८६ | ५.० | ५.८६ |
| अन्य वन क्षेत्र | ०.०८ | २१.३२ | २१.४ |
| जम्मा | ६४७.९१ | ६,२९८.९५ | ६,९४६.८६ |

श्रोतः FRTC, २०२२

### १४.१.२ सब-डिभिजन वन कार्यालय सुर्यविनायक

सब-डिभिजन वन कार्यालय, सूर्यविनायक, डिभिजन वन कार्यालय भक्तपुर अन्तर्गतको एक सब-डिभिजन हो जसले मध्यपुर थिमी र सूर्यविनायक नगरपालिकाको सम्पूर्ण वन क्षेत्रको व्यवस्थापन र संरक्षणको जिम्मेवारी लिएको छ। भौगोलिक रूपमा भक्तपुर जिल्लाको दक्षिण-पश्चिमी भागमा अवस्थित यो सब-डिभिजन समुद्र सतहबाट १,२४२ मिटरदेखि १,५०० मिटरभन्दा माथिको उचाइमा फैलिएको छ र भक्तपुर उपत्यकाको समथर क्षेत्रदेखि पहाडी ढलानसम्मको विविध भौगोलिक बनावट राख्दछ। कुल क्षेत्रफल ५,३६३.१४ हेक्टर रहेको छ ।

तालिका १८ : सब डिभिजन वन कार्यालय सुर्यविनायकको कार्यक्षेत्र अनुसारको वनको स्रोत

| भू-उपयोगको प्रकार | मध्यपुर थिमी न.पा (हेक्टर) | सूर्यविनायक न.पा (हेक्टर) | कुल क्षेत्रफल (हेक्टर) |
|---|---|---|---|
| कृषि भूमि | ४०७.६३ | १,९३३.५० | २,३४१.१३ |
| वन क्षेत्र | २०.३ | १,४२१.६३ | १,४४१.९३ |
| मानव बस्ती क्षेत्र | ६६५.११ | ७६७.३७ | १,४३२.४८ |
| घाँसे मैदान | १९.२५ | ९१.७८ | १११.०३ |
| नदी किनारा | ६.९५ | १९.८२ | २६.७७ |
| अन्य वन क्षेत्र | ०.६९ | ९.११ | ९.८ |
| जम्मा | १,११९.९३ | ४,२४३.२१ | ५,३६३.१४ |

श्रोतः FRTC, २०२२

### १४.२ वन व्यवस्थापन पद्धति

हालसम्म यस जिल्लामा ५७ वटा सामुदायिक वन हस्तान्तरण भएको छ। हाल सम्मका हस्तान्तरित सामुदायिक वनहरूको कार्ययोजनाहरू सामुदायिक वन इन्भेन्ट्री गाइडलाइन अनुसार स्रोत सर्भेक्षण गरी वार्षिक स्वीकार्य कटानको अवधारणामा तयार गरी स्वीकृत भएका छन। यसमा वार्षिक स्वीकार्य कटानको आधारमा सुकेका मर्न लागेका डेड डाइग र डिजिज्ड र डिफर्म रुखहरु र केही धैरै परिपक्व रुखहरु वाट सेलेक्सन गरी कटान गरिन्छ।

विश्व कोइराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)



Scanned with CamScanner

## १४. वनस्रोत सर्वेक्षण, विश्लेषण, वन संवर्द्धन प्रणाली अनुसार व्यवस्थापन

### १४.१ वनस्रोत सर्वेक्षणको तरिका र नक्साङ्कन

यस जिल्ला अन्तर्गत रहेका सामुदायिक वन र सरकारद्वारा व्यवस्थित वनहरूमा छुटाछुटै वनस्रोत सर्वेक्षण गरिएको छ। सरकारद्वारा व्यवस्थित वनको वन श्रोत सर्वेक्षण नेपाल सरकार, वन विभागबाट स्वीकृत वन श्रोत सर्भेक्षण मार्गदर्शन, २०६१ मा भएको व्यवस्था अनुसार सामान्य खालको (वन पैदावार उत्पादन र उपयोग गरिने ) वन क्षेत्रमा ०.५ प्रतिशत र गाँउबाट टाढा पर्ने घाँस काठ दाउरा जस्ता वन पैदावारको उपयोग हुने वन क्षेत्रमा ०.१ प्रतिशत स्याम्पिलङ्ग इन्टेन्सिटी कायम गरी Random Systematic Sampling विधिद्वारा Concentric Circular Sample Plot निर्धारण गरी त्यस भित्र परेका रुख, पोल, लाथ्रा, बिरुवा, दाउरा, गैरकाष्ठ वन पैदावर, आदिको तथ्याङ्क संकलन गरिएको छ । "गैरकाष्ठ वन पैदावरको स्रोत सर्वेक्षण मार्गदर्शन, २०६९" अनुसार स्याम्पल प्लटभित्र परेका जडीबुटी र गैरकाष्ठ वन पैदावारको गणना तथा नापजाँच गरिएको छ ।

सा.व.को हकमा सामुदायिक वनहरुको कार्ययोजनामा उल्लेखित मौज्दातको तथ्याङ्क तथा सो अनुसार निकालिएको वार्षिक स्वीकार्य कटानलाई आधार मानी जिल्लाको सामुदायिक वन क्षेत्रको मौज्दात तथा वार्षिक उत्पादन निकालिएको छ । वनको अवस्था विश्लेषण गरी प्रजाति हेरी १-२.५% वार्षिक वृद्धिदर कायम गरी वनको अवस्था अनुसार वृद्धि मौज्दातको ५०-६०% वार्षिक सङ्कलन गर्न सकिने प्रावधान विगतको कार्ययोजनामा उल्लेखित भएको पाइएकोलाई निरन्तरता दिईएको छ।

### वन स्रोत सर्भेक्षण विधि

वन श्रोत सर्भेक्षण मार्गदर्शन, २०६१ मार्गदर्शनको आधारमा वनलाई स्ट्राटिफाईड सिस्टमेटिक स्याम्पलिङ्ग विधि अनुसार ०.५-१% प्रतिशत स्याम्पलिङ ईन्टेन्सिटी लिईएको छ। स्रोत सर्वेक्षण गर्दा उपभोक्ताहरूको समेत सहभागिता रहेको थियो। विभिन्न गोलाकार साईजका नमूना प्लटहरूको विवरण दायाँको चित्रमा उल्लेख गरिएको छ।

क.) पुनरुत्पादन (विरुवा): १० व.मी. क्षेत्रमा ३० से.मी. उचाई देखि १ मिटर सम्मका विरुवा गणना गरिएको।




ख.) पुनरुत्पादन (लाथ्रा): २५ व.मी.को क्षेत्रमा १ मीटर भन्दा अग्लो र ९.९ से.मी. व्यास सम्मका लाथ्रा गणना गरीएको।

ग.) पोल : १०० व.मी.को क्षेत्रमा छातीको उचाईमा १० से.मी. व्यास देखि २९.९ से.मी. व्यास सम्मका पोल नापसाइज गणना गरिएको।

घ.) रुख : ५०० व.मी. को क्षेत्रमा छातीको उचाईमा ३० से.मी. व्यास र सो भन्दा माथिका रुखको नाप साइज र गणना गरिएको।

ङ.) गुणस्तर र प्लट चिन्ह

स्याम्पल प्लटमा परेका पोल र ठूला रुखहरूको ३ प्रकारका गुणस्तर जस्तै ६ फिट लम्बाईका गोलिया ३ वटा वा सो भन्दा वढी आउने रुखलाई गुणस्तर नं. १, र ६ फिट लम्बाई सम्मका २ वटा सम्म



Scanned with CamScanner

गोलिया आउने वा राम्रो खालको काण्ड जसमा लम्बाई १० फिटको १ वटा गोलिया आउने रुखलाई गुणस्तर २ र काठको रुपमा प्रयोग नहुने रुखलाई गुणस्तर नं. ३ मानिएको छ।

## १५.२ मौज्दात सञ्चिति र राष्ट्रिय वन श्रोत सर्वेक्षणसंगको तादात्म्यता

जिल्लाको सम्पूर्ण वन क्षेत्रलाई मिश्रित वनको रुपमा लिइएको छ। जिल्लाको कुल राष्ट्रिय वनको क्षेत्र ( डिभिजन वन कार्यालयको रेकर्ड अनुसार) १८००.८ हे. मध्ये सामुदायिक वन र ५७.४१ हे सरकारद्वारा व्यवस्थित वन क्षेत्रलाई सबै वन क्षेत्रको प्रतिनिधित्व हुने किसिमले Sampling Intensity ०.५ % र Simple Random Sampling को आधारमा सामुदायिक वन श्रोत सर्वेक्षण मार्गदर्शन परिमार्जित २०६१ संसोधित बमोजिम जिल्लाको वन श्रोतको सर्वेक्षण गरिएको छ ।

रुख, पोल, लाथ्रा र विरुवा गणनाको लागि क्रमशः ५०० व.मि., १०० व.मी., २५ व.मी तथा १० व.मि. नमुना प्लट निर्धारण गरिएको छ। सरकारद्वारा व्यवस्थित वनको क्षेत्रफल चाँगुनारायण नगरपालीका अन्तर्गत ५७.४१ हे. राष्ट्रिय वनको क्षेत्र मानिएको र यस वनको अवस्था मध्यम खालको रहेकाले वार्षिक वृद्धिदर ३ % कायम गरि संरक्षणमुखी वनको रुपमा यस वनलाई व्यवस्थापन गर्न जरुरी भएकोले ४०% वार्षिक स्वीकार्य कटान परिमाण सिफारिस गरिएको छ ।

जिल्लाको सरकारद्वारा व्यवस्थित वनमा कुल संचिति (Total growing stock), १०३९००.३ क्यु.फि. र वार्षिक स्वीकार्य कटान परिमाण १२५२.६९ क्यु.फि. रहेको छ। जिल्लामा रहेका कुल ५७ वटा सामुदायिक वनका कार्ययोजनाको आधारमा यस जिल्लाका सामुदायिक वनको ९०६३०४९ क्यु.फि. र वार्षिक स्वीकार्य कटान परिमाण ७४८२६.१ क्यु.फि. रहेको छ। सरकारद्वारा व्यवस्थित वन र सामुदायिक वन क्षेत्रको विस्तृत विवरण तल दिइएको छ ।

## १५.३ पुनरुत्पादनको अवस्था

यस जिल्लाको सामुदायिक वनमा पुनरुत्पादन ३८२५ प्रति हेक्टर रहेको छ भने सरकारद्वारा व्यवस्थित वनमा ३३३३ प्रति हेक्टर रहेको छ । पुनरुत्पादनको अवस्था सरकारी वन भन्दा सामुदायिक वनमा तुलनात्मक रुपमा केही बढि रहेको श्रोत सर्वेक्षण बाट देखिन्छ । नेपालको सरदर १०,०९५ विरुवा प्रति हेक्टर रहेको पाईन्छ । यस जिल्लामा राष्ट्रियस्तरमा रहेको पुनरुत्पादनको अवस्था तुलनात्मक रुपमा कमी रहेको देखिन्छ किन भने यस जिल्लामा रहेको सामुदायिक वनमा सकृया वन व्यवस्थापनका कृयाकलापहरु न्यून रहेको पाईन्छ । अतः यस जिल्लामा रहेको पुनरुत्पादनको अवस्थालाई सुधार गर्नका लागि सामुदायिक वनमा सकृय वन व्यवस्थापन कार्यान्वयन गरी पुनरुत्पादन बढाउने कृयाकलापहरुमा विशेष जोड दिईने छ

- सामुदायिक वनहरुमा प्राकृतिक पुनरुत्पादनको अवस्था सुधारका लागि कार्ययोजनामा समावेश गरिएका पुनरुत्पादन वृद्धि हुने कार्यक्रमहरु सकृया रुपमा कार्यान्वयन गरिने छ।
- डढेलो, मिचाहा प्रजाति तथा अनियमित कटान नियन्त्रण आदि प्रमुख कारक तत्वहरुलाई निरुत्साहित गर्ने कार्यक्रमहरु कार्यान्वयन गर्ने।

विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)



Scanned with CamScanner

- उच्च मुल्य भएका, छिटो बढ्ने, सौन्दर्य दिने, पोषिलो डालेघाँस तथा बहुमूल्य जडिवुटी र गैरकाष्ठ वन पैदावारका बहुवर्षे विरुवा उत्पादन गर्ने।
- निजी किसान तथा उपभोक्ता समूहलाई समेत विभिन्न प्रजातिका विरुवा उत्पादन गर्न सहयोग र प्राविधिक रुपमा सहजीकरण गर्ने।

### १५.४ वन व्यवस्थापन पद्धति अनुसार वन वृद्धि मौज्दात

#### क) सरकारद्वारा व्यवस्थित वनको मौज्दात

#### १) सरकारद्वारा व्यवस्थित वनको पुनरुत्पादन विवरण

तालिका १९: सरकारद्वारा व्यवस्थित वनको पुनरुत्पादन विवरण

| प्रजाती | विरूवा संख्या प्रति हेक्टर | लाथ्रा संख्या प्रति हेक्टर |
|---|---|---|
| उत्तीस | ५०० | २०० |
| खोटेसल्ला | ३३३ | ० |
| चाँप | १६७ | ६७ |
| चिलाउने | ३३३ | ० |
| अगेरी | ३३३ | १३३ |
| मलाटो | ० | १३३ |
| कटुस | ३३३ | १३३ |
| काफल | १६७ | ० |
| कालिकाठ | १६७ | ० |
| खोल्मे | ३३३ | २६७ |
| गुराँस | १६७ | ६७ |
| पात्ले कटुस | १६७ | ६७ |
| भलायो | १६७ | ० |
| सेतिकाठ | १६७ | ० |
| | ३३३३ | १०६७ |

श्रोतः फिल्ड सर्भेक्षण २०८२

विश्व कोइराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

५) सरकार द्वारा व्यवस्थित वन क्षेत्रमा काठको औसत

तालिका ५०: सरकारद्वारा व्यवस्थित वन क्षेत्रमा काठको औसत

| प्रजाति | पोलको विवरण प्रति हेक्टर | | | रुखको विवरण प्रति हेक्टर | | | जम्मा काठ घन मिटर प्रति हेक्टर | जम्मा दाउरा घन मिटर प्रति हेक्टर |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | काठ घन मिटर | दाउरा घन मिटर | संख्या | काठ घन मिटर | दाउरा घन मिटर | | |
| उत्तीस | ६७ | ७.१ | १४.९ | १३.३ | ८.८ | १४.४ | १४.९ | ३१.२८ |
| खर्सु | १७ | ०.८ | ४.६ | ३.३ | ३.७ | ६.३ | ३.४ | १०.९२ |
| खोटेसल्ला | १७ | २.८ | २.३ | १०.० | १४.९ | ९.० | १७.७ | ११.२६ |
| चिलाउने | ५० | १.५ | ७.१ | ३.३ | १.० | १.२ | २.५ | ८.३० |
| अगेरी | १७ | | १.९ | | | | | १.९४ |
| कटुस | ३३ | १.८ | ४.३ | | | | १.८ | ४.३० |
| काफल | १७ | १.४ | २.७ | ३.३ | १.२ | १.७ | २.६ | ४.३८ |
| कालिकाठ | १७ | १.३ | २.५ | ३.३ | ०.५ | २.० | १.८ | ४.५४ |
| गुराँस | १७ | १.९ | ३.४ | ३.३ | ०.४ | १.७ | २.३ | ५.०४ |
| बाकलपाते | १७ | ०.७ | ३.३ | ३.३ | ०.८ | ३.० | १.५ | ६.३४ |
| सेतिकाठ | | | | ६.७ | १.९ | २.८ | १.९ | २.८१ |
| | २६७ | १९ | ४७.९ | ५०.० | ३२.३ | ४३.२ | ५१.५ | ९१.११ |

श्रोतः फिल्ड सर्भेक्षण २०८२

विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)



Scanned with CamScanner

१५.५ वन व्यवस्थापन पद्दति अनुसार वार्षिक प्राप्ति

क. सरकारद्वारा व्यवस्थित  वनको वार्षिक सङ्कलन गर्न सकिने परिमाण

तालिका २१: सरकारद्वारा व्यवस्थित वन क्षेत्रबाट वार्षिक सङ्कलन गर्न सकिने परिमाण भएको मौज्दात

| | वार्षिक रुपमा पोलबाट सङ्कलन गर्न सकिने परिमाण | | | वार्षिक रुपमा रुखबाट सङ्कलन गर्न सकिने परिमाण | | | जम्मा वार्षिक सङ्कलन गर्न सकिने काठ | जम्मा वार्षिक रुपमा सङ्कलन गर्न सकिने दाउरा घन मिटर |
|---|---|---|---|---|---|---|---|---|
| प्रजाती | संख्या | काठ घन मिटर | दाउरा घन मिटर | संख्या | काठ घन मिटर | दाउरा घन मिटर | | |
| उत्तीस | १५ | ४.८९ | १०.९४ | ९ | ६.०४ | १०.६१ | १०.९३ | २१.५५ |
| खर्सु | ११ | ०.५५ | ३.१६ | २ | १.८६ | ४.३६ | २.४१ | ७.५२ |
| खोटेसल्ला | ११ | १.९४ | १.५५ | ७ | १०.२८ | ६.२१ | १२.२२ | ७.७६ |
| चिलाउने | ३४ | १.०१ | ४.८६ | २ | ०.७० | ०.८५ | १.७१ | ५.७२ |
| अगेरी | ११ | | १.३४ | | | | | १.३४ |
| कटुस | २३ | १.२६ | २.९६ | | | | १.२६ | २.९६ |
| काफल | ११ | ०.९४ | १.८३ | २ | ०.८४ | १.१९ | १.७८ | ३.०२ |
| कालिकाठ | ११ | ०.८८ | १.७२ | २ | ०.३६ | १.४१ | १.२४ | ३.१३ |
| गुराँस | ११ | १.३२ | २.३३ | २ | ०.२९ | १.१४ | १.६१ | ३.४७ |
| बाकलपाते | ११ | ०.४७ | २.३० | २ | ०.५४ | २.०७ | १.०१ | ४.३७ |
| सेतिकाठ | | | | ५ | १.३३ | १.९४ | १.३३ | १.९४ |
| | १५३ | १३.२६ | ३२.९९ | ३४ | २२.२५ | २९.७८ | ३५.५१ | ६२.७७ |

श्रोतः फिल्ड सर्भेक्षण २०८२

## ख. सामुदायिक वन :

तालिका २२: सामुदायिक वनको श्रोत सर्वेक्षण विवरण

| | वार्षिक रुपमा सङ्कलन गर्न सकिने परिमाण | | | | | |
|---|---|---|---|---|---|---|
| नगरपालिका | काठ (क्यु.फि.) | दाउरा (भारी ) | पोल (क्यु.फि.) | जम्मा (क्यु.फि.) | पुनरुत्पादन प्रति हे | लाथ्रा प्रति हे |
| चाँगुनारायण | २०९१४.९ | १८२३९.३ | ३०९५४.७ | ५१८६९.६ | ४९७७ | २४४७ |
| मध्यपुर थिमी | २९२.३ | ५७.५ | ३१६.६ | ६०८.९ | २५०० | ११०० |
| सुर्यविनायक | ७३५६.६ | ४२७६.० | १४९९१.० | २२३४७.६ | ३९९८ | १९९४ |
| जम्मा | २८५६३.८ | २२५७२.८ | ४६२६२.३ | ७४८२६.१ | ३८२५ | १८४७ |

श्रोतः फिल्ड सर्भेक्षण २०८२

नोट : एक भारी दाउरा बराबर ३० के.जी. मानिएको छ ।

विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

१५.६ वन बाली चक्र तथा पुनरुत्पादन तरिका

वन संवर्द्धन प्रणाली छनौट तथा कटान चक्र मुख्यतया प्रजाति, स्थानीय अवस्थाहरू, माटो र माटोको सतह उभार, पुनरुत्थानका अवस्थाहरू, प्रकृति र वन उत्पादनको प्रकार, वन संरचना परिवर्तन, आर्थिक पक्षहरू, यान्त्रिकीकरण आदिले असर पार्दछ।

**क. सरपट कटान प्रणाली (Clearfelling system)**

यस प्रणाली अन्तर्गत प्रत्येक वर्ष समान क्षेत्रहरू (कुपहरू) सरपट रुपमा कटान र पुनरुत्पादनको कार्यहरू हुन्छ। यदि यो प्रणाली चक्रिय रुपमा लागु भई रहने हो भने कुपहरू क्रमवद्ध रुपमा १, २, ३,...गरी उमेर ग्रेडेशनको एक समान्य श्रृंखला बन्न जान्छ। कुपहरूलाई सहज बनाउनको लागि जंगलको प्रत्येक खण्डलाई कटान उपखण्डमा विभाजन गरी उक्त उपखण्ड भित्र कुपहरू निर्धारण गरी कटान कार्य गरिन्छ। कटान क्षेत्रलाई हावाहुरीबाट वचाउन सेल्टरबेल्ट समेत बनाउन सकिनेछ। सेल्टरबेल्ट भनेको घना रुपमा वृक्षारोपण गरेको रुखविरुवाको छेकबार हो जस्ले कडा हावाहुरीलाई रोकि पुनरुत्पादनलाई सुरक्षित राख्न मद्धत गर्दछ। कटान हुने खण्डहरूको लम्वाई ५००-१००० मिटर सम्म राख्न सकिन्छ तर सकेसम्म कम राख्नु पर्दछ। यस प्रणालीमा कटान भएको कुपहरूमा कटान पश्चात पुन: प्राकृतिक वा कृत्रिम माध्यमबाट पुनरुत्पादनको कार्य गरिन्छ र यो चक्र निरन्तर चलिरहन्छ।




सरपट कटान प्रणाली साधारणतया यस जिल्लामा लागु गरिने छैन तर कुनै राष्ट्रिय वनमा ठाँउ विशेष अध्ययनबाट सिफारिस भई आएमा लागु गर्न सकिने छ। यो प्रणाली अन्तर्गत कडा घाम सहन सक्ने, शुख्खा तथा तुसारो सहन सक्ने तथा विरुवा एवं लाथ्रा अवस्थामा हावाहुरी समेत वाट असर नपर्ने प्रजातिको लागि उपयुक्त हुने हुदाँ वनको अवस्था र प्रजातिलाई हेरी मात्र यो प्रणाली छनौट गरिने छ।

**ख. Shelterwood system**

यस प्रणाली अन्तर्गत पुराना रूखहरूको आश्रयमा नयाँ पुररुत्पादन स्थापना गरिन्छ र बिरुवाहरूलाई विस्तारै बढ्दो मात्रामा प्रकाश प्रदान गर्न क्रमिक रुपमा काटेर हटाइन्छ। यस प्रणालीमा पुनरुत्पादन अवधिको आधारमा वन (कम्पार्टमेनट) लाई विभिन्न periodic block मा विभाजन गरिन्छ, periodic block को संख्या वालिचक्रलाई Regeneration period ले भाग गरेर निकालिन्छ, कटान उमेर पुगेको periodic block मा पुनरुत्पादन कटान गरिने र Regeneration period भरीमा पुनरुत्पादन कटान कार्य तथा पुनरुत्पादन कार्य पुरा गरिने गरिन्छ।

बाली चक्र (८० वर्ष) तथा पुनरुत्पादन (अवधि १० वर्ष) को आधारमा सेल्टरउड प्रणालीमा वन व्यवस्थापन गर्दा हुने पेरियोडिक ब्लक (सव-कम्पार्टमेन्ट) र हरेक पेरियोडिक ब्लकमा गरिने मुख्य वन संवर्द्धन कृयाकलापहरू निम्न तालिकामा देखाइएको छ।

Regeneration Promotio

| | |
|---|---|
| PB I<br>Regeneration Felling<br>(Continous over regeneration period)<br>Forest condition: mature stand | PB II<br>Preparatory Felling<br>(once in regeneration period)<br>Forest condition: mature stand |
| PB III<br>Grown up stand<br>(generally no activities except climber cutting) | PB IV<br>Thinning<br>(once in regeneration period) |
| PB VI<br>Thinning (once in regeneration period) | PB V<br>Thinning(once in regeneration period) |
| PB VII<br>Thinning (once in regeneration period) | PB VIII<br>Thinning(once in regeneration period) |

भक्तपुर जिल्लाको वनको अवस्था र स्थानीय उपभोक्ताको चाहना अनुसार अवको ५ वर्ष अवधिमा समेत वन संवर्द्धन प्रणालीमा आधारित दिगोवन व्यवस्थापन प्रणाली अवलम्वन गर्न सकिनेछ।

**ग. छनोट प्रणाली (Selection system)**




छनोट प्रणालीमा निश्चित व्यास भन्दा माथिका परिपक्व रुखहरू सवै वनक्षेत्रवाट कटान गरिने र साना विरुवाहरूलाई हुर्कने वातावरण सृजना गर्ने, कटान गर्दा नै पत्ल्याउने, सरसफाई गर्ने तथा गोडमेल समेत गरिने, वनमा सवै आकारका साना देखि कटान गर्न लायकरुखहरूको संख्या उपयुक्त मात्रामा कायम गरिने गरी व्यवस्थापन गरिन्छ। यस प्रणाली अन्तर्गत कटान र पुनरुत्थान कार्यलाई सम्पूर्ण क्षेत्रमा वितरण गरिन्छ र फलस्वरूप वाली यति असमान उमेरको हुन्छ कि वन क्षेत्रको प्रत्येक भागमा सवै उमेरका रूखहरू एकसाथ रहेका जोडिएका हुन्छन्। यस प्रणाली अनुसार कटान र पुनरुपत्पादन सम्पूर्ण क्षेत्रमा गरिने भनिए तापनि हरेक वर्ष सवै क्षेत्रमा जान नसक्ने हुनाले वन क्षेत्रलाई विभिन्न खण्ड/ब्लकमा विभाजन गरि सोमध्ये क्रमागत रुपमा प्रत्येक वर्ष काम गरिन्छ। ब्लकहरूको संख्याले एउटै ब्लकमा लगातार दुईवटा कटानहरू बीच वितेको वर्षको अवधि निर्धारण गर्दछ। यस अवधिलाई कटान चक्र (felling cycle) भनिन्छ।

छनोट प्रणालीमा सम्पूर्ण क्षेत्रलाई भरसक समान क्षेत्रफल हुनेगरी ब्लकमा विभाजन गर्ने गरिन्छ। प्रत्येक वर्ष एक ब्लकमा पुनरुत्पादन काम गरिन्छ र सम्पुर्ण वन क्षेत्रमा क्रमागत रुपमा कटान र पुनरुत्पादनको काम हुने गरी कटान चक्र निर्धारण गरिन्छ र कटान चक्र वनको अवस्था अनुसार तय गरिन्छ। कटान चक्र छोटो वनाउँदा ब्लकको क्षेत्रफल ठूलो हुन सक्ने हुँदा कटान र पुनरुत्पादनको काम कठिन र महँगो हुन सक्छ। यस जिल्लामा हस्तान्तरण भएका प्राय:जसो सामुदायिक वनहरूमा साधारणतया छनौट प्रणाली (Selection system) अवलम्वन गरिएको छ।

विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)



Scanned with CamScanner

१५.७ कार्बन मौज्दातको विश्लेषण

नेपालको वन क्षेत्रमा कुल कार्बन संचिति १ अर्ब ५ करोड ५० लाख टन (१७६.९५ टन प्रति हेक्टर) रहेको अनुमान गरिएको छ जसमध्ये ६१.५३% भाग रुखमा (जीवित, सुखड खडा, ढलापडा र सतह मुनिको भाग समेत), ३७.८०% माटोमा र ०.६७% (litter and debris) मा रहेको छ । (स्रोत: DFRS,2015) ।

भक्तपुर जिल्लाको वन स्रोत र कार्बन सञ्चिति विश्लेषण गर्दा जिल्लाको कुल राष्ट्रिय वन क्षेत्र २१४०.९६ हेक्टर रहेको छ। यस क्षेत्रमा रूखहरूको औसत काण्ड आयतन (Stem Volume) ९१.११ घनमिटर प्रति हेक्टर रहेको छ भने काठको सुख्खा वजन (Dry Weight) ८०० केजी प्रति घनमिटर मापन गरिएको छ। यस तथ्याङ्कलाई आधार मान्दा प्रति हेक्टर ७२.८९ टन जैविक पिण्ड (Stem Biomass) रहेको छ भने प्रति हेक्टर ४९.७९ टन कार्बन सञ्चिति (Total Carbon) रहेको छ। समग्रमा भक्तपुर जिल्लाको कुल वन क्षेत्रमा १,०६,६०३.४८ मेट्रिक टन कार्बन मौज्दात रहेको छ।

विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)



Scanned with CamScanner

## १६. वन संवर्द्धन प्रणाली

वन संवर्द्धन प्रणाली भन्नाले वन क्षेत्रलाई दिगो रूपमा व्यवस्थापन र सुधार गर्न विभिन्न तरिकाहरू अपनाउने प्रक्रिया हो। यस प्रणाली अन्तर्गत वनको किसिम, प्रजाति, वनको अवस्था र स्थान विशेष अनुसार विशेष वन संवर्द्धन प्रणाली अर्थात् सिल्भिकल्चर प्रणालीहरू अपनाइन्छन् जसले वनको स्वास्थ्य र उत्पादकत्वमा वृद्धि गर्दछ। यो प्रणालीले वनको जैविक विविधता, पर्यावरणीय सन्तुलन, र स्थानीय जनजीवनमा सुधार ल्याउन सहयोग गर्छ। वन संवर्द्धन प्रणाली अन्तर्गत दुई प्रकारका पुनरुत्पादन गरिन्छः प्राकृतिक पुनरुत्पादन र कृत्रिम पुनरुत्पादन।

### १६.१ प्राकृतिक पुनरुत्पादन

प्राकृतिक पुनरुत्पादन भनेको वनको बीउ वा विरुवाहरू आफूले नै बढ्ने प्रक्रिया हो जसमा मानवीय हस्तक्षेप कम हुन्छ वा हुँदैन। यस अन्तर्गत वन क्षेत्रभित्र रहेका रूखका बीउ जमिनमा खसेर नयाँ विरुवा बन्दै बिरुवा हुर्कन्छ। प्राकृतिक पुनरुत्पादन दिगो र कम खर्चिलो विधि हो। तर सावधानीपूर्वक canopy खुलाउने उपायहरू अपनाएर प्रकाश पहुँच थप उपलब्ध गराउनु पर्छ, विशेष गरी घना छत्र भएका वन क्षेत्रमा, जहाँ "light demander" प्रजातिहरूको वृद्धि कठिन हुन्छ। भक्तपुर जिल्लाको सरकारद्वारा व्यवस्थित वनमा प्राकृतिक पुनरुत्पादन नै रहेको छ ।

### कृतिम पुनरुत्पादन

कृत्रिम पुनरुत्पादन भनेको मानवीय सहयोगबाट वन क्षेत्रमा नयाँ विरुवा रोप्ने प्रक्रिया हो। यसमा स्थायी र अस्थायी नर्सरीहरूमा उत्पादन गरिएका विरुवा रोपिन्छ। यो विधि त्यस्ता क्षेत्रमा प्रयोग गरिन्छ जहाँ प्राकृतिक पुनरुत्पादन पर्याप्त हुँदैन वा वन विस्तार गर्न आवश्यक हुन्छ। कृत्रिम पुनरुत्पादनले वनको उपस्थिति वृद्धि गर्दै काठजन्य, फलजन्य, जडिबुटी, बाँसजस्ता प्रजातिहरूको रोपणलाई समावेश गर्दछ। यसले वन संरक्षण र व्यवस्थापनमा सघाउ पुर्याउँछ। भक्तपुर जिल्लामा कृत्रिम पुनरुत्पादन स्थायी र अस्थायी नर्सरीहरू विरुवा उत्पादन गरेर गरिदै आएको छ र  यो कार्यलाई आगामी ५ बर्षमा पनि निरन्तरता दिइनेछ ।

### १. स्थायी तथा अस्थायी नर्सरी मार्फत

जिल्लामा स्थायी र अस्थायी प्रकृतिका सामुदायिक, सरकारी तथा निजी नर्सरीहरु संचालन गरिनेछ ।यस जिल्लामा डिभिजन वन कार्यालय अन्तर्गत १ वटा डिभिजन वन नर्सरी संचालन हुँदै आएको छ। पछिल्लो ५ बर्षमा सो नर्सरी बाट २३७००० विरुवा उत्पादन भएको थियो।सो नर्सरीलाई बाहै महिना विरुवा रहने गरी पानी, नर्सरी नाइके, र अन्य भौतिक साधन श्रोतले सम्पन्न बनाई स्थायी नर्सरीको रुपमा विकास गरिनेछ।डिभिजन वन नर्सरीलाई हाइटेक प्रविधीमा लैजान जरुरी देखिन्छ। जिल्लाका स्थायी तथा अस्थायी नर्सरीहरुमा कृपक एवं उपभोक्ताहरुको माग अनुरुपका स्थानीय तथा छिटो बढ्ने खालका काठ तथा दाउरा उत्पादनका साथै डालेघाँस उत्पादन हुने प्रजातिहरुको छनौट गरी विरुवा उत्पादन गरिनेछ।उपभोक्ताहरुको माग अनुसांर गैरकाष्ठ वन पैदावर प्रजातिहरुको समेत उत्पादन गरिनेछ।



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

यसैगरि शहरी वनलाई ध्यानमा राखेर कपुर, ईपिलईपिल, जाकारण्डा, कल्की, धुपी, लालुपाते, कुरिलो आदि रहेका छन्।

यस जिल्लामा व्यापारिक प्रयोजनको उद्देश्यले निजी तवरमा विरुवाहरु उत्पादन गरि विभिन्न संघ संस्था तथा व्यक्तिहरुलाई बिक्री गर्ने गरिएको पाईएको छ। सरकारी एवं सामुदायिक नर्सरीहरुबाट विरुवा आपूर्ति गर्न नसकिरहेको अवस्थामा यस्ता नर्सरीहरुलाई प्रोत्साहन गरी संचालनमा ल्याउन उपयुक्त हुने हुँदा यी नर्सरीहरुलाई प्राविधिक सहयोग र विरुवा खरिद गर्ने कार्यक्रम कार्ययोजनामा समावेश गरिएको छ।

२. वृक्षारोपण

स्थानीय स्तरमा हरियाली बढाउन, कृषि क्षेत्रको उत्पादकत्व बढाउन, वन पैदावारको परनिर्भरता कम गर्न, बिभिन्न कारणबाट कटान भएका वन क्षेत्रलाई पुनः हराभरा बनाउन तथा खाली, नाङ्गो आवादी जग्गाहरूमा हरियाली बढाउन, जलवायु परिवर्तन अनुकुलन तथा न्यूनिकरण गर्न यस जिल्लाका लागि वृक्षरोपण अति नै आवश्यक छ। भक्तपुर जिल्लामा वृक्षारोपणका लागि ठुला ठूला खाली पाखाहरु नभए पनि विभिन्न सामुदायिक वनहरुको क्षेत्रहरु तथा सार्वजनिक वन क्षेत्र विशेष गरी राष्ट्रिय वन क्षेत्रहरुमा गुणात्मक तरिकाको वृक्षारोपण गरिनेछ।

३. अग्ला विरुवा (Sapling) उत्पादन कार्यक्रम

शहरी क्षेत्र, सडक किनारा, नदी किनारा जस्ता स्थानहरूमा गरिने वृक्षारोपणमा संरक्षणको वढी समस्या तथा छिटो वढ्नु पर्ने आवश्यकता र विगत देखि गरिदै आएका वृक्षारोपण कार्यक्रमहरूको पूर्ण सफलता प्राप्त नहुनुमा अपरिपक्व विरुवाको वृक्षारोपण भएको महसूस गरी यस योजना अवधिको शुरु देखि नै बहुवर्षिय विरुवा (sapling) उत्पादन गरि वृक्षारोपण कार्यक्रमको थालनी गरि निजि वन, समुदायमा आधारित वन विकास कार्यक्रममा समावेश गर्दै लगी साना विरुवाहरूको वृक्षारोपणलाई क्रमशः घटाईदै लगिनेछ।

४. नर्सरीमा विरुवा उत्पादनको मूल नीति

कार्यालय अन्तर्गतको २ वटै सव-डि.व.का.मा स्थायी नर्सरी स्थापना र स्तरोन्नती गरिनेछ। जिल्लामा अन्य कुनै कार्यालय, संघसंस्था वा निजी क्षेत्रलाई चाहिने विरुवा प्रचलित स्वीकृत नर्मस र जिल्ला दररेट अनुसार विरुवा माग गर्ने निकायहरूसंगको खर्चमा माग अनुसारको गुणस्तरीय विरुवा उत्पादन गरी उपलब्ध गराइन्छ।

विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)



Scanned with CamScanner

## १६.२ विरुवा उत्पादन र वृक्षारोपण योजना

### क. विरुवा उत्पादन योजना

| सि. नं. | नर्सरी क भएको स्थान | आ.व.२०८२/८३ | | | | आ.व.२०८३/८४ | | | | आ.व.२०८४/८५ | | | | आ.व.२०८५/८६ | | | | आ.व.२०८६/८७ | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एक | बहु | जडिबुटी | जम्मा | एक | बहु | जडिबुटी | जम्मा | एक | बहु | जडिबुटी | जम्मा | एक | बहु | जडिबुटी | जम्मा | एक | बहु | जडिबुटी | जम्मा | |
| १ | जिल्ला नर्सरी | २० | १० | १० | ४० | २० | १० | १० | ४० | २० | १० | १० | ४० | २० | १० | १० | ४० | २० | १० | १० | ४० | २०० |
| २ | अन्य नर्सरी बाट | १५ | | १० | २५ | १५ | | १० | २५ | १५ | | १० | २५ | १५ | | १० | २५ | १५ | | १० | २५ | १२५ |
| | जम्मा | ३५ | १० | २० | ६५ | ४५ | ३५ | १० | २० | ६५ | ३५ | १० | २० | ६५ | ६५ | ३५ | १० | २० | ६५ | ३५ | १० | ३२५ |

विरुवा संख्या हजारमा

नोटः विरुवाको सहि सदुपयोग, डिभिजन, सव डिभिजनमा रहेका नर्सरीहरु र सम्भावित अस्थायी नर्सरी रहने क्षेत्र, जनशक्ति लगायत आर्थिक स्रोतलाई अध्ययन गर्दा प्रति वर्ष ६५ हजार विरुवा उत्पादन तथा त्यसको सहि सदुपयोग गर्न सकिने दिखिएको हुदाँ पाँच वर्षमा ३ लाख २५ हजार विरुवा उत्पादन गरि सहि स्थानमा सदुपयोग गर्ने लक्ष्य राखिएको छ।

### ख. वृक्षारोपण योजना

विगत देखि नै यस डिभिजन वन कार्यालयले सार्वजनिक, ऐलानी, पर्ती, नदी उकास तथा नदी किनारा र निजी जग्गाहरूमा वृक्षारोपणका कार्यक्रमहरू संचालन गर्दै आईरहेको छ। वन क्षेत्र र सार्वजनिक क्षेत्रमा समेतमा लौठ सल्ला, उतिस, वकाइनो, टाँकी, अम्वा, अमला लगायतका विरुवा वृक्षारोपण भएको अभिलेखवाट देखिन्छ। यस जिल्लामा अझै पनि वृक्षारोपणयोग्य जग्गा प्रशस्त रहेको हुँदा वृहत रुपमा वृक्षारोपणको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ। हाल विश्वव्यापी रुपमा देखा परेको कार्वन उत्सर्जन र जलवायु परिवर्तनवाट उत्पन्न जोखिमहरूलाई न्यूनीकरण गर्न नदी कटानको समस्यालाई दिगोरुपले समाधान गर्न तथा जिल्लामा हरियाली वढाउन यी जग्गाहरूमा वृक्षारोपण गरी वन स्थापना गर्न अति आवश्यक देखिएको छ। सव डिभिजन वन कार्यालय अनुसार आगामी ५ वर्षमा ८१.१ हेक्टर क्षेत्रमा वृक्षारोपण गर्ने योजना रहेको। आगामी ५ वर्षमा गरिने वृक्षारोपणको योजना निम्न तालिकामा प्रस्तुत गरिएको छ।

विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)



Scanned with CamScanner

क्षेत्रफल हेक्टरमा

| सि. नं. | बिरुवा रोपिने स्थान न | आ.व.२०८२/८३ | | | | आ.व.२०८३/८४ | | | | आ.व.२०८४/८५ | | | | आ.व.२०८५/८६ | | | | आ.व.२०८६/८७ | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सा व धेत्र | निजी वन | सार्वजनिक | जम्मा | सा व धेत्र | निजी वन | सार्वजनिक | जम्मा | सा व धेत्र | निजी वन | सार्वजनिक | जम्मा | सा व धेत्र | निजी वन | सार्वजनिक | जम्मा | सा व धेत्र | निजी वन | सार्वजनिक | जम्मा | |
| १ | भक्तपुर | ५ | २ | १ | ८ | २ | २ | १ | ५ | २ | | २ | ४ | ५ | २ | १ | ८ | | ८ | २ | १० | |
| २ | नगरकोट /सुर्यविनायक स.डि.व. | ५ | ५ | .७ | १०.७ | २ | ५ | .७ | ७.७ | ५ | ५ | २ | १२ | ५ | ५ | .७ | १०.७ | | ५ | | ५ | |
| जम्मा | | १० | ७ | १.७ | १८.७ | ४ | ७ | १.७ | १२.७ | ७ | ५ | ४ | १६ | १० | ७ | १.७ | १८.७ | | १३ | २ | १५ | ८१.१ |

विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

### १६.३ वन संवर्द्धन प्रणाली छनौट गर्ने विधि

वन संवर्द्धन प्रणालीले पुरानो वन (Old or existing crop) लाई क्रमिक रुपमा हटाउने र त्यसलाई नयाँ बिरुवाको वन (New crop) ले प्रतिस्थापन गर्ने र बढ्ने उमेरका रुखबिरुवाको तिव्र वृद्धि हासिल गर्न अपनाईने विधि र वन संवर्द्धन सम्बन्धी कृयाकलापहरू (Set of activities) लाई जनाउँदछ। अपनाइएको वन संवर्द्धन प्रणाली अनुरुप नै भविष्यको वन कस्तो हुने (Regular or irregular) भन्ने निर्धारण गर्दछ। अर्को भाषामा भन्ने हो भने वन संवर्द्धन प्रणाली भनेको हालको वनमा रहेका परिपक्व रुखहरूलाई निकाल्ने र त्यसको ठाँउमा पुनरुत्पादन गराएर वन कायम गर्न अपनाइने विधि, प्रकृया र निश्चित कृयाकलापहरूको एकीकृत रुप हो। वनको अवस्था, व्यवस्थापनको उद्देश्य र अन्य कुराहरू जस्तै भू-बनावट, भू-क्षयको संवेदनशिलता आदि समेत विचार गरी संरक्षण वा उत्पादन तथा यन्त्रिकिकरण केलाई जोड दिने हो ? सोको आधारमा उपयुक्त वन संवर्द्धन प्रणाली छनौट गर्नु पर्दछ। कटानको तिव्रता (Felling intensity), कटानको मात्रा (Magnitude of felling), कटान स्वरुप (Felling pattem) र पुनरुत्पादन विधि (Mode of regeneration) ले वन संवर्द्धन प्रणालीको निर्धारण गर्दछ। यसका साथै वन संवर्द्धन प्रणाली अनुरुप नै इल्ड रेगुलेशनको तरिका पनि फरक पर्दछ। वन संवर्द्धन प्रणाली, तीनको विशेषता र ती प्रणाली उपयुक्त हुने अवस्था निम्न तालिकामा प्रस्तुत गरिएको छ। वन व्यवस्थापनको लागि उपयुक्त वन संवर्द्धन प्रणाली छनौट गर्नु पर्दछ। यसैले के गर्ने, कसरी गर्ने, कहाँ गर्ने, कहिले गर्ने जस्ता वन व्यवस्थापनका सवालहरूको निर्धारण गर्दछ।

| मुख्य वन संवर्द्धन प्रणाली | विशेषता | उपयुक्त |
|---|---|---|
| Clear felling system and its variants (clear strip system, alternate strip system etc.) | बालीचक्र बराबरको संख्यामा annual coupes बनाई प्रत्येक वर्ष एक वटा कुपमा कटान तथा वृक्षारोपण गर्दै जाने। | हैसियत बिग्रिएको, प्राकृतिक पुनरुत्पादन आउने संभावना नभएको वन तथा झाडी बुट्यान भएको क्षेत्र र खाली क्षेत्रमा उपयुत्त हुने। साथै प्रजाति परिवर्तन गरी अन्य प्रजातिको वन हुर्काउनु परेमा उपयुक्त हुने। |
| Shelter-wood system and its variants (Uniform shelterwood system, irregular shelterwood system, shelter-wood strip system etc.) | पुनरुत्पादन अवधिको आधारमा वनलाई (कम्पार्टमेनटलाई विभिन्न periodic block मा विभाजन गरिने, periodic block को संख्या बालिचक्रलाई Regeneration period ले भाग गरेर निकालिने, कटान उमेर पुगेको periodic block मा पुनरुत्पादन कटान गरिने र Regeneration period भरीमा पुनरुत्पादन कटान कार्य तथा | सल्ला प्रजाति खास गरी खोटे सल्लामा Uniform shelter-wood system उपयुत्त हुने, साल, सालमिश्रित तथा अन्य चौडापाते प्रजातिहरूमा irregular shelter wood system उपयुक्त हुने Shelter-wood system |



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

| मुख्य वन संवर्द्धन प्रणाली | विशेषता | उपयुक्त |
|---|---|---|
| | पुनरुत्पादन कार्य पुरा गरिने। पुनरुत्पादन कटान गर्दा uniform shelter-wood system मा advance growth (saplings and poles) लाई भविश्यको बालीको रुपमा कायम गरिदैन भने irregular shelter-wood system मा advance growth लाई भविश्यको बालीको रुपमा राखिन्छ, सामान्यत पुनरुत्पादन राम्रो रहेको स्थानवाट कटान शुरु गरिन्छ। | प्राकृतिक रुपमा पुनरुत्पादन आउन सक्ने अवस्थामा मात्र उपयुक्त हुन्छ। प्रजाति हेरी विउ छहारीको लागि/ कायम गरिने रुखसंख्या फरक पर्दछ। उदाहरणको लागि सालको हकमा १५-३० प्रति हेक्टर विउ छहारी रुख/ आवश्यक पर्दछ। बिरुवा हुर्कनलाई आवश्यक पर्ने प्रकाश छहारीको मात्राले समेत माउ छहारी रुखको/ संख्या निर्धारणगर्दछ। |
| selection system | selection system मा निश्चित व्यास भन्दा माथिका परिपक्व रुखहरू सबै वनक्षेत्रवाट कटान गरिने र साना विरुवाहरूलाई हुर्कने वातावरण सृजना गर्ने, कटान गर्दा नै पत्ल्याउने, सरसफाई गर्ने तथा गोडमेल समेत गरिने, वनमा सबै आकारका साना देखि कटान गर्न लायक (रुखहरूको संख्या उपयुत्त मात्रामा कायम गरिने।<br>True selection system मा पुनरुत्पादनको लागि उपयुत्त वातावरण सृजना नहुने र व्यवस्थापन कार्य पनि जटिल हुने भएको हुँदा कटान चक्र (Felling cycle) को आधारमा व्यवस्थापन गरिने selection system मा ५-१० वर्षको (Felling cycle) निर्धारण गरी वन क्षेत्रलाई विभिन्न Felling area मा विभाजन गरिने र प्रत्येक वर्ष एक वटा Felling area मा exploitable diameter भन्दा माथिका रुखहरू कटान गरी निकालिने, अन्य वन संवर्द्धनका कार्यहरू पनि संगसंगै गरिने। | वातावरणिय हिसाबले संवेदनशिल, १०० भन्दा बढी भिरालो, भू-क्षय हुने संभावना रहेको कमलो भू बनावट रहेको स्थान, बढ्न हुर्कनको लागि बढी छहारी आवश्यक पर्ने प्रजातिको वनमा Selection system उपयुक्त हुन्छ।<br>selection system सिद्धान्ततः राम्रो भएतापनि व्यवहारमा यो जटिल हुनुका साथै विरुवा हुर्कन बढनको लागि उपयुक्त वातावरण सृजना नहुने भएकोले ५-१० वर्षको felling cycle अपनाएर गर्नु राम्रो हुने देखिन्छ। |



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

## १६.४ वन संवर्द्धन प्रणालीको सिफारिस

**वनहरूमा सञ्चालन गरिने वन संवर्द्धन प्रणाली (Silvicultural systems)**

जिल्लाका धेरैजसो वनहरू खासगरी वस्ती नजिकका राष्ट्रिय वनहरू सामुदायिक वनको रुपमा हस्तान्तरण भइसकेका हुदा त्यस्ता वनहरुवाट कुल उत्पादनशील संचितिको आधारमा वार्षिक वृद्धिदरलाई मध्यनजर गरी ढलापढा र सुखड रुखहरूलाई प्राथमिकता दिइ काठ दाउरा निकाल्ने एवं अन्य tending operation बाट काठ दाउरा निकाली आन्तरिक खपत तथा बाहिर बिक्री वितरण गरिनेछ। जिल्लाको सरकारद्वारा व्यवस्थित वनहरु पहुचवाट टाढा र प्राय भिरालो जग्गामा भएको हुदा वनमा हालसम्म कुनै व्यवस्थापन कार्य गरी काठ दाउरा उत्पादन गरिएको छैन । यस आवधिक योजना सहितको रणनीतिक योजना अवधिमा जिल्लाका विभिन्न सामुदायिक वनहरूमा मुख्यरुपमा निम्न अनुसारका वन संवर्धन प्रणालीहरू लागु गर्न सकिने छ ।

**Selection System**

जिल्लाका प्रायः सामुदायिक वन तथा राष्ट्रिय वनहरूमा वुढा, धोद भएका, मर्न लागेका, सुकेका रुखहरू प्रशस्त मात्रामा रहेका छन्। उपरोक्त वनहरूमा मरेका, मर्नलागेका, रोगी र वृद्धि रोकिएका रुखहरूलाई प्राथमिकता दिई Selection प्रणाली अपनाई कार्ययोजना अनुसार रुखहरू हटाएर वन पैदावारको आपूर्ति गर्ने पद्धतिलाई प्रभावकारी रुपमा अवलम्वन गरिनेछ।

## १६.५ वन संवर्द्धन प्रणाली अनुसार वन बाली उत्पादन तथा पुनरुत्पादन चक्र

वन संवर्द्धन प्रणाली छनौट तथा कटान चक्र मुख्यतया प्रजाति, स्थानीय अवस्थाहरू, माटो र माटोको सतह कभर, पुनरुत्थानका अवस्थाहरू, प्रकृति र वन उत्पादनको प्रकार, वन संरचना परिवर्तन, आर्थिक पक्षहरू, यान्त्रिकीकरण आदिले असर पार्दछ। यसबारे परिच्छेद १५(६) मा विस्तृत व्याख्या गरिएको छ।

विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)



Scanned with CamScanner

## १७. जडीबुटी तथा अन्य वन पैदावारको संरक्षण तथा व्यवस्थापन

### १७.१ गैरकाष्ठ वन पैदावार

भक्तपुर जिल्लामा हावापानी, जलवायुमा विविधता पाईएकोले यहाँ विभिन्न प्रकारको ठाउँ र हावापानी सुहाउँदो गैरकाष्ठ वन पैदावारहरु पाईन्छ। यस जिल्लामा रुद्राक्ष, गुराँस र कटुस आदि प्रजातीका जडीबुटीहरु पाईन्छन्।

जडिबुटी पाइने क्षेत्र, फैलावट, वर्तमान अवस्था तथा वार्षिकरुपमा उत्पादन हुने परिमाणको बारेमा वनश्रोतको सर्वेक्षण गर्दा तथ्याङ्क सङ्कलन गरिएको थियो। त्यसैगरी डिभिजन वन कार्यालयको अभिलेख, स्थानीय बासिन्दाहरू, सामुदायिक वन उपभोक्ता समूहसंग छलफल, अन्तरक्रिया मार्फत् थप जानकारी सङ्कलन गरिएको थियो। **गैरकाष्ठ वन पैदावारको श्रोत सर्वेक्षण मार्गदर्शन २०६९** अनुसार जडिबुटी प्रजातिको बिरुवाको आकार (herbs, shrubs and trees) को आधारमा स्याम्पल प्लट निर्धारण गरी तथ्याङ्क सङ्कलन गरिएको थियो। जडिबुटी प्रजातिलाई परिपक्व हुन लाग्ने समय तथा उत्पादनशील संचितीको माध्यमबाट वार्षिक बृद्धिदर पत्ता लगाई कुल वार्षिक बृद्धिको प्रजाति हेरी ७० प्रतिशतसम्म परिमाण निकाल्न सकिने सिफारिस गरिएको छ। त्यसैगरी जडिबुटी सङ्कलन एवं बिक्री व्यवसायमा संलग्न व्यक्ति एवं उद्यमीहरूबाट छलफल गरी परिमाणको आँकलन गरिएको छ।

यस जिल्लामा विभिन्न किसिमको गैरकाष्ठ वन पैदावार पाईएता पनि व्यवसायिक रुपमा कुनैपनि वन पैदावारहरु मात्र निकासी नहुने भएकोले र सबै गैरकाष्ठ वन पैदावारको फ्रिक्वेन्सी, प्रभावित एरिया, घनत्व आदि बारे सूचनाको कमीले गर्दा निम्न प्रजातीहरु पाईने सम्भाव्य वन क्षेत्रको आधारमा स्रोत सर्भेक्षण तथा विगतको संकलन परिमाण समेतलाई आधार मानी वार्षिक सङ्कलन गर्न सकिने परिमाण तलको तालिका २४ मा उल्लेख गरिएको छ।

तालिका २४:प्रजाति अनुसार गैरकाष्ठ वन पैदावारको वार्षिक संकलन परिमाण

| सि.न. | प्रजाति | वार्षिक संकलन गर्न सकिने परमिाण (कि.जी.) | वार्षिक संकलन गर्न सकिने परमिाण (मेट्रिक टन .) |
|---|---|---|---|
| क. | जरा तथा गानो जाति | | |
| १ | सुगन्धवाल | ३६ | ०.०३६ |
| २ | जटामसी | २० | ०.०२ |
| ३ | बोझो | ७० | ०.०७ |
| ४ | ठुलो ओखती | २६ | ०.०२६ |
| ५ | कुकुरडाइनो | १३० | ०.१३ |
| ६ | पाषनवेद | ६९ | ०.०६९ |
| जम्मा जरा तथा गानो जाति | | ३५१ | ०.३५१ |



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

| सि.नं. | प्रजाति | वार्षिक संकलन गर्न सकिने परिमाण (कि.ग्रा.) | वार्षिक संकलन गर्न सकिने परिमाण (मेट्रिक टन .) |
|---|---|---|---|
| ख. | बोक्रा जाति | | |
| ७ | चुत्रो | ५००० | ५ |
| जम्मा बोक्रा जाति | | ५००० | ५.०० |
| ग. | पात जाति | | |
| ८ | तितेपाती | ३००० | ३ |
| ९ | घसिङ्गरे | ६००० | ६ |
| १० | नरहरी बुटी | ४५ | ०.०४५ |
| ११ | लौठ सल्ला | ५०० | ०.५ |
| १२ | मजिठो | ५००० | ५ |
| जम्मा पात जाति | | १४५४५ | १४.५४५ |
| घ. | फूल तथा भुवा जाति | | |
| १३ | लाली गुँरास | ७०० | ०.७ |
| जम्मा फूल तथा भुवा जाति | | ७०० | ०.७ |
| ङ. | फल र बीज जाति | | |
| १४ | काफल | ७५० | ०.७५ |
| १५ | कटुस | ८०० | ०.८ |
| १६ | कालादाना | १००० | १ |
| १७ | टिमुर | ३७.५ | ०.०३७५ |
| १८ | लप्सी | १३ | ०.०१३ |
| १९ | चुत्रो फल | २००० | २ |
| २० | रुद्राक्ष | ९५ | ०.०९५ |
| २१ | पानी अमला | ३५० | ०.३५ |
| २२ | वन केरा | १०० | ०.१ |
| २३ | वन लसुन | २५ | ०.०२५ |
| २४ | सल्ला (कोन) | ३५५०० | ३५.५ |
| जम्मा फल र बीज जाति | | ४०६७ | ४०.६७ |
| च. | विरुवा जाति | | |
| २५ | गुर्जो | ५० | ०.०५ |
| २६ | नागवेली | १२० | ०.१२ |
| २७ | निगालो | १४०० | १.४ |
| जम्मा विरुवा जाति | | १५७० | १.५७ |

श्रोत - फिल्ड सर्वेक्षण २०८१



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

यस जिल्लामा प्रमुख २६ प्रजातिको जडिबुटीहरूको कूल संचिति ६२२७९० के.जी. रहेको छ। प्रजाति, संकलन गर्न सकिने भागलाई मध्यनजर गर्दै कुल संचितिको १०% देखि ७०% सम्म वार्षिक सङ्कलन परिमाण सकिने हुँदा आगामी ५ वर्षसम्म प्रति वर्ष जरा तथा गानो जातिबाट ३५१ के.जी., बोक्रा जाति ५००० के.जी, पात जति १४५४५ के.जी, फुल तथा भवा जाति ७०० के.जी, फल र बीज जाति ४०६७१ केजी र विरुवा जाति १५७० के.जी. जडिबुटी सङ्कलन गर्न सकिने देखिन्छ। माथि उल्लेखित प्रजातिका गैरकाष्ठ वनपैदावारहरू तथा सो बाहेक अन्य वन पैदावारहरू समेत निजी नम्बरी जग्गामा लगाई हुकाई बाहिर निकासीको लागि डिभिजन वन कार्यालयमा पेश हुन आएमा डिभिजन वन कार्यालयबाट उक्त जग्गा धनीको वनपैदावार खेती गरिएको क्षेत्र निरीक्षण गरी आवश्यक प्रक्रिया पुरयाई निकासीका लागि सहमति दिने गरिएको छ। त्यसलाई निरन्तरता दिइनेछ।

साधारणतया: जडिवुटी सङ्कलन तथा विक्री वितरण गर्दा निम्न कुरामा ध्यान दिइनेछ।

क. तोकिएको समयमा कार्ययोजनाले निर्दिष्ट गरेको प्रकृया पुरा गरेर मात्र सङ्कलन ।

ख. जडिवुटी सङ्कलनकर्तालाई जडिवुडी सङ्कलन ईजाजत, सङ्कलन विधि र प्रशोधनका विषयमा जानकारी दिइनेछ।

ग. सङ्कलन गर्नु अगावै स्थानीय स.डि.व.का. तथा सा. व.हरूमा सङ्कलनकर्ताको नाम र सङ्कलन हुने जडिवुटीको विवरण बारे जानकारी दिइनेछ।

घ. तोकिएको समय र परिमाणमा मात्र जडिवुडी सङ्कलन गर्न दिइनेछ।

ङ. जडिवुटी सङ्कलन भई पुनरुत्पादन हुने स्थानमा आगलागी तथा चरिचरणमा नियन्त्रण ।

च. जडिवुटी सङ्कलन कर्ताहरूलाई जडिवुडीको खेती गर्न प्रोत्साहित गराईनेछ।

छ. जडिवुटी सङ्कलन गर्दा अनुगमनको उचित व्यवस्था ।

ज. सामुदायिक वनहरूमा समेत प्रभावकारी रुपमा कार्ययोजना अनुसार जडिवृटी सङ्कलनको व्यवस्था मिलाइनेछ।

### १७.२ अन्य वन पैदावार

यस जिल्लामा सीमित मात्रामा जडिवुटीहरू राष्ट्रिय वनक्षेत्रबाट सङ्कलन भई निकासी हुने गरेको पाईएको छ। निजी वनको खाली पर्ति जग्गामा जडिवुटी खेती गरेको र केही सामुदायिक वनका खाली पर्ती जग्गाहरूमा अम्रिसो, कुरिलो, बाँस, आदि जस्ता प्रजातिहरूको खेती गरी निकासी गर्न सकिन्छ।

### १७.३ जिल्लामा पाइने प्रमुख जडिवूटी तथा वनस्पतीहरूको विवरण

जिल्लामा विभिन्न प्रकारका जडिवुटीजन्य र अन्य गैरकाष्ठ वन पैदावारहरू पाइन्छन्। यस जिल्लाका प्रमुख गैरकाष्ठ वन पैदावारमा गुर्जो, धसींगरे, तितेपाती, टिमुर, निगालो, लप्सी, तेजपात, लौठसल्ला, सुगन्धकोकिला, नागवेली, खोटो (सल्ला), कालादाना, पापनवेद, हाडे उन्यू, बोझो, चुत्रो, मजिठो, इन्द्रायणी विंया, कुकुरडाइनो, पानी अमला, नरहरी घाँस,ठूलो ओखतो, खरेटो, रुद्राक्ष, गुराँस, कटुस आदि रहेका छन्।



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

सहायक प्रमुख

वन निर्देशनालय
डिभिजन वन कार्यालय
सानोठिमी, भक्तपुर

१७.४ खोटो सङ्कलन तथा बिक्री वितरण

यस जिल्लामा पाईने खोटे सल्लाको वनबाट विगत वर्षमा खोटो संकलन र विक्री वितरण कार्य नभएको तर खोटो सङ्कलन गर्ने सम्भावना रहेको छ। आगामी ५ वर्षमा प्रति वर्ष ४० टनको दरले २०० टन जिल्लाका सामुदायिक वनहरुबाट खोटो सङ्कलन गरिने छ। खोटो संकलनको लागि प्रारम्भिक वातावरणिय प्रतिवेदन स्वीकृत गराई खोटो संकलन कार्य गरिने छ।

विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)



Scanned with CamScanner

## १८. वृक्षारोपण गर्ने क्षेत्रको पहिचान तथा वृक्षारोपण व्यवस्थापन

वन विकासको लागि वृक्षारोपण एक महत्वपूर्ण प्रकृया हो। भक्तपुर जिल्लाको मुख्यतया माटोको बनावट, हावापानी, साइट क्वालिटि लगायतका विषयले विरुवा रोपण विधि तथा विरुवा प्रजाति छनौटमा फरक पार्दछ। यस कार्यालयले वन क्षेत्र, सार्वजनिक/ऐलानी/पर्ति जग्गा एवं नदी उकास जग्गामा वृक्षारोपण गर्ने कार्यलाई निरन्तरता दिदै आइरहेको तथा आगामी ५ वर्षमा समेत यस कार्यक्रमलाई प्राथमिकतामा राखेको छ। भक्तपुर जिल्लामा आगामी ५ वर्षमा नदि उकास क्षेत्र, ऐलानी/पर्ती जग्गा, निजी आवादीको जग्गा र राष्ट्रिय वनको खाली क्षेत्रलाई केन्द्र विन्दुमा राखी वृहत वृक्षारोपण मार्फत हरियाली अभिवृद्धिको काम गर्नेछ।

वृक्षारोपण सफल वनाउन सम्भव भएसम्म तार/बाँसको घेरावेरा, गोडमेल, पुनरोपण, सिचाई, हेरालु आदिको व्यवस्थापन गरिनेछ। वस्तीदेखि टाढा रहेका हैसियत विग्रेको राष्ट्रिय वन क्षेत्रमा वृक्षारोपण एवं यसको व्यवस्थापन सेवा प्रदायक संस्था मार्फत समेत काम गर्न सकिनेछ। व्यवस्थित तरिकाले वृक्षारोपण कार्य गर्नका लागि वृक्षारोपण क्षेत्रको कार्ययोजना वनाइनेछ। जसमा वृक्षारोपण क्षेत्रको नक्सा सहितको सम्पूर्ण विवरण, वृक्षारोपण संरक्षण, संवर्द्धन सम्वन्धी व्यवस्था विस्तृत रुपमा उल्लेख गरिनेछ। कार्ययोजनामा कुन प्रजातिका के कति विरुवा कति दुरीमा लगाउने, वन व्यवस्थापन तथा संरक्षणको व्यवस्था के कसरी गर्ने आदि विषय स्पष्ट रुपमा उल्लेख गरिनेछ।

वृक्षारोपण संरक्षणको लागि वारवेरा गर्दा सकेसम्म स्थानीय रुपमा उपलब्ध जैविक सामाग्रीहरू जस्तै सजिवन, निलकाँडा, बाँस आदिको प्रयोग गरिने छ र आवश्यकता अनुसार वन हेरालुको समेत व्यवस्था मिलाइने छ।

उदेश्य अनुसार वृक्षारोपण गर्ने क्षेत्रको पहिचान तथा वृक्षारोपण व्यवस्थापन निम्न प्रकारमा विभाजन गरिएको छ:

### क. व्यवसायिक रुपमा वृक्षारोपण

भक्तपुर जिल्लामा पछिल्ला केही वर्ष देखि धेरै जमिन भएका जग्गाधनी तथा जग्गा संरक्षण गर्दै आएका व्यक्तिवाट व्यवसायिक महत्वको प्रजातिहरू (एभोकदो, लगायत अन्य फलफुल) को वृहत वृक्षारोपण भएको देखिन्छ। वजारमा काठको उच्च मुल्य, वहुवर्षिय वाली, कम लगानी, कृषि वालीको तुलनामा कम मेहनत लगायतका कारणले यस क्षेत्रमा व्यवसायिक रुपमा वृक्षारोपण भएको छ। व्यवसायिक रुपमा वृक्षारोपण गर्ने जग्गाधनीहरू डिभिजन वन कार्यालयको सम्पर्कमा आउदा निजी वन दर्ताको लागि प्रोत्साहन गरी कार्ययोजना बनाई आवश्यक प्राविधिक सहयोग गर्ने गरेको, समय समयमा क्षमता अभिवृद्धि कार्यक्रमहरू संचालन गर्ने गरेको, रुख विरुवा संरक्षण र विकास जस्तै रोगकिराका बारेमा जानकारी, रुखको कटान चक्र, वृक्षारोपण व्यवस्था, गोडमेल लगायतको कार्यको लागि आर्थिक तथा यान्त्रिक सहयोग गर्दै आएको छ र आगामी दिनमा समेत यस कार्यलाई निरनतरता दिइने छ।

निजी वन/नम्बरी आवादी जग्गाहरूबाट उत्पादित काठहरू वर्षेनी सङ्कलन भई राष्ट्रिय अर्थतन्त्रमा भै रहेको योगदानलाई मध्यनजर गरी प्रदेश सरकारबाट संचालन हुदै आएको निजी वन उत्पादकत्व प्रवर्द्धन



विश्व कोईराला
डिभिजनल वन अधिकृत

Scanned with CamScanner

कार्यक्रम मार्फत निजी वनहरूमा वन व्यवस्थापन पद्धति लागु गरी उक्त वनको उत्पादन र उत्पादकत्व अभिवृद्धिको कार्य गरिनेछ। हरियाली प्रवर्द्धन गरि काठको उत्पादन बढाउन, वन संवर्द्धनको कार्य गर्न, प्रचारप्रसार, बिरुवा ढुवानी, सिचाई प्रवन्ध, निजी वन धनिलाई पुरस्कार, वन संवर्द्धनका लागि औजार/उपकरण/मेसिन अनुदान सहयोग, निजी वनको संरक्षण (घेराबारा, रोगकिरा नियन्त्रण आदि) गर्न सहयोगी कृयाकलापहरू संचालन गरिनेछ।

**ख. कृषिवन प्रणाली**

निजी जग्गा/सार्वजनिक जमिनको उत्पादकत्वमा सुधार ल्याई स्थानीय जनताको आयआर्जनमा सहयोग पुऱ्याउनका साथै वनको विकास गरी सो क्षेत्रमा हरियाली कायम गर्न तथा निजी वन प्रति जनमानसमा सकारात्मक प्रभाव वृद्धि गर्नको लागि सार्वजनिक/निजी जग्गामा वृक्षारोपण गरी कृषिवन विकास, विस्तार तथा प्रवर्द्धनको लागि कृषिवन विकास तथा विस्तार/कृषिवन प्रणाली प्रवर्द्धन कार्यक्रम संचालन भैरहेको छ।

निजी जग्गा/सार्वजनिक जमिनको उत्पादकत्वमा सुधार ल्याई स्थानीय जनताको आयआर्जनमा सहयोग पुऱ्याउनका साथै वनको विकास गरी सो क्षेत्रमा हरियाली कायम गर्न तथा निजी वन प्रति जनमानसमा सकारात्मक प्रभाव वृद्धि गर्नको लागि सार्वजनिक/निजी जग्गामा वृक्षारोपण गरी कृषि वन विकास, विस्तार तथा प्रवर्द्धनको लागि यो कार्यक्रम कार्यान्वयनमा ल्याइने छ।

**ग. वातावरणीय र मनोरञ्जन उद्देश्यका लागि रोपिएको वन**

शहरी क्षेत्रको सडक किनार तथा सार्वजनिक जग्गामा वृक्षारोपण मार्फत हरियाली अभिवृद्धिका लागि विभिन्न प्रजातिका Ornamental Plants वृक्षारोपण गर्ने उद्देश्यले यो कार्यक्रम संचालन गर्ने गरेको छ। यस कार्यालयले ठाउँ सुहाउदो उपयुक्त बिरुवा छनौट गरी सडक किनार तथा सार्वजनिक जग्गामा वृक्षारोपण गरिनेछ। स्थानीय तह तथा अन्य सरोकारवाला संघसस्थाहरूको सहयोग र समन्वयमा यो कार्यक्रम सञ्चालन गरिनेछ। साथै यस कार्यक्रमलाई स्थानीय तहहरूसँगको स्रोत साझेदारीमा समेत संचालन गर्न सकिने छ। वृक्षारोपणको लागि प्रचलित नर्म्स र सार्वजनिक खरिद सम्वन्धी ऐन, नियमावलीको अधीनमा रही यस कार्यालयले फलाम/बाँसको केज निर्माण तथा खरिद गरी रोपण गरिएको बिरुवाहरूको सुरक्षाको प्रवन्ध मिलाउने छ।

**वृक्षारोपण कार्यलाई सफल पार्ने उपयाहरू:**

वृक्षारोपण कार्यलाई सफल पार्न निम्न उपायहरू अपनाइनेछ।

- वृक्षारोपण क्यालेण्डर अनुसार श्रावण महिनादेखि नै नर्सरीका लागि आवश्यक बिउ सङ्कलन, नर्सरी मर्मत लगायतका कार्यहरू समयमा नै सञ्चालन गरिनेछ।
- बीउ गुनाको फल भनेझैं वन बिउ बगैचाबाट स्वस्थ बिउ तथा कटिङ्ग सङ्कलन गरी बेर्नाहरू उमारिनेछ।
- डिभिजन वन कार्यालय र सब डिभिजन वन कार्यालयहरुको नर्सरीमा हरेक वर्ष ६५ हजार बिरुवा ( एकवर्षिय, बहुवर्षिय र जडिबुटी) का उत्पादन गर्नेछ ।



Scanned with CamScanner

- उत्पादन गरिएका विरुवाहरुलाई सबै ४ वटै स्थानीय तहमा मागको आधारमा वितरण गरिने छ । ५ वर्षमा सामुदायिक वन, निजी क्षेत्र र सार्वजनिक जमिनमा ८१.१ हे क्षेत्रमा वृक्षारोपण गरिने छ।
- वृक्षारोपण गर्दा कम्तीमा १ घन फिटको खाडल खनी त्यसमा २०% कम्पोष्ट मल र आवश्यकता अनुसार रासायनिक मलको मिश्रण गरी टोकरी सहितको ठाउँ सुहाउँदो विरुवा रोपण गरिनेछ।
- विरुवा रोपण पश्चात् कम्तीमा ३ वर्षसम्म हेरालु सहित घेरवारको व्यवस्था गरिने र मरेको स्थानमा पुन रोपण गरिनेछ।
- वृक्षारोपण कार्यका लागि भरपर्दो संस्थागत संरचना र क्षमता विकास गरिने र वृक्षारोपण क्षेत्रको नियमित अनुगमन गरी तथ्याङ्क अद्यावधिक गरिनेछ।

वृक्षारोपणको विस्तृत योजना परिच्छेद १६ मा उल्लेख गरिएको छ।

विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

डिभिजन वन कार्यालय
सानोठिमी, भक्तपुर

## १९. वन अनुसन्धान तथा वन बीउ बगैंचा सम्वन्धी व्यवस्था

### १९.१ वन अनुसन्धान

भक्तपुर जिल्लाको राष्ट्रिय वन क्षेत्रभित्र वन तथा वातावरण मन्त्रालय/ वन तथा भू-संरक्षण विभागले कुनै अनुसन्धानात्मक कार्यको लागि स्वीकृत दिएमा यस कार्यालयले उक्त अनुसन्धान गर्ने विश्वविधालय, संस्था वा व्यक्तिलाई सहमति दिन सक्ने छ। अनुसन्धान कार्यको लागि वन पैदावार सङ्कलन गर्नु परेमा मन्त्रालय/ वन तथा भू-संरक्षण विभागको स्वीकृतमा यस कार्यालयले नियमानुसार अनुमति दिनेछ। बिश्वविद्यालय, संस्था वा व्यक्तिले वन क्षेत्रमा गर्ने अनुसन्धान कार्य समाप्त भए पछि यस कार्यालयलाई समेत उक्त कार्यको अन्तिम प्रतिवेदन एक प्रति उपलब्ध गराउनु पर्नेछ।

### १९.२ वन बीउ बगैंचा

बीउ उत्पादन क्षेत्रहरू (वा 'बीउ स्टयान्ड') विशेष गरी उच्च गुणस्तरका बीउहरू उत्पादन गर्ने उद्देश्यले व्यवस्थापन गरिएका वनका प्लटहरू हुन्। यी क्षेत्रहरूमा स्वस्थ, राम्रो वृद्धि भएका र अनुवांशिक रूपमा उत्कृष्ट गुण भएका 'माउ रुख' (Mother Trees) हरूलाई छनोट गरी वैज्ञानिक विधिले व्यवस्थापन गरि भविष्यका वृक्षारोपण कार्यक्रमहरूका लागि गुणस्तरीय बीउहरू सुनिश्चित गरि व्यवस्थापन गरिएको छ। यी क्षेत्रहरूबाट सङ्कलित बीउहरूले रोपण गरिने नयाँ वनको गुणस्तर र उत्पादनशीलता बढाउन मद्दत गर्दछन्। जिल्लामा भएका बीउ स्टयान्डहरु तालिका २५ मा दिएको छ।

तालिका २५ : विउ स्टयान्डको विवरण

| सि.नं. | प्रजाती | स्थान | क्षेत्रफल हे. | स्थापना गरिएको आ.व. | माउ रुख संख्या |
|---|---|---|---|---|---|
| १ | रुद्राक्ष | चमेली सा.व. सू.न.पा. १ | ०.२५ | २०८१/०८२ | २१ |
| २ | पाटेसल्ला | बहाल सा.व. चाँ.न.पा.८ | १.५९ | २०७९/०८० | २४० |

श्रोतः डि.व.का, भक्तपुर, २०८२

विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

# २०. समाजिक, सौंस्कृतिक तथा आर्थिक विश्लेषण

## २०.१ जनसङ्ख्या तथा घरधुरी

### जनसंख्या तथा साक्षरता

२०७८ को जनगणना अनुसार, भक्तपुर जिल्लाको कुल जनसंख्या ४३२,१३२ रहेको छ, जसमा पुरुष ५०.५% (२१८,४१८) तथा महिला ४९.५% (२१३,७१४) छन्। जिल्लामा १०८,५०३ घरधुरी रहेका छन्, जहाँ जनघनत्व ३,६३१ जना प्रति वर्ग कि.मि. रहेको छ। भक्तपुरको वार्षिक जनसंख्या वृद्धिदर ३.३५% रहेको छ भने साक्षरता दर ८६.९% छ। जिल्लाको जनसंख्या एंव साक्षरता र लैङ्गिक अवस्थाको संक्षिप्त विवरण देहायको तालिका नं. २६ समावेश गरिएको छ ।

तालिका २६ : भक्तपुर जिल्लाको जनसंख्या र साक्षरता विवरण

| क्र.स | विवरण | तथ्याङ्क |
|---|---|---|
| १ | जम्मा जनसंख्या | ४३२१३२ |
| २ | पुरुष | २१८४१८ ( ५०.५%) |
| ३ | महिला | २१३७१४ (४९.५%) |
| ४ | जम्मा घरधुरी | १०८५०३ |
| ५ | लैङ्गिक अनुपात | १०२.२ पुरुष/१०० महिला |
| ६ | जनघनत्व | ३६३१ जना/बर्ग कि.मि |
| ७ | वार्षिक वृद्धिदर | ३.३५% |
| ८ | साक्षरता दर | ८६.९ (पुरुष ९३.३%, महिला ८०.६%) |
| ९ | प्रमुख जातजाति | नेवार (३५.६%), क्षेत्री (२१.९%), ब्राह्मण (१७.२%), तामांग (१०.४%), |
| १० | प्रमुख धर्म | हिन्दू (८५-८८%), बौद्ध (१०-१२%) |
| ११ | प्रमुख भाषा | नेपाली (५०.६%), नेवारी (३२.७%), तामांग(९.५%) |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

## २०.२ जातजाती र भाषा

भक्तपुर जिल्ला वहुजातीय र वहुभाषीक जातजातीहरूको बसोवास भएको जिल्ला हो। यस जिल्लामा नेवार, क्षेत्री, वाहुन, तामाङ, मगर आदि जातका वासिन्दाहरु रहेका छन्। जिल्लामा अधिकांशले नेपाली भाषा वोल्ने गरे तापनि जनजातिहरुले जातअनुसारको आफ्नै भाषा बोल्ने गरेको पाइन्छ। जातिगत हिसावले यस जिल्लामा नेवार समुदायको वाहुल्यता बढी रहेको पाइन्छ।

तालिका २७: जातिगत रुपले जिल्लाको जनसंख्या विवरण

| सि.नं. | जातजातीय | जनासंख्या | प्रतिशत |
|---|---|---|---|
| १. | नेवार | १५३८५७ | ३५.६ |
| २. | क्षेत्री | ९४८१० | २१.९ |
| ३. | ब्रामण | ७४१७८ | १७.२ |
| ४. | तामांग | ४४८९७ | १०.४ |
| ५ | मगर | १२८७१ | ३.० |
| ५. | अन्य | ५१५१९ | ११.५ |

*श्रोतः राष्ट्रिय जनगणना २०७८*

## २०.३ धर्म, संस्कृति र भाषा

२०७८ को जनगणना अनुसार भक्तपुर जिल्लामा हिन्दू धर्मावलम्वीहरूको बाहुल्यता (८५-८८%) रहेको छ, जुन नेपालको राष्ट्रिय धार्मिक संरचनासँग मिल्दोजुल्दो छ। बौद्ध धर्मावलम्वीहरूको संख्या १०-१२% रहेको छ। बाकी प्रतिशत अन्य धर्महरु इस्लाम, किरात, क्रिस्चियन, प्रकृति, वन, जैन, वहइ र शिख छन्। हिन्दुहरुले मनाउने चाडपर्वहरुमा दशैं, तिहार, माघे संक्रान्ति आदि पर्दछन्। यसैगरी, बौद्ध धर्मावल्म्वीहरुले खासगरी ल्योसार र बुद्ध जयन्ति मनाउने गर्दछन्। यस जिल्लाको धर्मका आधारमा जनसंख्याको वितरण निम्नानुसार रहेको छ। यो धार्मिक सहिष्णुता र विविधता जिल्लाको सामाजिक सद्भावको एक महत्वपूर्ण पक्ष हो।

## २०.४ बसाईसराई

बसाई सराईको यकिन विवरण नभए पनि वाहिरी जिल्लावाट वसाई सराई गर्ने क्रम बढी रहेको पाइन्छ।

## २०.५ आर्थिक अवस्था

### क. पेशा

भक्तपुर जिल्लामा विशेष गरी नेवार समुदायका मानिसहरु मुख्य पेशा व्यापार व्यवसाय र कृषि नै रहेको भए तापनि यहाँ वाहिरी जिल्लाहरुवाट वसाई सरी आएका मानिसहरु भने विभिन्न सरकारी तथा गैर सरकारी पेशाहरुमा संलग्न रहेको पाईन्छ।यस जिल्लाको मानव विकास सूचांक २ रहेको छ जुन अन्य जिल्लाहरुको तुलनामा निकै माथि रहेको छ।जिल्लाको कुल १,५१,३२३ आर्थिक रूपमा सक्रिय जनसंख्याको अधारमा प्रमुख पेशालाई तालिका न २८ मा प्रस्तुति गरिएको छ ।

तालिका २८: जिल्लाको पेशाको विवरण

| क.स. | पेशा/क्षेत्र | संख्या (व्यक्ति) | प्रतिशत (%) |
|---|---|---|---|
| १ | कृषि पेशा | ६८,२१३ | ४५.१ |
| २ | व्यापार व्यवसाय | ३३,७१४ | २२.३ |
| ३ | हस्तकला र सम्बन्धीत पेशा | २३,००१ | १५.२ |
| ४ | प्राविधिक र पेशागत क्षेत्र | १५,८८९ | १०.५ |



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

| क.स. | पेशा/क्षेत्र | संख्या (व्यक्ति) | प्रतिशत (%) |
|---|---|---|---|
| ५ | प्रबन्धकीय र प्रशासनिक पेशा | ६,२०४ | ४.१ |
| ६ | अन्य पेशा (मजदुरी, सैनिक आदि) | ४,२३२ | २.८ |
| | जम्मा | १,५१,३२३ | १०० |

*श्रोतः राष्ट्रिय जनगणना २०७८*

## ख. भक्तपुर जिल्लाको रोजगारीको प्रकार

२०७८ को जनगणना अनुसार, भक्तपुर जिल्लामा **१,५१,३२३** आर्थिक रूपमा सक्रिय जनसंख्या रहेको छ। रोजगारीका विभिन्न क्षेत्रलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छः

**तालिका २९: भक्तपुर जिल्लाको रोजगारीको प्रकार**

| रोजगारी प्रकार | संलग्न जनसंख्या | प्रतिशत (%) | मुख्य क्षेत्रहरू |
|---|---|---|---|
| आफ्नै व्यवसाय (Self-Employed) | ७९,१९२ | ५२.३० | कृषि (धान, तरकारी, फलफूल), हस्तकला (माटोको भाँडा, काठका कलाकृति), खुद्रा व्यापार (साना पसल, तरकारी बिक्री) |
| निजी क्षेत्र (Private Sector Employment) | ३८,७३८ | २५.६० | होटल, रेस्टुरेन्ट, निजी विद्यालय (ख्वप कलेज), स्वास्थ्य संस्था (काठमाडौं मेडिकल कलेज), साना व्यापारिक फर्महरू |
| परिवारमा आधारित काम (Family-Based Work) | १८,३१० | १२.१० | कृषि, हस्तकला उद्योग, घरेलु कार्यहरू (मुख्यतः महिलाहरू संलग्न) |
| सरकारी रोजगार (Government Employment) | ९,३८२ | ६.२ | शिक्षा (सामुदायिक विद्यालय), स्वास्थ्य (भक्तपुर अस्पताल), प्रशासन (जिल्ला प्रशासन कार्यालय, नगरपालिका) |
| अन्य रोजगार (Other Employment) | ५,७०१ | ३.८० | अस्थायी मजदुरी, सैनिक सेवा, निर्माण मजदुर, सडक व्यापारी, मौसमी कामदार |

*श्रोतः राष्ट्रिय जनगणना २०७८*

### २०.६ उर्जाको श्रोत

यस जिल्लामा ९१.४९ प्रतिशत घरधुरीहरू खाना पकाउनको लागि एलपी ग्याँस प्रयोग गरेको पाइन्छ। बजार क्षेत्रभन्दा बाहिरका तथा जंगल छेउछाउका घरधुरी दाउरा निर्भर रहेको पाइन्छ। इन्धन प्रयोगकर्ताहरूको बारेको जानकारी तालिका ३० मा दिइएको छ।

विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)



Scanned with CamScanner

तालिका ३०: इन्धन प्रयोगकर्ताहरूको विवरण

| क्र.सं. | ईन्धनको किसिम | खाना पकाउनको लागि प्रायः प्रयोग हुने ईन्धन परिमाण (प्रतिशत) |
|---|---|---|
| १ | काठ दाउरा | ७.३५ |
| २ | एलपी ग्याँस | ९१.४९ |
| ३ | बिजुली | ०.७८ |
| ४ | गुईठा गोराहा | ०.०१ |
| ५ | बायोग्याँस | ०.२८ |
| ६ | मट्टीतेल | ०.०४ |
| ७ | अन्य | ०.०५ |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

## २०.७ धार्मिक, सांस्कृतिक, पर्यापर्यटकीय स्थलहरू

भक्तपुर जिल्ला राजधानी काठमाडौंबाट १.३ कि.मि पूर्वमा अवस्थित रहेको नेपालको सवै भन्दा सानो जिल्ला हो। यो जिल्ला विशेषगरी धार्मिक, संस्कृतिक, पुरातात्विक र कलाको हिसावले अत्यन्तै सम्भ्रान्त जिल्ला हो। यो जिल्लामा सुर्य विनायक, चाँगुनारायण, अनन्त लिङ्गेश्वोर, दक्षिण वाराही, निल वाराही, चारखण्डी महादेव जस्ता प्रशिद्ध धर्म स्थलहरु छन्। साथै न्यातपोल र दत्ततत्रय मन्दिरहरु लगायत पचपन्न झ्याले दरवार, मध्यकालीन दरवार जस्ता संस्कृतिक सम्पदाहरुले समेत सिंगारीएको छ। नगरकोट जस्तो अग्लो र रमणीय स्थल राजधानीकै मनोरम दृष्यका रुपमा शोभायमान छ। सुर्यविनायक मन्दिर नजिकको जंगल तथा निलवाराही र दक्षिण वारहिको हरियाली क्षेत्र आकर्षक केन्द्रको रुपमा रहेको छ। यो जिल्ला पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण छ।

ऐतिहासिक, सांस्कृतिक र पुरातात्विक एवं कलात्मकताको दृष्टिले भक्तपुर जिल्ला राष्ट्रिय रुपमा मात्र नभई अन्तरराष्ट्रिय क्षेत्रमा समेत प्रख्यात छ। विश्व सम्पदा सुचिमा समेत सुचिकृत हुन पुगेका पुरातात्विक, ऐतिहासिक तथा धार्मिक महत्व वोकेका चाँगुनारायणको मन्दिर तथा भक्तपुर दरवार लगायत विभिन्न, सतलज तथा गुम्वाहरु पर्दछन्। यहाँका विभिन्न जात्राहरुमा विस्केट, जिव्रो छेड्ने, इन्द्र जात्रा महत्वपूर्ण छन्। नवदुर्गा, दत्ततातत्रय, न्यातपोल, निलवाराही सुर्य विनायक, श्वेत महालक्ष्मी, भैरव, तलेजु भवानी, भीमसेन, सिद्धपोखरी, दक्षिण वाराही, महामंजुश्री, सुशिला भैरव, आशापुरी महादेव, वाघ भैरव, कमल विनायक आदि धार्मिक स्थलहरु रहेका छन्। यसले गर्दा पर्यटनको गन्तव्य स्थलकै रुपमा भक्तपुर र मध्यपुर थिमी सहर संगै नगरकोट जस्तो सौन्दर्य स्थल समेत यसै जिल्लामा पर्नाले संस्कृतिक महत्व र पर्यावरणीय महत्व हुनुको साथै चराचुरुंगीहरुको दृश्यवलोकन केन्द्र को रुपमा विकास गर्न सकिने सम्भावना रहेको छ। त्यस्तै भक्तपुर, चाँगुनारायण,नगरकोट, भक्तपुर पदयात्रामा मार्ग महत्वपुर्ण स्थलको रुपमा रहेको छ ।भक्तपुर जिल्लामा रहेका प्रमुख पर्यटकीय तथा धार्मिक स्थलहरुको विवरण यस प्रकार रहेका छन् ।

२०.८ बजार तथा वजारयोग्य उत्पादनहरू

भक्तपुर जिल्लामा वनजन्य उत्पादन कृषि औजारहरु मात्र भएकाले यस क्षेत्रका व्यापारीहरुले वनजन्य उत्पादनहरु अन्य जिल्लाबाट आयात गर्ने गर्दछन। यस जिल्ला हस्तकलाको लागि प्रख्यात भएकोले स्थानीय व्यपारीहरुले काष्ठ तथा गैरकाष्ठ वन पैदावारबाट हस्तकला उत्पादन गरि जिल्लाका मुख्य बजार केन्द्रहरु जस्तै भक्तपुर, ठिमी,जगाती,सूर्यविनायक आदि क्षेत्रमा खपत भई बाँकी प्रायः उपत्यका क्षेत्रहरुमा विक्री बितरण गरिदै आएको पाइन्छ ।

२०.९ घरायसी प्रयोगका वस्तुहरू

भक्तपुरका वनहरूबाट, नेपालका अन्य क्षेत्रहरूमा जस्तै, विभिन्न घरायसी प्रयोगका वस्तुहरू उत्पादन हुने गर्दछन्। भक्तपुरमा ठूला र घना जंगलहरू कम भए पनि, यहाँका सामुदायिक वन तथा अन्य वन क्षेत्रहरूले स्थानीय वासिन्दाहरूको दैनिक जीवनका लागि आवश्यक केही महत्वपूर्ण वस्तुहरूको स्रोतको रूपमा रहदै आएका छन्। मुख्यतया काठ, दाउरा र गैर-काष्ठ वन पैदावारहरूको प्रयोग घरायसी आवश्यकता पूरा गर्न गरिदै आएको छ । तालिका ३१ मा जिल्लामा प्रयोग हुने घरायसी वस्तुहरुलाई प्रस्तुत गरिएको छ।

तालिका ३१: घरायसी प्रयोगको वस्तुहरु

| घरायसी प्रयोगको लागि उपयोग | विभिन्न स्वरुप तथा प्रकार | प्रयोग हुने मुख्य प्रजातिहरु : | कैफियत |
|---|---|---|---|
| कृषि औजार | हलो, हरिष, जुवा, कृषि औजारका बिडहरु | चिलाउने, कटुस | |
| घर निर्माण तथा आवास | झयाल, ढोका, छानो, खावाहरु, डाडा, भाटा | सल्ला, उत्तीस कटुस, चिलाउने आदि | |
| फर्निचर | कुर्सि, टेवल, मेच, दराज, खाट, पलङ, सोफा, शो-केश, ह्यांगर | सल्ला, सिरिस, उत्तीस, सिरिस, पैयु,चिलाउने, आदि | |
| काठको ठूलो खम्बा | जात्रामा प्रयोग हुने लिङ्गो | सल्ला | |

श्रोतः भक्तपुर जिल्लाको पञ्चवर्षीय योजना २०७७/०७८- २०८१/०८२



Scanned with CamScanner

## २१. वन पैदावार उत्पादन तथा आपूर्ति

### २१.१ वन पैदावारहरुको सङ्कलन, बिक्री विवरण

भक्तपुर जिल्लाका वनबाट अत्यन्तै न्यून मात्रामा काष्ठ वन पैदावार सङ्कलन गरिन्छ भने जडीबुटी र अन्य वन पैदावार पनि न्यून परिमाणमा निकासा गरि बिक्री वितरण गरिन्छ । वनजन्य वस्तुहरूको मागको तुलनामा स्थानीय आपूर्ति अत्यन्तै न्यून रहेको देखिन्छ, जसका कारण काठ र दाउरा लगायतका अधिकांश वन पैदावार उपत्यका बाहिरका जिल्लाहरू र विदेशवाट समेत आयात गर्नुपर्ने अवस्था छ।

क) मागको आकलन

जिल्लामा वन पैदावारको वार्षिक मागको विस्तृत अध्ययन हालसम्म नभए पनि, वि.सं. २०७८ को राष्ट्रिय जनगणनाको तथ्याङ्क (कुल जनसंख्या ४,३२,१३२ र १०८,५०३ घरधुरी, जनसंख्या वृद्धिदर ३.३५%) लाई आधार मान्दै मागको प्रक्षेपण गरिएको छ। यसका लागि स्थानीय व्यक्तिहरूसँगको छलफल, उद्योगका तथ्याङ्क र उद्योग सञ्चालकहरूसँगको छलफललाई आधार मानिएको छ। काठको खपत प्रति व्यक्ति प्रति वर्ष ०.५० घन फिट र दाउराको खपत प्रति परिवार प्रति वर्ष ७ भारी (एलपीजी ग्यासको प्रयोग समेतलाई ध्यानमा राख्दै र कुल घरधुरीको ७.३५ प्रतिशतले मात्र दाउरा खपत गर्ने आधारमा) हुने गरी प्रक्षेपण गरिएको छ। आगामी पाँच वर्षका लागि वन पैदावारको अनुमानित माग निम्न तालिकामा देखाइएअनुसार क्रमिक रूपमा बढ्दै जानेछः

तालिका ३२: आगामी पाँच वर्षका लागि वन पैदावारको अनुमानित माग

| आ.व. | जनसंख्या | घरधुरी | काठ माग (घन.फि.) | दाउरा माग (भारी) |
|---|---|---|---|---|
| २०८२/०८३ | ४९५,८८१ | १,२४,५१० | २,४७,९४१ | ६४,०६० |
| २०८३/०८४ | ५१३,२३७ | १,२८,८६८ | २,५६,६१९ | ६६,३०२ |
| २०८४/०८५ | ५३१,२०१ | १,३३,३७८ | २,६५,६०० | ६८,६२३ |
| २०८५/०८६ | ५४९,७९३ | १,३८,०४६ | २,७४,८९६ | ७१,०२५ |
| २०८६/०८७ | ५६९,०३५ | १,४२,८७८ | २,८४,५१८ | ७३,५११ |

श्रोतः स्थलगत सर्वेक्षण र विश्लेषण, २०८१

ख) आपूर्तिको स्रोत र अवस्था

जिल्लामा वन पैदावारको आपूर्ति निम्न स्रोतवाट हुने गर्दछ:

१) सामुदायिक वन: जिल्लामा हस्तान्तरण भएका सम्पूर्ण सामुदायिक वनहरूबाट वार्षिक सरदर ७४,८२६.१ क्यू.फि. काठ र २२,५७३ भारी दाउरा उत्पादन क्षमता रहेको प्रक्षेपण गरिएको छ।

२) सरकार द्वारा व्यवस्थित वन: जिल्लाको सरकारद्वारा व्यवस्थित वनबाट वार्षिक सरदार १२५२.६९ क्यू.फि. काठ र ४९६ भारी दाउरा भारी दाउरा उत्पादन क्षमता रहेको प्रक्षेपण गरिएको छ।

३) निजी आवादी जग्गा: निजी आवादी जग्गाबाट वार्षिक अनुमानित २,००० क्यू.फि. काठ प्राप्त हुने अनुमान छ ।



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

यसरी हेर्दा, भक्तपुर जिल्लाको कुल स्थानीय काठको आपूर्ति क्षमता करिब ७८,०७८.७९ क्यू.फि. (सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन र निजी आवादी जग्गाबाट) र दाउराको आपूर्ति क्षमता करिब २३,०६९ भारी (सरकारद्वारा व्यवस्थित वन र सामुदायिक वनबाट) रहेको देखिन्छ।

ग) माग-आपूर्ति असन्तुलनः

प्रक्षेपित मागको तुलनामा स्थानीय आपूर्ति अत्यन्त न्यून छ। उदाहरणका लागि, आर्थिक वर्ष २०८२/०८३ मा काठको माग २,४७,९४१ घन फिट रहेकोमा स्थानीय आपूर्ति करिब ७८,०७८.७९ घन फिट मात्र छ, जसले करिब ६८.५% को ठूलो घाटा (deficit) देखाउँछ। दाउराको हकमा पनि २०८२/०८३ मा ६४,०६० भारी माग रहेकोमा स्थानीय आपूर्ति करिब २३,०६९ भारी मात्र छ, जसले करिब ६४% को घाटा देखाउँछ।

घ) **माग-आपूर्ति सन्तुलनः** जिल्लाको तथ्याङ्कको आधारमा वार्षिक खपत हुने काठ र दाउराको अधिकांश मात्रा उपत्यका बाहिरका जिल्लाहरू र विदेशबाट समेत आयात गरि माग पुरा गर्दै आएका छन्। घर मर्मत तथा निर्माणका लागि चाहिने काठ लगायत अधिकांश वन पैदावार वन निगम तथा निजी क्षेत्रबाट खरिद गरी माग र आपूर्तिको सन्तुलन मिलाउनुपर्ने आवश्यकता छ। भक्तपुर जिल्लामा वन पैदावारको माग र आपूर्तिको वीचमा रहेको असन्तुलनलाई सम्वोधन गर्न निम्न उपायहरु अपरिहार्य छ।

- स्थानीय आपूर्तिको वृद्धि गर्नका लागि सामुदायिक तथा राष्ट्रिय वनहरूमा दिगो व्यवस्थापनका विधिहरू लागू गरी उत्पादकत्व बढाउनु
- खाली र सार्वजनिक जग्गाहरूमा वृक्षारोपणका साथै निजी वन विकासलाई प्रोत्साहन गरिनुपर्छ।
- माग व्यवस्थापनका लागि एलपी ग्यास, बिजुली, सुधारिएको चुलो जस्ता वैकल्पिक ऊर्जाका स्रोतहरूको प्रयोगलाई व्यापक रूपमा प्रवर्द्धन गरी दाउरामाथिको निर्भरता घटाउनु पर्दछ।

## ङ. प्राप्त हुने राजस्वको विवरण

### १. सरकारद्वारा व्यवस्थित वनबाट प्राप्त हुने राजश्वको विवरण

यस जिल्लामा सरकारद्वारा व्यवस्थित वन संरक्षण मुखी रहेकोले सो वन क्षेत्रबाट कुनै प्रकारको काठ दाउरा उत्पादन नहुने हुँदा अनुमानित राजश्वको विवरण नभएकोले यहाँ प्रस्तुत गरिएको छैन। तर अन्य श्रोत जस्तै मुद्दा वापत जरीवाना, वन पैदावारहरु जफत गरि सो बाट राजश्व संकलन हुने गरेको छ।

### २. अन्य श्रोतबाट हुने राजश्व विवरण

यस कार्यालयको राजस्वको श्रोत भनेको मुख्यतया: वन मुद्धा, जफत भएका काठ दाउरा तथा जस्ता वन पैदावार बिक्री वितरण नै मुख्य हो । अन्य श्रोतहरुमा निजी आवादी जग्गाका काठ वापत मु.अ.कर र व्यवसायिक कबुलियति वनबाट प्राप्त हुने राजश्व हुन्। यस जिल्लामा आगामी ५ वर्षको अवधीमा जम्मा रु. ४,५५४,५९८ राजश्व प्राप्त हुने अनुमान तथा प्रक्षेपण गरिएको छ। तालिका ३३ मा आगामी ५ बर्षको राजश्वको अनुमान उपलब्ध गरिएको छ।

विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)



Scanned with CamScanner

तालिका ३३: योजना अवधिमा (५ वर्ष अवधि) संकलन हुन सक्ने जम्मा अनुमानित राजश्व

| वन पैदावारको किसिम | ईकाई | परिमाण | प्रक्षेपित राजश्व रु. |
|---|---|---|---|
| सामुदायिक वनबाट हुन सक्ने काठ निकासी | क्यु.फि. | ३७४१३९.५ | १८७०६९८ |
| जडिबुटी निकासी | मे.टन | ३१०.८५ | ३१,२०० |
| सरकारद्वारा व्यवस्थित वनबाट निकासी हुन सक्ने काठको परिमाण | क्यु.फि. | ६२६३.५ | १२५२७०० |
| मुद्दामा जफत हुने माल वस्तुको बिक्री बाट प्राप्त हुने राजस्व | | | ६,००,००० |
| अन्य | | | ४,००,००० |
| निजी वन बाट निकासी हुन सक्ने काठको परिमाण | क्यु.फि. | १०००० | ४,००,००० |
| जम्मा | | | ४,५५४,५९८ |

श्रोतः स्थलगत सर्वेक्षण र विश्लेषण, २०८१

## च. रोजगारीका अवसर र गरिबी निवारणमा योगदान

यस आवधिक योजना सहितको रणनीतिक योजनाको अवधिमा वन क्षेत्रबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा उल्लेख्य रोजगारीका अवसरहरू सिर्जना भई गरिबी निवारणमा टेवा पुग्ने प्रक्षेपण गरिएको छ। संख्यात्मक रूपमा हेर्दा, योजना अवधिभरमा १२० जनाले वर्षैभरि प्रत्यक्ष रोजगारी पाउनेछन्। यसका अतिरिक्त, नर्सरी विकास, वृक्षारोपण, भवन निर्माण तथा मर्मतसम्भार लगायतका विभिन्न कार्यक्रमहरू मार्फत कम्तीमा २१,३०० रोजगारीका अवसरहरू सिर्जना हुनेछन्, जसले ठूलो संख्यामा स्थानीय बासिन्दाहरूलाई आयआर्जनको अवसर प्रदान गर्नेछ।

सामुदायिक वनमा गैर-काष्ठ वन पैदावार (NTFPs) को व्यवस्थापनको सुरुवातले वन उद्यमको विकासमा टेवा पुग्नेछ, जसले स्थानीय समुदायका लागि आम्दानीका नयाँ स्रोतहरू खोल्नेछ। निजी वनको विस्तारबाट वन पैदावारको उत्पादनमा वृद्धि भई कृषकहरूको आर्थिक अवस्था सुदृढ हुनेछ। सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेको गरिब परिवारहरू सामुदायिक वनबाट प्रत्यक्ष रूपमा लाभान्वित हुनेछन्। जिल्ला भित्रका लघु वन पैदावारको माग पूर्ति गर्न महत्वपूर्ण भूमिका खेल्नेछ। विशेषगरी, व्यवसायिक कबुलियती वन कार्यक्रम मार्फत रोजगारीको अवसर सिर्जना हुनेछ ।

विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)



Scanned with CamScanner

६१.२ वन पैदावारको ओसारपसार

काठ तथा गैरकाष्ठ वन पैदावारहरू अधिकांश सामुदायिक वन बाट सङ्कलन गरिने भएकोले प्रत्येक ती वनको कार्ययोजनामा उल्लेख गरिएको तरिकाहरू अपनाई सङ्कलन हुने गरेका छन्। सामुदायिक वनबाट वन पैदावार सङ्कलन गर्दा सामुदायिक वन स्रोत सर्वेक्षण मार्गदर्शन अनुसार वन पैदावारको स्रोत सर्वेक्षण गरी निर्देशित गरिएको तरिकाबाट वन पैदावार सङ्कलन एव बिक्री वितरण गरिने छ। साथै समय समयमा संघिय मन्त्रालय, विभाग, प्रदेश वन निर्देशनालयबाट प्राप्त निर्देशन एवं परिपत्रको आधार लिई सङ्कलन गर्ने वा सङ्कलन गर्न ईजाजत दिईने छ। गैरकाष्ठ वन पैदावारको हकमा गैरकाष्ठ वन पैदावार स्रोत सर्वेक्षण मार्गदर्शन २०६९ मा निर्दिष्ट गरेको तरिका अपनाई वन पैदावारको लेखाजोखा गरिनेछ एवं सङ्कलन इजाजत दिईने छ।

तालिका ३४ : मुख्य पैदावरहरूको सङ्कलन तरिका

| मुख्य वन पैदावारको किसिम | कटान तथा सङ्कलन तरिका | कैफियत |
|---|---|---|
| काठ | सरकारद्वारा व्यवस्थित वनमा वन ऐन, २०७६ वन नियमावली २०७९ र प्रदेश वन ऐन, २०७६ को अधीनमा रही सरकारद्वारा व्यवस्थित वन क्षेत्रको चारकिल्ला तोकी कटान गर्नुपर्ने रुखहरूको लगत ईष्टिमेट, छपान गरी कटान मुछान गरे पश्चात सङ्कलन र घाटगद्दी गर्नु पर्दछ। तर हस्तान्तरित सामुदायिक वनमा स्वीकृत वन कार्ययोजना बमोजिम तोकिएको ब्लकमा तोकिएको प्रकृया पूरा गरी कटान तथा सङ्कलन गर्न सकिन्छ। साथै निजी आवादीबाट सङ्कलन हुने गरेको काठ तोकिएको विधि र प्रकृया बमोजिम निवेदन सहितको कागजात भएको फायल दर्ता, स्थानीय स्तरमा जाचँबुझ सरजमीन तथा रुखको नापजाँच, छपान, कटान आदेश, घाटगद्दी र राजस्व लिई छोडपुर्जी दिने व्यवस्था गरिएको छ। सरकारद्वारा व्यवस्थित वनको हकमा वन पैदावार सङ्कलन तथा विक्री वितरण निर्देशिका २०७३, सामुदायिक वन उपभोक्ता समूहको आर्थिक कार्यविधि निर्देशिका २०७३ बमोजिम गरिनेछ। | |
| दाउरा | सरकारद्वारा व्यवस्थित वनमा वन ऐन, २०७६ र र प्रदेश वन ऐन, २०७६ को अधीनमा रहीवन क्षेत्रको चारकिल्ला तोकी वन संवर्द्धनबाट प्राप्त काठको रुपमा प्रयोग हुन नसक्ने दाउराको परिमाण यकिन गरिन्छ तर हस्तान्तरित सामुदायिक वनमा स्वीकृत वन कार्ययोजना बमोजिम तोकिएको ब्लकमा तोकिएको प्रकृया पूरा गरी वन संवर्द्धन पद्धतिबाट काठ दाउरा सङ्कलन गरिनेछ। साथै निजी आवादीमा रहेको रुख काठमा काम नलाग्ने खालका र काठमा जाने रुखको हाँगा र टुप्पो समेतबाट सङ्कलन हुने दाउरा तोकिएको विधि र प्रकृया बमोजिम निवेदन सहितको कागजात भएको फायल दर्ता, फिल्ड स्तरमा जाचँबुझ सरजमीन तथा रुखको नापजाँच, छपान, कटान आदेश, घाटगद्दीर मु.अ.कर र प्रदेश सेवा शुल्क लिई छोडपुर्जी दिने गरिएको छ। राष्ट्रिय वनको हकमा वन पैदावार सङ्कलन तथा विक्री | |



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

| | | |
|---|---|---|
| | वितरण निर्देशिका २०७३, सामुदायिक वन उपभोक्ता समूहको आर्थिक कार्यविधि निर्देशिका २०७३ बमोजिम गरिने छ। | |
| खयर | वन ऐन, २०७६ र र प्रदेश वन ऐन, २०७६ को साथै खयरको लागि गरिएको परिपत्र बमोजिम निजी नम्बरी जग्गामा रहेका खयरका रुख छपान, कटान मुछान गरेपछि विक्री वितरण र ओसारपसार गर्न डिभिजन वन कार्यालयबाट छोडपुर्जी लिनुपर्नेछ। तर यस जिल्लामा सरकारी वन क्षेत्रबाट उक्त कार्य हुने गरेको तथ्याङ्क/अभिलेख छैन। तर हस्तान्तरित सामुदायिक वनमा स्वीकृत वन कार्य योजना बमोजिम तोकिएको ब्लकमा तोकिएको प्रक्रिया पूरा गरी वन संवर्द्धनबाट खयर काठ सङ्कलन गर्न सकिनेछ। साथै निजी आवादीमा रहेको रुख सङ्कलन हुने गरेको, तोकिएको विधि र प्रकृया बमोजिम निवेदन सहितको कागजात भएको फाइल दर्ता, स्थानीय स्तरमा जाचबुझ सरजमीन तथा रुखको नापजाँच, छपान, कटान आदेश, घाटगद्दी र मु.अ.कर, प्रदेश सेवा शुल्क लिई छोडपुर्जी प्रदान गर्ने गरिएको छ। | |
| गैरकाष्ठ वन पैदावार तथा जडीबुटी | वन ऐन, २०७६, वन नियमावली २०७९ र र प्रदेश वन ऐन, २०७६ को साथै गैरकाष्ठ वन पैदावारको लागि गरिएको परिपत्र बमोजिम सरकारी वन क्षेत्रको चारकिल्ला तोकी सङ्कलन इजाजत माग गर्ने फर्म वा संस्थालाई माँग गरेको परिमाण अनुसार राजस्व जम्मा गर्न लगाई निकासी छोडपुर्जी दिने गरिएको छ। निजी क्षेत्रमा भएको जडीबुटी तथा गैरकाष्ठ वन पैदावार डिभिजन वन कार्यालयबाट जाँचबुझ गरी स्थानान्तरण इजाजत दिने गरिन्छ। | |

## २१.३ वन पैदावारमा आधारित उद्योग

यस जिल्लामा हालसम्म दर्ता भई संचालनमा २५१ वटा रहेका वन पैदावारमा आधारित उद्योग व्यवसाय (फर्निचर उद्योग) हरूको रहेका छन् । ती वन उद्योगहरुको विवरण अनुसूची ११ मा दिएको छ।

विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

## २२. वन व्यवस्थापनका सूचक तथा सूचना प्रणाली

वन तथा जैविक विविधता संरक्षणको लागि वनको हैसियत, क्षेत्रफल, त्यसमा आश्रित जनसंख्या वा जैविक विविधताको अवस्था सम्बन्धी सूचना सहज रुपमा प्राप्त हुनु जरुरी छ र त्यसको लागि वन व्यवस्थापनमा सूचना प्रणालीको आवश्यकता पर्दछ। साथै वन क्षेत्रका नीति निर्माण, योजना तर्जुमा, अनुगमन, निर्णय प्रकृयाका साथै सुशासनका लागि पनि सूचना प्रणालीको आवश्यकता पर्दछ। सूचना प्रणालीलाई चुस्त बनाउन वेवसाइट सञ्चालन, र सूचनालाई अद्यावधिक गर्न जरुरी छ।

हाल रहेको सूचना अधिकृतको भूमिकालाई अझै सुदृढ गर्नु आवश्यक देखिन्छ। सूचना केन्द्रलाई थप प्रभावकारी बनाउनका लागि आवश्यक सूचकको विकास हुनु जरुरी छ। वन व्यवस्थापनमा सूचना प्रणालीलाई प्रभावकारी बनाउनका लागि निम्नानुसारको रणनीतिहरू तय गरिएका छन्:

- वन क्षेत्र सम्बन्धी सूचना तथा तथ्याङ्कहरू नियमित रुपमा डिभिजन वन कार्यालयमा अद्यावधिक गरी सरोकारवालाहरूको खुल्ला पहुँच स्थापित गर्ने।
- तथ्याङ्क सङ्कलनका लागि सम्बन्धीत प्राविधिकहरूको क्षमता अभिवृद्धि गर्ने।
- तिनै तहको सरकार, शैक्षिक संस्थान तथा अन्य स्रोतहरूबाट उपलब्ध वन अनुसन्धान र सूचनाहरूलाई सङ्कलन तथा व्यवस्थापन गर्ने।
- माथिल्लो निकायसँगको समन्वयमा सूचना प्रणालीको विकास गर्ने।

### २२.१ वन संरक्षण, व्यवस्थापन प्रणालीमा समूह र डिभिजन स्तरका सूचकहरू

| आधार | सूचक | पुष्टयाईका आधारहरू | पूर्वानुमान |
|---|---|---|---|
| वन संरक्षण कार्यक्रम | • वन पैदावार चोरी निकासी सम्बन्धी घटनामा कमी।<br>• नियमित तथा विशेष वन गस्तिमा वृद्धि।<br>• वन पैदावारको चोरी निकाशी, चोरी शिकार, गैरकानुनी रुपमा वन पैदावार सङ्कलन गर्ने, जस्ता अवैधानिक क्रियाकलापहरू नियन्त्रण भएको हुनेछ तथा त्यस्ता अवैधानिक क्रियाकलापहरू नियन्त्रणका उपायको पूर्ण पालना भएको हुनेछ।<br>• वन भित्र वा बाहिर गैरकानुनी र अवैध कार्यहरू भएको पता लागेमा तत्काल प्रचलित कानुन बमोजिम नियमनकारी | • मुद्दाको अभिलेख वन गस्ति प्रतिवेदन वनको अवस्था<br>• जिल्ला स्तरीय सुरक्षा निकायको अभिलेखहरू | • जनसहभागितामा आधारित वन संरक्षण कार्यक्रमले निरन्तर्ता पाउने।<br>• सुरक्षा निकाय र प्रशासनसँग राम्रो समन्वय र सहकार्य हुने। |



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

| आधार | सूचक | पुष्ट्याईका आधारहरू | पूर्वानुमान |
|---|---|---|---|
| | निकायसंगको समन्वयमा सम्बोधनका उपायहरू लागु गरिएको हुनेछ । | | |
| वन अतिक्रमण हटाई व्यवस्थापन | • थप अतिक्रमण हुन नदिने<br>• अतिक्रमित वन क्षेत्रलाई पुन वन क्षेत्रमा परिणत गर्न सरोकारवालासंग समन्वय तथा पुनस्थापना भएको हुनेछ।<br>• वन अतिक्रमण गर्ने अवैधानिक क्रियाकलापहरू नियन्त्रण भएको हुनेछ तथा त्यस्ता अवैधानिक क्रियाकलापहरू नियन्त्रणका उपायको पूर्ण पालना भएको हुनेछ | • कार्यालयको रेकर्ड तथा स्थलगत अवलोकन | • अतिक्रमण हटाउन तथा वृक्षारोपण गर्न स्थानीय समुदाय, स्थानीय तह, प्रशासन, सुरक्षा निकाय तथा सरोकारवालाहरूको सहमति र सहभागिता हुने। |
| वन डढेलो नियन्त्रण तथा व्यवस्थापन | • क्रमिक रुपमा वन डढेलोबाट हुने प्रभावित वन क्षेत्रको क्षेत्रफलमा कमि आउने<br>• वन डढेलो लगाउने अवैधानिक क्रियाकलापहरू नियन्त्रण भएको हुनेछ तथा त्यस्ता अवैधानिक क्रियाकलापहरू नियन्त्रणका उपायको पूर्ण पालना भएको हुनेछ। | • वन डढेलोबाट हुने क्षतिको प्रतिवेदन<br>• स्थलगत अवलोकण<br>• वन डढेलो नियन्त्रण गर्न गठित संजालको परिचालन<br>• रेडियो, एफ एम, पत्रपत्रिका मार्फत सूचना प्रकाशन | • स्थानीय वन समूह, स्थानीय तह, सुरक्षा निकाय, प्रशासनसंग समन्वय र सहकार्य भएको हुने। |
| अग्नीरेखा निर्माण | • १५ कि.मी. अग्नी रेखा निमार्ण भएको हुनेछ | • वन डढेलो नियन्त्रण सम्बन्धी अभिलेख<br>• अवलोकन | • सबै सरोकारवालाहरू को सक्रिय सहभागिता एवं प्रतिबद्धता |
| वन डढेलो नियन्त्रण , चरिचरण ,अग्नी नियन्त्रण नियन्त्रण जस्ता वन संरक्षणक सम्वन्धी प्रचार प्रसार | • डढेलो नियन्त्रण, अनियन्त्रित चरिचरण नियन्त्रण सम्वन्धी विभिन्न पम्पलेट तथा पोष्टर तयार भई वितरण भएको हुने। | • प्रकाशित प्रचार प्रसार सामाग्री | • सबै सरोकारवालाहरू<br>• को सक्रिय सहभागिता एवं प्रतिबद्धता |
| सिमसार संरक्षण तथा व्यवस्थापन | • सिमसार व्यवस्थापन योजना निर्माण भएको हुने सिमसारहरूको संख्या<br>• समुदायमा आधारित वन व्यवस्थापन समूह र डि.व.का.ले सिमसार संरक्षण र | • सिमसार व्यवस्थापन योजना<br>• डिभिजन वन कार्यालयको अभिलेख<br>• सिमसार व्यवस्थापन गर्नका लागि संचालन गरेका कार्यक्रम<br>• स्थलगत अवलोकण | |



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

| आधार | सूचक | पुष्टयाईका आधारहरू | पूर्वानुमान |
|---|---|---|---|
| | व्यवस्थापनमा आर्थिक तथा प्राविधिक सहयोग हुने। | | |
| सामुदायिक तथा उपभोक्ता समूह परिचालनमा पारदर्शीता, आर्थिक अनुशासन एवं जिम्मेवारीको बोध गराई सुशासन सुनिश्चीत गर्ने | • समूह परिचालनमा आर्थिक अनुशासन एवं सुशासन सुनिश्चित भएको हुनेछ। | • साधारण सभा, नियमित बैठक पुस्तिका, सार्वजनिक परिक्षण तथा आन्तरिक लेखा परिक्षणको रेकर्ड, सामाजिक सर्वेक्षण आदि। | • सहयोगी नीति नियम, सरोकारवालाहरू विच राम्रो सम्बन्ध, वन उपभोक्ताहरूसंगको आपसी समन्वय। |
| वन स्रोतको अवस्थामा सुधार | • वन स्रोतको अवस्थामा सुधार तथा हैसियत सुध्रिएको हुने छ | • वन क्षेत्रको क्षेत्रफल, घनत्व, मौज्दात, उमेरको संरचना, व्यापारिक प्रजातिहरूको उपलब्धतामा परिवर्तन | |
| सघन वन व्यवस्थापन योजना अभ्यास | • केहि सामुदायिक वनमा वन संवर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन योजन तयार भई कार्यान्वयण हुने<br>• वनलाई वन व्यवस्थापनका उद्देश्यहरू अनुसार व्यवस्थापन गर्नका लागि खण्डहरूमा विभाजन गरी खण्डगत व्यवस्थापन पद्धति अभ्यास गरिएको<br>• वन व्यवस्थापन कार्ययोजनाको म्याद तथा आवधिक रूपमा सान्दर्भिक नीति नियमहरू समावेश गरी पुनरावलोकन गरिएको<br>• सरकारको तर्फबाट दिगो वन व्यवस्थापनका लागि व्यवस्थापकलाई कार्यक्रम संचालन गर्ने आर्थिक सहयोग, क्षमता विकास भएको हुनेछ ।<br>• वनबाट उत्पादन भएकोसम्पूर्ण वस्तु तथा सेवाको मुल्यांकन गरि राष्ट्रिय आयमा गणना गर्ने व्यवस्था गरिएको हुनेछ। | • स्वीकृत कार्ययोजना<br>• वन व्यवस्थापनका लिखित उद्देश्यहरूको स्पष्टता तथा प्रत्येक उद्देश्यका व्यवस्थापन गरिएको खण्डको सङ्ख्या<br>• वन व्यवस्थापन कार्य योजनाको अवधि, तथा स्वीकृत योजना अनुसार अभ्यास गरिएको वन व्यवस्थापन क्रियाकलापहरूको प्रतिशत | • |

विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)



Scanned with CamScanner

| आधार | सूचक | पुष्टयाईका आधारहरू | पूर्वानुमान |
|---|---|---|---|
| वन जंगलमा पुनरुत्पादनमा अभिवृद्धि भई विभिन्न उमेरका बोट विरुवाहरूको समानुपातिक उपलब्धता र वन पैदावारको निरन्तर आपूर्ति | • कार्ययोजना बमोजिम वन संवर्द्धनका कृयाकलापहरू भएको हुने<br>• स्थानीय जनताहरूको वन प्रति अपनत्वको भावना अभिवृद्धि भएको हुने<br>• स्थानीय जनताको वन पैदावारको माँग र आपुर्ती बिच सन्तुलन भएको हुने | • वन श्रोतको सर्वेक्षण, वन कार्ययोजनाहरूको समिक्षा<br>• अनुगमन, मूल्यांकन प्रतिवेदन<br>• वार्षिक प्रगति प्रतिवेदन | • वन क्षेत्रको अतिक्रमण रोकथामको लागि राजनितिक प्रतिवद्धता<br>• वन क्षेत्रमा अवैध चोरी निकासीमा कमि |
| स्थानीय जनताहरूको वन व्यवस्थापकिय क्षमतामा वृद्धि | • वन पैदावार (काठ तथा गैरकाठ) को दिगो सङ्कलन गर्ने परिपारटीको विकास भएको हुने<br>• हालको भन्दा बढि वन क्षेत्रमा वन संवर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन भएको हुने | • वन पैदावार सङ्कलन रेकर्ड<br>• स्थलगत अवलोकन | • समयै बजेटको उपलब्धत सबै सरोकारवालाहरू को सक्रिय सहभागिता एवं प्रतिबद्धता |
| वन पैदावारको दिगो तथा न्यायोचित रुपमा सदुपयोग | • सबै स्थानीय वन समूहहरूमा वन पैदावारको दिगो तथा न्यायोचीत वितरण प्रणालीको शुरुवात भएको हुने<br>• गरिब तथा विपन्न वर्गहरू प्राकृतिक श्रोतमा आफ्नो हक अधिकार प्रति सचेत हुने | • वन पैदावारको आन्तरिक विक्रीको रेकर्ड<br>• सामाजिक सर्वेक्षण | • सबै सरोकारवालाहरूको सक्रिय सहभागिता एवं प्रतिवद्धता |
| वन क्षेत्र प्रति सबै सरोकारवालाहरू वीच समन्वय तथा सकारात्मक सहयोग पुगेको हुने | • सरोकारवालाहरूको वन क्षेत्रको योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सहभागिता भएको हुनेछ।<br>• जिल्ला वन समन्वय समितिको संस्थागत विकास भएको हुनेछ | • जिल्ला वन क्षेत्र समन्वय समितिको निर्णय रजिष्टर<br>• सयुक्त अनुगमन प्रतिवेदन | • सबै सरोकारवालाहरूको सक्रिय सहभागिता एवं प्रतिबद्धता |
| संरक्षण कार्यक्रम | • नदि प्रणालीमा आधारित वन व्यवस्थापन तथा भू संरक्षण नियन्त्रणका कृयाकलापहरू संचालन भएको हुने | • कार्यालयको अभिलेख<br>• प्रगति प्रतिवेदन | • जलाधार कार्यक्रम कार्यान्वयन इकाई संगको सहकार्यमा एकिकृत रुपमा कार्यक्रम संचालन |

## २२.२ वन विकास तथा वृक्षारोपण सम्बन्धी सूचकहरू

| आधार | सूचक | पुष्टयाईका आधारहरू | पूर्वानुमान |
|---|---|---|---|
| निजी आवादी/सार्वजनिक जग्गा तथा नदि किनारमा वृक्षारोपण | • भक्तपुर का दक्षिण भेगमा निजी आवादी ,सार्वजनिक क्षेत्र तथा नदि | • वृक्षारोपण रेकर्ड<br>• स्थलगत अवलोकन | • निजी तथा सार्वजनिक जग्गामा वृक्षारोपण कार्यमा जनताहरूको |



विश्व कोईराला
डिभिजनल वन अधिकृत
(नवौं तह प्रा.)

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | किनारहरूमा वृहत वृक्षारोपण भई आधारभूत वन पैदावारको आपूर्तिमा सहज हुने<br>• प्रमुख नदि तटिय क्षेत्रमा हरित पेटिका निर्माण हुने | • विभिन्न शोधपत्र तथा प्रतिवेदन | स्वत:स्फुर्त सक्रिय सहभागिता रहने |
| बिरुवा उत्पादन तथा वृक्षारोपण | • वार्षिक रुपमा डिभिजन वन कार्यालय मार्फत ६५ हजार बिरुवा उत्पादन गर्ने<br>• वार्षिक ३९ हेक्टरको दरले वृक्षारोपण भएको हुने (राष्ट्रिय वन र निजी वन) | • विरुवा वितरण रजिष्टर तथा वृक्षारोपणको अभिलेख<br>• वृक्षारोपण क्षेत्रको स्थलगत अवलोकण | • सबै सरोकारवालाहरूको सक्रिय सहभागिता एवं प्रतिवद्धता |
| पुन रोपण तथा गोडमेल | • वृक्षारोपण गरिएको क्षेत्रहरूमा पुन: रोपण तथा वृक्षारोपण गरिएको ३ वर्षसम्म गोडमेल भएको हुने | • स्थलगत अवलोकण<br>• विरुवाहरूको वृद्धि अवस्था | • वृक्षारोपण तथा सो को अभिवृद्धिका कृयाकलापहरू उच्च प्राथमिक्तामा रहने |

## १२.३ वन पैदावार उत्पादन, विक्री वितरण तथा ओसारपसार सम्बन्धी सूचकहरू

| आधार | सूचक | पुष्ट्याईका आधारहरू | पूर्वानुमान |
|---|---|---|---|
| | | | |
| वन व्यवस्थापनबाट काठ दाउराको उत्पादनमा वृद्धि | • स्थानीय वन समूहबाट उत्पादित काठ दाउरा उपभोक्तामा न्यायोजित वितरण<br>• वन पैदावार मापन गर्दा नाप साइज, ग्रेड, थान र जात प्रष्ठ हुने गरि व्यवस्थापन गरिएको हुनेछ। | • स्थानीय वन समूहबाट वितरण भएको काठको घरधुरी विवरण<br>• डिभिजन वन कार्यालयको अभिलेख | • स्थानीय राजनितिक दल तथा सबै सरोकारवालाहरूको सक्रिय सहभागिता एवं प्रतिवद्धता। |
| वन पैदावारको न्यायोचित वितरण | विभिन्न डिपोबाट नजिक तथा टाढाका उपभोक्ताले काठ, दाउरा सरल रुपमा पाउने | • डिपोको स्थापना<br>• वितरण रेकर्ड | • गाउँमा भएको सार्वजनिक जग्गा उपलब्ध<br>• सहयोगी स्थानी तह |



विश्व कोईराला
डिभिजनल वन अधिकृत

## २२.४ वन पैदावारमा आधारित उद्योग, रोजगारी सम्बन्धी सूचकहरू

| आधार | सूचक | पुष्टयाईका आधारहरू | पूर्वानुमान |
|---|---|---|---|
| बजार केन्द्रित Private and public partnership मा आधारित उद्यमको संचालन | नयां उद्यम ppp मा आधारित भई संचालन भएको हुनेछन्। | उद्यम स्थापना भएको रेकर्ड | सबै सरोकारवालाहरूको सक्रिय सहभागिता एवं प्रतिबद्धता |
| राजश्व तथा रोजगारीमा अभिवृद्धि | गरीब तथा वनमा आश्रित उपभोक्ताहरूको लागि रोजगारी तथा आम्दानीको अवसर सिर्जना भएको। | जीविकोपार्जनको अवसर प्राप्त गर्ने गरीब तथा वनमा आश्रित उपभोक्ताहरूको सङ्ख्या | |
| | निजीस्तर, समुह र केन्द्रमा हालका भन्दा राजश्व वृद्धि भएको हुनेछ। | रेकर्डहरू<br>प्रगति प्रतिवेदन | हालको राजश्वमा १०% ले अभिवृद्धि हुनेछ |

## २२.५ जैविक विविधता संरक्षण सम्बन्धी सूचकहरू

| आधार | सूचक | पुष्टयाईका आधारहरू | पूर्वानुमान |
|---|---|---|---|
| जैविक विविधता संरक्षण भएको वा सुदृढ भएको | स्थानीय रूपमा उपलब्ध दुर्लभ, लोपोन्मुख, खतरामा परेका तथा व्यापारिक प्रजातिका वोटबिरुवा तथा वन्यजन्तु प्रजातिको संरक्षणका लागि व्यवस्थापन | स्थानीय दुर्लभ, लोपोन्मुख, खतरामा परेका तथा व्यापारिक प्रजातिहरूको पहिचान तथा लिखित व्यवस्थापन पद्धति | |
| स्व स्थानीय र परस्थानीय (In-Situ, Ex-situ conservation) संरक्षण कार्य मार्फत जैविक विविधताको संरक्षण | • वन क्षेत्रमा वन्यजन्तु तथा वानस्पतिक प्रजातिहरूको प्रचुरता<br>• कम्तिमा २ वटा जैविक विविधताको प्रचुरता भएको क्षेत्र (Hotspot) को पहिचान तथा संरक्षण भएको हुनेछ | • वन क्षेत्रको स्थलगत अवलोकन सर्वेक्षण<br>• डि.व.का को रेकर्ड | सबै सरोकारवालाहरूको सक्रिय सहभागिता एवं प्रतिबद्धता |
